भन्सार महसुल ऐन, २०८१

प्रमाणीकरण मिति

२०८१।०४।०१

संवत् २०८१ सालको ऐन नं. ०७

भन्सार महसुल सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको ऐन

प्रस्तावनाः नेपालबाट निकासी हुने र नेपालभित्र पैठारी हुने वस्तुमा भन्सार महसुल लगाउने र असुल गर्ने तथा भन्सार बिन्दुबाट वस्तु निकासी वा पैठारी गर्दा नेपाल सरकारलाई बुझाउनु पर्ने महसुल सम्बन्धी प्रचलित कानूनलाई संशोधन र एकीकरण गर्न वाञ्छनीय भएकोले,

संघीय संसदले यो ऐन बनाएको छ।

परिच्छेद- १

प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "भन्सार महसुल ऐन, २०८१" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "करमुक्त पसल" भन्नाले बैङ्क जमानत सुविधामा पैठारी गरिएको वस्तु कूटनीतिक सुविधा वा महसुल सुविधाप्राप्त व्यक्तिलाई बिक्री गर्न वा अन्तर्राष्ट्रिय उडानको क्याटरिङ्ग वा त्यस्तो उडानको करमुक्त पसलमा बिक्रीको लागि सम्बन्धित हवाई कम्पनीलाई बिक्री गर्न नेपाल सरकारले स्वीकृति दिएको पसल सम्झनु पर्छ।

(ख) "कूटनीतिक सुविधा" भन्नाले नेपाल पक्ष भएको सन्धि वा सम्झौता बमोजिम कुनै वस्तु जाँच नगरी र महसुल नलिई लगत मात्र राखी निकासी वा पैठारी गर्न दिइने सुविधा वा सहुलियत सम्झनु पर्छ।

(ग) "जाँचपास" भन्नाले यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम वा भन्सार सम्बन्धी प्रचलित कानून बमोजिम कार्यालय वा भन्सार वेयरहाउसबाट कुनै वस्तु निकासी वा पैठारी गर्न वा भन्सार क्षेत्र बाहिर लैजान भन्सार अधिकृतले दिएको अनुमति सम्झनु पर्छ।

(घ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(ङ) "निकासी" भन्नाले नेपालबाट विदेशी मुलुकमा वस्तु पठाउने काम सम्झनु पर्छ।

(च) "पैठारी" भन्नाले विदेशी मुलुकबाट नेपालभित्र वस्तु ल्याउने काम सम्झनु पर्छ।

(छ) "बैङ्क जमानत" भन्नाले कुनै निकासीकर्ता वा पैठारीकर्ताले वस्तु निकासी वा पैठारी गर्दा बुझाउनु पर्ने महसुल निजले नबुझाएमा आफूले तिरिदिने गरी प्रचलित कानून

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

बमोजिम बैङ्किङ्ग कारोबार गर्न इजाजतप्राप्त वाणिज्य बैङ्क वा वित्तीय संस्थाले भन्सार कार्यालयलाई दिने जमानत सम्झनु पर्छ।

(ज) "बैङ्क जमानत सुविधा" भन्नाले कुनै निकासीकर्ता वा पैठारीकर्तालाई बैङ्क जमानतको आधारमा वस्तु निकासी वा पैठारी गर्न पाउने गरी प्रदान गरिएको सुविधा सम्झनु पर्छ।

(झ) "भन्सार अधिकृत" भन्नाले भन्सार सम्बन्धी प्रचलित कानून बमोजिमको भन्सार अधिकृत सम्झनु पर्छ।

(ञ) "भन्सार कार्यालय" भन्नाले भन्सार सम्बन्धी प्रचलित कानून बमोजिमको भन्सार कार्यालय सम्झनु पर्छ।

(ट) "भन्सार महसुल" भन्नाले निकासी वा पैठारी गरिने वस्तुमा यस ऐन बमोजिम लाग्ने भन्सार महसुल सम्झनु पर्छ।

(ठ) "भन्सार मूल्य" भन्नाले भन्सार महसुल निर्धारण गर्ने प्रयोजनको लागि निकासी वा पैठारी गरिने वस्तुको भन्सार सम्बन्धी प्रचलित कानून बमोजिम निर्धारण गरिएको मूल्य सम्झनु पर्छ।

(ड) "मन्त्रालय" भन्नाले नेपाल सरकार, अर्थ मन्त्रालय सम्झनु पर्छ।

(ढ) "महसुल" भन्नाले निकासी वा पैठारी गरिने वस्तुमा यस ऐन बमोजिम लाग्ने भन्सार महसुल सम्झनु पर्छ र सो शब्दले यस ऐन बमोजिम लिइने कर, शुल्क वा सेवा दस्तुरलाई समेत जनाउँछ।

(ण) "महसुल सुविधा" भन्नाले कुनै वस्तु महसुल नलिई र वस्तु जाँच गरी वा नगरी लगत मात्र राखी निकासी वा पैठारी गर्न दिइने सुविधा सम्झनु पर्छ।

(त) "महानिर्देशक" भन्नाले भन्सार विभागको महानिर्देशक सम्झनु पर्छ।

(थ) "वस्तु" भन्नाले मुद्रा लगायत जुनसुकै प्रकारको चल वस्तु वा सम्पत्ति सम्झनु पर्छ।

(द) "व्यक्ति" भन्नाले प्राकृतिक व्यक्ति सम्झनु पर्छ र सो शब्दले कानूनी व्यक्तिलाई समेत जनाउँछ।

(ध) "विभाग" भन्नाले भन्सार विभाग सम्झनु पर्छ।

(न) "विलम्ब शुल्क" भन्नाले दफा २२ बमोजिम वस्तुको धनीले नेपाल सरकारलाई तिर्नु वा बुझाउनु पर्ने विलम्ब शुल्क (डेमरेज) सम्झनु पर्छ।

(प) "हार्मोनाइज्ड प्रणाली" भन्नाले विश्व भन्सार सङ्गठनले प्रतिपादन गरेको हार्मोनाइज्ड वस्तु वर्गीकरण तथा सङ्केतीकरण प्रणाली (हार्मोनाइज्ड कमोडिटी डिस्क्रिप्सन एण्ड कोडिङ्ग सिष्टम) सम्झनु पर्छ।

परिच्छेद-२

महसुल असुल गर्ने सम्बन्धी व्यवस्था

३. **भन्सार महसुल लाग्नेः** निकासी वा पैठारी हुने प्रत्येक वस्तुमा यस ऐन बमोजिम भन्सार महसुल लाग्नेछ।

४. **वस्तुको वर्गीकरणः** (१) यस ऐनको प्रयोजनको लागि निकासी वा पैठारी हुने वस्तुलाई हार्मोनाइज्ड प्रणाली बमोजिमको परिच्छेद, भाग, शीर्षक र उपशीर्षकमा वर्गीकरण गरिनेछ।

(२) उपदफा (१) बमोजिम पैठारी हुने वस्तुको वर्गीकरण गर्दा पाँच वटा महल र निकासी हुने वस्तुको वर्गीकरण गर्दा चार वटा महल भएको तालिकामा गरिनेछ।

(३) उपदफा (२) बमोजिम वस्तुको वर्गीकरण गर्ने प्रयोजनको लागि महल १ मा उल्लेख भएको चार अङ्कले शीर्षक, महल २ मा उल्लेख भएको आठ अङ्कले उपशीर्षक र महल ३ मा उल्लेख भएको वस्तुको विवरणले त्यस्तो शीर्षक वा उपशीर्षकमा पर्ने वस्तुलाई जनाउनेछ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐनको प्रयोजनको लागि आवश्यकता अनुसार छ अङ्कको उपशीर्षक समेत प्रयोग गर्न सकिनेछ।

(५) नेपाल सरकारले हार्मोनाइज्ड प्रणालीको आधारमा आवश्यकता अनुसार नेपाल राजपत्रमा सूचना प्रकाशन गरी वस्तु वर्गीकरणको शीर्षक वा उपशीर्षकको अङ्क वा वस्तुको विवरणमा परिवर्तन गर्न सक्नेछ।

तर त्यसरी परिवर्तन गर्दा निकासी वा पैठारी हुने वस्तुमा लाग्ने महसुल दर वा रकममा फरक पर्ने गरी परिवर्तन गर्न पाइने छैन।

(६) यस ऐन बमोजिम वस्तुको शीर्षक वा उपशीर्षकको प्रयोग गर्दा अङ्कहरूको बीचमा भएको बिन्दु वा थोप्लोलाई महत्त्व दिइने छैन।

५. **वस्तुको वर्गीकरण तथा सङ्केतीकरण गर्ने नियमः** दफा ४ बमोजिम वस्तुको वर्गीकरण गर्दा अनुसूची-१ मा उल्लिखित हार्मोनाइज्ड प्रणालीको व्याख्या सम्बन्धी सामान्य नियमहरु बमोजिम गर्नु पर्नेछ।

६. **निकासीमा लाग्ने भन्सार महसुल दरः** (१) निकासी हुने वस्तुमा अनुसूची-२ को महल ४ बमोजिमको दरमा भन्सार महसुल लाग्नेछ।

(२) उपदफा (१) बमोजिमको महसुल दरको सम्बन्धमा महल ४ मा कुनै वस्तुमा निश्चित परिमाणमा निश्चित रकम महसुल लाग्ने उल्लेख भएकोमा सोही बमोजिम र सो बाहेक सो महलमा उल्लेख भएको अङ्कले सम्बन्धित वस्तुको भन्सार सम्बन्धी प्रचलित कानून बमोजिम निर्धारण भएको भन्सार मूल्यमा लाग्ने महसुल दरको प्रतिशतलाई बुझाउनेछ।

(३) उपदफा (१) बमोजिम भन्सार महसुल लगाउने भनी उल्लेख भएको उपशीर्षकमा पर्ने वस्तु बाहेक अन्य वस्तु निकासी गर्दा भन्सार महसुल लाग्ने छैन।

(४) यस दफामा लेखिएको कुनै कुराले भन्सार सम्बन्धी प्रचलित कानून बमोजिम लाग्ने थप महसुल, शुल्क वा जरिबाना असुल गर्न बाधा पर्ने छैन।

७. **पैठारीमा लाग्ने भन्सार महसुल दरः** (१) पैठारी हुने वस्तुमा अनुसूची-३ को महल ५ मा उल्लेख भएको दरमा भन्सार महसुल लाग्नेछ।

(२) उपदफा (१) बमोजिमको भन्सार महसुल दरको सम्बन्धमा महल ५ मा कुनै वस्तुमा निश्चित परिमाणको लागि निश्चित रकम महसुल लाग्ने भन्ने उल्लेख भएकोमा सोही बमोजिम र सो

बाहेक सो महलमा उल्लेख भएको अङ्कले सम्बन्धित वस्तुको भन्सार सम्बन्धी प्रचलित कानून बमोजिम निर्धारण भएको भन्सार मूल्यमा लाग्ने भन्सार महसुल दरको प्रतिशतलाई बुझाउनेछ।

(३) अनुसूची-३ को कुनै उपशीर्षकमा पर्ने वस्तुको विवरणसँगैको महल ५ मा "माफी" शब्द उल्लेख भएको उपशीर्षकमा पर्ने वस्तुमा भन्सार महसुल लाग्ने छैन।

(४) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि पैठारी भन्सार महसुल दर सम्बन्धमा अनुसूची-४ मा उल्लेख भएको व्यवस्थाको हकमा सोही बमोजिम हुनेछ।

(५) अस्थायी पैठारी गर्ने सवारी तथा ढुवानीका साधन, मेशिनरी र यन्त्र उपकरणमा लाग्ने शुल्क तथा जरिबाना सम्बन्धी अन्य व्यवस्था अनुसूची-५ बमोजिम हुनेछ।

स्पष्टीकरण: यस उपदफाको प्रयोजनका लागि "अस्थायी पैठारी" भन्नाले तोकिएको शर्तको अधिनमा रही पछि फिर्ता गर्नेगरी कुनै वस्तु पैठारी गर्ने कार्य सम्झनु पर्छ।

(६) अस्थायी पैठारी भएको वस्तु फिर्ता लैजानु पर्नेछ र त्यस्तो वस्तु फिर्ता लैजाने सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

(७) यस दफामा लेखिएको कुनै कुराले भन्सार सम्बन्धी प्रचलित कानून बमोजिम लाग्ने थप महसुल, शुल्क वा जरिबाना असुल गर्न बाधा पर्ने छैन।

८. **कृषि सुधार शुल्क लाग्ने**: (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि अनुसूची-६ मा उल्लिखित उपशीर्षकमा पर्ने वस्तु भारत वा चीनको तिब्बतबाट स्थलमार्ग हुँदै पैठारी भएमा त्यस्तो वस्तुमा सोही अनुसूचीमा उल्लेख भए बमोजिम कृषि सुधार शुल्क लाग्नेछ।

(२) उपदफा (१) बमोजिम कृषि सुधार शुल्क लाग्ने वस्तुमा भन्सार महसुल लाग्ने छैन।

९. **पैठारीको अवस्थामा महसुल असुल गरिने**: यस ऐन बमोजिम लाग्ने भन्सार महसुल र कृषि सुधार शुल्कको अतिरिक्त पैठारी हुने वस्तुमा प्रचलित कानून बमोजिम पैठारीको अवस्थामा लाग्ने भनी उल्लेख भएको अन्तःशुल्क, मूल्य अभिवृद्धि कर, आयकर, अन्य कर, महसुल, शुल्क वा दस्तुर भन्सार कार्यालयले असुल गर्नेछ।

१०. **निकासी भएको वस्तु पुनः पैठारी गरेमा महसुल लाग्ने**: (१) नेपालमा उत्पादन वा तयार भई निकासी भएको वस्तु पुनः पैठारी गर्दा त्यस्तो वस्तुमा विदेशी मुलुकमा उत्पादन वा तयार भएको त्यस्तै प्रकारको वा त्यति नै मूल्य पर्ने वस्तु पैठारी गरे सरह महसुल लाग्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको वस्तुमा भन्सार महसुल लाग्ने छैनः-

(क) हुलाकमार्फत पुलिन्दाबाट निकासी भएको तर सम्बन्धित व्यक्तिलाई बुझाउन नसकी फिर्ता आएको, वा

(ख) भन्सार कार्यालयबाट जाँचपास भइसकेपछि वा विदेशमा पुगिसकेपछि सम्बन्धित व्यक्तिले लिन अस्वीकार गरी फिर्ता आएको, वा

(ग) दुर्घटना वा प्राकृतिक विपद्को कारण गुणस्तर कायम रहन नसकी फिर्ता आएको।

(३) उपदफा (२) बमोजिम फिर्ता आएको वस्तुको उत्पादनमा प्रयोग भएको कच्चापदार्थ पैठारी गर्दा महसुल नतिरी पैठारी भएको रहेछ भने त्यस्तो कच्चापदार्थमा लाग्ने महसुल असुल गरिनेछ।

११. **सम्झौता अन्तर्गत पैठारी हुने वस्तुमा लाग्ने भन्सार महसुलः** (१) दफा ७ मा जुनसुकै कुरा लेखिएको भए तापनि दक्षिण एशियाली स्वतन्त्र व्यापार क्षेत्र (साफ्टा) सम्झौता अन्तर्गत पैठारी हुने वस्तु देहाय बमोजिम पैठारी भएमा अनुसूची-३ को महल ४ बमोजिम भन्सार महसुल लाग्नेछः-

(क) त्यस्तो वस्तु सम्झौताको पक्षराष्ट्रमा उत्पादन भई सोही राष्ट्रमा भुक्तानी हुने गरी प्रतीतपत्र खोली सोही राष्ट्रको उत्पादक वा निजको आधिकारिक वितरकबाट बीजक जारी भएको,

(ख) त्यस्तो राष्ट्रको आधिकारिक निकायबाट जारी भएको उत्पत्तिको प्रमाणपत्र सहित पैठारी भएको, र

(ग) पैठारीकर्ताले पेस गरेको कागजात वा विवरणमा उल्लेख भएको वस्तुसँग सम्बन्धित उपशीर्षक अनुसूची-३ को महल २ मा उल्लेख भएको सोही वस्तुसँग सम्बन्धित उपशीर्षकको अघिल्ला छ अङ्कहरू समान भएको।

(२) उपदफा (१) बमोजिमको शर्त पूरा नहुने गरी पैठारी भएको वस्तुमा दफा ७ बमोजिम भन्सार महसुल लाग्नेछ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि वस्तु वर्गीकरणको एउटै उपशीर्षकमा पर्ने वस्तुको हकमा अनुसूची-३ को महल ४ मा भन्दा महल ५ मा भन्सार महसुल दर कम रहेछ भने महल ५ बमोजिमको दरमा भन्सार महसुल लाग्नेछ।

(४) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि दक्षिण एशियाली स्वतन्त्र व्यापार क्षेत्र (साफ्टा) सम्झौता अन्तर्गत नेपाल सरकारको संवेदनशील सूचीमा परेको अनुसूची-७ बमोजिमको उपशीर्षकमा पर्ने वस्तु सार्क मुलुकका गैरकमविकसित तथा कम विकसित मुलुकबाट पैठारी हुँदा यस दफाको व्यवस्था लागू हुने छैन।

१२. **पैठारी हुने वस्तुको महसुल गणनाः** पैठारी हुने वस्तुमा परिमाणको आधारमा लाग्ने महसुल बाहेक मूल्यको प्रतिशतको आधारमा लाग्ने महसुल गणना गर्दा देहाय बमोजिम गणना गरिनेछः-

(क) वस्तुको भन्सार मूल्यमा भन्सार महसुल दर बमोजिम लाग्ने भन्सार महसुल,

(ख) अन्तःशुल्कको गणना गर्दा वस्तुको भन्सार मूल्यमा खण्ड (क) बमोजिमको भन्सार महसुल जोड्दा आउने रकममा अन्तःशुल्कको दर बमोजिम लाग्ने अन्तःशुल्क,

तर परिमाणको आधारमा भन्सार महसुल लाग्ने वस्तुमा यस खण्ड बमोजिम अन्तःशुल्कको गणना गर्दा वस्तुको मूल्यमा सो भन्सार महसुल समेत जोडेर आउने रकममा अन्तःशुल्कको दर बमोजिम अन्तःशुल्क लाग्नेछ।

कानून तथा संसदीय मामिला मन्त्रालय

(ग) मूल्य अभिवृद्धि कर तथा खण्ड (क) र (ख) बाहेकको अन्य महसुल, कर, दस्तुर वा शुल्कको गणना गर्दा वस्तुको भन्सार मूल्यमा लाग्ने दर बमोजिमको महसुल, कर, दस्तुर वा शुल्क,

(घ) मूल्य अभिवृद्धि करको गणना गर्दा वस्तुको भन्सार मूल्यमा खण्ड (क), (ख) र (ग) बमोजिम लाग्ने सम्पूर्ण रकम जोड्दा आउने रकममा मूल्य अभिवृद्धि करको दर बमोजिम लाग्ने मूल्य अभिवृद्धि कर।

तर दफा २२ बमोजिमको विलम्ब शुल्क र भन्सार सम्बन्धी प्रचलित कानून बमोजिम लाग्ने जरिबाना रकम मूल्य अभिवृद्धि कर प्रयोजनको लागि जोडिने छैन।

१३. <u>कूटनीतिक सुविधा वा महसुल छुट तथा सुविधा दिइनेः</u> (१) नेपाल सरकार पक्ष भएको द्विपक्षीय वा बहुपक्षीय सन्धि वा सम्झौता बमोजिम कूटनीतिक सुविधा वा महसुल सुविधा दिनु पर्ने व्यक्तिलाई नेपाल सरकार, परराष्ट्र मन्त्रालयको सिफारिसको आधारमा तोकिए बमोजिम कूटनीतिक सुविधा वा महसुल सुविधा दिइनेछ।

(२) वायुसेवा कम्पनीले अन्तर्राष्ट्रिय उडानमा उपयोग गर्ने इन्धन, हवाईजहाजको इञ्जिन, पार्टपुर्जा, यन्त्र उपकरण, उडानमा खपत हुने खाद्य सामग्री तथा पेय पदार्थमा तोकिए बमोजिम मन्त्रालयले पूर्ण वा आंशिक रूपमा भन्सार महसुल छुट दिन सक्नेछ।

(३) नेपाल सरकारले समय समयमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी सोही सूचनामा तोकिएको वस्तुमा पूर्ण वा आंशिक रुपमा भन्सार महसुल छुट दिन सक्नेछ।

(४) वैदेशिक ऋण वा सहायतामा सञ्चालन गरिने आयोजनाको लागि त्यस्तो आयोजना वा त्यस्तो आयोजनाको ठेकेदारको नाममा पैठारी हुने वस्तुमा नेपाल सरकारले पूर्ण वा आंशिक रुपमा भन्सार महसुल छुट दिन सक्नेछ।

(५) नेपालको कुनै भागबाट विदेशको बाटो प्रयोग गरी पुनः नेपालभित्र ल्याइने वस्तुमा वा विदेशबाट नेपालको बाटो प्रयोग गरी पुनः विदेश पठाइने वस्तुमा तोकिए बमोजिम मन्त्रालयले महसुल सुविधा दिन सक्नेछ।

(६) नेपाल सरकारले सम्झौता गरे बमोजिमको वा नेपाल सरकारले तोके बमोजिमको राहत सामग्रीको पैठारीमा लाग्ने भन्सार महसुल मन्त्रालयले छुट दिन सक्नेछ। त्यसरी भन्सार महसुल छुट दिँदा छुट दिइएको वस्तुको विवरण र छुट पाउने अवधि समेत खुलाउनु पर्नेछ।

(७) तोकिएको न्यूनतम मूल्यभन्दा कम मूल्यको वस्तुमा भन्सार महसुल नलाग्ने गरी मन्त्रालयले निर्धारण गरे बमोजिम छुट दिन सक्नेछ।

(८) हुलाक पुलिन्दाबाट पैठारी हुने वा निकासी हुने तोकिए बमोजिमको वा तोकिएको मूल्यसम्मको वस्तुमा मन्त्रालयले भन्सार महसुल छुट दिन सक्नेछ।

(९) कुनै वस्तुमा तोकिए बमोजिम न्यूनतम भन्सार महसुलभन्दा कम भन्सार महसुल लाग्ने भएमा त्यस्तो भन्सार महसुल असुल नगर्ने गरी छुट दिन सकिनेछ।

१४. **बैङ्क जमानतमा पैठारी गर्न दिन सक्नेः** (१) नेपाल सरकारले कुनै व्यक्तिलाई कुनै वस्तु पैठारी गर्दा त्यस्तो वस्तुमा लाग्ने महसुल बापतको रकम बैङ्क जमानत लिई पैठारी गर्ने सुविधा दिन सक्नेछ।

(२) कुनै उद्योगले वस्तु उत्पादन गरी निकासी गर्ने वा परिवर्त्य विदेशी मुद्रामा स्वदेशमै बिक्री गर्ने प्रयोजनको लागि पैठारी गर्ने कच्चापदार्थमा लाग्ने महसुल बापतको रकम तोकिएको शर्त बमोजिम बैङ्क जमानत राखी पैठारी गर्न चाहेमा त्यस्तो उद्योगलाई तोकिए बमोजिम बैङ्क जमानतको सुविधा प्रदान गर्न सकिनेछ।

(३) उपदफा (२) बमोजिम बैङ्क जमानतमा पैठारी गरेको कच्चापदार्थबाट उत्पादित वस्तु तोकिएको शर्त बमोजिम निकासी नगरेमा वा परिवर्त्य विदेशी मुद्रामा स्वदेशमा बिक्री नगरेमा त्यस्तो कच्चापदार्थ पैठारी गरेको दिनमा लाग्ने भन्सार महसुलमा पन्ध्र प्रतिशत थप गरी असुल गरिनेछ।

(४) एकभन्दा बढी भन्सार कार्यालयबाट नियमित रूपमा वस्तु पैठारी गर्ने पैठारीकर्ताको हकमा एकल बैङ्क जमानतबाट वस्तु पैठारी गर्न सक्ने गरी भन्सार अधिकृतले तोकिए बमोजिम बैङ्क जमानत स्वीकार गर्न सक्नेछ।

(५) नेपाल सरकारले भन्सार सम्बन्धी प्रचलित कानून बमोजिम करमुक्त पसल सञ्चालनको अनुमति पाएको व्यक्तिलाई तोकिए बमोजिम कुनै वस्तु पैठारी गर्दा तोकिएको शर्त पालना गर्नु पर्ने गरी त्यस्तो वस्तुमा लाग्ने महसुल बापतको रकम बैङ्क जमानत लिई पैठारी गर्ने सुविधा दिन सक्नेछ।

(६) उपदफा (५) बमोजिम बैङ्क जमानतमा पैठारी गरेको वस्तु तोकिएको शर्त बमोजिम परिवर्त्य विदेशी मुद्रामा स्वदेशमा बिक्री नगरेमा त्यस्तो वस्तु पैठारी गरेको दिनमा लाग्ने भन्सार महसुलमा पन्ध्र प्रतिशत थप गरी असुल गरिनेछ।

(७) यस दफा बमोजिम पैठारी गर्ने सुविधा दिँदा भन्सार अधिकृतले त्यसरी पैठारी गर्दा लाग्ने भन्सार महसुलको अतिरिक्त उपदफा (३) वा (६) बमोजिम निजलाई लाग्न सक्ने थप महसुल रकमको समेत बैङ्क जमानत लिनु पर्नेछ।

(८) यस दफा बमोजिम बैङ्क जमानत पेस गर्ने, प्रयोग गर्ने र फुकुवा गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१५. **नगद धरौटी राखी कच्चापदार्थ पैठारी गर्न सकिनेः** (१) कुनै उद्योगले आफूले गरेको उत्पादन बैङ्किङ्ग प्रणालीमार्फत भुक्तानी पाउने गरी निकासी गर्ने वा परिवर्त्य विदेशी मुद्रामा स्वदेशमै बिक्री गर्ने भएमा त्यस्तो वस्तु उत्पादन गर्न आवश्यक कच्चापदार्थ पैठारी गर्दा लाग्ने महसुल तोकिए बमोजिम नगद धरौटी राखी पैठारी गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम नगद धरौटी राखी पैठारी गरेको कच्चापदार्थबाट उत्पादित वस्तु तोकिए बमोजिम निकासी गरेपछि वा परिवर्त्य विदेशी मुद्रामा स्वदेशमै बिक्री गरेपछि मात्र तोकिए बमोजिम त्यस्तो नगद धरौटी फिर्ता गरिनेछ।

(३) उपदफा (१) बमोजिम नगद धरौटी राखी पैठारी गरेको कच्चापदार्थबाट उत्पादित वस्तु तोकिए बमोजिम निकासी नगरेमा वा परिवर्त्य विदेशी मुद्रामा स्वदेशमै बिक्री नगरेमा सो

धरौटी रकम सम्बन्धित राजस्व खातामा जम्मा गरी त्यस्तो वस्तुमा त्यस्तो कच्चापदार्थ पैठारी गरेको दिनमा लाग्ने भन्सार महसुलको पन्ध्र प्रतिशत रकम थप असुल गरिनेछ।

१६. <u>विशेष आर्थिक क्षेत्रमा स्थापित उद्योगलाई सुविधा दिइने</u>ः (१) प्रचलित कानून बमोजिम विशेष आर्थिक क्षेत्रमा स्थापित उद्योगले पैठारी गर्ने वस्तुमा विशेष आर्थिक क्षेत्र प्राधिकरणको सिफारिसमा देहाय बमोजिम सुविधा प्रदान गरिनेछः-

(क) आफ्ना मजदुर तथा कर्मचारीको परिवहनको लागि उद्योगको नाममा पैठारी हुने एक थान बस र वस्तु ढुवानी गर्ने दुई थान ढुवानीको साधनमा एक पटकको लागि एक प्रतिशत मात्र भन्सार महसुल लाग्ने गरी बाँकी भन्सार महसुल छुट दिने,

तर त्यसरी भन्सार महसुल छुटमा पैठारी गरिएको बस तथा ढुवानीको साधन दश वर्ष नपुगी नामसारी, बिक्री वा कुनै प्रकारले हक हस्तान्तरण गरेमा प्रचलित कानून बमोजिम पूरै महसुल लाग्नेछ।

(ख) निकासी गर्ने वा परिवर्त्य विदेशी मुद्रामा स्वदेशमा बिक्री गरिने वस्तु उत्पादन गर्न आवश्यक पर्ने कच्चापदार्थ पैठारी गर्दा तोकिएको शर्त बमोजिम लाग्ने महसुल बराबरको बैङ्क जमानत लिई पैठारी गर्न दिने,

(ग) उद्योगलाई आवश्यक पर्ने प्लान्ट, मेशिनरी, यन्त्र उपकरण तथा तिनका पार्टपुर्जा पैठारी गर्दा लाग्ने महसुल बराबरको बैङ्क जमानत लिई पैठारी गर्न दिने,

(घ) खण्ड (ग) बमोजिम पैठारी गरिएको प्लान्ट, मेशिनरी, यन्त्र उपकरण तथा पार्टपुर्जा उद्योगमा जडान गरी सञ्चालनमा आएको व्यहोरा विशेष आर्थिक क्षेत्र प्राधिकरणबाट लेखी आएपछि सम्बन्धित भन्सार कार्यालयले त्यस्तो बैङ्क जमानत फुकुवा गरिदिने,

(ङ) पैठारी गरिएको कच्चापदार्थबाट उत्पादन गरिएको वस्तु एक वर्षभित्र निकासी गरेको वा परिवर्त्य विदेशी मुद्रामा स्वदेशमा बिक्री गरेको प्रमाण सहित खण्ड (ख) बमोजिम राखिएको बैङ्क जमानत फुकुवाको लागि कच्चापदार्थ पैठारी गरेको मितिले एक वर्षभित्र विशेष आर्थिक क्षेत्र प्राधिकरणको सिफारिस सहित लेखी आएमा सम्बन्धित भन्सार कार्यालयले त्यस्तो जमानत फुकुवा गरिदिने।

(२) कुनै पैठारीकर्ताले पैठारी गरेको वस्तु विशेष आर्थिक क्षेत्रमा स्थापित उद्योगलाई कच्चापदार्थको रूपमा तोकिए बमोजिम बिक्री गरेमा निजले त्यस्तो वस्तु पैठारी गर्दा भन्सार महसुल तिरेको रहेछ भने भन्सार कार्यालयले त्यस्तो भन्सार महसुल तोकिए बमोजिम फिर्ता दिनेछ।

(३) विशेष आर्थिक क्षेत्र बाहिर रहेको कुनै उद्योगले उत्पादन गरेको तयारी वस्तु विशेष आर्थिक क्षेत्रभित्र स्थापित उद्योगलाई बिक्री गरेमा सो बिक्रीलाई निकासी गरे सरह मानी निकासी गर्दा पाए सरहको महसुल सुविधा दिइनेछ।

(४) उपदफा (१) को खण्ड (ख) बमोजिम पैठारी गरेको वस्तुबाट उत्पादन भएको वस्तु नेपालमा खपत गर्ने गरी बिक्री गरेमा त्यस्तो वस्तु तयार गर्न प्रयोग भएको कच्चापदार्थ पैठारी गरेको दिनमा लाग्ने महसुल सम्बन्धित भन्सार कार्यालयमा बुझाएपछि मात्र त्यस्तो वस्तु विशेष आर्थिक क्षेत्र बाहिर लैजान दिइनेछ।

(५) विशेष आर्थिक क्षेत्रमा स्थापित उद्योगले महसुल छुटमा पैठारी गरेको वस्तुको स्वामित्व विशेष आर्थिक क्षेत्रभित्र वा बाहिर कसैलाई हस्तान्तरण गर्ने सम्बन्धमा नेपाल सरकारले प्रक्रिया तोकी नेपाल राजपत्रमा सूचना प्रकाशन गरी आदेश जारी गर्न सक्नेछ। त्यस्तो आदेशको पालना गर्नु सम्बन्धित उद्योगको कर्तव्य हुनेछ।

(६) विशेष आर्थिक क्षेत्रमा स्थापित उद्योग सो क्षेत्र बाहिर स्थानान्तरण हुन चाहेमा त्यस्तो उद्योगले यस दफा बमोजिम छुट पाएको महसुल सम्बन्धित भन्सार कार्यालयमा बुझाएपछि मात्र सम्बन्धित निकायले त्यस्तो उद्योगलाई स्थानान्तरण गर्न स्वीकृति दिनु पर्नेछ।

१७. **भन्सार सेवा दस्तुर लाग्नेः** निकासी वा पैठारी हुने वस्तुको प्रत्येक प्रज्ञापनपत्रमा निकासी बापत एक सय रुपैयाँ र पैठारी बापत पाँच सय रुपैयाँ भन्सार सेवा दस्तुर लाग्नेछ।

तर निकासी महसुल लाग्ने वस्तु, कूटनीतिक तथा महसुल सुविधामा निकासी वा पैठारी हुने वस्तु तथा महसुल तिरी अस्थायी पैठारी हुने वस्तु, हवाईमार्गबाट यात्रुले आफूसँग लैजाने वस्तु र पाँच हजार रुपैयाँसम्म मूल्यको निकासी वा पैठारी हुने वस्तुमा भन्सार सेवा दस्तुर लाग्ने छैन।

१८. **एउटा मात्र छुट वा सुविधा पाइनेः** कुनै वस्तु पैठारी गर्दा यस ऐन बमोजिम भन्सार महसुलमा दिइएको एकभन्दा बढी छुट वा सुविधा प्राप्त हुने अवस्था देखिएमा दोहोरो छुट नपाउने गरी पैठारीकर्ताले चाहे बमोजिमको कुनै एउटा छुट वा सुविधा मात्र प्रदान गरिनेछ।

१९. **महसुल नलाग्नेः** (१) पैठारीकर्ताले आफूले पैठारी गरेको वस्तु भन्सार कार्यालयबाट नछुटाई नेपाल सरकारको हुने गरी छाड्न निवेदन दिएमा त्यस्तो वस्तुमा महसुल लाग्ने छैन।

(२) उपदफा (१) बमोजिम छाडिएको वस्तु नेपाल सरकारले आफैं उपयोग गर्न वा भन्सार सम्बन्धी प्रचलित कानून बमोजिम लिलाम बिक्री गर्न सक्नेछ।

(३) नेपालभित्र प्रयोग गर्ने गरी पैठारी भएको तर जाँचपास भइनसकेको कुनै वस्तु दुर्घटना वा प्राकृतिक विपद्मा परी वा आफ्नै प्रकृतिको कारणले नष्ट भएमा, परिमाण वा तौलमा कमी भएमा वा व्यापारिक रूपमा मूल्यहीन भएमा सोको प्रमाण सहित तोकिएको प्रक्रिया पूरा गरी तोकिएको समयावधिभित्र पैठारीकर्ताले निवेदन दिएमा सम्बन्धित भन्सार अधिकृतले महानिर्देशकको स्वीकृति लिई त्यस्तो क्षति वा घटी भएको वा व्यापारिक रूपमा मूल्यहीन भएको वस्तुको महसुल छुट दिन वा असुल भइसकेको भए त्यस्तो महसुल फिर्ता दिन सक्नेछ।

(४) उपदफा (३) बमोजिम नोक्सान भए जति वस्तु जुन उद्देश्यको लागि पैठारी भएको हो सो उद्देश्य पूरा नहुने तर रद्दी वा पत्रुको रूपमा वा अन्य कुनै वैकल्पिक उपयोगमा प्रयोग हुन

सक्ने अवस्थाको भएमा भन्सार अधिकृतले सोही रूपमा त्यस्तो वस्तुको भन्सार मूल्य कायम गरी महसुल असुल गर्न सक्नेछ।

२०. **महसुल तथा जरिबाना बुझाउने दायित्वः** (१) कुनै वस्तु निकासी वा पैठारी गर्दा त्यस्तो वस्तुमा लाग्ने महसुल बुझाउने दायित्व सो वस्तु भन्सार कार्यालयमा निकासी वा पैठारीको लागि घोषणा गर्ने व्यक्तिको हुनेछ।

(२) यस ऐन बमोजिम निर्धारण भएको महसुल बापतको रकम घोषणाकर्ताले त्यस्तो महसुल निर्धारण भएको मितिले सात दिनभित्र बुझाउनु पर्नेछ। त्यस्तो अवधिभित्र महसुल नबुझाएमा महसुल निर्धारण भएको मितिदेखि नै लागू हुने गरी निर्धारित महसुलमा प्रतिदिन शून्य दशमलव शून्य चार दुई प्रतिशतको दरले ब्याज समेत गणना गरी असुल गरिनेछ र त्यसरी ब्याज तिर्नु पर्ने अवधि महसुल निर्धारण भएको मितिले तीस दिनभन्दा बढी हुने छैन।

(३) यस दफा बमोजिम बुझाउनु पर्ने महसुल, ब्याज वा यस ऐन बमोजिम लाग्ने जरिबाना सम्बन्धित व्यक्तिले त्यस्तो वस्तु घोषणा गरिएको कार्यालय, महसुल निर्धारण गर्ने कार्यालय वा सो प्रयोजनको लागि तोकिएको बैङ्कमा बुझाउनु पर्नेछ।

(४) यस दफा बमोजिम निर्धारण भएको महसुल, ब्याज वा यस ऐन बमोजिम लागेको जरिबाना त्यसरी निर्धारण भएको मितिले तीस दिनभित्र दाखिला नगरेमा भन्सार अधिकृतले त्यस्तो वस्तु जफत गरी सो वस्तुको भन्सार सम्बन्धी प्रचलित कानून बमोजिम लिलाम बिक्रीबाट प्राप्त हुने रकमबाट असुल गर्न सक्नेछ।

२१. **महसुल बुझाई वस्तु लैजान सक्नेः** (१) दफा २० को उपदफा (१) बमोजिमको घोषणाकर्ताले निकासी वा पैठारी गर्दा महसुल लाग्ने वस्तुको महसुल बुझाएको प्रमाण पेस गरेपछि मात्र त्यस्तो वस्तु भन्सार कार्यालयबाट लैजान अनुमति दिइनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि महसुल नलाग्ने वस्तुको हकमा सोको जाँचपास भएको प्रमाण पेस गरेपछि र व्यक्तिगत प्रयोगको वस्तुको हकमा भन्सार अधिकृतले जाँच गरी वा गराई लैजाने अनुमति दिएपछि मात्र त्यस्तो वस्तु भन्सार कार्यालयबाट छुटाई लैजान सकिनेछ।

(३) कुनै वस्तुको सम्बन्धमा सो वस्तुको धनीलाई यस ऐन बमोजिम जरिबाना वा थप महसुल लागेमा सो जरिबाना वा थप महसुल नतिरेसम्म निजले त्यस्तो वस्तु भन्सार कार्यालयबाट लैजान पाउने छैन।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि पाइपलाइनबाट पैठारी गरिने वस्तुको महसुल बुझाउने सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

२२. **विलम्ब शुल्क लाग्नेः** (१) भन्सार कार्यालयले सञ्चालन वा व्यवस्थापन गरेको भन्सार वेयरहाउस, भन्सार कार्यालयको परिसर वा भन्सार क्षेत्रको कुनै स्थानमा राखिएको वस्तु तोकिए बमोजिमको अवधिभित्र जाँचपास गराई नलगेमा त्यस्तो वस्तुको धनीले तोकिए बमोजिमको विलम्ब शुल्क (डेमरेज) नेपाल सरकारलाई तिर्नु पर्नेछ।

तर वस्तुको मूल्याङ्कन वा वर्गीकरण गर्न द्विविधा भई वा भन्सार कार्यालयको अन्य कुनै कारणबाट जाँचपास हुन नसकेको अवधिको विलम्ब शुल्क (डेमरेज) लाग्ने छैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै वस्तुमा लागेको विलम्ब शुल्क कुनै खास परिस्थिति वा अवस्था सिर्जना भएको कारणले मिनाहा दिनु पर्ने मनासिब कारण भएमा तोकिएको अधिकारीले तोकिए बमोजिम त्यस्तो विलम्ब शुल्क (डेमरेज) आंशिक वा पूर्णरूपले मिनाहा दिन सक्नेछ।

२३. **छुट भएको महसुल वा जरिबाना तिर्नु पर्ने:** (१) यस ऐन वा प्रचलित कानून बमोजिम कुनै व्यक्तिले भन्सार कार्यालयमा बुझाउनु पर्ने महसुल वा जरिबाना कुनै वस्तुको मूल्याङ्कन वा वर्गीकरण गर्दा वा गणितीय भूल वा अन्य कुनै कारणले छुट भएको कुरा पछिबाट देखिन आएमा वा विभागले कुनै छुट रकम असुल गर्न आदेश दिएकोमा भन्सार अधिकृतले त्यस्तो रकम पन्ध्र दिनभित्र बुझाउन सम्बन्धित व्यक्ति वा निजको भन्सार एजेण्टलाई लिखित जानकारी दिनु पर्नेछ। त्यस्तो जानकारी प्राप्त भएपछि सम्बन्धित व्यक्तिले छुट भएको रकम सो अवधिभित्रै सम्बन्धित भन्सार कार्यालयमा बुझाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको अवधिभित्र छुट भएको रकम नबुझाएमा अवधि नाघेको मितिदेखि निर्धारित महसुलमा प्रतिदिन शून्य दशमलव शून्य चार दुई प्रतिशतको दरले ब्याज समेत गणना गरी असुल गरिनेछ।

तर छुट भएको रकम तोकिए बमोजिमको रकमभन्दा कम भएमा भन्सार अधिकृतले त्यस्तो रकम असुल नगर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिमको ब्याज समेतको एकमुष्ट रकम सम्बन्धित व्यक्तिले त्यस्तो ब्याज लाग्न शुरु भएको मितिले तीस दिनभित्र बुझाउनु पर्नेछ।

(४) उपदफा (३) बमोजिमको अवधिभित्र सम्बन्धित व्यक्तिले त्यस्तो रकम नतिरेमा भन्सार अधिकृतले निजको कारोबार रोक्का राखी सो भन्सार कार्यालय वा अन्य भन्सार कार्यालयमा रहेको निजको जुनसुकै वस्तु भन्सार सम्बन्धी प्रचलित कानून बमोजिम जफत तथा लिलाम बिक्री गरी वा गर्न लगाई सो रकम असुल गर्नेछ।

(५) उपदफा (४) बमोजिम लिलाम बिक्री गर्दा प्राप्त भएको रकमबाट समेत यस दफा बमोजिम असुल हुनु पर्ने रकम सम्बन्धित व्यक्तिबाट असुल हुन नसकेमा त्यसरी असुल हुन बाँकी रकम निजबाट सरकारी बाँकी सरह असुल गरिनेछ।

(६) उपदफा (४) बमोजिम लिलाम बिक्री गर्दा प्राप्त भएको रकम सम्बन्धित व्यक्तिले लिलाम बिक्री गरिएको दिनसम्म बुझाउनु पर्ने रकमभन्दा बढी भएमा बढी भए जति रकम निजलाई फिर्ता दिइनेछ।

२४. **महसुल वा जरिबाना फिर्ता दिने:** (१) कुनै निकासीकर्ता वा पैठारीकर्ताले निकासी वा पैठारी गर्दा कानून बमोजिम लाग्नेभन्दा बढी भन्सार महसुल वा कृषि सुधार शुल्क बुझाएको रहेछ भने सम्बन्धित भन्सार कार्यालयले निजलाई त्यस्तो बढी भन्सार महसुल वा कृषि सुधार शुल्क तोकिए बमोजिम फिर्ता दिनु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा त्यस्तो महसुल फिर्ता हुने छैनः-

(क) वस्तु छुटाएको साठी दिनभित्र त्यस्तो महसुल फिर्ता लिन सम्बन्धित भन्सार कार्यालयमा निवेदन नदिएमा, वा

(ख) फिर्ताको लागि दाबी गरिएको रकम पाँच सय रुपैयाँभन्दा कम भएमा।

(३) भन्सार अधिकृतले असुल गरेको महसुल वा जरिबाना उपर प्रचलित कानून बमोजिम परेको पुनरावेदन उपर निर्णय हुँदा त्यसरी असुल भएको सबै वा केही महसुल वा जरिबाना नलाग्ने गरी निर्णय भएमा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि सो निर्णय उपर थप पुनरावेदन नलाग्ने अवस्थामा वा अनुमति प्राप्त नहुने भनी सम्बन्धित अदालतबाट निर्णय भएपछि मात्र भन्सार अधिकृतले सम्बन्धित व्यक्तिलाई त्यस्तो महसुल वा जरिबाना फिर्ता दिनेछ।

२५. **महसुल निर्धारणको आधार मितिः** यस ऐन बमोजिम वस्तुको महसुल निर्धारण गर्दा त्यस्तो वस्तु जाँचपास गर्ने मितिमा कायम रहेको महसुल दर बमोजिम निर्धारण गर्नु पर्नेछ।

तर कूटनीतिक सुविधा, महसुल सुविधा वा आंशिक वा पूर्ण महसुल छुटमा पैठारी भएको वस्तुको हकमा त्यस्तो वस्तुमा पछि महसुल बुझाउनु पर्ने अवस्था परेमा महसुल बुझाउने मितिमा कायम रहेको महसुल दर बमोजिम महसुल निर्धारण गरिनेछ।

२६. **अस्थायी निकासी गर्न दिइनेः** (१) कुनै वस्तुको कच्चापदार्थ प्रशोधन गर्न वा सोबाट कुनै वस्तु उत्पादन वा निर्माण गर्न वा कुनै वस्तु मर्मत गर्न वा अन्य कुनै उद्देश्यको लागि नगद धरौटी वा बैङ्क जमानत लिई तोकिए बमोजिम अस्थायी निकासी गर्न अनुमति दिइनेछ।

स्पष्टीकरणः यस दफाको प्रयोजनको लागि "अस्थायी निकासी" भन्नाले कुनै वस्तुको कच्चापदार्थ प्रशोधन गर्न वा सोबाट कुनै वस्तु उत्पादन वा निर्माण गर्न वा विदेशमा आयोजना गरिने मेला वा प्रदर्शनीमा प्रदर्शन गर्न वा मर्मत गर्न वा अन्य कुनै उद्देश्यको लागि तोकिएको शर्तको अधीनमा रही पुनः पैठारी गर्ने गरी कुनै वस्तु निकासी गर्ने कार्य सम्झनु पर्छ।

(२) उपदफा (१) बमोजिम अस्थायी निकासी गरिएको वस्तु तोकिएको अवधिभित्र पुनः पैठारी गरेमा महसुल लाग्ने छैन।

(३) उपदफा (१) वा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका विषयमा देहाय बमोजिम हुनेछः-

(क) कुनै वस्तुको कच्चापदार्थ प्रशोधन गर्न वा सोबाट कुनै वस्तु उत्पादन वा निर्माण गर्नको लागि निकासी गरी सोबाट उत्पादित वा निर्मित वस्तु पैठारी गर्दा सो वस्तुको उत्पादन वा निर्माण गर्दा भएको मूल्य अभिवृद्धि र नेपालबाट उक्त कच्चापदार्थ उत्पादन वा निर्माण स्थलसम्म लैजाँदा र तयारी वस्तु भन्सार कार्यालयसम्म फिर्ता ल्याउँदा लागेको वा लाग्न सक्ने लागतको मूल्यमा मात्र महसुल लाग्ने,

(ख) कुनै सवारी साधनको चेसिस त्यस्तो सवारी साधन निर्माणको लागि विदेशमा लगी उक्त चेसिसमा सवारी साधन निर्माण गरी तोकिएको

अवधिभित्र पुनः पैठारी गर्दा सो सवारी साधन निर्माण गर्दा लागेको चेसिस बाहेकको मूल्यमा महसुल लाग्ने,

(ग) नेपाल सरकार, परराष्ट्र मन्त्रालयको सिफारिसमा कूटनीतिक नियोगले कुनै वस्तु मर्मत गर्न निकासी गर्दा धरौटी वा बैङ्क जमानत नलिइने र त्यस्तो वस्तु मर्मत गरी पैठारी गर्दा महसुल नलाग्ने,

(घ) हवाईजहाज वा हेलिकोप्टरको इञ्जिन सम्बन्धित वायुसेवा कम्पनीको जमानतमा तोकिएको अवधिभित्र मर्मत गरी फिर्ता ल्याउने शर्तमा निकासी गर्दा नगद धरौटी वा बैङ्क जमानत नलिइने तर मर्मत गरी पैठारी गर्दा त्यस्तो वस्तुको मर्मतमा लागेको लागतको मूल्यमा मात्र महसुल लाग्ने,

(ङ) खण्ड (घ) मा उल्लिखित वस्तु बाहेक अन्य वस्तु मर्मत वा अन्य कुनै कार्य गरी तोकिए बमोजिम फिर्ता ल्याउँदा, मर्मत वा अन्य कुनै कार्य गर्दा लागेको लागतमा मात्र महसुल लाग्ने,

(च) संयुक्त राष्ट्र सङ्घको अनुरोधमा शान्ति स्थापनार्थ खटिने नेपाली सेना, नेपाल प्रहरी वा सशस्त्र प्रहरी बल नेपालको प्रयोगको लागि सम्बन्धित मन्त्रालयको सिफारिसमा अस्थायी निकासी हुने आर्मर्ड पर्सनल क्यारियर, सवारी साधन, हातहतियार लगायतका वस्तु निकासी गर्दा धरौटी वा बैङ्क जमानत नलिइने र त्यसरी निकासी गरेको वस्तु पुनः पैठारी गर्दा महसुल नलाग्ने।

(४) उपदफा (१) बमोजिम लिइएको नगद धरौटी वा बैङ्क जमानत अस्थायी निकासी गरिएको वस्तु तोकिए बमोजिम पुनः पैठारी गरेपछि फिर्ता वा फुकुवा गरिनेछ।

(५) वस्तुको अस्थायी निकासी सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

परिच्छेद-३

विविध

२७. **नियम बनाउने अधिकारः** यस ऐन कार्यान्वयनको लागि नेपाल सरकारले आवश्यक नियम बनाउन सक्नेछ।

२८. **भन्सार महसुल सम्बन्धी व्यवस्था यसै ऐन बमोजिम हुनेः** (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि भन्सार महसुल सम्बन्धी व्यवस्था यसै ऐन बमोजिम हुनेछ।

(२) उपदफा (१) मा लेखिएको कुराले सालबसाली लागू हुने आर्थिक ऐनले महसुल लगाउने, निर्धारण गर्ने, बढाउने, घटाउने, छुट दिने वा मिनाहा दिने सम्बन्धी व्यवस्था गर्न बाधा पर्ने छैन।

२९. **द्विविधा हटाउन वा त्रुटि सच्याउन सक्नेः** अनुसूची- २, ३, ४, ५, ६ र ७ मा उल्लेख भएको वस्तु वा त्यस्तो वस्तुको शीर्षक वा उपशीर्षकमा फरक परी कार्यान्वयनमा द्विविधा भएमा वा

त्यस्तो वस्तुको विवरण, शीर्षक वा उपशीर्षकमा कुनै त्रुटि फेला परेमा महानिर्देशकले व्याख्या गरी त्यस्तो द्विविधा हटाउन वा त्रुटि सच्याउन सक्नेछ।

३०. **संशोधन, खारेजी र बचाउः** (१) भन्सार ऐन, २०६४ को,-

(क) दफा २ को,-

(१) खण्ड (फ) मा रहेका "कानून बमोजिम" भन्ने शब्दहरुको सट्टा "भन्सार महसुल ऐन, २०८१ बमोजिम" भन्ने शब्दहरु राखिएका छन्।

(२) खण्ड (ष) झिकिएको छ।

(ख) दफा २२ को उपदफा (१) मा रहेका "प्रचलित आर्थिक ऐन अनुसारको उपशीर्षक बमोजिम" भन्ने शब्दहरूको सट्टा "भन्सार महसुल ऐन, २०८१ बमोजिम" भन्ने शब्दहरू राखिएका छन्।

(ग) दफा ५, ६, ७, ८, ९, ११, १२, ७२, ७३, ७४ र ७५ खारेज गरिएका छन्।

(२) यो ऐन लागू हुनुअघि भन्सार महसुल लगाउने र असुल गर्ने सम्बन्धमा भन्सार सम्बन्धी प्रचलित कानून बमोजिम भए गरेका काम कारबाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

कानून , न्याय तथा संसदीय मामिला मन्त्रालय

अनुसूची-१

(दफा ५ सँग सम्बन्धित)

<u>हार्मोनाइज्ड प्रणालीको व्याख्या सम्बन्धी सामान्य नियमहरू</u>

वस्तुको वर्गीकरण गर्दा देहायका सिद्धान्त बमोजिम गर्नु पर्नेछः

नियम १

हार्मोनाइज्ड प्रणालीको परिच्छेद, भाग र उपभागका शीर्षक (टाइटल) वस्तुको सन्दर्भलाई बुझ्न सजिलो पार्नका लागि मात्र दिइएका हुन्; कानूनी प्रयोजनका लागि अन्यथा उल्लेख गरिएको अवस्थामा बाहेक शीर्षकका शब्द र सम्बन्धित परिच्छेद वा भागका द्रष्टव्य बमोजिम देहायमा उल्लिखित प्रावधान अनुसार वस्तुको वर्गीकरण गरिनेछ।

नियम २

(क) कुनै शीर्षकमा रहेको वस्तुको प्रसङ्गले त्यस्तो वस्तु अपूर्ण वा अर्धतयारी अवस्थामा रहेको भए तापनि त्यस्तो वस्तुमा सोही प्रकृतिको पूर्ण वा तयारी वस्तुको आधारभूत विशेषता (गुण) रहेमा त्यस्तो वस्तुलाई सन्दर्भ वस्तुका रुपमा लिनु पर्नेछ। त्यस्ता पूर्ण वा तयारी वस्तु (यस नियम बमोजिम पूर्ण वा तयारी भनी वर्गीकरण गर्न सकिने) छुट्टा छुट्टै (अनएसेम्बल्ड) वा खोलखाल गरिएको (डिसएसेम्बल्ड) अवस्थामा रहेको भए तापनि सन्दर्भ वस्तुका रुपमा लिनु पर्नेछ।

(ख) कुनै शीर्षकमा रहेको पदार्थ वा सारको प्रसङ्गले त्यस्ता पदार्थ वा सार वा अन्य पदार्थ वा सारसँगको मिश्रण वा योगलाई समेत सन्दर्भ वस्तुका रुपमा लिनु पर्नेछ। कुनै निश्चित पदार्थ वा सारबाट बनेको वस्तुको प्रसङ्गले त्यस्तो पदार्थ वा सारबाट पूर्ण वा आंशिक रुपमा बनेको वस्तुलाई समेत सन्दर्भ वस्तुका रुपमा लिनु पर्नेछ। एकभन्दा बढी पदार्थ वा सारबाट बनेको वस्तुको वर्गीकरण नियम ३ मा उल्लिखित सिद्धान्त बमोजिम हुनेछ।

नियम ३

नियम २(ख) को प्रयोग वा अन्य कुनै कारणबाट वस्तुहरूलाई प्रथम दृष्टिमा (प्राइमा फेसी) दुई वा दुईभन्दा बढी शीर्षकमा वर्गीकरण गर्न सकिने देखिएमा देहाय बमोजिम वर्गीकरण गरिनेछः

(क) सामान्य विवरण दिने शीर्षक भन्दा व्यापक विवरण दिने शीर्षकलाई प्राथमिकता दिनु पर्नेछ। तथापि, दुई वा सो भन्दा बढी शीर्षकले मिश्रित वा समग्र (कम्पोजिट) वस्तु वा खुद्रा बिक्रीको समूह (सेट) मा रहेका वस्तुको पदार्थ वा सार आंशिकरुपमा मात्र उल्लेख गरेको अवस्थामा कुनै शीर्षकले तुलनात्मक रुपमा बढी वा यकिन विवरण उल्लेख गरे तापनि ती सबै शीर्षकलाई समान रुपमा विशिष्टीकृत मान्नु पर्नेछ।

(ख) नियम ३(क) बमोजिम वर्गीकृत गर्न नसकिने विभिन्न पदार्थ वा अवयव (कम्पोनेन्ट) बाट निर्मित मिश्रित वा समग्र वस्तु र खुद्रा बिक्रीको समूह (सेट) मा राखिएका वस्तुलाई यी नियमका आधार (क्राइटेरिया) लागू हुने हदसम्म त्यस्ता पदार्थ वा अवयवमा आधारभूत विशेषता (गुण) रहेको मानी वस्तुको वर्गीकरण गरिनेछ।

(ग) नियम ३(क) वा (ख) बमोजिम वस्तुहरुको वर्गीकरण गर्न नसकिने अवस्थामा समान महत्त्वकासाथ विचारयोग्य शीर्षकहरुमध्ये साङ्ख्यिक क्रममा अन्तिममा रहेको शीर्षक अन्तर्गत वर्गीकरण गरिनेछ।

नियम ४

माथि उल्लिखित नियम बमोजिम वर्गीकरण गर्न नसकिने वस्तुहरूलाई उपयुक्तताको आधारमा समान प्रकृतिका (मिल्दाजुल्दा) वस्तुको शीर्षक अन्तर्गत वर्गीकरण गरिनेछ।

नियम ५

देहायका वस्तुहरुका सम्बन्धमा देहायको व्यवस्था लागू हुनेछः

(क) लामो अवधिसम्म प्रयोगमा रहने क्यामरा, वाद्ययन्त्र, बन्दुक, रेखाचित्र सम्बन्धी औजार र कण्ठहार (नेकलेस) का खोल र त्यस्तो वस्तु राख्न मिल्ने गरी विशेषरुपमा तयार गरिएका सामग्री तथा त्यस्तै डिब्बा (कन्टेनर) सामान्यतयाः बिक्री हुने त्यस्तै प्रकारका वस्तुसँगै वर्गीकरण गरिनेछ। तर आधारभूत रुपमै समग्ररुप ग्रहण गर्ने कन्टेनरको हकमा यो नियम लागू हुने छैन।

(ख) प्याकिङ्ग अवस्थामा रहेका वस्तुसँग रहेका प्याकिङ्ग सामग्री वा डिब्बा (कन्टेनर) सामान्यतः प्याकिङ्ग गर्नका लागि प्रयोग हुने प्रकृतिका रहेछन् भने नियम ५(क) मा उल्लिखित व्यवस्थाको अधीनमा रही प्याकिङ्गमा रहेका त्यस्ता वस्तुसँगै वर्गीकरण गरिनेछ। तर त्यस्ता प्याकिङ्ग सामग्री वा डिब्बा पटक पटक प्रयोग गर्न सकिने प्रकृतिका भएमा यो व्यवस्था लागू हुने छैन।

नियम ६

कुनै शीर्षकको उपशीर्षकमा रहेका वस्तुहरुको वर्गीकरण समान तहका उपशीर्षक मात्र तुलनायोग्य हुन्छन् भन्ने मान्यताका आधारमा उपशीर्षकमा रहेका पदावली (टर्मस्) र नियममा आवश्यक हेरफेर सहित उल्लेख भएका सम्बन्धित उपशीर्षकको द्रष्टव्य बमोजिम गरिनेछ। विषय वा प्रसङ्गले अर्को अर्थ लाग्ने अवस्थामा बाहेक यी नियमको प्रयोजनका लागि सम्बन्धित परिच्छेद र भागका द्रष्टव्य लागू हुनेछन्। सन्दर्भले अन्यथा निर्दिष्ट गरेकोमा बाहेक यस नियमको प्रयोजनको लागि सम्बन्धित परिच्छेद तथा भागका द्रष्टव्य पनि लागू हुनेछन्।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

अनुसूची-२

(दफा ६ को उपदफा (१) सँग सम्बन्धित)

निकासी भन्सार महसुल दर

शीर्षक	उपशीर्षक	वस्तुको विवरण	निकासी भन्सार महसुल दर
१	२	३	४
१०.०१		**गहुँ र मेसलिन।**	
		-दुरुम गहुँः	
	१००१.११.००	--बिउ	प्रति कि.ग्रा. रु.१।-
	१००१.१९.००	--अन्य	प्रति कि.ग्रा. रु.१।-
		-अन्यः	
	१००१.९१.००	--बिउ	प्रति कि.ग्रा. रु.१।-
	१००१.९९.००	--अन्य	प्रति कि.ग्रा. रु.१।-
१०.०५		**मकै।**	
	१००५.१०.००	-बिउ	प्रति कि.ग्रा. रु.१।-
	१००५.९०.००	-अन्य	प्रति कि.ग्रा. रु.१।-
१०.०६		**धान।**	
		-धानः	
	१००६.१०.१०	---बिउ	प्रति कि.ग्रा. रु.१।-
	१००६.१०.९०	---अन्य	प्रति कि.ग्रा. रु.१।-
	१००६.२०.००	-भुस हटाएको (खैरो) चामल	प्रति कि.ग्रा. रु.१।-
	१००६.३०.००	-आंशिक वा पूर्णरूपमा मिलमा कुटेको चामल, पालिस लगाएको वा चम्किलो पारेको वा नपारेको	प्रति कि.ग्रा. रु.१।-
	१००६.४०.००	-कनिका	प्रति कि.ग्रा. रु.१।-
१२.११		**मुख्यतः सुगन्धित वस्तु बनाउन, औषधि बनाउन वा कीटनाशक, ढुसीनाशक वा यस्तै प्रयोजनमा प्रयोग हुने खालका, ताजा, चिस्याइएका, हिमीकृत वा सुकाइएका, काटिएका वा नकाटिएका, पिँधेका वा नपिँधेका टुक्रा वा धुलो पारिएका वा नपारिएका, बिरुवा र बिरुवाका अङ्गहरू (बियाँ र फल समेत)।**	
		-अन्यः	
	१२११.९०.१०	---यार्चागुम्बा	प्रति कि.ग्रा. रु.५०००।-
	१२११.९०.९०	---अन्य	प्रति कि.ग्रा. रु.१।-
१४.०४		**अन्यत्र उल्लेख वा समावेश नभएका वनस्पति उत्पादनहरू।**	
	१४०४.९०.१०	---अर्धतयारी खयर कत्था (कत्था रस)	प्रति कि.ग्रा. रु.७।-
	१४०४.९०.२०	---खयर कत्था	प्रति कि.ग्रा. रु.५।-
	१४०४.९०.५०	---रुद्राक्षका दानाहरू	प्रति कि.ग्रा. रु.१।-
	१४०४.९०.६०	---अर्गेलीको बोक्रा	प्रति कि.ग्रा. रु.१।-
	१४०४.९०.७०	---रिठ्ठा (सोपनट)	प्रति कि.ग्रा. रु.१।-
		---अन्यः	

शीर्षक	उपशीर्षक	वस्तुको विवरण	निकासी भन्सार महसुल दर
१	२	३	४
	१४०४.९०.९९	----अन्य	प्रति कि.ग्रा. रु.५।-
२१.०६		**अन्यत्र उल्लेख वा समावेश नभएका खाद्य परिकारहरू।**	
		-अन्यः	
	२१०६.९०.२०	---सुर्ती रहित पान मसला	प्रति कि.ग्रा. रु.४०।-
	२१०६.९०.६०	---सुर्ती रहित सुगन्धित सुपारी	प्रति कि.ग्रा. रु.२५।-
२३.०४	२३०४.००.००	**भटमासको तेल निकाल्दा प्राप्त हुने पिना र अन्य ठोस अवशेष, पिँधेको वा नपिँधेको वा गुटिकाको रूपमा भएको वा नभएको।**	प्रति कि.ग्रा. रु.-।५०
२३.०५	२३०५.००.००	**बदाम (मुमफली) को तेल निकाल्दा प्राप्त हुने, पिँधेको वा नपिँधेको, गुटिकाको रूपमा भएको वा नभएको पिना र अन्य ठोस अवशेष।**	प्रति कि.ग्रा. रु.-।५०
२३.०६		**वानस्पतिक वा सूक्ष्म जैविक (माइक्रोबियल) बोसो वा तेल निकाल्दा प्राप्त हुने शीर्षक २३.०४ वा २३.०५ मा परेको बाहेक पिँधेको वा नपिँधेको, गुटिकाको रूपमा भएको वा नभएको पिना र अन्य ठोस अवशेष।**	
	२३०६.२०.००	-आलसको बियाँको	प्रति कि.ग्रा. रु.१।-
		-तोरी (रिप वा कोल्जा) दानाहरूकोः	
	२३०६.४१.००	--इरुसिक अम्ल न्यून भएका तोरी (रिप वा कोल्जा) का दानाहरूको	प्रति कि.ग्रा. रु.।५०
	२३०६.९०.००	-अन्य	प्रति कि.ग्रा. रु.१।-
२४.०३		**अन्य निर्मित (म्यानुफ्याक्चर्ड) सुर्ती र निर्मित (म्यानुफ्याक्चर्ड) सुर्तीका प्रतिस्थापकहरू; "समरुपी (होमाजिनाइज्ड)" वा "पुनर्निर्मित (रिकन्स्टिचूएटेड)" सुर्ती; सुर्तीको सार र सत्त्वहरू।**	
		-अन्यः	
		--अन्यः	
	२४०३.९९.१०	---जर्दा, खैनी, नस (स्नफ), गुट्खा र यस्तै सुर्ती मिश्रित तयारी वस्तुहरू	प्रति कि.ग्रा. रु.५०।-
		---अन्यः	
	२४०३.९९.९१	----हुक्का फ्लेवर	प्रति कि.ग्रा. रु.५०।-
	२४०३.९९.९९	----अन्य	प्रति कि.ग्रा. रु.५०।-
२५.०५		**भाग २६ को धातुयुक्त (मेटलबियरिङ्ग) बालुवा बाहेक रङ्गीन वा रङ्गहीन सबै प्रकारको प्राकृतिक बालुवा।**	
	२५०५.१०.००	-सिलिका बालुवा र क्वार्ज (स्फटिक) बालुवा	प्र.घ.मि. रु.१,२००।-
	२५०५.९०.००	-अन्य बालुवा	प्र.घ.मि. रु.१,२००।-
२५.१४	२५१४.००.००	**करौतीले वा अन्य तरिकाले ढिक्का वा पाताका रूपमा आयताकार (वर्गाकार समेत) स्वरूपमा मोटामोटी छाँटिएको वा नछाँटिएको वा केवल काटिएको वा नकाटिएको स्लेट।**	प्र.घ.मि. रु.१,२००।-

शीर्षक	उपशीर्षक	वस्तुको विवरण	निकासी भन्सार महसुल दर
१	२	३	४
२५.१६		**करौतीले वा अन्य तरिकाले ढिक्का वा पाताको रूपमा आयताकार (वर्गाकार समेत) स्वरूपमा मोटामोटी छाँटिएको वा नछाँटिएको वा केवल काटिएको वा नकाटिएको ग्रेनाइट, पर्फाइरी, बेसाल्ट, बलौटे ढुङ्गा र स्मारक वा भवन बनाउने अन्य ढुङ्गा।**	
		-बलौट ढुङ्गाः	
	२५१६.२०.१०	---टुक्र्याइएका वा नटुक्र्याइएका गिट्टी र बाटुलिएका ढुङ्गाहरू (पेवल्स), २.५ इञ्चसम्मका	प्र.घ.मि. रु.६००।-
	२५१६.२०.२०	---टुक्र्याइएका वा नटुक्र्याइएका २.५ इञ्चभन्दा बढीका ढुङ्गाहरू	प्र.घ.मि. रु.१,२००।-
	२५१६.२०.३०	---टुक्र्याइएका वा नटुक्र्याइएका ढुङ्गाहरू र बालुवाको मिश्रण, छर्री	प्र.घ.मि. रु.१,२००।-
२५.१७		**साधारणतया कङ्क्रिट मसला, सडक पक्की गर्न वा रेलमार्गमा प्रयोग गरिने तापित वा अतापित गिट्टी, रोडा र फुटाइएका वा कुटिएका ढुङ्गाहरू वा अन्य गिट्टी (ब्लास्ट), बाटुलिएका पत्थर (सिङ्गल), अग्निपत्थर (फ्लिन्ट); यो शीर्षकको पहिलो भागमा उल्लेख भएका वस्तुहरू समावेश भएका वा नभएका धातु मल (स्ल्याग), ड्रस र यस्तै औद्योगिक रद्दीका रोडा (मक्याडम); अलकत्रायुक्त रोडा (टार्ड मक्याडम); शीर्षक २५.१५ वा २५.१६ का तापित वा अतापित पत्थरका दाना,टुक्राटुक्री र धुलो।**	
		-कङ्क्रिट मसला, सडक पक्की गर्न वा रेलमार्गमा प्रयोग गरिने तापित वा अतापित गिट्टी, रोडा र फुटाइएका वा कुटिएका ढुङ्गाहरू वा अन्य गिट्टी (ब्लास्ट), बाटुलिएका पत्थर (सिङ्गल) र अग्निपत्थर (फ्लिन्ट):	
	२५१७.१०.१०	---टुक्र्याइएका वा नटुक्र्याइएका गिट्टी र बाटुलिएका ढुङ्गाहरू (पेवल्स),२.५ इञ्चसम्मका	प्र.घ.मि. रु.६००।-
	२५१७.१०.२०	---टुक्र्याइएका वा नटुक्र्याइएका २.५ इञ्चभन्दा बढीका ढुङ्गाहरू	प्र.घ.मि. रु.१,२००।-
	२५१७.१०.३०	---टुक्र्याइएका वा नटुक्र्याइएका ढुङ्गाहरू र बालुवाको मिश्रण, छर्री	प्र.घ.मि. रु.१,२००।-
		-उपशीर्षक २५१७.१० मा उल्लिखित वस्तु समावेश भए वा नभएका ड्रस र धातु मल (स्ल्याग) का वा यस्तै औद्योगिक रद्दीका रोडा (मक्याडम):	
	२५१७.२०.१०	---टुक्र्याइएका वा नटुक्र्याइएका गिट्टी र बाटुलिएका ढुङ्गाहरू (पेवल्स), २.५ इञ्चसम्मका	प्र.घ.मि. रु.६००।-
	२५१७.२०.२०	---टुक्र्याइएका वा नटुक्र्याइएका २.५ इञ्चभन्दा बढीका ढुङ्गाहरू	प्र.घ.मि. रु.१,२००।-
		-शीर्षक २५.१५ वा २५.१६ को ढुङ्गाका तापित वा अतापित दाना टुक्राटुक्री र धुलोः	
		--अन्यः	
		---ढुङ्गाको धुलोः	
	२५१७.४९.११	----क्रसर उद्योगबाट उत्पादित	प्र.घ.मि. रु.६००।-

शीर्षक	उपशीर्षक	वस्तुको विवरण	निकासी भन्सार महसुल दर
१	२	३	४
		---अन्य:	
	२५१७.४९.९१	----क्रसर उद्योगबाट उत्पादित	प्र.घ.मि. रु.६००।-
२५.१९		**प्राकृतिक म्याग्नेसियम कार्बोनेट (म्याग्नेसाइट); गालिएका म्याग्नेसिया; उच्च ताप सहन गर्ने (डेडबर्न (सिन्टर्ड)) म्याग्नेसिया, भस्मित गर्नुभन्दा पहिले थोरै मात्रामा अन्य अक्साइडहरू मिलाइएको वा नमिलाइएको; अन्य म्याग्नेसियम अक्साइड, शुद्ध वा अशुद्ध।**	
	२५१९.१०.००	-प्राकृतिक म्याग्नेसियम कार्बोनेट (म्याग्नेसाइट)	प्र.घ.मि. रु.६००।-
	२५१९.९०.००	-अन्य	प्र.घ.मि. रु.६००।-
२५.२६		**करौंतीले वा अन्य तरिकाले ढिक्का वा पाताको रूपमा आयताकार (वर्गाकार समेत) स्वरूपमा मोटामोटी छाँटिएको वा नछाँटिएको वा केवल काटिएको वा नकाटिएको प्राकृतिक स्टियटाइट (साबुन ढुङ्गा); टाल्क।**	
	२५२६.१०.००	-नर्पिधेको धुलो नबनाएको	प्रति कि.ग्रा. रु.१।५०
३९.०२		**प्राथमिक रूपका प्रोपलिनका वा अन्य ओलफिनहरूका पोलिमरहरू।**	
	३९०२.१०.००	-पोलिप्रोपलिन	प्रति कि.ग्रा. रु.५।-
	३९०२.२०.००	-पोलिआइसोब्युटलिन	प्रति कि.ग्रा. रु.५।-
	३९०२.३०.००	-प्रोपलिन कोपोलिमरहरू	प्रति कि.ग्रा. रु.५।-
	३९०२.९०.००	-अन्य	प्रति कि.ग्रा. रु.५।-
३९.१५		**प्लाष्टिकको रद्दी, कतरन र पत्रु।**	
	३९१५.१०.००	-इथाइलिनको पोलिमरहरूको	प्रति कि.ग्रा. रु.५।-
	३९१५.२०.००	-स्टाइरिनको पोलिमरहरूको	प्रति कि.ग्रा. रु.५।-
	३९१५.३०.००	-भिनायल क्लोराइडको पोलिमरहरूको	प्रति कि.ग्रा. रु.५।-
	३९१५.९०.००	-अन्य प्लाष्टिकहरूको	प्रति कि.ग्रा. रु.५।-
४०.१२		**पादन्यास फेरिएका (रिट्रेडेड्) वा प्रयोग गरिएका (युज्ड) हावा भरेर चलाउने (न्यूमाटिक) रबरका टायरहरू; रबरका ठोस (सोलिड) वा गद्दादार (कुसन) टायरहरू; टायरका पादन्यास (टायर ट्रेड) हरू, टायरका आवरक (फ्लाप) हरू।**	
	४०१२.२०.००	-प्रयोग गरिएका हावा भरेर चलाउने (न्यूमाटिक) टायरहरू	प्रति कि.ग्रा. रु.५।-
४४.०१		**बाल्ने दाउरा, मुढा, चिरेको मोटो टुक्रा (विलेट), हाँगाबिँगा वा दाउराको बाँधेको बिटो, वा यस्तै रूपमा काठका चोइटाचोइटी वा मसिना टुक्राटाक्री (पार्टिकल) काठ चिरेको धुलो, काठको अवशेष र रद्दी वस्तु, मुढो, ब्रिकेट, पेलेट वा यस्तै रूपमा एकत्रित गरिएको वा नगरिएको।**	
		-बाल्ने दाउरा, मुढा, चिरेको मोटो टुक्रा (बिलेट), हाँगाबिँगा, दाउराको बिटो वा यस्तै रुपमा:	

शीर्षक	उपशीर्षक	वस्तुको विवरण	निकासी भन्सार महसुल दर
१	२	३	४
	४४०१.११.००	--कोणधारी (कोनिफेरस)	५०%
	४४०१.१९.००	--गैरकोणधारी (नन्-कोनिफेरस)	५०%
		-काठको चोइटा चोइटी वा मसिना टुक्राटाक्री (पार्टिकल):	
	४४०१.२१.००	--कोणधारी (कोनिफेरस)	५०%
	४४०१.२२.००	--गैरकोणधारी (नन्-कोनिफेरस)	५०%
४४.०३		**बोक्रा वा काठको बाहिरी नरम भाग ताछेको वा नताछेको वा मोटा मोटी ढङ्गले चारपाटे पारेको अपरिमार्जित काठ।**	
		-रङ्गलेप (पेन्ट) वर्णक रङ्ग (स्टेन), क्रिओसोट वा अन्य परिरक्षक (प्रिजर्भेटिभ) हरूद्वारा उपचार गरिएको:	
	४४०३.११.००	--कोणधारी (कोनिफेरस)	५०%
	४४०३.१२.००	--गैरकोणधारी (नन्-कोनिफेरस)	५०%
		-अन्य, कोणधारी (कोनिफेरस):	
	४४०३.२१.००	--सल्लाको (पाइनस प्रजातिहरू), सबैभन्दा सानो तिर्यक-छेदन आयाम (क्रस-सेक्सनल डाइमेनसन) १५ सेन्टिमिटर वा बढी भएको	५०%
	४४०३.२२.००	--सल्लाको (पाइनस जातहरू), अन्य	५०%
	४४०३.२३.००	--देवदारू (एबिस प्रजातिहरू) र सरल (पिसिया प्रजातिहरू) को, कुनै पनि तिर्यक-छेदन आयाम (क्रस-सेक्सनल डाइमेनसन) १५ सेन्टिमिटर वा बढी भएको	५०%
	४४०३.२४.००	--देवदारु (एबिस प्रजातिहरू) र स्प्रुस (पिसिया प्रजातिहरू) को, अन्य	५०%
	४४०३.२५.००	--अन्य, सबैभन्दा सानो तिर्यक-छेदन आयाम (क्रस-सेक्सनल डाइमेनसन) १५ सेन्टिमिटर वा बढी भएको	५०%
	४४०३.२६.००	--अन्य	५०%
		-अन्य, उष्णप्रदेशीय (ट्रपिकल) काठको:	
	४४०३.४१.००	--गाढा रातो मेरान्ती, हलुका रातो मेरान्ती र मेरान्ती बकाउ	५०%
	४४०३.४२.००	--टिक	५०%
	४४०३.४९.००	--अन्य	५०%
		-अन्य:	
	४४०३.९१.००	--ओकको (क्वेरकस् प्रजातिहरू)	५०%
	४४०३.९३.००	--बीच (फागस प्रजातिहरु) को, सबैभन्दा सानो तिर्यक-छेदन आयाम (क्रस सेक्सनल डाइमेन्सन) १५ से.मि. वा बढी भएको	५०%
	४४०३.९४.००	--बीच (फागस प्रजातिहरू) को, अन्य	५०%
	४४०३.९५.००	--भोजपत्र (बर्च) (बेटुला प्रजातिहरू) को, सबैभन्दा सानो तिर्यक-छेदन आयाम (क्रस सेक्सनल डाइमेन्सन) १५ से.मि. वा बढी भएको	५०%
	४४०३.९६.००	--भोजपत्र (बर्च) (बेटुला प्रजातिहरू) को, अन्य	५०%
	४४०३.९७.००	--लहरे पिपल (पप्लर) र आस्पेन (पोपुलस प्रजातिहरू) को	५०%

कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय

शीर्षक	उपशीर्षक	वस्तुको विवरण	निकासी भन्सार महसुल दर
१	२	३	४
	४४०३.९८.००	--मसला (युकलिप्टस प्रजातिहरू) को	५०%
		--अन्यः	
	४४०३.९९.१०	---५ इञ्च वा सोभन्दा कम मोटाइमा लम्बाइमा चिरेको	५०%
	४४०३.९९.९०	---अन्य	५०%
४४.०४		**हुपको काठ; काठको चिरेको खम्बा (पोल); तिखारेको तर लम्बाइमा नचिरेको काठको घोचा (पाइल), काठको किलो (पिकेट) र एकापट्टि तिखारिएको घोचो (स्टेक); साधारण रूपले कौंटछौंट गरेको तर नदोब्राएको, नबङ्ग्याएको, अरूथोक नबनाएको टेक्ने लठ्ठी, छाताको डण्डी, औजारको डण्डी वा त्यस्तै सामान बनाउन उपयुक्त हुने खालको काठको छडी; चोइटाचोइटी काठ (चिपऊड) र यस्तै।**	
	४४०४.१०.००	-कोणधारी (कोनिफेरस)	५०%
	४४०४.२०.००	-गैरकोणधारी (नन-कोनिफेरस)	५०%
४४.०५	**४४०५.००.००**	**काठको ऊन; काठको पिठो।**	५०%
४४.०६		**रेल वा ट्रामको काठका पटरीहरू (स्लिपर) (क्रस-टाइज)।**	
		-असंसिक्त (नट इम्प्रिग्नेटेड)	
	४४०६.११.००	--कोणधारी (कोनिफेरस)	५०%
	४४०६.१२.००	--गैरकोणधारी (नन्-कोनिफेरस)	५०%
		-अन्यः	
	४४०६.९१.००	--कोणधारी (कोनिफेरस)	५०%
	४४०६.९२.००	--गैरकोणधारी (नन्-कोनिफेरस)	५०%
४४.०७		**लम्बाइमा चिरेको वा काटेको (चिप्ड), ताछेको (स्लाइस्ड) वा बोक्रा हटाएको (पिल्ड) रन्डा लगाएको वा नलगाएको, अपघर्षक लगाई चिल्याएको वा नचिल्याएको वा छेउमा जोड (इन्ड ज्वाइन्टेड) गरिएको वा नगरिएको ६ एम.एम. भन्दा बढी मोटाइको काठ।**	
		-कोणधारी (कोनिफेरस):	
	४४०७.११.००	--सल्ला (पाइन्स प्रजातिहरू) को	५०%
	४४०७.१२.००	--देवदारु (एबिस प्रजातिहरू) र स्प्रुस (पिसिया प्रजातिहरू) को	५०%
	४४०७.१३.००	--एस-पी-एफ (सरल (पिसिया प्रजातिहरू), सल्लो (पाइनस प्रजातिहरू) र देवदारू (एबिस प्रजातिहरू)) को	५०%
	४४०७.१४.००	--हेम-फर (पश्चिमी हेमलक (सुगा हेटेरो फिल्ला) र देवदारू (एबिस प्रजातिहरू) को	५०%
	४४०७.१९.००	--अन्य	५०%
		-उष्णप्रदेशीय (ट्रपिकल) काठको:	
	४४०७.२१.००	--महोगनी (स्वीटेनिया प्रजातिहरू)	५०%
	४४०७.२२.००	--भिरोला, इम्बुइया र वाल्सा	५०%
	४४०७.२३.००	--टिक	५०%

कानून, न्याय संसदीय मामिला मन्त्रालय

शीर्षक	उपशीर्षक	वस्तुको विवरण	निकासी भन्सार महसुल दर
१	२	३	४
	४४०७.२५.००	--गाढा रातो मेरान्ती, हलुका रातो मेरान्ती र मेरान्ती बकाउ	५०%
	४४०७.२६.००	--सेतो लौआन, सेतो मेरान्ती, सेतो सेराया, पहेंलो मेरान्ती र एलान	५०%
	४४०७.२९.००	--अन्य	५०%
		-अन्यः	
	४४०७.९१.००	--ओकको (क्वेरकस् प्रजातिहरू)	५०%
	४४०७.९२.००	--बीचको (फागस प्रजातिहरू)	५०%
	४४०७.९६.००	--भोजपत्र (बर्च) (बेटुला प्रजातिहरू) को	५०%
	४४०७.९७.००	--लहरे पिपल (पप्लर) र आस्पेन (पोपुलस प्रजातिहरू) को	५०%
	४४०७.९९.००	--अन्य	५०%
४४.०८		**रन्डा (प्लेन) लगाएको वा नलगाएको, खाक्सी लगाएको वा नलगाएको, दुई टुप्पा जोडिएका (स्प्लाइस्ड) वा नजोडिएको वा छेउको जोड (इण्ड ज्वाइण्टेड्) गरिएको वा नगरिएको, प्लाइऊडका लागि वा यस्तै पटलित काठका लागि र लम्बाइमा चिरेको, पातलो गरी काटेको (स्लाइस्ड) वा ताछेको अन्य काठका लागि पृष्ठावरण वा बाहिरी पत्र चढाउने (भेनियरिङ्ग) निमित्तका मोटाइ ६ मि.मि. ननाघ्ने, चादर (शिट्) हरू (पटलित काठलाई पातलो गरी काटेर प्राप्त हुने वस्तु समेत)।**	
	४४०८.१०.००	-कोणधारी	प्रति कि.ग्रा. रु.६।-
		-उष्णप्रदेशीय (ट्रपिकल) काठकोः	
	४४०८.३१.००	--गाढा रातो मेरान्ती, हलुका रातो मेरान्ती र मेरान्ती बकाउ	प्रति कि.ग्रा. रु.६।-
	४४०८.३९.००	--अन्य	प्रति कि.ग्रा. रु.६।-
	४४०८.९०.००	-अन्य	प्रति कि.ग्रा. रु.६।-
४७.०७		**पुनर्प्राप्ति गरिएको (अवशेष र पत्रु) कागत वा कागतगाता।**	
	४७०७.१०.००	-अविरञ्जित (अनब्लिज्ड) दृढ कागत (क्राफ्ट पेपर) वा कागतगाता (पेपर बोर्ड) वा खोल्सीदार कागत (कोरुगेटेड पेपर) वा कागतगाता (पेपर बोर्ड)	प्रति कि.ग्रा. रु.१०।-
	४७०७.२०.००	-सम्पूर्णतः रङ्गीन नगरेको, मुख्यतया विरञ्जित रासायनिक गुभो (पल्प) बाट बनाइएको अन्य कागत र कागतगाता (पेपर बोर्ड)	प्रति कि.ग्रा. रु.१०।-
	४७०७.३०.००	-मुख्यतः यान्त्रिक गुभो (मेकानिकल पल्प) बाट बनाइएको कागत वा कागतगाता (पेपरबोर्ड) (जस्तै समाचारपत्र, पत्रिका (जर्नल्स) र त्यस्तै मुद्रण सामग्रीहरु)	प्रति कि.ग्रा. रु.१०।-
	४७०७.९०.००	-अन्य, नकेलाइएको वा नछुट्याइएको रद्दी र टुक्राटाक्रीहरु (अवशेष) (वेष्ट एण्ड स्क्र्याप)	प्रति कि.ग्रा. रु.१०।-
७२.०४		**लौहिक अवशेष र पत्रु (फेरोस वेष्ट र स्क्र्याप); फलाम वा इस्पातको पुनः पगालिने पत्रुको इन्गट।**	
	७२०४.१०.००	-ढालेको फलाम (काष्ट आइरन) को अवशेष र पत्रु	प्रति कि.ग्रा. रु.१०।-
		-मिश्रित इस्पात (एल्वाय स्टिल) का अवशेष र पत्रुः	

शीर्षक	उपशीर्षक	वस्तुको विवरण	निकासी भन्सार महसुल दर
१	२	३	४
	७२०४.२१.००	--खिया नलाग्ने इस्पात (स्टेनलेस स्टिल) को	प्रति कि.ग्रा. रु.१०।-
	७२०४.२९.००	--अन्य	प्रति कि.ग्रा. रु.१०।-
	७२०४.३०.००	-टिनयुक्त फलाम वा इस्पातका अवशेष र पत्रु	प्रति कि.ग्रा. रु.१०।-
		-अन्य अवशेष र पत्रुः	
	७२०४.४१.००	--गठ्ठा (बण्डल) मा भए वा नभएका, धातुको काम गर्दा अवशेषका रुपमा निस्किएका टर्निङ्ग, शेभिङ्ग, चिप्स, मिलिङ्ग वेष्ट, स-डस्ट, फाइलिङ्गस्, ट्रिमिङ्गस् र स्टैम्पिङ्ग	प्रति कि.ग्रा. रु.१०।-
	७२०४.४९.००	--अन्य	प्रति कि.ग्रा. रु.१०।-
	७२०४.५०.००	-पुनः पगालिने पत्रुको इन्गट	प्रति कि.ग्रा. रु.१०।-
७४.०४	७४०४.००.००	**तामाका अवशेष र पत्रुहरू।**	प्रति कि.ग्रा. रु.१०।-
७६.०२	७६०२.००.००	**अलुमिनियमका अवशेष र पत्रुहरू।**	प्रति कि.ग्रा. रु.१०।-
७९.०२	७९०२.००.००	**जस्ताका अवशेष र पत्रुहरु।**	प्रति कि.ग्रा. रु.१०।-
८०.०२	८००२.००.००	**टिनका अवशेष र पत्रुहरु।**	प्रति कि.ग्रा. रु.१०।-
८५.४८	८५४८.००.००	**यस भागमा अन्यत्र उल्लेख वा समावेश नभएका, यन्त्रावली वा उपकरणका वैद्युतिक पार्टपुर्जाहरू।**	प्रति कि.ग्रा. रु.१०।-
८५.४९		**इलेक्ट्रिकल र इलेक्ट्रोनिक अवशेष र पत्रु।**	
		-प्राथमिक सेल, प्राथमिक ब्याट्री र विद्युत सञ्चायकहरूका अवशेष र पत्रु; प्रयोग भइसकेका प्राथमिक सेल, प्राथमिक ब्याट्री र विद्युत सञ्चायकहरूः	
	८५४९.११.००	--लिड-एसिड विद्युत सञ्चायकहरूका अवशेष र पत्रु; प्रयोग भइसकेका लिड-एसिड विद्युत सञ्चायकहरू	प्रति कि.ग्रा. रु.१०।-
	८५४९.१२.००	--अन्य, लिड, क्याडमियम वा मर्करी भएका	प्रति कि.ग्रा. रु.१०।-
	८५४९.१३.००	--रसायनको किसिम अनुसार छाँटिएका (सर्टेड) र लिड, क्याडमियम वा मर्करी नभएका	प्रति कि.ग्रा. रु.१०।-
	८५४९.१४.००	--नछाँटिएका (अनसर्टेड) र लिड, क्याडमियम वा मर्करी नभएका	प्रति कि.ग्रा. रु.१०।-
	८५४९.१९.००	--अन्य	प्रति कि.ग्रा. रु.१०।-
		-मुख्यतया बहुमूल्य धातुको प्रतिलब्धि (रिकभरी) मा प्रयोग भएकाः	
	८५४९.२१.००	--प्राथमिक सेल, प्राथमिक ब्याट्री, विद्युत सञ्चायक, मर्करी-स्वीच, क्याथोड रे ट्यूब वा अन्य सक्रिय काँचबाट निस्केका काँचहरू, वा क्याडमियम, मर्करी, लिड वा पोलिक्लोरिनेडेड बाइफेनाइलहरू (पीसीबीहरू) भएका वैद्युतिक वा इलेक्ट्रोनिक अवयवहरू	प्रति कि.ग्रा. रु.१०।-
	८५४९.२९.००	--अन्य	प्रति कि.ग्रा. रु.१०।-
		-अन्य वैद्युतिक र इलेक्ट्रोनिक संयोजनहरू तथा मुद्रित सर्किट बोर्डहरूः	

शीर्षक	उपशीर्षक	वस्तुको विवरण	निकासी भन्सार महसुल दर
१	२	३	४
	८५४९.३१.००	--प्राथमिक सेल, प्राथमिक ब्याट्री, विद्युत सञ्चायक, मर्करी-स्वीचहरू, क्याथोड रे ट्यूब वा अन्य सक्रिय काँचबाट निस्केका काँचहरू, वा क्याडमियम, मर्करी, लिड वा पोलिक्लोरिनेडेड बाइफेनाइलहरू (पीसीबीहरू) भएका वैद्युतिक वा इलेक्ट्रोनिक अवयवहरू	प्रति कि.ग्रा. रु.१०।-
	८५४९.३९.००	--अन्य	प्रति कि.ग्रा. रु.१०।-
		-अन्यः	
	८५४९.९१.००	--प्राथमिक सेल, प्राथमिक ब्याट्री, विद्युत सञ्चायक, मर्करी-स्वीचहरू, क्याथोड रे ट्यूब वा अन्य सक्रिय काँचबाट निस्केका काँचहरू, वा क्याडमियम, मर्करी, लिड वा पोलिक्लोरिनेडेड बाइफेनाइलहरू (पीसीबीहरू) भएका वैद्युतिक वा इलेक्ट्रोनिक अवयवहरू	प्रति कि.ग्रा. रु.१०।-
	८५४९.९९.००	--अन्य	प्रति कि.ग्रा. रु.१०।-

कानून , न्याय तथा संसदीय मामिला मन्त्रालय

अनुसूची-३

(दफा ७ को उपदफा (१) र (३) र दफा ११ को उपदफा (१) र (३) सँग सम्बन्धित)

पैठारी भन्सार महसुल दर

परिच्छेद १

जीवित जीवजन्तुहरू; जीवजन्तुजन्य उत्पादनहरु

द्रष्टव्यहरूः

१. अन्यथा व्यवस्था गरिएकोमा बाहेक यस परिच्छेदमा उल्लिखित जीवजन्तुको खास जाति वा प्रजाति भन्नाले त्यस जाति वा प्रजातिको बच्चा, जीवजन्तुलाई समेत जनाउँछ।

२. विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा "सुक्खा" उत्पादन भन्नाले यो अनुसूचीभरि नै "निर्जलीकरण", "वाष्पीकरण" वा "हिमशुष्कीकरण" गरेका उत्पादनलाई समेत जनाउँछ।

भाग १

जीवित जीवजन्तुहरू

द्रष्टव्यः

१. यो भागमा तल उल्लेख भएका बाहेक अन्य जीवजन्तुहरू पर्दछन्:

(क) शीर्षक ०३.०१, ०३.०६, ०३.०७ वा ०३.०८ का माछा र झिँगेमाछा जातका जीव (क्रुष्टासियन) बाहिरी खबटा हुने जीव (मोलस्क) र ढाडको हड्डी नहुने अन्य प्रकारका जलचर (इनभर्टिब्रेट्स) हरू,

(ख) शीर्षक ३०.०२ का सूक्ष्म जीवाणुका संवर्धन (कल्चर) हरू र अन्य उत्पादनहरू,

(ग) शीर्षक ९५.०८ का जीवजन्तुहरू।

शीर्षक	उपशीर्षक	वस्तुको विवरण	पैठारी महसुल दर	
			सार्क मुलुकबाट	अन्य मुलुकबाट
१	२	३	४	५
०१.०१		**जीवित घोडाहरू, गधाहरू, खच्चरहरू र हिनिजहरू।**		
		-घोडाहरूः		
३०.०१		**अङ्गसंरोपी चिकित्सा (अर्ग्यानो-थेराप्युटिक) मा प्रयोग हुने सुक्खा, धुलो पारेको वा नपारेको ग्रन्थीहरू र अन्य अङ्गहरू; ग्रन्थी वा अन्य अङ्ग वा तिनका स्रावहरूका अङ्गसंरोपी चिकित्सामा प्रयोग हुने सारहरू; हेपारिन र यसका लवणहरू; अन्यत्र उल्लेख वा समावेश नगरिएका, रोगको उपचार वा रोकथामका लागि तयार गरिएका मानव वा जीवजन्तु सम्बन्धी अन्य तत्त्वहरू।**		
	३००१.२०.००	-ग्रन्थी वा अन्य अङ्ग वा तिनका स्रावहरूको सारहरू	६	१०
	३००१.९०.००	-अन्य	६	१०

शीर्षक	उपशीर्षक	वस्तुको विवरण	पैठारी महसुल दर	
			सार्क मुलुकबाट	अन्य मुलुकबाट
१	२	३	४	५
३०.०२		**मानव रक्त; रोगको उपचार, रोकथामका लागि तयार गरिएको वा रोगलाई निदान गर्ने प्रयोजनका लागि बनाएको जीवजन्तुको रगत, एन्टिसेरा र अन्य रक्त खण्डहरू र रोधक्षमता सम्बन्धी उत्पादनहरू, परिवर्तन गरिएको वा नगरिएको वा जीव प्रद्यौगिकीय प्रक्रियाहरू (बायो टेक्नोलोजिकल प्रोसेसेज) को माध्यमबाट उपलब्ध भएको वा नभएको; खोपहरू, विषालु पदार्थ (टक्सिन) हरू, सूक्ष्म-जीवाणुका कल्चरहरू (मर्चाहरू बाहेक) र यस्तै उत्पादनहरू; परिवर्तन गरिएका वा नगरिएका कोषिका संवर्द्धन (सेल कल्चर) हरू।**		
		-एन्टिसेरा, अन्य रक्तखण्डहरू र रोधक्षमता सम्बन्धी उत्पादनहरू, परिवर्तन गरिएको वा नगरिएको वा जीव प्रद्यौगिकीय प्रक्रियाहरू (बायोटेक्नोलोजिकल प्रोसेसेज) को माध्यमबाट उपलब्ध भएको वा नभएको:		
	३००२.१२.००	--एन्टिसेरा र अन्य रक्त खण्डहरू	माफी	माफी
	३००२.१३.००	--रोधक्षमता सम्बन्धी उत्पादनहरू, अमिश्रित, खुद्रा बिक्रीको लागि परिमित मात्राहरूमा वा स्वरूपमा वा संवेष्टन (प्याकिङ्ग) मा नराखिएका	माफी	माफी
	३००२.१४.००	--रोधक्षमता सम्बन्धी उत्पादनहरू, मिश्रित, खुद्रा बिक्रीको लागि परिमित मात्राहरूमा वा स्वरूपमा वा संवेष्टन (प्याकिङ्ग) मा नराखिएका	माफी	माफी
	३००२.१५.००	--रोधक्षमता सम्बन्धी उत्पादनहरू, खुद्रा बिक्रीको लागि परिमित मात्राहरूमा वा स्वरूपमा वा संवेष्टन (प्याकिङ्ग) मा राखिएका	माफी	माफी
		-खोप (भ्याक्सिन) हरू, विषालु पदार्थ (टक्सिन) हरू, सूक्ष्म जीवका संवर्द्धन (कल्चर) हरू (मर्चाहरू बाहेक) र यस्तै किसिमका उत्पादनहरू:		
	३००२.४१.००	--मानव औषधिका लागि खोपहरू	माफी	माफी
	३००२.४२.००	--पशु औषधिका लागि खोपहरू	माफी	माफी
	३००२.४९.००	--अन्य	माफी	माफी
		-परिवर्तन गरिएका वा नगरिएका कोषिका संवर्द्धन (सेल कल्चर)हरू:		
	३००२.५१.००	--कोषिका उपचारका उत्पादनहरू	माफी	माफी
	३००२.५९.००	--अन्य	माफी	माफी
		-अन्य:		
	३००२.९०.१०	---परीक्षण किट (डायग्नोस्टिक किट) हरू	५	५
	३००२.९०.९०	---अन्य	६	१०

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

शीर्षक	उपशीर्षक	वस्तुको विवरण	पैठारी महसुल दर	
			सार्क मुलुकबाट	अन्य मुलुकबाट
१	२	३	४	५
३०.०३		**खुद्रा बिक्रीका लागि परिमित मात्रामा वा स्वरूपमा वा संवेष्टन (प्याकिङ्ग) मा नराखिएका उपचारात्मक वा प्रतिकारात्मक प्रयोजनका लागि दुई वा दुईभन्दा बढी वस्तु (घटकहरू) मिश्रित गरी बनेका औषधिहरू (शीर्षक ३०.०२, ३०.०५ वा ३०.०६ का वस्तुहरू बाहेक)।**		
	३००३.१०.००	-पेनिसिलिन अम्ल बनावट (पेनिसिल्यानिक एसिड स्ट्रक्चर) वा स्ट्रेप्टोमाइसिनहरू वा तिनका व्युत्पतिहरू सहितका पेनिसिलिन वा तिनका व्युत्पतिहरू भएका	१४	१५
	३००३.२०.००	-अन्य, प्रतिजीवी (एण्टिबायोटिक) हरू भएका	१४	१५
		-अन्य, हर्मोनहरू वा शीर्षक २९.३७ का अन्य उत्पादनहरू भएका:		
	३००३.३१.००	--इन्सुलिन भएका	१४	१५
	३००३.३९.००	--अन्य	१४	१५
		-अन्य, क्षार तत्त्व (अल्कलोइड) हरू वा तिनका व्युत्पत्तिहरू भएका:		
	३००३.४१.००	--इफेड्रिन वा यसका लवणहरू भएका	१४	१५
	३००३.४२.००	--स्यूडोइफेड्रिन (आइएनएन) वा यसका लवणहरू भएका	१४	१५
	३००३.४३.००	--नोरइफेड्रिन वा यसका लवणहरू भएका	१४	१५
	३००३.४९.००	--अन्य	१४	१५
	३००३.६०.००	-अन्य, यस भागको उपशीर्षक द्रष्टव्य २ मा उल्लेख गरिएका मलेरियारोधी सक्रिय मुख्य घटकहरू भएका	१४	१५
		-अन्य:		
	३००३.९०.१०	---होमियोप्याथिक, विशुद्ध आयुर्वेदिक, यूनानी औषधिहरू	९	१०
	३००३.९०.४०	---बत्तीसा, द्राक्षासव, त्रिफला, कब्जहर, च्यवनप्रास, केशरी जीवन, दशमुलारिष्ट, अशोकारिष्ट, कल्पसुन्दरी समेत	९	१०
	३००३.९०.९०	---अन्य	१४	१५
३०.०४		**खुद्रा बिक्रीको लागि परिमित मात्राहरूमा (छालाको माध्यमबाट (ट्रान्सडर्मल) प्रयोग गरिने पद्धतिको रूपमा भएका समेत)) वा स्वरूपमा वा संवेष्टन (प्याकिङ्ग) मा राखिएका उपचारात्मक वा प्रतिकारात्मक प्रयोगका मिश्रित वा अमिश्रित उत्पादनहरू भएका औषधिहरू (शीर्षक ३०.०२, ३०.०५ वा ३०.०६ का वस्तुहरू बाहेक)।**		
	३००४.१०.००	-पेनिसिलिन अम्ल बनावट (पेनिसिल्यानिक एसिड स्ट्रक्चर) वा स्ट्रेप्टोमाइसिनहरू वा तिनका व्युत्पतिहरू सहितका पेनिसिलिनहरू वा तिनका व्युत्पत्तिहरू भएका	१४	१५
	३००४.२०.००	-अन्य, प्रतिजीवी (एण्टिबायोटिक) हरू भएका	१४	१५

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

शीर्षक	उपशीर्षक	वस्तुको विवरण	पैठारी महसुल दर	
			सार्क मुलुकबाट	अन्य मुलुकबाट
१	२	३	४	५
		-अन्य, हर्मोनहरू वा शीर्षक २९.३७ का अन्य उत्पादनहरू भएका:		
	३००४.३१.००	--इन्सुलिन भएका	१४	१५
	३००४.३२.००	--कोर्टिकोस्टेरोइड हर्मोनहरू, तिनका व्युत्पत्तिहरू वा संरचनात्मक समधर्मी (एनालग) हरू भएका	१४	१५
	३००४.३९.००	--अन्य	१४	१५
		-अन्य, क्षार तत्त्व (अल्कलोइड) हरू वा तिनका व्युत्पत्तिहरू भएका:		
	३००४.४१.००	--इफेड्रिन वा यसका लवणहरू भएका	१४	१५
	३००४.४२.००	--स्यूडोइफेड्रिन (आइएनएन) वा यसका लवणहरू भएका	१४	१५
	३००४.४३.००	--नोरइफेड्रिन वा यसका लवणहरू भएका	१४	१५
	३००४.४९.००	--अन्य	१४	१५
	३००४.५०.००	-अन्य, भिटामिनहरू वा शीर्षक २९.३६ का अन्य उत्पादनहरू भएका	१४	१५
	३००४.६०.००	-अन्य, यस भागको उपशीर्षक द्रष्टव्य २ मा उल्लेख गरिएका मलेरियारोधी सक्रिय मुख्य घटकहरू भएका	१४	१५
		-अन्य:		
	३००४.९०.१०	---होमियोप्याथिक, आयुर्वेदिक (शुद्ध), यूनानी औषधिहरू	९	१०
		---बत्तीसा, द्राक्षासव, त्रिफला, कब्जहर, च्यवनप्रास, केशरी जीवन, दशमुलारिष्ट, अशोकारिष्ट, कल्पसुन्दरी समेत:		
	३००४.९०.४१	----बत्तीसा, द्राक्षासव, त्रिफला, कब्जहर र केशरी	९	१०
	३००४.९०.४९	----च्यवनप्रास, दशमुलारिष्ट, अशोकारिष्ट, कल्पसुन्दरी, अभ्यरिष्ट, अर्जुनारिष्ट, अस्वगन्धारिष्ट, महामन्जीसठाडी, खरिदारिष्ट, पुटजारिष्ट, विडँगासव, कुमार्यासव, उसीरासव, लोहसव, प्रदरसुधा, पुनर्नवारिष्ट, अरविन्दासव, सरस्वतारिष्ट, पत्राँगासव र यस्तै प्रकारको उत्पादनहरू	९	१०
	३००४.९०.५०	---मेन्थल वा कपुरयुक्त औषधीय बाम र यस्तै उत्पादनहरू	९	१०
	३००४.९०.९०	---अन्य	१४	१५
३०.०५		**नरम कपासको अस्तर (वाडिङ्ग), जाली (गज), पट्टी (ब्याण्डेज) हरू र त्यस्तै सामानहरू (उदाहरणको लागि, घाउमा लगाउने पट्टी (ड्रेसिङ्ग) हरू, टाँसिने प्लाष्टरहरू, लेप (पोल्टिस)हरू) औषधिजन्य तत्त्वले संसिक्त (इम्प्रिग्नेट) गरिएको वा बाहिरपट्टि लेपन गरिएको (कोटेड) वा औषधि, चिरफार, दन्त्यचिकित्सा वा पशुचिकित्साको उद्देश्यको लागि खुद्रा बिक्रीको पुलिन्दा वा आकारमा राखिएको।**		
		-घाउमा लगाउने टाँसिने पट्टी (ड्रेसिङ्ग) हरू र टाँसिने तह (लेयर) भएका अन्य वस्तुहरू:		
	३००५.१०.१०	---टाँसिने जाली (एड्हेसिभ गज)	६	१०

शीर्षक	उपशीर्षक	वस्तुको विवरण	पैठारी महसुल दर	
			सार्क मुलुकबाट	अन्य मुलुकबाट
१	२	३	४	५
	३००५.१०.२०	---टाँसिने प्लास्टर	६	१०
	३००५.१०.३०	---टाँसिने टेप	६	१०
	३००५.१०.९०	---अन्य	६	१०
		-अन्यः		
	३००५.९०.१०	---औषधियुक्त कपास (मेडिकेटेड कटन ऊल)	६	१०
	३००५.९०.२०	---पट्टी (बैण्डेज)	६	१०
	३००५.९०.३०	---सर्जिकल टेप	६	१०
	३००५.९०.९०	---अन्य	६	१०
३०.०६		**यस भागको द्रष्टव्य ४ मा उल्लेख भएका औषधीय (फार्मास्यूटिकल) वस्तुहरू।**		
	३००६.१०.००	-जीवाणु रहित (स्टेराइल) शल्यचिकित्सा सम्बन्धी तन्तु (क्याटगट) (तार), यस्तै टाँका दिने धागो (सूचर) सामग्रीहरू (जीवाणु रहित अवशोषणीय शल्यचिकित्सा वा दन्तचिकित्सा सम्बन्धी धागोहरू समेत) र जीवाणु रहित शल्यचिकित्सा सम्बन्धी घाउ छेक्ने (बन्द गर्ने) टिस्यू एडहेसिभहरू; जीवाणु रहित ल्यामिनेरिया र जीवाणु रहित लामिनेरिया टेण्टहरू (पातलो पाप्रो वा जाली); जीवाणु रहित शोषण क्षमता भएका शल्यचिकित्सा वा दन्तचिकित्साका रक्त रोधक (हेमोस्ट्याटिक) वस्तुहरू; जीवाणु रहित शल्यचिकित्सा वा दन्तचिकित्सा सम्बन्धी टँसाई अवरोधकहरू, सोस्ने क्षमता भएका वा नभएका	५	५
	३००६.३०.००	-एक्स-रे परीक्षणको लागि अपारदर्शी तयारी वस्तुहरू; बिरामीलाई दिइनु पर्ने रोग निदान प्रतिकारक (रिएजेण्ट) पदार्थहरू	५	५
	३००६.४०.००	-दन्तचिकित्सा सम्बन्धी सिमेन्ट वा दाँतमा भर्ने पदार्थहरू र हाड पुनर्निर्माण गर्ने सिमेन्टहरू	६	१०
	३००६.५०.००	-प्राथमिक उपचारका बाकस र बट्टाहरू	६	१०
	३००६.६०.००	-हर्मोनहरूमा, शीर्षक २९.३७ का अन्य उत्पादनहरू वा शुक्राणुनाशक (स्पर्मिसाइड) हरूमा आधारित रासायनिक गर्भ निरोधक (कण्ट्रासेप्टिभ) तयारी वस्तुहरू	माफी	माफी
	३००६.७०.००	-शल्यचिकित्सा (सर्जिकल अपरेसन) हरूमा वा शारीरिक परीक्षण (फिजिकल एक्जामिनेशन) निमित्त शरीरका अङ्गहरू चिप्लो पार्ने (लुब्रिक्याण्ट) को रूपमा वा शरीर र चिकित्सा उपकरणहरूबीच संयोजन कारक (कपलिङ्ग एजेण्टको) रूपमा मानव वा पशुचिकित्साको औषधिको लागि प्रयोग गर्न रुपाङ्कित (डिजाइण्ड) क्षेपी तयारी वस्तुहरू	६	१०
		-अन्यः		
	३००६.९१.००	--ओस्टोमी प्रयोगका लागि पहिचानयोग्य उपकरणहरू	६	१०
	३००६.९२.००	--रद्दी औषधीय वस्तु (वेष्ट फर्मास्यूटिकल) हरू	६	१०

शीर्षक	उपशीर्षक	वस्तुको विवरण	पैठारी महसुल दर	
			सार्क मुलुकबाट	अन्य मुलुकबाट
१	२	३	४	५
	३००६.९३.००	--मान्यताप्राप्त चिकित्सा सम्बन्धी जाँच (क्लिनिकल ट्रायल) को प्रयोगको लागि परिमित मात्रामा राखिएका प्लेसबोहरू र ब्लाइन्डेड (वा डबल ब्लाइन्डेड) चिकित्सा सम्बन्धी परीक्षण किट (ट्रायल किट) हरू	६	१०

कानून , न्याय तथा संसदीय मामिला मन्त्रालय

भाग ३१
मलखादहरू

द्रष्टव्यहरूः

१. यस भागमा नपर्नेः

(क) शीर्षक ०५.११ को जीवजन्तुहरूको रगत;

(ख) रासायनिक तवरले छुट्टै परिभाषित यौगिकहरू (द्रष्टव्य २(क), ३(क), ४(क) वा तल ५ को विवरणसँग मिल्ने बाहेक); वा

(ग) प्रत्येकको तौल २.५ ग्रामभन्दा कम नभएका शीर्षक ३८.२४ का संवर्द्धन गरिएका पोटासियम क्लोराइडका मणिभहरू (अप्टिकल तत्त्व बाहेक); पोटासियम क्लोराइडका अप्टिकल तत्त्वहरू (शीर्षक ९०.०१)।

२. शीर्षक ३१.०२ देहायका वस्तुहरूका हकमा मात्र लागू हुन्छ, तर तिनीहरू शीर्षक ३१.०५ मा वर्णन गरिए अनुसारको स्वरूपमा वा संवेष्टन (प्याकेज) हरूमा राखिएको हुनु हुँदैन।

(क) तल दिइएका मध्ये एक वा अन्य विवरणसँग मिल्ने वस्तुहरूः-

(१) शुद्ध वा अशुद्ध सोडियम नाइट्रेट;

(२) शुद्ध वा अशुद्ध अमोनियम नाइट्रेट;

(३) अमोनियम सल्फेट तथा अमोनियम नाइट्रेटका शुद्ध वा अशुद्ध दोबर लवण (डबल साल्ट) हरू;

(४) शुद्ध वा अशुद्ध अमोनियम सल्फेट;

(५) दोबर लवणहरू (शुद्ध वा अशुद्ध) वा क्यालसियम नाइट्रेट र अमोनियम नाइट्रेटका मिश्रणहरू;

(६) दोबर लवणहरू (शुद्ध वा अशुद्ध) वा क्यालसियम नाइट्रेट र म्याग्नेसियम नाइट्रेटका मिश्रणहरू;

(७) क्यालसियम साइअनामाइड, शुद्ध वा अशुद्ध वा तेललले उपचार गरेको वा नगरेको;

(८) युरिया, शुद्ध वा अशुद्ध।

(ख) माथि द्रष्टव्य (क) मा उल्लिखितमध्ये कुनै पनि वस्तुलाई मिसाएर बनाइएका मलखादहरू।

(ग) अमोनियम क्लोराइड वा माथि (क) वा (ख) मा उल्लिखित कुनै वस्तुका साथ खरिमट्टी (चक), जिप्सम वा अन्य अप्राङ्गारिक गैरमलखाद पदार्थहरू मिलाएर बनाइएका मलखादहरू।

(घ) माथि उपअनुच्छेद (क) २ वा (क) ८ का वस्तुहरू भएका वा ती वस्तुहरूको जलीय वा तरल वा अमोनिया घोलमा मिश्रण गरी तयार गरिएका तरल मलखादहरू।

३. शीर्षक ३१.०३ देहायका वस्तुहरूका हकमा मात्र लागू हुन्छ, तर तिनीहरूलाई शीर्षक ३१.०५ मा वर्णन गरिए अनुसारको स्वरूपमा वा संवेष्टन (प्याकेज) हरूमा राखिएको हुनु हुँदैन।

(क) तल दिइएका एउटा वा अन्य विवरणसँग मिल्ने वस्तुहरूः

(१) आधारभूत धातुमल (बेसिक स्ल्याग);

(२) शीर्षक २५.१० को प्राकृतिक फस्फेट, भस्मित वा अशुद्धिहरू हटाउने भन्दा बढी तापित (हिट ट्रिटेड);

(३) सुपरफस्फेटहरू (एकल, दोबर वा तेबर);

(४) सुक्खा एनहाइड्रस उत्पादनको हिसाबले तौलमा फ्लोरिनको मात्रा ०.२ प्रतिशतभन्दा घटी नभएको क्यालसियम हाइड्रोजन अर्थोफस्फेट,

(ख) माथि (क) मा उल्लिखितमध्ये कुनै पनि वस्तुहरूलाई मिसाएर बनाइएका, तर फ्लोरिनको मात्राको सीमालाई लेखा नगरिएका मलखादहरू।

(ग) माथि (क) वा (ख) मा उल्लिखितमध्ये कुनै पनि वस्तु, तर फ्लोरीनको मात्राको सीमाको लेखा नगरी, खरिमट्टी (चक), जिप्सम वा अन्य अप्राङ्गारिक गैरमलखाद पदार्थहरूसँग मिसाई तयार गरेका मलखादहरू।

४. शीर्षक ३१.०४ देहायका वस्तुहरूका हकमा मात्र लागू हुन्छ, तर तिनीहरूलाई शीर्षक ३१.०५ मा वर्णन गरिए अनुसारको स्वरूपमा वा संवेष्टन (प्याकेज) हरूमा राखिएको हुनु हुँदैन।

(क) तल दिइएका विवरणहरूमध्ये एउटा वा अन्यसँग मिल्ने वस्तुहरूः-

(१) कच्चा प्राकृतिक पोटासियम लवणहरू (उदाहरणको लागि, कार्नालाइट, काइनाइट र सिल्भाइट);

(२) माथि द्रष्टव्य १(ग) मा व्यवस्था भएभन्दा बाहेक, शुद्ध वा अशुद्ध पोटासियम क्लोराइड्;

(३) शुद्ध वा अशुद्ध पोटासियम सल्फेट;

(४) शुद्ध वा अशुद्ध म्याग्नेसियम पोटासियम सल्फेट।

(ख) माथि (क) मा उल्लिखितमध्ये कुनै वस्तुहरूलाई मिसाएर बनेका मलखादहरू।

५. शुद्ध वा अशुद्ध अमोनियम डाइहाइड्रोजन अर्थोफस्फेट (मोनोअमोनियम फस्फेट) र डाइअमोनियम हाइड्रोजनअर्थोफस्फेट (डाइअमोनियमफस्फेट) र तिनका अन्तरमिश्रणहरूलाई शीर्षक ३१.०५ मा वर्गीकरण गरिनेछ।

६. शीर्षक ३१.०५ को प्रयोजनको लागि "अन्य मलखाद" शब्दले नाइट्रोजन, फस्फोरस वा पोटासियममध्ये कम से कम एउटा उर्वरक तत्त्व आवश्यक अवयव (एसेन्सियल कन्स्टिच्यूएन्ट) को रूपमा रहेको र मलखादको रूपमा प्रयोग हुने उत्पादनलाई जनाउँछ।

शीर्षक	उपशीर्षक	वस्तुको विवरण	पैठारी महसुल दर	
			सार्क मुलुकबाट	अन्य मुलुकबाट
१	२	३	४	५
३१.०१	३१०१.००.००	**रासायनिक उपचार गरिएको वा नगरिएको मिश्रित वा अमिश्रित जीवजन्तु वा वनस्पतिजन्य मलखादहरू; जीवजन्तुजन्य वा वनस्पतिजन्य पदार्थलाई मिश्रण गरी वा रासायनिक उपचारद्वारा उत्पादन गरिएका मलखादहरू।**	माफी	माफी
३१.०२		**नाइट्रोजनयुक्त खनिज वा रासायनिक मलखादहरू।**		
		-जलीय घोलमा भएको वा नभएको युरियाः		
	३१०२.१०.१०	---डिजेल इगजस्ट फ्लुड	५	५
		---अन्यः		
	३१०२.१०.९१	----टेक्निकल ग्रेड	५	५
	३१०२.१०.९९	----अन्य	माफी	माफी
		-अमोनियम सल्फेट; अमोनियम सल्फेट र अमोनियम नाइट्रेटको मिश्रण र दोबर लवणहरू		
	३१०२.२१.००	--अमोनियम सल्फेट	माफी	माफी
	३१०२.२९.००	--अन्य	माफी	माफी
	३१०२.३०.००	-जलीय घोलमा भएको वा नभएको अमोनियम नाइट्रेट	माफी	माफी

शीर्षक	उपशीर्षक	वस्तुको विवरण	पैठारी महसुल दर	
			सार्क मुलुकबाट	अन्य मुलुकबाट
१	२	३	४	५
	३१०२.४०.००	-अमोनियम नाइट्रेटका साथ क्याल्सियम कार्बोनेट वा अन्य अप्राङ्गारिक गैरउर्वरक तत्त्वहरूका मिश्रणहरू	माफी	माफी
	३१०२.५०.००	-सोडियम नाइट्रेट	माफी	माफी
	३१०२.६०.००	-क्याल्सियम नाइट्रेट र अमोनियम नाइट्रेटका मिश्रणहरू र दोबर लवणहरू	माफी	माफी
	३१०२.८०.००	-युरिया र अमोनियम नाइट्रेटको जलीय वा अमोनियम घोलमा भएका मिश्रणहरू	माफी	माफी
	३१०२.९०.००	-अन्य, माथिका उपशीर्षकहरूमा नपरेका मिश्रणहरू समेत	माफी	माफी
३१.०३		**फस्फेटयुक्त खनिज वा रासायनिक मलखादहरू।**		
		-सुपरफस्फेटहरूः		
	३१०३.११.००	--तौलमा ३५% वा सोभन्दा बढी डाइफस्फोरस पेन्टाअक्साइड (P_2O_5) भएका	माफी	माफी
	३१०३.१९.००	--अन्य	माफी	माफी
	३१०३.९०.००	-अन्य	माफी	माफी
३१.०४		**पोटासयुक्त खनिज वा रासायनिक मलखादहरू।**		
	३१०४.२०.००	-पोटासियम क्लोराइड्	माफी	माफी
	३१०४.३०.००	-पोटासियम सल्फेट	माफी	माफी
	३१०४.९०.००	-अन्य	माफी	माफी
३१.०५		**नाइट्रोजन, फस्फरस र पोटासियममध्ये दुई वा तीन उर्वरक तत्त्वहरू भएका खनिज वा रासायनिक मलखादहरू; अन्य मलखादहरू; चक्की वा त्यस्तै स्वरूपमा वा कुल तौल १० के.जी. मा नबढ्ने गरी संवेष्टन (प्याकेज) हरूमा राखिएका यस भागका वस्तुहरू।**		
	३१०५.१०.००	**-चक्की वा त्यस्तै स्वरूपमा वा कुल तौल १० के.जी. मा नबढ्ने गरी संवेष्टन (प्याकेज) हरूमा राखिएका यस भागका वस्तुहरू।**	माफी	माफी
	३१०५.२०.००	-तीन उर्वरक तत्त्वहरू नाइट्रोजन, फस्फोरस र पोटासियम भएका खनिज वा रासायनिक मलखादहरू	माफी	माफी
	३१०५.३०.००	-डाइअमोनियम हाइड्रोजनअर्थोफस्फेट (डाइअमोनियम फस्फेट)	माफी	माफी
	३१०५.४०.००	-अमोनियम डाइहाइड्रोजनअर्थोफस्फेट (मोनोअमोनियम फस्फेट) र डाइअमोनियम हाइड्रोजनअर्थोफस्फेट (डाइअमोनियम फस्फेट) सँगका त्यसका मिश्रणहरू	माफी	माफी
		-दुई उर्वरक तत्त्वहरू नाइट्रोजन र फस्फोरस भएका अन्य खनिज वा रासायनिक मलखादहरूः		
	३१०५.५१.००	--नाइट्रेटरू र फस्फेटहरू भएका	माफी	माफी
	३१०५.५९.००	--अन्य	माफी	माफी
	३१०५.६०.००	-दुई उर्वरक तत्त्वहरू फस्फोरस र पोटासियम भएका खनिज वा रासायनिक मलखादहरू	माफी	माफी

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

शीर्षक	उपशीर्षक	वस्तुको विवरण	पैठारी महसुल दर	
			सार्क मुलुकबाट	अन्य मुलुकबाट
१	२	३	४	५
	३१०५.९०.००	-अन्य	माफी	माफी

कानून , न्याय तथा संसदीय मामिला मन्त्रालय

भाग ३२

छाला प्रशोधन (ट्यानिङ्ग) वा रङ्ग सम्बन्धी सारहरू (डाइङ्ग, एक्स्ट्राक्ट); ट्यानिनहरू र तिनका व्युत्पतिहरू; रञ्जक (डाइज), वर्णक (पिगमेण्ट) र अन्य रङ्गाउने पदार्थहरू; रङ्लेप (पेण्ट) र रोगन (बार्निस) हरू; पुटिन (पुट्टी) र अन्य खोटो पदार्थ (म्यास्टिक) हरू; मसीहरू

द्रष्टव्यहरूः

१. यस भागमा नपर्नेः

(क) रासायनिक तवरले छुट्टै परिभाषित तत्त्वहरू वा यौगिकहरू (शीर्षक ३२.०३ वा ३२.०४ का, ज्योति उत्पादक (लूमिनोफोर) हरूका रूपमा प्रयोग हुने खालका अप्राङ्गारिक उत्पादनहरू (शीर्षक ३२.०६), शीर्षक ३२.०७ मा दिइए अनुसारको स्वरूपमा भएका गलाइएको (फ्युज्ड) स्फटिक (क्वार्ज) वा गलाइएको अन्य सिलिकाबाट बनेको काँच (ग्लास), र खुद्रा बिक्रीको लागि स्वरूपमा वा संवेष्टन (प्याकिङ्ग) हरूमा राखिएका शीर्षक ३२.१२ का रञ्जक (डाइज) हरू र अन्य रङ्गाउने पदार्थहरू समेत बाहेक);

(ख) ट्यानेटहरू वा शीर्षक २९.३६ देखि २९.३९ सम्म, २९.४१ वा ३५.०१ देखि ३५.०४ सम्मका उत्पादनका अन्य ट्यानिन व्युत्पत्तिहरू; वा

(ग) अस्फाल्टको खोटो (म्याष्टिक्स) वा अन्य बिटुमिनयुक्त खोटो पदार्थ (म्याष्टिक्स) (शीर्षक २७.१५)।

२. शीर्षक ३२.०४ मा एजोडाइज (एजोरञ्जक) उत्पादनको लागि चाहिने स्थिरीकृत डाइजोनियम लवणहरू र योजकहरू (कप्लरहरू) का मिश्रणहरू पर्छन्।

३. शीर्षक ३२.०३, ३२.०४, ३२.०५ र ३२.०६ कुनै पदार्थ रङ्गाउने खालका वा तयारी रङ्ग उत्पादनको अवयवको रूपमा प्रयोग हुने खालका रङ्गाउने पदार्थहरूमा आधारित तयारी वस्तु (शीर्षक ३२.०६ को हकमा शीर्षक २५.३० वा भाग २८ का रङ्गाउने वर्णकहरू (पिगमेन्ट्स), धातुका पातलो चेप्टो चोइटाहरू (फ्लेक्स) वा धातुको चूर्ण (पाउडर) समेत) को हकमा पनि लागू हुन्छ। तर, यी शीर्षकहरू ३२.०७, ३२.०८, ३२.०९, ३२.१०, ३२.१२, ३२.१३ वा ३२.१५ का अन्य उत्पादनहरू वा रङ्गलेप (पेन्ट), इनामेल (शीर्षक ३२.१२) (ऐनाजस्तो कडा बाहिरी पत्र) समेतको उत्पादनमा प्रयोग हुने खालका निर्जलीय माध्यममा परिक्षेपित (डिस्पर्स्ड), तरल वा लेदो (पेष्ट) रूपमा भएको वर्णक (पिगमेण्ट) का हकमा लागू हुने छैनन्।

४. शीर्षक ३२.०८ ले शीर्षक ३९.०१ देखि ३९.१३ सम्ममा उल्लेख भएका जुनसुकै उत्पादनयुक्त, द्रावक (सोल्भेन्ट) को तौल घोल (सोल्यूसन) को तौलभन्दा ५० प्रतिशत बढी भएको वाष्पशील प्राङ्गारिक द्रावकमा बनेको घोल (सोल्यूसन) (कोलोडियन बाहेक) लाई समावेश गर्दछ।

५. यस भागमा "रङ्गाउने पदार्थ" भन्ने उक्तिले तेल रङ्लेप (आयल पेन्ट) मा एक्सटेन्डर (विस्तारक) को रूपमा प्रयोग हुने खालको, रङ्गाउने समारञ्जक (कलरिङ्ग डिस्टेम्पर) को लागि पनि उपयुक्त भएका वा नभएका उत्पादनहरूलाई समावेश गर्दैन।

६. शीर्षक ३२.१२ मा भएको "स्ट्याम्पिङ्ग फ्वायलहरू" भन्ने उक्तिले, उदाहरणका लागि, पुस्तकको आवरण (बुक कभर) हरू वा टोपको पट्टी (ह्याट ब्याण्ड) हरूमा मुद्रण गर्न प्रयोग गरिने खालको निम्न बमोजिमका वस्तुहरू भएको पातलो पाता (शीट) लाई जनाउँछः

(क) सेरेस (ग्लु), जिलेटिन वा अन्य योजक द्रव्य (बाइण्डर) द्वारा एकत्रित (एग्लोमेरेटेड) गरिएका धातुको धुलो (बहुमूल्य धातुको धुलो समेत) वा वर्णक (पिगमेण्ट); वा

(ख) कुनै पनि पदार्थबाट बनेको आधारपत्र (सपोर्टिङ्ग शीट) मा तह मिलाएर राखिएको धातु (बहुमूल्य धातु समेत) वा वर्णक (पिगमेण्ट)।

कानून , न्याय तथा संसदीय मामिला मन्त्रालय

शीर्षक	उपशीर्षक	वस्तुको विवरण	पैठारी महसुल दर	
			सार्क मुलुकबाट	अन्य मुलुकबाट
१	२	३	४	५
३२.०१		**वनस्पतिमूलक चर्म प्रशोधन सारहरू; ट्यानिन र तिनका लवणहरू, इथरहरू, एस्टरहरू र अन्य व्युत्पत्तिहरू।**		
	३२०१.१०.००	-केब्राको सार	५	५
	३२०१.२०.००	-वाटल सार	५	५
		-अन्यः		
	३२०१.९०.१०	---ग्याम्बियर	६	१०
	३२०१.९०.९०	---अन्य	५	५
३२.०२		**संश्लेषित (कृत्रिम) प्राङ्गारिक छाला प्रशोधन (ट्यानिङ्ग) तत्त्वहरू; अप्राङ्गारिक छाला प्रशोधन (ट्यानिङ्ग) तत्त्वहरू; प्राकृतिक छाला प्रशोधन (ट्यानिङ्ग) तत्त्वहरू भएको वा नभएको छाला प्रशोधनका तयारी वस्तुहरू; छाला तयार गर्नु पूर्वका इञ्जाइमेटिक (स्रावजनित) तयारी वस्तुहरू।**		
	३२०२.१०.००	-संश्लेषित (कृत्रिम) प्राङ्गारिक छाला प्रशोधनका तत्त्वहरू	५	५
	३२०२.९०.००	-अन्य	५	५
३२.०३		**रासायनिक तवरले छुट्याइएको वा नछुट्याइएको वनस्पति वा जीवजन्तुजन्य रङ्गाउने पदार्थ (रङ्गाउने सारहरू समेत तर एनिमल ब्ल्याक (कालो रङ्ग) बाहेक); यस भागको द्रष्टव्य ३ मा उल्लेख गरिएका वनस्पति वा जीवजन्तुजन्य रङ्गाउने पदार्थमा आधारित तयारी वस्तुहरू।**		
	३२०३.००.१०	---कच्छको सार	७.२५	१५
	३२०३.००.२०	---संश्लेषित बाहेकका खाद्य रङ्गहरू	७.२५	१५
	३२०३.००.९०	---अन्य	७.२५	१५
३२.०४		**रासायनिक तवरले परिभाषित भएका वा नभएका संश्लेषित (कृत्रिम) प्राङ्गारिक रङ्गाउने पदार्थ; यस भागको द्रष्टव्य ३ मा उल्लेख गरिएको संश्लेषित (कृत्रिम) प्राङ्गारिक रङ्गाउने पदार्थमा आधारित तयारी वस्तुहरू; रासायनिक तवरले परिभाषित भएका वा नभएका प्रतिदीप्त (फ्लोरिसेन्ट) चहकिलो पार्ने कारक (एजेण्ट) को रूपमा प्रयोग हुने वा ज्योति उत्पादक (लुमिनोफोर) हरूको रूपमा प्रयोग हुने किसिमका संश्लेषित (कृत्रिम) प्राङ्गारिक उत्पादनहरू।**		
		-यस भागको द्रष्टव्य ३ मा उल्लिखित संश्लेषित (सिन्थेटिक) प्राङ्गारिक रङ्गाउने पदार्थ र तिनमा आधारित तयारी वस्तुहरूः		
	३२०४.११.००	--विसर्जक रञ्जक (डिष्पर्स डाइज) हरू र तिनमा आधारित तयारी वस्तुहरू	५	१०
	३२०४.१२.००	--पूर्वधात्वीकरण गरिएका वा नगरिएका अम्लीय रञ्जकहरू (डाइज) र त्यसमा आधारित तयारी वस्तुहरू; रङ्गलाई पक्का गर्ने (मर्डन्ट) रञ्जकहरू र त्यसमा आधारित तयारी वस्तुहरू	५	१०

शीर्षक	उपशीर्षक	वस्तुको विवरण	पैठारी महसुल दर	
			सार्क मुलुकबाट	अन्य मुलुकबाट
१	२	३	४	५
	३२०४.१३.००	--आधारभूत रञ्जकहरू (डाइज) र त्यसमा आधारित तयारी वस्तुहरू	५	१०
	३२०४.१४.००	--प्रत्यक्ष रञ्जक (डाइरेक्ट डाइज) र त्यसमा आधारित तयारी वस्तुहरू	५	१०
	३२०४.१५.००	--भ्याट रञ्जकहरू (त्यस स्थितिमा वर्णक (पिगमेण्ट) को रूपमा प्रयोग गर्न हुने समेत) र तिनमा आधारित तयारी वस्तुहरू	५	१०
	३२०४.१६.००	--प्रतिक्रियात्मक (रिएक्टिभ) रञ्जकहरू र तिनमा आधारित तयारी वस्तुहरू	५	१०
	३२०४.१७.००	--वर्णकहरू (पिगमेण्ट) र तिनमा आधारित वस्तुहरू	५	१०
	३२०४.१८.००	--क्यारोटिन्वाइड (चहकिलो पहेँलो, सुन्तला र रातो प्राकृतिक रङ्ग) रङ्ग्याउने पदार्थहरू र तिनमा आधारित तयारी वस्तुहरू	५	१०
	३२०४.१९.००	--अन्य, उपशीर्षक. ३२०४.११ देखि ३२०४.१९ सम्मका दुई वा दुईभन्दा बढीका रङ्गाउने पदार्थका मिश्रणहरू समेत	५	१०
	३२०४.२०.००	-प्रतिदिप्त (फ्लोरेसेन्ट) चहकिलो पार्ने कारक (एजेण्ट) को रूपमा प्रयोग हुने खालका संश्लेषित (कृत्रिम) प्राङ्गारिक उत्पादनहरू	५	१०
	३२०४.९०.००	-अन्य	५	१०
३२.०५	३२०५.००.००	**लाक्षक वर्णक (कलर लेक) हरू; यस भागको द्रष्टव्य ३ मा उल्लिखित लाक्षक वर्णकहरूमा आधारित तयारी वस्तुहरू।**	७.२५	१५
३२.०६		**अन्य रङ्गाउने पदार्थ; शीर्षक ३२.०३, ३२.०४ वा ३२.०५ मा उल्लेख भएको बाहेक यस भागको द्रष्टव्य ३ मा उल्लिखित तयारी वस्तुहरू; रासायनिक तवरले परिभाषित भएका वा नभएका, ज्योति उत्पादक (लुमिनोफोर) हरू को रूपमा प्रयोग हुने खालका अप्राङ्गारिक उत्पादनहरू।**		
		-वर्णक (पिगमेण्ट) हरू र टिटानियम डाइअक्साइडमा आधारित तयारी वस्तुहरू:		
	३२०६.११.००	--सुक्खा पदार्थमा गणना गर्दा तौलको हिसाबले टिटानियम डाइअक्साइडको मात्रा ८० प्रतिशत वा बढी भएको	१५	१५
	३२०६.१९.००	--अन्य	१५	१५
	३२०६.२०.००	-क्रोमियम यौगिकमा आधारित वर्णक (पिगमेण्ट) हरू र तयारी वस्तुहरू	१५	१५
		-अन्य रङ्गाउने पदार्थ र अन्य तयारी वस्तुहरू:		
	३२०६.४१.००	--नील रङ्ग (अल्ट्रामेरिन) र त्यसमा आधारित तयारी वस्तुहरू	१५	१५
	३२०६.४२.००	--लिथोपोन र अन्य वर्णक (पिगमेण्ट) हरू र जिङ्क सल्फाइडमा आधारित तयारी वस्तुहरू	१५	१५
	३२०६.४९.००	--अन्य	१५	१५

शीर्षक	उपशीर्षक	वस्तुको विवरण	पैठारी महसुल दर	
			सार्क मुलुकबाट	अन्य मुलुकबाट
१	२	३	४	५
	३२०६.५०.००	-ज्योति उत्पादक (लुमिनाफोर) को रूपमा प्रयोग हुने अप्राङ्गारिक उत्पादनहरू	१५	१५
३२.०७		**माटाका भाँडा, इनामेल लगाउने र काँच उद्योगमा प्रयोग गरिने खालका तयार गरिएका वर्णकहरू, तयार गरिएका अपारदर्शक बनाउने चीजहरू, तयार गरिएका रङ्गहरू, काँचमा परिवर्तन हुन सक्ने इनामेल र टलकहरू, (ग्लेज), एनगोब्स (स्लिप्स), तरल चमकहरू र यस्तै तयारी वस्तुहरू; ग्लास फ्रिट र अन्य काँच (ग्लास) हरू, धुलो, दाना वा पातला टुक्रा (फ्लेक) हरूको रूपमा।**		
	३२०७.१०.००	-तयारी वर्णक (पिगमेण्ट) हरू, तयारी अपारदर्शक बनाउने वस्तुहरू, तयारी रङ्ग र यस्तै तयारी वस्तुहरू	७.२५	१५
	३२०७.२०.००	-काँचमा परिवर्तन हुन सक्ने (भिट्रिफाएबल) इनामेलहरू, टलकहरू (ग्लेज), एनगोब्स (स्लिप्स) र यस्तै तयारी वस्तुहरू	७.२५	१५
	३२०७.३०.००	-तरल चमक (लिक्वीड लस्टर) हरू र यस्तै तयारी वस्तुहरू	७.२५	१५
	३२०७.४०.००	-ग्लास फ्रिट र अन्य ग्लास (काँचहरू), धुलो, दाना र पातला टुक्रा (फ्लेक) को रूपमा	७.२५	१५
३२.०८		**अजलीय माध्यममा परिक्षेपित (डिस्पर्स्ड) वा घुलित (डिजल्भ्ड) संश्लेषित पोलिमरहरू वा रासायनिक ढङ्गबाट परिवर्तित (मोडिफाइड) प्राकृतिक पोलिमरहरूमा आधारित रङ्गलेप (पेन्ट)हरू र रोगन (बार्निस)हरू (इनामेल र प्रलाक्षहरू समेत); यस भागको द्रष्टव्य ४ मा परिभाषा गरे अनुसारका घोल (सोल्यूशन) हरू।**		
	३२०८.१०.००	-पोलिस्टरहरूमा आधारित	४०	४०
	३२०८.२०.००	-एक्रिलिक वा भिनाइल पोलिमरहरूमा आधारित	४०	४०
	३२०८.९०.००	-अन्य	४०	४०
३२.०९		**जलीय माध्यममा परिक्षेपित (डिस्पर्स्ड) वा घुलित (डिजोल्भ्ड) संश्लेषित (कृत्रिम) पोलिमरहरू वा रासायनिक तवरले परिवर्तन गरिएको प्राकृतिक पोलिमरहरूमा आधारित रङ्गलेप र रोगनहरू (इनामेल र प्रलाक्षहरू समेत)।**		
		-एक्रिलिक वा भिनाइल पोलिमरमा आधारितः		
	३२०९.१०.१०	---एक्रिलिक इमल्सन	४०	४०
	३२०९.१०.९०	---अन्य	४०	४०
	३२०९.९०.००	-अन्य	४०	४०
३२.१०		**अन्य रङ्गलेप (पेन्ट) हरू र रोगन (बार्निस) हरू (इनामेल, प्रलाक्ष (ल्याकर) र डिस्टेम्पर समेत); छाला परिष्कृत गर्ने काममा प्रयोग हुने खालका तयारी जलीय वर्णक (वाटर पिगमेण्ट) हरू**		
	३२१०.००.१०	---सडकमा चिह्न लगाउने थर्मोप्लाष्टिक रङ्गलेप (थर्मोप्लाष्टिक रोड मार्किङ्ग मेटेरियल)	४०	४०
	३२१०.००.९०	---अन्य	४०	४०

शीर्षक	उपशीर्षक	वस्तुको विवरण	पैठारी महसुल दर	
			सार्क मुलुकबाट	अन्य मुलुकबाट
१	२	३	४	५
३२.११	३२११.००.००	**तयारी शुष्कक (ड्रायर) हरू।**	७.२५	१५
३२.१२		**रङ्गलेप (पेन्ट) हरू (इनामेल सहित) को उत्पादनमा प्रयोग हुने खालको, निर्जलीय माध्यममा परिक्षेपित तरल वा लेदोको रूपमा रहेको वर्णक (पिगमेण्ट) हरू (धातुको धुलो र साना पातलाटुक्राहरू (फ्लेक्स) समेत)); स्ट्याम्पिङ्ग फ्वायलहरू; रञ्जक (डाइज) र खुद्रा बिक्रीको लागि आकार वा प्याकिङ्गहरूमा राखिएका अन्य रङ्गाउने पदार्थहरू।**		
	३२१२.१०.००	-स्ट्याम्पिङ्ग फ्वायलहरू	६	१०
	३२१२.९०.००	-अन्य	६	१०
३२.१३		**कलाकारहरूका, विद्यार्थीहरूका वा सूचना पाटी लेख्ने चित्रकारहरूका रङ्गहरू, परिवर्तन गर्ने हल्का रङ्ग (टिण्ट) हरू, मनोरञ्जनका रङ्गहरू र यस्तै रङ्गहरू, चक्कीको रूपमा, नलिका (ट्यूब) मा, जारमा, बोतलमा र प्यानमा रहेको वा यस्तै स्वरूपमा वा प्याकिङ्गमा रहेका।**		
	३२१३.१०.००	-समूह (सेट) मा रहेका रङ्गहरू	७.२५	१०
	३२१३.९०.००	-अन्य	७.२५	१०
३२.१४		**काँचकर्मी (ग्लेजियर) को पुटिन, ग्राफ्टिङ्ग पुटिन, रेजिन सिमेन्ट, सन्धिबन्धक (ककिङ्ग) यौगिकहरू र अन्य खोटो (मास्टिक) हरू; चित्रकारको भरौट (फिलिङ्ग) हरू; मोहडा (फेसाड), भित्री भित्ताहरू, भुईहरू र भित्री छत (सिलिङ्ग)हरू र यस्तै ठाउँको लागि सतहको किरण परावर्तन निरोधक उत्पादनहरू।**		
	३२१४.१०.००	-काँचकर्मी (ग्लेजियर) को पुटिन, ग्राफ्टिङ्ग पुटिन, रेजिन सिमेन्टहरू, सन्धिबन्धक (ककिङ्ग) यौगिकहरू र अन्य खोटो (मास्टिक)हरू; चित्रकार (पेण्टर) को भरौट (फिलिङ्ग)हरू	६	१०
	३२१४.९०.००	-अन्य	६	१०
३२.१५		**सङ्केन्द्रित वा ठोस रूपमा रहेको वा नरहेको छाप्ने मसी, लेख्ने वा रेखाङ्कन गर्ने मसी र अन्य मसीहरू।**		
		-छाप्ने मसीः		
	३२१५.११.००	--कालो	६	१०
	३२१५.१९.००	--अन्य	६	१०
	३२१५.९०.००	-अन्य	६	१०

भाग ३३

वाष्पशील तेल (इसेन्सियल आयल) र खोटो पदार्थ (रेजिनोइड) हरू; सुगन्धित सामग्री, श्रृङ्गारका सामग्री र शरीर सफाइ (ट्वाइलेट) सम्बन्धी तयारी वस्तुहरू

द्रष्टव्यहरूः

१. यस भागमा नपर्नेः

(क) शीर्षक १३.०१ वा १३.०२ का प्राकृतिक तैलीय खोटो (नेचुरल ओलियोरेजिन) हरू वा वानस्पतिक सार (भेजिटेबल एक्सट्र्याक्ट) हरू;

(ख) शीर्षक ३४.०१ मा पर्ने साबुन र अन्य उत्पादनहरू; वा

(ग) शीर्षक ३८.०५ मा पर्ने गम, काठ वा सल्फेट टर्पेन्टाइन (तारपिनको तेल) वा अन्य उत्पादनहरू।

२. शीर्षक ३३.०२ मा "सुगन्धयुक्त तत्त्वहरू" भन्ने उक्तिले शीर्षक ३३.०१ का तत्त्वहरू (सब्स्टान्सेस) लाई, ती तत्त्वहरूबाट अलग गरिएका (आइसोलेटेड) सुगन्धयुक्त अवयवीहरू (ओडोरिफेरस कन्स्टिच्यूएण्ट्स) लाई वा संश्लेषित सुरभित द्रव्य (सिन्थेटिक एरोम्याटिक्स) लाई मात्र जनाउँछ।

३. शीर्षक ३३.०३ देखि ३३.०७ अन्य कुराहरूको साथसाथै मिश्रण भएका वा नभएका (तरल डिस्टिलेटहरू र वाष्पशील तेलका जलीय घोलहरू बाहेक) यी शीर्षकहरूका वस्तुको रूपमा प्रयोग हुन उपयुक्त खालका र त्यस्तो प्रयोगको लागि खुद्रा बिक्रीको निमित्त पुलिन्दा (प्याकिङ्ग) मा राखिएका उत्पादनहरूको हकमा लागू हुनेछ।

४. शीर्षक ३३.०७ को "सुगन्धित सामग्री (परफ्यूमरी), श्रृङ्गार सामग्री (कस्मेटिक) वा शरीर सफाइ (ट्वाइलेट) का तयारी वस्तुहरू" भन्ने उक्ति अन्य कुराहरूको साथसाथै देहायका कुराहरूमा लागू हुन्छः सुगन्धित थैला (स्याचेट)हरू; सल्काउँदा बास्ना दिने उत्पादनहरू; सुगन्धित कागत र श्रृङ्गार सामग्रीद्वारा संसिक्त (इम्प्रिग्नेटेड) वा लेपित (कोटेड) कागतहरू; कन्ट्र्याक्टलेन्स वा आँखा सम्बन्धी कृत्रिम झोल (आई सोल्यूसन); सुगन्धित सामग्री वा श्रृङ्गार सामग्रीले संसिक्त (इम्प्रिग्नेटेड), लेपित (कोटेड) वा आच्छादित (कभर्ड) गरिएका नरम गद्दा (वाडिङ्ग), जमोठ (फेल्ट) र नबुनेका वस्तुहरू, (ननउभन्स); जीवजन्तुका शरीर सफाइ (ट्वाइलेट) सम्बन्धी सामग्रीहरू।

शीर्षक	उपशीर्षक	वस्तुको विवरण	पैठारी महसुल दर	
			सार्क मुलुकबाट	अन्य मुलुकबाट
१	२	३	४	५
३३.०१		**वाष्पशील तेलहरू (टर्पेन भए वा नभएको), ठोस र परिशुद्ध (कङ्क्रिट र एब्सोल्यूट) हरू समेत; खोटो पदार्थ (रेजिनोइड) हरू; निस्सारित तैलीय खोटोहरू; ठण्डा शोषणद्वारा प्राप्त वा द्रव्य समन्वयबाट प्राप्त बोसोमा (चिल्लो पदार्थमा), स्थिर तेलहरूमा वा मैन वा त्यस्तैबाट बनेको वाष्पशील तेलका सान्द्रहरू; वाष्पशील तेलका टर्पेन्टाइन हटाउने (डिटर्पेनेशन) क्रियाद्वारा प्राप्त टर्पेनका उपोत्पादन (बाइप्रोडक्ट) हरू; वाष्पशील तेलको जलीय अर्क र जलीय घोल।** -सिट्रस जातका फलका वाष्पशील तेलहरूः		

शीर्षक	उपशीर्षक	वस्तुको विवरण	पैठारी महसुल दर	
			सार्क मुलुकबाट	अन्य मुलुकबाट
१	२	३	४	५
	३३०१.१२.००	--सुन्तलाको	६	१०
	३३०१.१३.००	--कागती (लेमन) को	६	१०
	३३०१.१९.००	--अन्य	६	१०
		-सिट्रस जातका फल बाहेक अन्य वाष्पशील तेलः		
	३३०१.२४.००	--पिपरमिण्टको (मेन्था पिपरिटा)	६	१०
	३३०१.२५.००	--अन्य मिण्टको	६	१०
	३३०१.२९.००	--अन्य	६	१०
	३३०१.३०.००	-खोटो पदार्थ (रेजिनोइड) हरू	६	१०
	३३०१.९०.००	-अन्य	६	१०
३३.०२		**उद्योगमा कच्चापदार्थको रूपमा प्रयोग गरिने खालका सुगन्धयुक्त तत्त्वहरूका मिश्रणहरू र एक वा बढी त्यस्ता तत्त्वहरूको आधार भएका मिश्रणहरू (अल्कोहलयुक्त घोलहरू समेत); पेय पदार्थहरूको उत्पादनका निमित्त प्रयोग हुने खालका सुगन्धयुक्त तत्त्वहरूमा आधारित अन्य तयारी वस्तुहरू।**		
		-खाद्य वा पेय उद्योगमा प्रयोग हुने खालकाः		
	३३०२.१०.१०	---मद्यसारीय (अल्कोहोलिक) घोल (सोल्यूसन) हरूमा प्रयोग हुने सुगन्धयुक्त तत्त्वहरू (ओडोरिफेरश सब्सटान्सेज)	७.२५	१५
	३३०२.१०.९०	---अन्य	७.२५	१५
	३३०२.९०.००	-अन्य	७.२५	१५
३३.०३	३३०३.००.००	**सुगन्धित सामग्री (पर्फ्युम) हरू र हल्का सुगन्धित पानी (ट्वाइलेट वाटर) हरू**	७.२५	१५
३३.०४		**सौन्दर्य वा रूपसज्जा (मेक-अप) का तयारी वस्तुहरू र छालाको सुरक्षा निमित्तका तयारी वस्तुहरू (औषधिहरू बाहेक), धूप अवरोधक (सनस्क्रिन) वा घामद्वारा छाला रङ्गाउने (सनट्यान) तयारी वस्तुहरू समेत; हात र नङको उपचार (मेनिक्योर) वा खुट्टा र नङको उपचार (पेडिक्योर) सम्बन्धी तयारी वस्तुहरू।**		
	३३०४.१०.००	-ओठ सजाउने तयारी वस्तुहरू	१५	१५
	३३०४.२०.००	-आँखा सजाउने तयारी वस्तुहरू	१५	१५
		-नङ र हातको प्रसादन (मेनिक्योर) वा नङ र खुट्टाको प्रसादन (पेडिक्योर) सम्बन्धी तयारी वस्तुहरूः		
	३३०४.३०.१०	---नङपोलिस	१५	१५
	३३०४.३०.९०	---अन्य	१५	१५
		-आँखा सजाउने तयारी वस्तुहरूः		
	३३०४.९१.००	--संपीडित (कम्प्रेस्ड) गरेको वा नगरेको पाउडरहरू	१५	१५
		--अन्यः		
	३३०४.९९.१०	---अनुहारमा लगाउने क्रिम	१५	१५

शीर्षक	उपशीर्षक	वस्तुको विवरण	पैठारी महसुल दर	
			सार्क मुलुकबाट	अन्य मुलुकबाट
१	२	३	४	५
	३३०४.९९.३०	---शरीरमा लगाउने लोसन	१५	१५
	३३०४.९९.४०	---सिन्दुर	१५	१५
	३३०४.९९.५०	---छालाको सुरक्षाका लागि प्रयोग गरिने खुद्रा बिक्री प्याकमा रहेको पेट्रोलियम जेली	१५	१५
	३३०४.९९.९०	---अन्य	१५	१५
३३.०५		**कपालमा प्रयोग गरिने तयारी वस्तुहरू।**		
	३३०५.१०.००	-स्याम्पूहरू	२०	२०
	३३०५.२०.००	-स्थायी रूपमा कपाल सिधा गर्ने वा हल्का घुमाउरो बनाउने तयारी वस्तुहरू	२०	२०
	३३०५.३०.००	-कपाल रङ्गाउने प्रलाक्ष (ल्याकर) हरू	२०	२०
		-अन्यः		
	३३०५.९०.१०	---कपालमा लगाउने तेल	१५	१५
	३३०५.९०.२०	---कपालमा लगाउने रङ्ग	१५	१५
	३३०५.९०.३०	---कपालमा लगाउने क्रिम	१५	१५
	३३०५.९०.४०	---कपालमा लगाउने कण्डिसनर	१५	१५
	३३०५.९०.९०	---अन्य	१५	१५
३३.०६		**मुख वा दाँतको स्वास्थ्य र सरसफाइ (हाइजिन) निमित्तका तयारी वस्तुहरू, कृत्रिम दन्त स्थिरक लेदो र चूर्ण समेत; अलग अलग खुद्रा प्याकेजहरूमा भएको दाँतहरूको चेप सफा गर्न प्रयोग गरिने तन्तु (डेण्टल फ्लस)।**		
	३३०६.१०.००	-दन्त मञ्जनहरू (डेण्टिफ्रिसेस)	९.५	१५
	३३०६.२०.००	-दाँतहरूको चेप सफा गर्न प्रयोग गरिने तन्तु (डेण्टल फ्लस)	७.२५	१५
	३३०६.९०.००	-अन्य	७.२५	१५
३३.०७		**दाह्री बनाउनुभन्दा पहिला, दाह्री बनाउँदा र दाह्री बनाइसकेपछि लगाउने (प्रिशेभ, शेभिङ्ग र आफ्टरशेभ) तयारी वस्तुहरू, व्यक्तिगत गन्ध हटाउने, नुहाउने तयारी वस्तुहरू, रौं खुइल्याउने वस्तुहरू र अन्यत्र उल्लेख वा समावेश नभएका अन्य सुगन्धित, श्रृङ्गारिक वा सरसफाइका तयारी वस्तुहरू; सुगन्धित वा बिसङ्क्रामक गुणहरू भएको वा नभएको कोठाको गन्ध हटाउने (डिओडोराइजर) वस्तुहरू।**		
	३३०७.१०.००	-दाह्री बनाउनुभन्दा पहिला, दाह्री बनाउँदा र दाह्री बनाइसकेपछि लगाउने (प्रिशेभ, शेभिङ्ग र आफ्टरशेभ) तयारी वस्तुहरू	१५	१५
	३३०७.२०.००	-व्यक्तिगत गन्ध हटाउने र पसिना रोक्ने वस्तुहरू	१०	१०
	३३०७.३०.००	-सुगन्धित नुहाउने लवणहरू र नुहाउने तयारी वस्तुहरू	१५	१५

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

शीर्षक	उपशीर्षक	वस्तुको विवरण	पैठारी महसुल दर	
			सार्क मुलुकबाट	अन्य मुलुकबाट
१	२	३	४	५
		-कोठा सुगन्धित पार्ने वा कोठाको गन्ध हटाउने तयारी वस्तुहरू, धार्मिक कृत्यहरूमा प्रयोग हुने सुगन्धयुक्त तयारी वस्तुहरू समेतः		
	३३०७.४१.००	--"अगरबत्ती" र बालेपछि सुगन्धित हुने अन्य तयारी वस्तुहरू।	७.२५	१०
	३३०७.४९.००	--अन्य	१०	१०
	३३०७.९०.००	-अन्य	१०	१०

कानून , न्याय तथा संसदीय मामिला मन्त्रालय

भाग ३४

साबुन, प्राङ्गारिक सतह-सक्रिय कारक (सर्फेस एक्टिभ एजेण्ट) हरू, धुने काममा प्रयोग हुने तयारी वस्तुहरू, चिप्लो पार्ने तयारी वस्तुहरू, कृत्रिम मैनहरू, तयारी मैनहरू, पालिस गर्ने वा माझ्ने तयारी वस्तुहरू, मैनबत्ती र यस्तै वस्तुहरू, नमुना बनाउने लेदो (मोडलिङ्ग पेस्ट) हरू, "दन्त मैन (डेन्टल वाक्स) हरू" र प्लास्टरमा आधारित दाँत सम्बन्धी तयारी वस्तुहरू

द्रष्टव्यहरूः

१. यस भागमा नपर्नेः

(क) मोल्ड रिलिज सामग्रीको रूपमा प्रयोग हुने खालका जीवजन्तुजन्य, वानस्पतिक वा सूक्ष्मजैविक (माइक्रोबियल) बोसो वा तेलबाट बनाइएका खाद्य सामग्रीहरू वा मिश्रणहरू (शीर्षक १५.१७);

(ख) रासायनिक तवरले परिभाषित छुट्टै यौगिकहरू; वा

(ग) श्याम्पुहरू (कपाल धुने तरल साबुन), दन्तमञ्जनहरू (डेन्टिफ्रिसेस), दाह्री बनाउने क्रिम र फोमहरू, वा स्नानका तयारी वस्तुहरू, साबुन वा अन्य सतह-सक्रिय कारक (सर्फेस-एक्टिभ एजेण्ट) हरू समावेश भएका (शीर्षक ३३.०५, ३३.०६ वा ३३.०७)।

२. शीर्षक ३४.०१ का प्रयोजनको लागि "साबुन" भन्नाले पानीमा घुलनशील साबुनलाई मात्र लिइन्छ। शीर्षक ३४.०१ मा पर्ने साबुन र अन्य उत्पादनहरूमा अन्य थपिएको पदार्थ पनि हुन सक्छन्, (उदाहरणको लागि, बिसङ्क्रामक पदार्थहरू, अपघर्षी (खुर्कन वा खुइल्याउने) धुलोहरू, भरौट (फिलर) हरू वा औषधिहरू)। अपघर्षी (खुर्कने वा खुइल्याउने) धुलोहरू भएका उत्पादनहरू छड, केक वा ढालेर बनाइएका टुक्रा वा आकृतिहरूको स्वरूपमा भएमा मात्र शीर्षक ३४.०१ मा पर्दछन्। अन्य स्वरूपमा भए तिनीहरूलाई शीर्षक ३४.०५ मा "माझ्ने धुलोहरू र यस्तै तयारी वस्तुहरू" अन्तर्गत वर्गीकरण गरिन्छ।

३. शीर्षक ३४.०२ को प्रयोजनको लागि "प्राङ्गारिक सतह-सक्रिय कारकहरू" भन्नाले २० डिग्री सेल्सियसमा पानीसँग ०.५ प्रतिशत सान्द्रमा मिलाउँदा र त्यही तापमानमा एक घण्टासम्म स्थिर (स्ट्याण्ड) राख्दा देहाय बमोजिमको उत्पादनलाई जनाउँछः

(क) अघुलनशील पदार्थहरू नछुट्टिई पारदर्शक वा अर्धपारदर्शक तरल वा स्थिर (स्टेबल) इमल्सन दिने; र

(ख) पानीको सतही उद्वेग (सर्फेस टेन्सन) ४.५x१०$^{-२}$ एन/एम (४५ डाइन /से.मि.) वा त्योभन्दा कममा झर्ने।

४. शीर्षक ३४.०३ को "पेट्रोलियम तेलहरू र बिटुमिनयुक्त खनिजहरूबाट प्राप्त तेलहरू" भन्ने अभिव्यक्तिले भाग २७ को द्रष्टव्य २ मा परिभाषित उत्पादनहरूलाई जनाउँछ।

५. तल दिइएको निषेध (एक्सक्लुजन) हरूको अधीनमा रही शीर्षक ३४.०४ मा उल्लेख भएको "कृत्रिम मैनहरू र तयारी मैनहरू" भन्ने अभिव्यक्ति देहाय बमोजिमका वस्तुहरूको हकमा मात्र लागू हुन्छः-

(क) पानीमा घुलनशील भए वा नभएका, मैनको चारित्रिक गुण भएका रासायनिक तवरबाट उत्पादित प्राङ्गारिक उत्पादनहरू;

(ख) विभिन्न प्रकारका मैनहरूको मिश्रणबाट बनाइएका उत्पादनहरू;

(ग) एक वा एकभन्दा बढी मैनको आधारमा बोसो, चोप, खनिज तत्त्व वा अन्य पदार्थहरू भएको मैनको चारित्रिक गुण भएका उत्पादनहरू।

यो शीर्षक निम्न वस्तुहरूको हकमा लागू हुँदैनः-

(क) मैनको चारित्रिक गुण भएकै भए तापनि शीर्षक १५.१६, ३४.०२ वा ३८.२३ का उत्पादनहरू;

(ख) शीर्षक १५.२१ का प्रशोधित भएका वा नभएका रङ्गीन वा रङ्गहीन अमिश्रित जीवजन्तुजन्य मैनहरू वा अमिश्रित वानस्पतिक मैनहरू;

(ग) रङ्गाएको मात्र वा नरङ्गाएको अन्तरमिश्रण गरेको वा नगरेको शीर्षक २७.१२ को खनिज मैन वा यस्तै उत्पादनहरू; वा

(घ) तरल माध्यममा मिश्रण गरिएको, परिक्षिप्त (डिस्पर्स) गरिएको वा घुलाइएको (डिजोल्भ्ड) मैनहरू (शीर्षक ३४.०५, ३८.०९ आदि)।

शीर्षक	उपशीर्षक	वस्तुको विवरण	पैठारी महसुल दर	
			सार्क मुलुकबाट	अन्य मुलुकबाट
१	२	३	४	५
३४.०१		**साबुन; साबुन भएका वा नभएका, साबुनको रूपमा प्रयोग निमित्तका छड वा डण्डी (बार) केक, ढालेर बनाइएका टुक्राहरू वा आकृतिको स्वरूपमा भएका सतह-सक्रिय प्राङ्गारिक उत्पादन र तयारी वस्तुहरू; साबुन भए वा नभएका, नुहाउने (छाला सफा गर्ने) निमित्तका, तरल वा क्रिमको स्वरूपमा भएका र खुद्रा बिक्रीको लागि प्रस्तुत गरिएका सतह-सक्रिय प्राङ्गारिक उत्पादन वा तयारी वस्तुहरू; साबुन वा अपमार्जक पदार्थ (डिटर्जेण्ट) ले संसिक्त (इम्प्रिग्नेटेड), लेपित (कोटेड) वा** आच्छादित **(कभर्ड) भएका कागत, गद्दा (वाडिङ्ग), जमोठ (फेल्ट) र नबुनिएका वस्तु (नन्उभेन) हरू।**		
		-छड, केक, ढालेर बनाइएका टुक्राहरू वा आकृतिको स्वरूपमा भएका साबुन र **सतह-सक्रिय** प्राङ्गारिक उत्पादनहरू र तयारी वस्तुहरू, साबुन वा अपमार्जक पदार्थ (डिटरर्जेन्ट) ले संसिक्त, लेपित वा आच्छादित कागत, गद्दा, जमोठ र नबुनिएका वस्तुहरूः		
	३४०१.११.००	--शारीरिक सफाइ (ट्वाइलेट) को प्रयोगको लागि (औषधियुक्त उत्पादनहरू समेत)	३०	३०
	३४०१.१९.००	--अन्य	३०	३०
		-अन्य स्वरूपका साबुनः		
	३४०१.२०.१०	---सोडियम फ्याट्टी एसीड साल्ट (सोप नुडल्स)	१५	१५
	३४०१.२०.९०	---अन्य	३०	३०
	३४०१.३०.००	-साबुन भएका वा नभएका, नुहाउने (छाला सफा गर्ने) कार्य निमित्तका, तरल वा क्रिमको स्वरूपमा भएका र खुद्रा बिक्रीको लागि प्रस्तुत गरिएका सतह-सक्रिय प्राङ्गारिक उत्पादनहरू तथा तयारी वस्तुहरू	३०	३०

शीर्षक	उपशीर्षक	वस्तुको विवरण	पैठारी महसुल दर	
			सार्क मुलुकबाट	अन्य मुलुकबाट
१	२	३	४	५
३४.०२		**प्राङ्गारिक सतह-सक्रिय कारकहरू (साबुन बाहेक); सतह-सक्रिय तयारी वस्तुहरू, धुने (वासिङ्ग) तयारी वस्तुहरू (धुने सहायक तयारी वस्तुहरू समेत) र शीर्षक ३४.०१ मा उल्लेख भएका बाहेक साबुन भएको वा नभएको सफा गर्ने (क्लिनिङ्ग) तयारी वस्तुहरू।**		
		-खुद्रा बिक्रीका लागि राखिएका वा नराखिएका एनआयोनिक प्राङ्गारिक सतह-सक्रिय (सर्फेस एक्टिभ) कारक (एजेण्ट) हरू:		
	३४०२.३१.००	--लिनियर अलकाइलबेन्जिन सलफोनिक अम्लहरू र तिनका लवणहरू	१०	१०
	३४०२.३९.००	--अन्य	३०	३०
		-खुद्रा बिक्रीका लागि राखिएका वा नराखिएका अन्य प्राङ्गारिक सतह-सक्रिय (सर्फेस एक्टिभ) कारक (एजेण्ट) हरू:		
	३४०२.४१.००	--क्याटआयोनिक	३०	३०
	३४०२.४२.००	--नन-आयोनिक	३०	३०
	३४०२.४९.००	--अन्य	३०	३०
		-खुद्रा बिक्रीका लागि राखिएका तयारी वस्तुहरू:		
	३४०२.५०.१०	---डिटरजेन्ट पाउडर	३०	३०
	३४०२.५०.९०	---अन्य	३०	३०
	३४०२.९०.००	-अन्य	३०	३०
३४.०३		**चिप्लो पार्ने तयारी वस्तुहरू (लुब्रिकेन्टमा आधारित काट्न प्रयोग हुने तेलका तयारी वस्तुहरू, बोल्ट र नट खुकुलो पार्ने तयारी वस्तुहरू, खिया लाग्न नदिने (एण्टिरस्ट) वा संक्षरण निरोधन (एण्टिकोरोजन) का वस्तुहरू र मोल्ड रिलिजका वस्तुहरू) र कपडा पदार्थहरू, छाला, भुवादार छाला वा अन्य पदार्थहरूको तेल वा चिल्लो (ग्रीज) को उपचारमा प्रयोग गरिने खालका तयारी वस्तुहरू, तर तौलमा ७० प्रतिशत वा सोभन्दा बढी पेट्रोलियम तेल वा बिटुमिनयुक्त खनिजहरूबाट प्राप्त तेल आधारभूत अवयवको रूपमा रहेको तयारी वस्तुहरू बाहेक।**		
		-बिटुमिनयुक्त खनिजहरूबाट प्राप्त तेल वा पेट्रोलियम तेल भएका:		
	३४०३.११.००	--कपडा पदार्थहरू, छाला, भुवादार छालाहरू र अन्य पदार्थहरूको उपचार निमित्तका तयारी सामानहरू	६	१०
	३४०३.१९.००	--अन्य	७.२५	१५
		-अन्य:		
	३४०३.९१.००	--कपडा पदार्थहरू, छाला, भुवादार छालाहरू र अन्य पदार्थहरूको उपचार निमित्तका तयारी सामानहरू	७.२५	१५
	३४०३.९९.००	--अन्य	७.२५	१५

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

शीर्षक	उपशीर्षक	वस्तुको विवरण	पैठारी महसुल दर	
			सार्क मुलुकबाट	अन्य मुलुकबाट
१	२	३	४	५
३४.०४		**कृत्रिम मैनहरू र तयारी मैनहरू।**		
	३४०४.२०.००	-पोलि (औक्सिइथाइलिन) (पोलि-इथाइलिन ग्लाइकोल) को	६	१०
	३४०४.९०.००	-अन्य	६	१०
३४.०५		**पाउपोस, फर्निचर, भुईं, काउचहरू, काँच र धातुहरूको लागि पालिसहरू र क्रिमहरू, रगडेर माझ्ने वा उजिल्याउने कामका पेस्ट (लेदो) र पाउडर (धुलो) र यस्तै तयारी वस्तुहरू (यस प्रकारका तयारी वस्तुहरूले संसेचित (इम्प्रिग्नेटेड), लेपित (कोटेड) वा आच्छादित कागज, वाडिङ्ग, जमोठ, नबुनेका वस्तु (ननउभेन) हरू, सेल्यूलर (कोशमय) प्लाष्टिक वा सेल्यूलर रबरको रूपमा भए वा नभएका) शीर्षक ३४.०४ मा पर्ने मैनहरू बाहेक।**		
	३४०५.१०.००	-पाउपोस वा छालाको निमित्तका पालिसहरू, क्रिमहरू र यस्तै तयारी वस्तुहरू	१५	१५
	३४०५.२०.००	-काठका फर्निचर, भुईं वा अन्य काठका सामानहरूको सम्भार कार्यको निमित्तका पालिसहरू क्रिमहरू र यस्तै तयारी वस्तुहरू	१५	१५
	३४०५.३०.००	-धातुका पालिसहरू बाहेक काउचहरूका निमित्तका पालिसहरू र यस्तै तयारी वस्तुहरू	१५	१५
	३४०५.४०.००	-सफा गर्ने (माझ्ने) पेष्ट र धुलोहरू र अन्य सफा गर्ने (माझ्ने) तयारी वस्तुहरू	१५	१५
	३४०५.९०.००	-अन्य	१५	१५
३४.०६	३४०६.००.००	**मैन बत्तीहरू, मसिना मैनबत्तीहरू र यस्तै वस्तुहरू।**	७.२५	१५
३४.०७		**नमुना बनाउने लेदो (मोडेलिङ्ग पेस्ट) हरू, केटाकेटीको मनोरञ्जनको लागि राखिएको समेत; दाँत सम्बन्धी मैन (डेन्टल वाक्स) को रूपमा वा "डेण्टल इम्प्रेसन कम्पाउण्ड" को रूपमा चिन्हिने, समूह (सेट) मा, खुद्रा बिक्रीको लागि प्याकिङ्गमा, प्लेटमा वा घोडाको टाप (हर्स सू) को आकारमा, स्टिकको वा त्यस्तै स्वरूपमा राखिएका तयारी वस्तुहरू; प्लास्टरमा आधारित दन्त्य-चिकित्साको लागि प्रयोग हुने अन्य तयारी वस्तुहरू (भस्मित जिप्सम वा क्यालसियम सल्फेट)।**		
	३४०७.००.१०	---नमुना बनाउने लेदो (मोडलिङ्ग पेस्ट), केटाकेटीको मनोरञ्जनका लागि राखिएको समेत	७.२५	१५
	३४०७.००.९०	---अन्य	७.२५	१५

कानून, न्याय संसदीय समिति सचिवालय

भाग ३५

अल्बुमिनसदृश (अल्बुमिनोआइडल) पदार्थहरू; परिवर्तित श्वेतसार (मोडिफाइड् स्टार्च); सरेस (ग्लु) हरू; स्राव (इञ्जाइम) हरू

द्रष्टव्यहरू:

१. यस भागमा नपर्नेः

(क) मर्चा (शीर्षक २१.०२);

(ख) रक्तांश (ब्लड फ्रयाक्सन) (उपचारात्मक र प्रतिकारात्मक प्रयोगको लागि तयार नभएको रगत एल्बुमिन बाहेक), औषधिहरू र भाग ३० का अन्य उत्पादनहरू;

(ग) पूर्व चर्म-प्रशोधनका लागि तयार गरिएका स्रावहरू (एञ्जाइम) (शीर्षक ३२.०२);

(घ) भाग ३४ का स्रावीय सिक्त गर्ने (सोकिङ्ग) वा धुने (वाशिङ्ग) का तयारी वस्तुहरू वा अन्य उत्पादनहरू;

(ङ) कडा गरिएको प्रोटिन (शीर्षक ३९.१३); वा

(च) छापाखाना उद्योगको सरेस (जिलेटिन) उत्पादनहरू (भाग ४९)।

२. शीर्षक ३५.०५ को प्रयोजनको लागि "डेक्स्ट्रिन" भन्ने उक्तिले १० प्रतिशतमा नबढाई सुक्खा पदार्थमा डेक्स्ट्रोज नामले अभिव्यक्त चिनीको अपचयित (रिड्यूसिङ्ग) मात्रामा भएको श्वेतसार (स्टार्च) को डिग्रेडेशन (प्राङ्गारिक हाइड्रो कार्बन जस्तो पदार्थ विश्लेषण गरी तयार गरेको) भन्ने जनाउँछ।

उत्पादन अपचयन गराउने चिनी १० प्रतिशतभन्दा बढी भएका उत्पादनहरू शीर्षक १७.०२ मा पर्दछन्।

शीर्षक	उपशीर्षक	वस्तुको विवरण	पैठारी महसुल दर	
			सार्क मुलुकबाट	अन्य मुलुकबाट
१	२	३	४	५
३५.०१		**केसिन (छेना), केसिनेटहरू र अन्य केसिन व्युत्पत्तिहरू; केसिन सरेसहरू।**		
	३५०१.१०.००	-केसिन (छेना)	६	१०
	३५०१.९०.००	-अन्य	६	१०
३५.०२		**अल्बुमिनहरू (सुक्खा पदार्थमा गणना गरिँदा तौलको** हिसाबले **८० प्रतिशतभन्दा बढी हे प्रोटिन भएको दुई वा सोभन्दा बढी हे प्रोटिनहरूका सान्द्र (कन्सेन्ट्रेट) हरू समेत) अल्बुमिनेटहरू र अन्य अल्बुमिनेट व्युत्पत्तिहरू।**		
		-अण्डाको अल्बुमिनः		
	३५०२.११.००	--सुकाएको	६	१०
	३५०२.१९.००	--अन्य	६	१०
	३५०२.२०.००	-दूधको अल्बुमिन, दुई वा सोभन्दा बढी हे प्रोटिनहरूका सान्द्र (कन्सेन्ट्रेट) हरू समेत	६	१०
	३५०२.९०.००	-अन्य	६	१०

शीर्षक	उपशीर्षक	वस्तुको विवरण	पैठारी महसुल दर	
			सार्क मुलुकबाट	अन्य मुलुकबाट
१	२	३	४	५
३५.०३	३५०३.००.००	**जिलेटिन (आयताकार (वर्गाकार जिलेटिन लगायत) का रङ्गीन वा रङ्गहीन वा सतह मिलाइएको वा नमिलाइएको पाताहरू समेत) र जिलेटिन व्युत्पत्तिहरू; आइजिनग्लास (माछाबाट बनाइने जिलेटिन); अन्य जीवजन्तु-जन्य सरेस (ग्लु) हरू, शीर्षक ३५.०१ को केसिन सरेसहरू बाहेक।**	६	१०
३५.०४	३५०४.००.००	**पेप्टोनहरू र तिनका व्युत्पत्तिहरू; अन्य प्रोटिन पदार्थहरू र तिनका व्युत्पत्तिहरू, अन्यत्र उल्लेख वा समावेश नभएका; छालाको धुलो (हाइड पाउडर), क्रोम (क्रोमियम कम्पाउण्डले उपचार) गरेको वा नगरेको।**	६	१०
३५.०५		**डेक्स्ट्रिनहरू र अन्य परिवर्तित श्वेतसारहरू (उदाहरणको लागि, प्रिजिलेटिनाइज्ड वा इष्टेरिफाइड श्वेतसारहरू); श्वेतसारमा वा डेक्स्ट्रिनहरूमा वा अन्य परिवर्तित श्वेतसारहरूमा आधारित सरेस (ग्लु) हरू।**		
	३५०५.१०.००	-डेक्स्ट्रिनहरू र अन्य परिवर्तित श्वेतसारहरू	६	१०
	३५०५.२०.००	-सरेस (ग्लु) हरू	६	१०
३५.०६		**अन्यत्र उल्लेख वा समावेश नभएका तयारी सरेसहरू र अन्य तयारी टाँसिने (एड्हेसिभ) पदार्थहरू; १ किलोग्रामभन्दा बढी वजन नभएका खुद्रा बिक्रीका लागि राखिएका सरेस (ग्लु) हरू र टाँसिने पदार्थ (एड्हेसिभ) हरूको रूपमा प्रयोग गर्न उपयुक्त उत्पादनहरू।**		
	३५०६.१०.००	-१ किलोग्रामभन्दा बढी खुद वजन (नेट तौल) नभएका, सरेस (ग्लु) हरू र टाँसिने पदार्थ (एड्हेसिभ) हरूको रूपमा खुद्रा बिक्रीका लागि राखिएका, सरेस (ग्लु) हरू र टाँसिने पदार्थ (एड्हेसिभ) को रूपमा प्रयोग गर्न उपयुक्त उत्पादनहरू	६	१०
		-अन्यः		
	३५०६.९१.००	--शीर्षक ३९.०१ देखि ३९.१३ सम्मका पोलिमरहरूमा वा रबरमा आधारित टाँसिने पदार्थ (एड्हेसिभ) हरू	६	१०
	३५०६.९९.००	--अन्य	६	१०
३५.०७		**स्रावहरू; अन्यत्र उल्लेख वा समावेश नभएका तयारी स्रावहरू।**		
	३५०७.१०.००	-रेनिट र त्यसका सान्द्रहरू	५	५
	३५०७.९०.००	-अन्य	६	१०

भाग ३६

विस्फोटक पदार्थहरू; आतसबाजीका उत्पादनहरू; सलाईहरू; स्वतः ज्वलनशील (पाइरोफोरिक) मिश्रणहरू; केही ज्वलनशील (कम्वस्टिबल) तयारी वस्तुहरू

द्रष्टव्यहरूः

१. यस भागमा तल द्रष्टव्य २(क) वा २(ख) मा वर्णन गरिएका बाहेक छुट्टै रासायनिक तवरले परिभाषित यौगिकहरू पर्दैनन्।

२. शीर्षक ३६.०६ को "ज्वलनशील पदार्थका सामग्रीहरू" भन्ने अभिव्यक्ति निम्नानुसारका हकमा मात्र लागू हुन्छः-

(क) इन्धनको रूपमा प्रयोग हुने मेटलडिहाइड्, हेक्सामिथाईलिनटेट्रामाइन र यस्तै प्रकारका पदार्थहरू विभिन्न स्वरूपमा राखिएका (उदाहरणको लागि, गोटी, छडी र यस्तै प्रकारका रूपमा); अल्कोहलीय आधारका इन्धनहरू र यस्तै प्रकारले तयार गरिएका इन्धनहरू, ठोस वा अर्धठोस रूपमा;

(ख) चुरोट वा यस्तै वस्तु सल्काउने (लाइटरहरू) मा भर्ने गरी प्रयोग हुने खालका तरल वा तरलीकृत ग्याँस इन्धनहरू, ३०० घन सेन्टिमिटरभन्दा बढी क्षमता नभएका आधान पात्रहरू (कन्टेनर) मा राखिएको; र

(ग) खोटो दीपिका (रेजिन टर्च), आगो सल्काउने साधन (फायर लाइटर) हरू र त्यस्तै सामानहरू।

शीर्षक	उपशीर्षक	वस्तुको विवरण	पैठारी महसुल दर	
			सार्क मुलुकबाट	अन्य मुलुकबाट
१	२	३	४	५
३६.०१	३६०१.००.००	**प्रणोदक (प्रोपेलेन्ट) धुलोहरू।**	९.५	२०
३६.०२	३६०२.००.००	**तयार गरिएका विस्फोटक पदार्थहरू, प्रणोदक (प्रोपेलेन्ट) धुलोहरू बाहेक।**	९.५	२०
३६.०३		**सुरक्षा फ्युजहरू; विस्फोट गराउने (डिटोनेटिङ्ग) तार (कर्ड) हरू; परकसन वा विस्फोटक (डिटोनेटिङ्ग) क्यापहरू; आगो सल्काउने साधन (इग्निटर) हरू; विद्युतीय विस्फोटक (डिटोनेटर) हरू।**		
	३६०३.१०.००	-सुरक्षा फ्युजहरू	९.५	२०
	३६०३.२०.००	-विस्फोट गराउने तार (डिटोनेटिङ्ग कर्ड) हरू	९.५	२०
	३६०३.३०.००	-परकसन क्यापहरू	९.५	२०
	३६०३.४०.००	-विस्फोट गराउने (डिटोनेटिङ्ग) क्यापहरू	९.५	२०
	३६०३.५०.००	-आगो सल्काउने साधन (इग्निटर)हरू	९.५	२०
	३६०३.६०.००	-विद्युतीय विस्फोटक (इलेक्ट्रिक डिटोनेटर) हरू	९.५	२०
३६.०४		**आतसबाजी (फायरवर्क) हरू, सङ्केत दिने प्रदीप्तिका (सिग्नलिङ्ग फ्लेयर) हरू, वर्षाग्निवाण (रेन रकेट) हरू, हुस्सुमा प्रयोग हुने सङ्केतिका (सिग्नल) हरू र अन्य आतसवाजी सम्बन्धी (पाइरोटेक्निक) सामग्रीहरू।**		
	३६०४.१०.००	-आतसबाजी (फायरवर्क) हरू	९.५	२०
	३६०४.९०.००	-अन्य	९.५	२०

शीर्षक	उपशीर्षक	वस्तुको विवरण	पैठारी महसुल दर	
			सार्क मुलुकबाट	अन्य मुलुकबाट
१	२	३	४	५
३६.०५	३६०५.००.००	**सलाईहरू, शीर्षक ३६.०४ का आतसबाजी सम्बन्धी सामग्रीहरू बाहेक।**	३०	३०
३६.०६		**फेरो-सेरियम र सबै स्वरूपका अन्य स्वतः ज्वलनशील (पाइरोफोरिक) धातुका मिश्रणहरू; यस भागको द्रष्टव्य २ मा उल्लिखित ज्वलनशील (कम्बस्टिबल) पदार्थका सामग्रीहरू।**		
	३६०६.१०.००	-३०० घन सेन्टिमिटरभन्दा बढी क्षमता नभएको आधान पात्र (कन्टेनर) मा भएको सिगरेट लाइटर वा यस्तै लाइटरहरूमा भर्ने वा पुनः भर्ने तरल वा तरलीकृत ग्याँस इन्धनहरू	९.५	२०
	३६०६.९०.००	-अन्य	९.५	२०

कानून , न्याय तथा संसदीय मामिला मन्त्रालय

भाग ३७
फोटोग्राफी र चलचित्र उत्पादन सम्बन्धी वस्तुहरू

द्रष्टव्यहरूः

१. यस भागमा रद्दी वा पत्रु (वेस्ट वा स्क्रयाप) पर्दैनन्।

२. यस भागमा "छायाँचित्रण" (फोटोग्राफिक) भन्ने शब्दले प्रत्यक्ष वा अप्रत्यक्ष ढङ्गले, प्रकाश क्रियाद्वारा वा अन्य प्रकारका विकिरणद्वारा तापसुग्राही (थर्मोसेन्सिटिव) लगायत प्रकाशग्राही (फोटोसेन्सिटिभ) सतह (सर्फेस) मा दृश्य (भिजिबल) आकृति (इमेजेज) निर्माण हुने प्रक्रिया (प्रोसेस) लाई जनाउँछ।

शीर्षक	उपशीर्षक	वस्तुको विवरण	पैठारी महसुल दर	
			सार्क मुलुकबाट	अन्य मुलुकबाट
१	२	३	४	५
३७.०१		**कागज, कागजगाता वा कपडा पदार्थहरू बाहेक जुनसुकै पदार्थ (म्याटेरियल) को समतल (फ्ल्याट), प्रकाशग्राही (सेन्सिटाइज्ड) र नखोलिएको (अनएक्सपोज्ड) छायाँचित्रण (फोटोग्राफी) सम्बन्धी प्लेटहरू र फिल्म; समतल, प्रकाशग्राही, नखोलेको, प्याकमा भएको वा नभएको तत्काल छापिने फिल्म (इन्स्ट्यान्ट प्रिन्ट फिल्म)।**		
	३७०१.१०.००	-एक्स-रेका लागि	५	५
	३७०१.२०.००	-तत्काल छापिने (इन्स्ट्यान्ट प्रिन्ट) फिल्म	६	१०
	३७०१.३०.००	-जुनसुकै किनारा २५५ एमएम भन्दा बढी भएको अन्य पाता (प्लेट) हरू र फिल्म	६	१०
		-अन्यः		
	३७०१.९१.००	--रङ्गीन छायाँचित्रण (फोटोग्राफी) (पोलिक्रोम) का लागि	६	१०
	३७०१.९९.००	--अन्य	६	१०
३७.०२		**कागज, कागज गाता वा कपडा पदार्थ (टेक्सटाइल) बाहेक अन्य जुनसुकै पदार्थको, प्रकाशग्राही, नखोलिएको छायाँचित्रण (फोटोग्राफी) सम्बन्धी रोलमा भएको फिल्म; रोलमा भएको प्रकाशग्राही र नखोलेको तत्काल खिचिने (इन्स्ट्यान्ट प्रिन्ट) फिल्म।**		
	३७०२.१०.००	-एक्स-रेका लागि	५	५
		-१०५ एमएम भन्दा बढी चौडाइ नभएका, छिद्रहरू रहित, अन्य फिल्मः		
	३७०२.३१.००	--रङ्गीन छायाँचित्रण (फोटोग्राफी) (पोलिक्रोम) का लागि	७.२५	१०
	३७०२.३२.००	--अन्य, सिल्भर ह्यालाइड इमल्सनयुक्त	७.२५	१०
	३७०२.३९.००	--अन्य	७.२५	१०
		-१०५ एमएम भन्दा बढी चौडाइ भएका, छिद्रहरू रहित, अन्य फिल्मः		

शीर्षक	उपशीर्षक	वस्तुको विवरण	पैठारी महसुल दर	
			सार्क मुलुकबाट	अन्य मुलुकबाट
१	२	३	४	५
	३७०२.४१.००	--६१० एमएम भन्दा बढी चौडाइ र २०० मिटरभन्दा बढी लम्बाइ भएको रङ्गीन छायाँचित्रण (फोटोग्राफी) (पोलिक्रोम) का लागि	७.२५	१०
	३७०२.४२.००	--६१० एमएम भन्दा बढी चौडाइ र २०० मिटरभन्दा बढी लम्बाइ भएको, रङ्गीन छायाँचित्रण (फोटोग्राफी) का लागि बाहेक	७.२५	१०
	३७०२.४३.००	--६१० एमएम भन्दा बढी चौडाइ र २०० मिटरभन्दा बढी लम्बाइ नभएको	६	१०
	३७०२.४४.००	--१०५ एमएम भन्दा बढी तर ६१० एमएम भन्दा बढी चौडाइ नभएको	७.२५	१०
		-अन्य फिल्म, रङ्गीन छायाँचित्रण (फोटोग्राफी) (पोलिक्रोम) का लागिः		
	३७०२.५२.००	--१६ एमएम भन्दा बढी चौडाइ नभएको	७.२५	१०
	३७०२.५३.००	--१६ एमएम भन्दा बढी तर ३५ एमएम भन्दा बढी चौडाइ नभएको र लम्बाइ ३० मिटरभन्दा बढी नभएको, स्लाइडको लागि	७.२५	१०
	३७०२.५४.००	--१६ एमएम भन्दा बढी तर ३५ एमएम भन्दा बढी चौडाइ नभएको र लम्बाइ ३० मिटरभन्दा बढी नभएको, स्लाइडको लागि बाहेक	७.२५	१०
	३७०२.५५.००	--१६ एमएम भन्दा बढी तर ३५ एमएम भन्दा बढी चौडाइ नभएको र लम्बाइ ३० मिटरभन्दा बढी भएको	७.२५	१०
	३७०२.५६.००	--३५ एमएम भन्दा बढी चौडाइ भएको	७.२५	१०
		-अन्यः		
	३७०२.९६.००	--३५ एमएम भन्दा बढी चौडाइ नभएको र ३० मिटरभन्दा बढी लम्बाइ नभएको	७.२५	१०
	३७०२.९७.००	--३५ एमएम भन्दा बढी चौडाइ नभएको र ३० मिटरभन्दा बढी लम्बाइ भएको	७.२५	१०
	३७०२.९८.००	--३५ एमएम भन्दा बढी चौडाइ भएको	७.२५	१०
३७.०३		**प्रकाशग्राही, नखोलिएको (अनएक्सपोज्ड्) छायाँचित्रण सम्बन्धी कागज, कागज गाता र कपडा (टेक्सटाइल) पदार्थ।**		
	३७०३.१०.००	-६१० एमएम भन्दा बढी चौडाइका, रोलमा भएको	७.२५	१०
	३७०३.२०.००	-अन्य, रङ्गीन फोटोग्राफीका लागि (पोलिक्रोम)	७.२५	१०
	३७०३.९०.००	-अन्य	७.२५	१०
३७.०४	३७०४.००.००	**छायाँचित्रण (फोटोग्राफी सम्बन्धी प्लेटहरू, फिल्म, कागज, कागज गाता र कपडा पदार्थहरू, खिचिएको तर अविकसित।**	५	५

शीर्षक	उपशीर्षक	वस्तुको विवरण	पैठारी महसुल दर	
			सार्क मुलुकबाट	अन्य मुलुकबाट
१	२	३	४	५
३७.०५	३७०५.००.००	**चलचित्र सम्बन्धी (सिनेमाटोग्राफिक) फिल्म बाहेक छायाँचित्रण (फोटोग्राफी) सम्बन्धी पाता (प्लेट) हरू र फिल्म, खिचिएको र विकसित गरिएको।**	५	५
३७.०६		**चलचित्र सम्बन्धी फिल्म, खिचिएको र विकास गरिएको, ध्वनिमार्ग समाविष्ट भएको वा नभएको वा ध्वनिमार्ग मात्र भएको।**		
	३७०६.१०.००	-३५ एमएम वा बढी चौडाइको	१	१
	३७०६.९०.००	-अन्य	१	१
३७.०७		**छायाँचित्रण (फोटोग्राफिक) को प्रयोगको निमित्तका रासायनिक तयारी वस्तुहरू, (रोगनहरू, सरेसहरू, टौसिने पदार्थ (एड्हेसिभ) हरू र यस्तै तयारी वस्तु बाहेक); प्रयोगको लागि तयारी वस्तुको रूपमा खुद्रा बिक्रीको लागि राखिएका वा परिमित अंश (मेजर्ड पोर्सन) को रूपमा राखिएका छायाँचित्रणको प्रयोगका अमिश्रित उत्पादनहरू।**		
	३७०७.१०.००	-संवेदनशील बनाउने (सेन्सिटाइजिङ्ग) इमल्सनहरू	५	५
		-अन्यः		
	३७०७.९०.१०	---टोनर पाउडर	५	५
	३७०७.९०.९०	---अन्य	५	५

द्रष्टव्यः

(क) खोलिएको (एक्सपोज्ड) र विकसित सिनेमा फिल्मको अस्थायी पैठारीका लागि निम्न प्रक्रिया तथा नियमहरू लागू गरिनेछन्:-

(१) पैठारीकर्ताले शीर्षक ३७.०६ को महसुल दर अनुसार हिसाब गरिएको रकम धरौटी राख्नु पर्नेछ।

(२) यदि फिल्म जाँचक समितिबाट फिल्मलाई प्रदर्शनका लागि अनुमति दिइएन भने र फिल्मलाई फिर्ता पठाउनु पर्ने भएमा धरौटी रहेको मध्ये १० प्रतिशत कटाई बाँकी फिर्ता दिइनेछ। यदि फिल्म जाँचक समितिले उक्त फिल्मलाई प्रदर्शन गर्न अनुमति दियो भने सम्पूर्ण रकम सदरस्याहा गरिनेछ।

(३) यदि सिनेमा हलको धनी वा आयातकर्ताले फिल्म अस्वीकार भएको सूचना धरौटी जम्मा भएको तीन दिनभित्र नदिएमा धरौटी सदरस्याहा हुनेछ। त्यस्तो फिल्म सिनेमा हलमा नदेखाइने भए तापनि महसुल फिर्ता दिइने छैन।

(ख) चलचित्र उद्योगले पैठारी गर्ने सिनेमा बनाउन नखिचिएको (अनएक्सपोज्ड) फिल्मको पैठारीमा शीर्षक ३७.०२ का सम्बन्धित उपशीर्षकमा लाग्ने महसुल नलिई प्रति मि. रु.१५।- मात्र लिइनेछ।

भाग ३८
विविध रासायनिक उत्पादनहरू

द्रष्टव्यहरूः

१. यस भागमा नपर्नेः

(क) निम्न लेखिएका बाहेक रासायनिक तवरले छुट्टै रूपमा परिभाषित तत्त्व वा यौगिकहरूः

(१) कृत्रिम ग्राफाइट (शीर्षक ३८.०१);

(२) कीटनाशक, कृन्तकनाशक (रोडेन्टिसाइड), ढुसीनाशक, झारपातनाशक, अङ्कुरोधी (एण्टिस्प्राउटिङ्ग) उत्पादनहरू, वनस्पति वृद्धिनियामक (प्लान्ट ग्रोथ रेगुलेटर), बिसङ्क्रामकहरू र त्यस्तै उत्पादनहरू, शीर्षक ३८.०८ मा उल्लेख भए बमोजिम राखिएका;

(३) अग्निशामक (फायरएक्स्टिङ्गिशर) को इन्धन (चार्ज) को रूपमा राखिएको वा अग्निशामक हातगोला (ग्रिनेड) को इन्धन (चार्ज) को रूपमा राखिएका उत्पादनहरू (शीर्षक ३८.१३);

(४) तल द्रष्टव्य २ मा उल्लेख भएका प्रमाणित सन्दर्भ सामग्रीहरू;

(५) तल द्रष्टव्य ३(क) वा ३(ग) मा उल्लिखित उत्पादनहरू।

(ख) मानवीय भोजन सामग्रीको तयारीमा प्रयोग हुने खालका खाद्य पदार्थहरू वा पौष्टिक महत्त्वका अन्य वस्तुहरूका साथ रासायनिक द्रव्यको मिश्रण (सामान्यतः शीर्षक २१.०६);

(ग) शीर्षक २४.०४ का उत्पादनहरू;

(ग) सेरामिकका वस्तुहरू अप्राङ्गारिक, गैरधातुजन्य पदार्थहरूलाई आगोमा पोलेर बनाइन्छन् जसलाई सामान्यतया कोठाको तापक्रममा पहिले नै आकृति प्रदान गरी तयार गरिएको हुन्छ। कच्चापदार्थहरूमा, अन्य कुराहरूको साथै, माटोहरू (क्लेज), पगालिएको सिलिका लगायत सिलिकायुक्त पदार्थहरू, पग्लने बिन्दु उच्च भएका पदार्थहरू, जस्तै अक्साइडहरू, कार्बाइडहरू, नाइट्राइडहरू, ग्राफाइट वा अन्य कार्बन, र कुनै अवस्थामा बन्धक (बाइण्डर)हरू जस्तै उच्च ताप सहन गर्ने माटोहरू वा फोस्फेटहरू हुन्छन्।

२. यस भागमा नपर्नेः

(क) शीर्षक २८.४४ का उत्पादनहरू;

(ख) शीर्षक ६८.०४ का वस्तुहरू;

(ग) भाग ७१ का वस्तुहरू (उदाहरणको लागि, नक्कली गरगहना);

(घ) शीर्षक ८१.१३ का सरमेटहरू;

(ङ) भाग ८२ का वस्तुहरू;

(च)) वैद्युतिक अवरोधकहरू (शीर्षक ८५.४६) वा अवरोधक पदार्थका जडान सामग्रीहरू (फिटिङ्स) (शीर्षक ८५.४७);

(छ) कृत्रिम दाँतहरू (शीर्षक ९०.२१);

(ज) भाग ९१ का वस्तुहरू (उदाहरणको लागि, घडी वा घडीका खोल वा बट्टा);

(झ) भाग ९४ का वस्तुहरू (उदाहरणको लागि, फर्निचर, प्रकाश उपकरणहरू र प्रकाश जडानहरू, पूर्वनिर्मित भवनहरू);

(ञ) भाग ९५ का वस्तुहरू (उदाहरणको लागि, खेलौनाहरू, आमोद प्रमोदका सामग्रीहरू र खेलकुदका आवश्यक सामग्रीहरू (रिक्विजिट्स);

(ट) शीर्षक ९६.०६ का वस्तुहरू (जस्तै टाँक) वा शीर्षक ९६.१४ का वस्तुहरू (जस्तै स्मोकिङ्ग पाइप); वा

(ठ) भाग ९७ का वस्तुहरू (जस्तै, कलाकृतिहरू)।

शीर्षक	उपशीर्षक	वस्तुको विवरण	पैठारी महसुल दर	
			सार्क मुलुकबाट	अन्य मुलुकबाट
१	२	३	४	५
		१.- सिलिकायुक्त भौगर्भिक अवशेष (फोसिल मील) का वस्तुहरू वा त्यस्तै सिलिकायुक्त भू-सतही वस्तु (सिलिसिअस अर्थ), र उच्च ताप सहन गर्न सक्ने (रिफ्र्याक्टरी) वस्तुहरू		
६९.०१	६९०१.००.००	**सिलिकायुक्त भौगर्भिक अवशेष (फोसिल मील) (जस्तै-केसलगुअर, ट्रिपोलाइट वा डायटोमाइट) का वा त्यस्तै सिलिकायुक्त भू-सतही वस्तु (सिलिसिअस अर्थ) का इँटाहरू, ब्लकहरू, टायलहरू र सेरामिकका अन्य वस्तुहरू।**	६	१०
६९.०२		**सिलिकायुक्त भौगर्भिक अवशेष (फोसिल मील) का वा त्यस्तै सिलिकायुक्त भू-सतही वस्तु (सिलिसिअस अर्थ) का बाहेक, ताप सहन गर्न सक्ने इँटा, ब्लक, टायल र यस्तै ताप सहन गर्न सक्ने सेरामिकका निर्माण सामग्रीहरू।**		
	६९०२.१०.००	-एमजीओ (म्याग्नेसियम अक्साइड), सीएओ (क्यालिसियम अक्साइड) वा सीआर$_2$ओ$_3$ (क्रोमियम ट्राइअक्साइड) को रूपमा व्यक्त भएका, म्याग्नेसियम, क्यालिसियम वा क्रोमियम तत्त्वहरू एक्लै वा साथसाथै तौलको हिसाबले ५० प्रतिशतभन्दा बढी भएका	६	१०
	६९०२.२०.००	-तौलमा ५० प्रतिशतभन्दा बढी एलुमिना (एएल$_2$ओ$_3$), सिलिका (एसआइओ$_2$) वा यी उत्पादनका मिश्रण वा यौगिक भएका	६	१०
	६९०२.९०.००	-अन्य	६	१०
६९.०३		**सिलिकायुक्त भौगर्भिक अवशेष (फोसिल मील) का वा त्यस्तै सिलिकायुक्त भू-सतही वस्तु (सिलिसिअस अर्थ) का बाहेक, ताप सहन गर्न सक्ने सेरामिकका वस्तुहरू (जस्तै-टुटी भएका भाँडाहरू (रिटोर्टस), धातु पगाल्ने भाँडाहरू (क्रुसिबल्स), भट्टीहरू (मफल्स), टुप्पा वा टुटीहरू (नोजल्स), चुकुल वा बुजोहरू (प्लग्स) टेवाहरू (सपोर्ट्स) बहुमूल्य धातु प्रशोधन गर्ने भाँडाहरू (क्युपेल्स), नलीहरू, पाइपहरू, ढाक्ने दाप वा खोलहरू (सिथ्स), डण्डीहरू तथा स्लाइड गेटहरू)।**		
	६९०३.१०.००	-तौलको हिसाबले ५० प्रतिशतभन्दा बढी स्वतन्त्र कार्बन भएको	६	१०
	६९०३.२०.००	-तौलमा ५० प्रतिशतभन्दा बढी एलुमिना (एएल$_2$ओ$_3$) वा एलुमिनाको र सिलिका (एसआइओ$_2$) को यौगिक वा मिश्रणहरू मिलाइएको	६	१०

शीर्षक	उपशीर्षक	वस्तुको विवरण	पैठारी महसुल दर	
			सार्क मुलुकबाट	अन्य मुलुकबाट
१	२	३	४	५
	६९०३.९०.००	-अन्य	६	१०
		२.- अन्य माटोका उत्पादनहरू		
६९.०४		**सेरामिकका निर्माणका इँटाहरू, भुइँमा बिछ्याउने ब्लकहरू, टेवा (सपोर्ट) हरू वा फिलर टायलहरू र यस्तै सामानहरू।**		
	६९०४.१०.००	-निर्माणका इँटाहरू	१०	१०
	६९०४.९०.००	-अन्य	३०	३०
६९.०५		**छाना छाउने टायलहरू, चिम्नी-पटहरू, चिम्नीका ढक्कन (कावल) हरू, चिम्नी लाइनरहरू, वास्तुकर्मका अलङ्कारहरू र अन्य सेरामिकका निर्माण सम्बन्धी वस्तुहरू।**		
	६९०५.१०.००	-छाना छाउने टायलहरू	७.२५	१५
	६९०५.९०.००	-अन्य	६	१०
६९.०६	६९०६.००.००	**सेरामिकका पाइपहरू, नलीहरू (कन्डुइट्स), ढलको नाली (गटरिङ्ग) र पाइप जडानहरू।**	६	१०
६९.०७		**सेरामिकका भुइँमा बिछ्याउने फ्लेगहरू र पेभिङ्गहरू, घरभित्र आगो बाल्ने स्थान (हर्थ) मा वा भित्तामा टाँस्ने टायलहरू; पृष्ठाधार (ब्याकिङ्ग) मा भएको वा नभएको सेरामिकका मोज्याक क्युबहरू र यस्तै सामानहरू; फिनिसिङ्ग सेरामिक्स।**		
		-फ्लेगहरू र पेभिङ्गहरू, घरभित्र आगो बाल्ने स्थान (हर्थ) मा वा भित्तामा टाँस्ने टायलहरू, उपशीर्षक ६९०७.३० र ६९०७.४० का बाहेकः		
	६९०७.२१.००	--तौलका हिसाबमा जल प्रशोचन कोफिसियन्ट ०.५% ननाघेको	४०	४०
	६९०७.२२.००	--तौलका हिसाबमा जल प्रशोचन कोफिसियन्ट ०.५% नाघेको तर १०% ननाघेको	४०	४०
	६९०७.२३.००	--तौलका हिसाबमा जल प्रशोचन कोफिसियन्ट १०% नाघेको	४०	४०
	६९०७.३०.००	-मोज्याक क्युबहरू र यस्तै वस्तुहरू, उपशीर्षक ६९०७.४० का बाहेक	४०	४०
	६९०७.४०.००	-फिनिसिङ्ग सेरामिक्स	४०	४०
[६९.०८]				
६९.०९		**प्रयोगशाला, रासायनिक वा अन्य प्राविधिक प्रयोगमा आउने सेरामिकका वस्तुहरू; कृषि कार्यमा प्रयोग हुने खालका सेरामिकका पशुलाई दाना पानी खुवाउने डुँड (ट्रोफ) हरू, जलपात्र (टब) हरू र यस्तै भाँडा (रिसेप्ट्याकल) हरू; सामानको परिवहन वा संपुटन (प्याकिङ्ग) को काममा प्रयोग हुने खालका सेरामिकका भाँडाहरू, जारहरू र यस्तै वस्तुहरू।**		
		-प्रयोगशाला, रासायनिक वा अन्य प्राविधिक प्रयोगमा आउने सेरामिकका वस्तुहरू		

शीर्षक	उपशीर्षक	वस्तुको विवरण	पैठारी महसुल दर	
			सार्क मुलुकबाट	अन्य मुलुकबाट
१	२	३	४	५
	६९०९.११.००	--पोर्सिलिन वा चाइनाका	७.२५	१५
	६९०९.१२.००	--मोउस स्केलमा ९ वा सोभन्दा बढी बराबरको कडापन भएका वस्तुहरू	७.२५	१५
	६९०९.१९.००	--अन्य	७.२५	१५
	६९०९.९०.००	-अन्य	७.२५	१५
६९.१०		**सेरामिकका सिङ्कहरू, वास बेसिनहरू, वास बेसिनका आधार (पेडिस्टल) हरू, स्नानागार (वाथ) हरू, गुप्ताङ्गप्रक्षालन पात्र (बिडेट) हरू, दिसा गर्ने प्यानहरू, दिसा पिसाब पखाल्ने सिष्टर्नहरू, मूत्र पात्र (यूरिनल) हरू र त्यस्तै सरसफाइ सम्बन्धी जडानहरू।**		
	६९१०.१०.००	-पोर्सिलिन वा चाइनाका	१५	१५
	६९१०.९०.००	-अन्य	१५	१५
६९.११		**पोर्सेलिन वा चाइनाका टेबुलका सामग्रीहरू, भान्साका सामग्रीहरू, अन्य घरायसी सामग्रीहरू र स्नानागार (ट्वाइलेट) का सामानहरू।**		
	६९११.१०.००	-टेबुलका सामग्रीहरू र भान्साका सामग्रीहरू	२०	२०
	६९११.९०.००	-अन्य	२०	२०
६९.१२	६९१२.००.००	**पोर्सेलिन वा चाइना बाहेकका सेरामिकका टेबुलका सामग्रीहरू, भान्साका सामग्रीहरू, अन्य घरायसी सामग्रीहरू र स्नानागार (ट्वाइलेट) का सामानहरू।**	७.२५	२०
६९.१३		**स-साना मूर्ति (स्ट्याच्युट) हरू र सेरामिकका अन्य आलङ्कारिक सामानहरू।**		
	६९१३.१०.००	-पोर्सिलिन वा चाइनाका	१५	१५
	६९१३.९०.००	-अन्य	१५	१५
६९.१४		**सेरामिकका अन्य सामानहरू।**		
	६९१४.१०.००	-पोर्सिलिन वा चाइनाका	७.२५	१५
	६९१४.९०.००	-अन्य	७.२५	१५

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

भाग ७०
काँच र काँचबाट बनेका वस्तुहरू (ग्लासवेयर)

द्रष्टव्यहरूः

१. यस भागमा नपर्नेः

(क) शीर्षक ३२.०७ का सामानहरू (उदाहरणको लागि, काँचजस्तो इनामेल र चमक (ग्लेज), काँचका मसिना दाना वा चूर्ण, धुलो, दाना र पाप्रो (फ्लेक) को रूपमा भएका अन्य काँचहरू);

(ख) भाग ७१ का वस्तुहरू (जस्तै, नकली गहना);

(ग) शीर्षक ८५.४४ को अप्टिकल फाइबर केबुल), वैद्युतिक अवरोधक (शीर्षक ८५.४६) वा अवरोधक पदार्थका जडान सामग्रीहरू (फिटिङ्ग) (शीर्षक ८५.४७);

(घ) भाग ८६ देखि ८८ सम्मका वाहनहरूका लागि फ्रेम हालिएका, अग्रभागका वायुरोधी काँचका पर्दा (विन्डस्क्रिन वा विण्डशिल्ड) हरू, पृष्ठभागका झ्यालहरू र अन्य झ्यालहरू;

(ङ) भाग ८६ देखि ८८ सम्मका वाहनहरूका लागि तातो पार्ने उपकरणहरू वा अन्य वैद्युतिक वा इलेक्ट्रोनिक उपकरणहरू समावेश गरिएका, फ्रेम हालिएका वा नहालिएका, अग्रभागका वायुरोधी काँचका पर्दा (विन्डस्क्रिन वा विण्डशिल्ड) हरू, पृष्ठभागका झ्यालहरू र अन्य झ्यालहरू;

(च) भाग ९० का अप्टिकल फाइबर, चाक्षुषीय किसिमले काम गरिएका चाक्षुषिक तत्त्व (अप्टिकल एलिमेण्ट) हरू, हाइपोडर्मिक सिरिञ्जहरू, कृत्रिम आँखाहरू, थर्मामिटरहरू, ब्यारोमिटरहरू, हाइड्रोमिटरहरू वा अन्य वस्तुहरू;

(छ) शीर्षक ९४.०५ का प्रकाश उपकरणहरू (लुमिनेयरिज) वा प्रकाश जडानहरू (लाइटिङ्ग फिटिङ्गस्), प्रदीप्त सङ्केत (इलुमिनेटेड साइन), प्रदीप्त नामपट्ट र स्थायी रूपले निश्चित प्रकाश स्रोत भएका यस्तै वस्तुहरू र तिनका पार्टपुर्जाहरू ;

(ज) भाग ९५ का खेलौनाहरू, गेमहरू, खेलकुदहरूका आवश्यक सामग्रीहरू (रिक्विजिट्स), क्रिसमस बृक्षाभूषण वा अन्य वस्तुहरू (खेल्ने पुतलीको लागि वा भाग ९५ का अन्य वस्तुको लागि यन्त्र रचनाबिनाको काँचका आँखाहरू बाहेक); वा

(झ) भाग ९६ का टाँकहरू (बटन्स), जडान भएका वायुशून्य बोतल (भ्याकुम फ्लास्क), सुगन्ध (सेण्ट) छर्ने वा त्यस्तै पचका (स्प्रे) वा अन्य वस्तुहरू।

२. शीर्षक ७०.०३, ७०.०४ र ७०.०५ को प्रयोजनको लागिः

(क) काँचलाई निस्तापन (एनिल) गर्नु अगाडि गरिएका कुनै पनि प्रक्रियाका कारणले काँचलाई "परिष्कार गरिएको (वर्क्ड)" मानिने छैन;

(ख) काँचको पाता (शिट) लाई आकारमा काटिनाले पातामा भएको काँचको वर्गीकरणमा कुनै असर पर्ने छैन;

(ग) "अवशोषक, प्रतिविम्बीय वा अप्रतिविम्बीय तह (लेयर)" भन्ने उक्तिले धातु वा रासायनिक यौगिक (जस्तै मेटल अक्साइड्) को सूक्ष्मदर्शी ढङ्गको (माइक्रोस्कोपिकली) पातलो लेपन (कोटिङ्ग) लाई जनाउँछ जसले, उदाहरणको लागि, इन्फ्रारेड लाइटलाई अवशोषण गर्दछ वा काँचको परावर्तक गुणहरूलाई विकसित गर्दछ जवकि अझै पनि यसले केही मात्रामा पारदर्शिता वा अर्धपारदर्शिता आफैंसँग राख्ने सम्भावना रहेको हुन्छ; अथवा प्रकाशलाई काँचको सतहमा परावर्तन हुनबाट रोक्दछ।

३. शीर्षक ७०.०६ मा उल्लेख भएका उत्पादनहरू, तिनमा कुनै वस्तुको लक्षण भए वा नभएमा पनि सोही शीर्षकमै वर्गीकरण हुन्छन्।

४. शीर्षक ७०.१९ को प्रयोजनको लागि "काँचको ऊन" भन्ने उक्तिले देहाय बमोजिम भएकालाई जनाउँछः

(क) तौलमा ६० प्रतिशतभन्दा घटी नहुने गरी सिलिका (एसआईओ$_२$) को मात्रा भएको खनिज ऊन (मिनरल ऊल);

(ख) सिलीका (एसआईओ$_२$) को मात्रा ६० प्रतिशतभन्दा कम भएको तर अल्कालाइन अक्साइड (के$_२$ओ वा एनए$_२$ओ) को मात्रा तौलमा ५ प्रतिशतभन्दा बढी वा बोरिक अक्साइड (बी$_२$ओ$_३$) को मात्रा तौलमा २ प्रतिशतभन्दा बढी भएको खनिज ऊन।

माथिको विवरणसँग मेल नखाने खनिज ऊन शीर्षक ६८.०६ मा पर्दछ।

५. यस अनुसूचीभरि नै "काँच" भन्ने उक्तिले संगलित (फ्यूज्ड) काँचमणि (क्वार्ज) र अन्य सङ्गलित सिलिकालाई समेट्दछ।

उपशीर्षक द्रष्टव्यः

उपशीर्षक ७०१३.२२, ७०१३.३३, ७०१३.४१ र ७०१३.९१ का प्रयोजनका लागि "सिसा स्फटिक (लीड क्रिस्टल)" भन्ने उक्तिले लिड मोनोक्साइड (पीबीओ) को मात्रा तौलमा २४ प्रतिशत भएको काँचलाई मात्र जनाउँछ।

शीर्षक	उपशीर्षक	वस्तुको विवरण	पैठारी महसुल दर	
			सार्क मुलुकबाट	अन्य मुलुकबाट
१	२	३	४	५
७०.०१	७००१.००.००	**शीर्षक ८५.४९ को क्याथोड रे ट्युव वा अन्य सक्रिय पारिएको काँचका बाहेक टुटेफुटेको वा अवशिष्ट काँच र काँचको अन्य अवशेष र पत्रुहरू; खास प्रयोजनका लागि नबनाइएका काँचका ढिक्काहरू (ग्लास इन द मास)।**	६	१०
७०.०२		**परिष्कार नगरिएका (अनवर्क्ड) काँचका डल्लाहरू (शीर्षक ७०.१८ का माइक्रोस्फीअरहरू बाहेक), डण्डी वा नलीहरू।**		
	७००२.१०.००	-डल्ला (बल) हरू	६	१०
	७००२.२०.००	-डण्डी (रड) हरू	६	१०
		-नली (ट्युब) हरूः		
	७००२.३१.००	--पग्लेको स्फटिक वा अन्य पग्लेको सिलिकाको	६	१०
	७००२.३२.००	--०°से. देखि ३००° से. सम्मको तापको बीचमा ५x१०$^{-६}$ प्रति केल्भिनसम्मको विस्तारणको लिनियर कोफिसिएण्ट भएको अन्य काँच	६	१०
	७००२.३९.००	--अन्य	७.२५	१५
७०.०३		**अवशोषक, प्रतिविम्बीय वा अप्रतिविम्बीय तह (लेयर) भएको वा नभएको, पाता (सिट्स) वा प्रोफाइल को रूपमा भएको, अरू कुनै किसिमले परिष्कार नगरिएको, ढालेको काँच (काष्ट ग्लास) र वेल्लित काँच (रोल्ड ग्लास)।**		
		-तार रहित पाताः		

शीर्षक	उपशीर्षक	वस्तुको विवरण	पैठारी महसुल दर	
			सार्क मुलुकबाट	अन्य मुलुकबाट
१	२	३	४	५
	७००३.१२.००	--सम्पूर्ण रूपमा रङ्गाएको (बडी टिण्टेड्), अपारदर्शी पारिएको (ओपासिफाइड्), रङ्ग चढाइएको (फ्ल्यास्ड) वा अवशोषक, प्रतिविम्बीय वा अप्रतिविम्बीय तह (लेयर) भएको	३०	३०
	७००३.१९.००	--अन्य	३०	३०
	७००३.२०.००	-तारयुक्त पाता	३०	३०
	७००३.३०.००	-प्रोफाइल	३०	३०
७०.०४		**अवशोषक, प्रतिविम्बीय वा अप्रतिविम्बीय तह (लेयर) भएको वा नभएको, तर अरू कुनै किसिमले परिष्कार नगरिएको, पाता (शीट) को स्वरूपमा भएको, तन्काएर बनाइएको (ड्रन) काँच वा हावाफुकेर बनाइएको (ब्लोन) काँच।**		
	७००४.२०.००	-सम्पूर्ण रूपमा रङ्गाएको (बडी टिन्टेड्), अपारदर्शी पारिएको (ओपासिफाइड), रङ्ग चढाएको (फ्ल्यास्ड) वा अबशोषक, प्रतिविम्बीय वा अप्रतिविम्बीय तह (लेयर) भएको काँच	३०	३०
	७००४.९०.००	-अन्य काँच	३०	३०
७०.०५		**अवशोषक, प्रतिविम्बीय वा अप्रतिविम्बीय तह (लेयर) भएको वा नभएको, तर तर अरू कुनै किसिमले परिष्कार नगरिएको, पाता (शीट) को स्वरूपमा भएको तैऱ्याएर बनाएको (फ्लोट) काँच र सतहमा घोटेको (ग्राउण्ड) वा चम्काइएको (पोलिस्ड) काँच।**		
	७००५.१०.००	-अवशोषक, प्रतिविम्बीय वा अप्रतिविम्बीय तह (लेयर) भएको, तार-विहीन (नन-वायर्ड) काँच	३०	३०
		-अन्य तार-विहीन काँचः		
	७००५.२१.००	--सम्पूर्णतः रङ्गाएको (बडी टिण्टेड), अपारदर्शी, सतहमा रङ्गीन तह लगाइएको (फ्ल्यास्ड) वा केबल सतहमा घोटिएको (सर्फेस ग्राउण्ड)	३०	३०
	७००५.२९.००	--अन्य	३०	३०
	७००५.३०.००	-तारयुक्त काँच	३०	३०
७०.०६	७००६.००.००	**कुप्रिएको (बेन्ट), किनारा मिलाइएको (एज वर्क्ड), उत्कीर्णित (इनग्रेभ्ड), प्वाल पारेको (ड्रिल्ड), इनामेल लगाएको वा अन्य प्रकारले परिष्कार गरिएको तर अन्य पदार्थको फ्रेम नलगाएको वा अन्य पदार्थमा नजडिएको, शीर्षक ७०.०३, ७०.०४ वा ७०.०५ को काँच।**	३०	३०
७०.०७		**सुरक्षित काँच (सेफ्टी ग्लास), कडा (टफ) बनाएको (तापीय उपचार गरिएको वा टेम्पर्ड) वा पटलित (ल्यामिनेटेड) काँच मिलाइएका।**		
		-कडा बनाएको (तापीय उपचार गरिएको) सुरक्षित काँचः		
	७००७.११.००	--गाडी, वायुयान, अन्तरिक्षयान वा जलयानमा समावेशनका लागि उपयुक्त आकार र नापका	३०	३०

शीर्षक	उपशीर्षक	वस्तुको विवरण	पैठारी महसुल दर	
			सार्क मुलुकबाट	अन्य मुलुकबाट
१	२	३	४	५
	७००७.१९.००	--अन्य	३०	३०
		-पटलित सुरक्षित काँचः		
	७००७.२१.००	--गाडी, वायुयान, अन्तरिक्षयान वा जलयानमा समावेशनका लागि उपयुक्त आकार र नापका	३०	३०
	७००७.२९.००	--अन्य	३०	३०
७०.०८	७००८.००.००	**काँचको बहुभित्तीय अवरोधक एकाइ (मल्टिपल वाल्ड इन्सुलेटिङ्ग युनिट)।**	३०	३०
७०.०९		**फ्रेम भएको वा नभएको काँचको ऐना, पछाडिको दृश्य देखिने ऐना समेत।**		
	७००९.१०.००	-गाडीको पृष्ठदृश्य देखिने ऐना	३०	३०
		-अन्यः		
	७००९.९१.००	--फ्रेम नहालेको	३०	३०
	७००९.९२.००	--फ्रेम हालेको	३०	३०
७०.१०		**वस्तुको ओसारपसार वा प्याकिङ्ग गर्नमा प्रयोग हुने किसिमका काँचका कारब्वाय, बोतल, फ्ल्यास्क, जार, भाँडाकुँडा, साना सिसी (फायल), एम्पुल र अन्य कन्टेनरहरू; काँचका संरक्षण गर्ने (प्रिजर्भिङ्) जारहरू; काँचका ठेडी, बुजो, ढक्कन र बन्द गर्ने अन्य बिर्कोहरू।**		
	७०१०.१०.००	-एम्पुलहरू	५	५
	७०१०.२०.००	-ठेडी, बुजो, ढक्कन र बन्द गर्ने अन्य बिर्कोहरू	७.२५	१५
	७०१०.९०.००	-अन्य	७.२५	१५
७०.११		**काँचका आवरण वा खोलहरू (चिम र ट्युब समेत), मुख (ओपन), र तिनका काँचका पार्टपुर्जाहरू, जडान बिनाका, विद्युतीय बत्ती र प्रकाशका स्रोत, क्याथोड-रे ट्युब र यस्तै वस्तुहरूका लागि।**		
	७०११.१०.००	-विद्युतीय प्रकाशका लागि	६	१०
	७०११.२०.००	-क्याथोड-रे ट्युबका लागि	७.२५	१५
	७०११.९०.००	-अन्य	७.२५	१५
[७०.१२]				
७०.१३		**टेबुल, भान्सा, शौचालय, कार्यालय, भित्री सजावट वा यस्तै प्रयोजनमा प्रयोग हुने प्रकारका काँचका सामानहरू, (शीर्षक ७०.१० वा ७०.१८ का बाहेकका)।**		
	७०१३.१०.००	-काँच-सेरामिक्सको	२०	२०
		-समाउने डाँठ भएका (स्टीमवेयर) पिउने कामका ग्लासहरू, काँच-सेरामिक बाहेकको:		
	७०१३.२२.००	--लिड-क्रिस्टलको	२०	२०
	७०१३.२८.००	--अन्य	२०	२०

शीर्षक	उपशीर्षक	वस्तुको विवरण	पैठारी महसुल दर	
			सार्क मुलुकबाट	अन्य मुलुकबाट
१	२	३	४	५
		-पिउने कामका ग्लासहरू, काँच-सेरामिक बाहेकको:		
	७०१३.३३.००	--लिड-क्रिष्टलको	२०	२०
	७०१३.३७.००	--अन्य	२०	२०
		-टेबुलमा प्रयोग हुने किसिमका (पिउने कामका काँचका ग्लासहरू बाहेक) वा भान्छाको काममा प्रयोग हुने काँचका सामानहरू, काँच-सेरामिक बाहेकको		
	७०१३.४१.००	--लिड-क्रिष्टलको	२०	२०
	७०१३.४२.००	--०० से. देखि ३००० से. सम्मको तापको बीचमा ५x१०-६ प्रति केल्भिन सम्मको विस्तारको लिनियर कोफिसियण्ट भएको अन्य काँचको	२०	२०
	७०१३.४९.००	--अन्य	२०	२०
		-अन्य काँचका सामानहरु:		
	७०१३.९१.००	--लिड-क्रिष्टलको	२०	२०
	७०१३.९९.००	--अन्य	२०	२०
७०.१४	७०१४.००.००	**काँचका सूचक सामानहरू (सिग्नलिङ्ग ग्लासवेयर) र काँचका चाक्षुष तत्त्व सम्बन्धी सामानहरू (शीर्षक ७०.१५ बाहेकका), चश्माका लागि नबनाइएका।**	५	५
७०.१५		**घडी (क्लक) वा नाडी घडी (वाच) का काँचहरू र यस्तै काँचहरू, दृष्टि सुधार नहुने वा सुधार हुने चश्मामा प्रयोग हुने काँचहरू, बङ्ग्याएको, निहुराएको, खोक्रो पारेको वा यस्तै किसिमको, चश्मा सम्बन्धी काम नगरेको; यस्ता काँचहरू बनाउने कामका लागि काँचका खोक्रो गोलकण र तिनका अनुभागहरू।**		
	७०१५.१०.००	-दृष्टि सुधार्न सकिने चश्माको प्रयोगका काँचहरू	५	५
	७०१५.९०.००	-अन्य	५	५
७०.१६		**निर्माण प्रयोजनमा प्रयोग हुने खालका, तारयुक्त वा तार रहित, संपीड्य वा ढालेको (प्रेस्ड वा मोल्डेड) काँचका भुई छाप्ने ब्लकहरू, स्ल्याबहरू, इँटाहरू, वर्गाकार टुक्राहरू, टायलहरू र अन्य सामानहरू; पृष्ठाधार (ब्याकिङ्ग) भएका वा नभएका मोज्याक वा यस्तै सजावटको काममा प्रयोग हुने काँचका क्यूब र काँचका स-साना सामानहरू; लिडेड लाइट्स र यस्तै वस्तुहरू; बहुकोषीय वा फोम ग्याँसका ब्लक, प्यानेल, प्लेट, शेल वा यस्तै रूपमा।**		
	७०१६.१०.००	-पृष्ठाधार (ब्याकिङ्ग) भएका वा नभएका मोज्याक वा यस्तै सजावटको काममा प्रयोग हुने काँचका क्यूब र काँचका स-साना सामानहरू	७.२५	१५
	७०१६.९०.००	-अन्य	७.२५	१५

कानून, न्याय संसदीय मामिला मन्त्रालय

शीर्षक	उपशीर्षक	वस्तुको विवरण	पैठारी महसुल दर	
			सार्क मुलुकबाट	अन्य मुलुकबाट
१	२	३	४	५
७०.१७		**प्रयोगशाला, स्वच्छता (हाइजेनिक) वा औषधीय प्रयोजनका सामान, चिनो वा अंशाङ्कन गरिएको वा नगरिएको।**		
	७०१७.१०.००	-पगालिएको क्वार्ज वा अन्य पगालिएको सिलिकाको	माफी	माफी
	७०१७.२०.००	-० डिग्री से. देखि ३०० डिग्री से. सम्मको तापको बीचमा ५x१०$^{-६}$ प्रति केल्भिनसम्मको विस्तारको लिनियर कोफिसियन्ट भएको अन्य काँचको	५	५
	७०१७.९०.००	-अन्य	५	५
७०.१८		**काँचको पोते, नक्कली मोती, बहुमूल्य वा अर्धबहुमूल्य नक्कली पत्थर र यस्तै काँचका साना सामानहरू र नक्कली गहना बाहेकका त्यसबाट बनेका सामानहरू; प्रोष्थेटिक (कृत्रिम अङ्ग स्थापन विषयक) सामान बाहेकका काँचका आँखाहरू; नक्कली गहना बाहेक मूर्तिहरू र अन्य ल्याम्प-वर्क्ड (बत्तीको ज्वाला प्रयोग गरेर तयार गरिने) काँचका आलङ्कारिक सामानहरू; १ मि.मि. ब्यास ननाघेका काँचको सूक्ष्मगोलकण (माइक्रोस्फेयर) हरू।**		
		-काँचको पोते, नक्कली मोती, बहुमूल्य वा अर्धबहुमूल्य नक्कली पत्थर र यस्तै काँचका साना सामानहरुः		
	७०१८.१०.१०	---चुरा, टीका, टिकुली	माफी	माफी
	७०१८.१०.२०	---पोते	९.५	१५
	७०१८.१०.९०	---अन्य	९.५	१५
	७०१८.२०.००	-१ मि.मि. ब्यास ननाघेको काँचको सूक्ष्मगोलकण (माइक्रोस्फेयर) हरू	९.५	१५
		-अन्यः		
	७०१८.९०.१०	---काँचका मूर्ति र आलङ्कारिक सामानहरू	९.५	२०
	७०१८.९०.९०	---अन्य	९.५	२०
७०.१९		**काँचका रेशाहरू (काँचको ऊन समेत) र तिनका सामानहरू (जस्तै-धागो, पिउरीमुठा (रोभिङ्ग) हरू, तानमा बुनिएका कपडाहरू)।**		
		-सूक्ष्म रेशाहरू (स्लिभर्स), पिउरीमुठा (रोभिङ्स), धागो (यार्न) र टुक्र्याइएका एकल रेशा (चप्ड स्ट्राण्ड्स) र तिनका चकटी (म्याट) हरूः		
	७०१९.११.००	--५० मि.मि. भन्दा बढी लम्बाइ नभएका टुक्र्याइएका एकल रेशा (चप्ड स्ट्राण्ड्स)	५	१०
	७०१९.१२.००	--पिउरीमुठा (रोभिङ्स्)	५	१०
	७०१९.१३.००	--अन्य धागो, सूक्ष्म रेशाहरू (स्लिभर्स्)	५	१०
	७०१९.१४.००	--यान्त्रिक विधिद्वारा बन्धित (बण्डेड) चकटी (म्याट) हरू	६	१०
	७०१९.१५.००	--रासायनिक पदार्थद्वारा बन्धित (बण्डेड) चकटी (म्याट) हरू	६	१०

शीर्षक	उपशीर्षक	वस्तुको विवरण	पैठारी महसुल दर	
			सार्क मुलुकबाट	अन्य मुलुकबाट
१	२	३	४	५
	७०१९.१९.००	--अन्य	६	१०
		-यन्त्रद्वारा बन्धित कपडाहरूः		
	७०१९.६१.००	--पिउरीमुठा (रोभिङ्स्) का कसिलो बुनोट गरी तानमा बुनिएका कपडाहरू	६	१०
	७०१९.६२.००	--पिउरीमुठा (रोभिङ्स्) का कसिलो बुनोट भएका अन्य कपडाहरू	६	१०
	७०१९.६३.००	--धागोका, सादा बुनोट भएका, कसिलो बुनोट गरी तानमा बुनिएका, अलेपित वा अपटलित कपडाहरू	६	१०
	७०१९.६४.००	--धागोका, सादा बुनोट भएका, कसिलो गरी तानमा बुनिएका, लेपित वा पटलित कपडाहरू	६	१०
	७०१९.६५.००	--चौडाइ ३० से.मि. ननाघेका खुकुलो बुनोट गरी तानमा बुनिएका कपडाहरू	६	१०
	७०१९.६६.००	--चौडाइ ३० से.मि. नाघेका खुकुलो बुनोट गरी तानमा बुनिएका कपडाहरू	६	१०
	७०१९.६९.००	--अन्य	६	१०
		-रासायनिक विधिद्वारा बन्धित कपडाहरूः		
	७०१९.७१.००	--शिर र अनुहार ढाक्ने कपडा (भेल) हरू (पातला शीटहरू)	६	१०
	७०१९.७२.००	--अन्य कसिलो बुनोट भएका कपडाहरू	६	१०
	७०१९.७३.००	--अन्य खुकुलो बुनोट भएका कपडाहरू	६	१०
	७०१९.८०.००	-काँचको ऊन र काँचको ऊनका सामानहरू	६	१०
	७०१९.९०.००	-अन्य	६	१०
७०.२०	७०२०.००.००	**काँचका अन्य सामानहरू।**	२०	२०

कानून , न्याय संसदीय मामिला मन्त्रालय

परिच्छेद १४

प्राकृतिक वा सम्बर्धित मोती, बहुमूल्य वा अर्धबहुमूल्य पत्थरहरू, बहुमूल्य धातुहरू, बहुमूल्य धातुको आवरण चढाएका धातुहरू र तिनीहरूबाट बनेका वस्तुहरू; नक्कली गहना (इमिटेशन ज्वेलरी); सिक्का (क्वाइन)

भाग ७१

प्राकृतिक वा सम्बर्धित मोती, बहुमूल्य वा अर्धबहुमूल्य पत्थरहरू, बहुमूल्य धातुहरू, बहुमूल्य धातुको आवरण चढाएका धातुहरू र तिनीहरूबाट बनेका वस्तुहरू; नक्कली गहना (इमिटेशन ज्वेलरी); सिक्का (क्वाइन)

द्रष्टव्यहरूः

१. परिच्छेद ६ को द्रष्टव्य १ (क) को अधीनमा रही तथा तल व्यवस्था भए अनुसार बाहेक पूर्णतः वा अंशतः देहाय बमोजिमका वस्तु मिलेर बनेका वस्तुहरुः

(क) प्राकृतिक वा सम्बर्धित मोतीका वा बहुमूल्य वा अर्धबहुमूल्य पत्थर (प्राकृतिक, संश्लेषित वा पुनर्निर्मित) का, वा

(ख) बहुमूल्य धातु वा बहुमूल्य धातुको आवरण चढेको (क्ल्याड्) धातु, यस भागमा वर्गीकरण गरिनेछन्।

२. (क) बहुमूल्य धातु वा बहुमूल्य धातुको आवरण चढेको धातुको अल्प वा गौण अवयवी (कन्स्टिच्यूएण्ट) मात्र भएका वस्तुहरू, जस्तै लघु जडान सामग्री (फिटिंग्स) वा लघु अलङ्करण (उदाहरणको लागि, गुम्फाक्षर (मोनोग्राम), फेरुल (लट्टी, बिँड खम्बा आदिको टुप्पोमा बलियो पार्नको लागि जडान गरिने धातुको मुन्द्री, नलिका, टोपी) र पाइग्रा आदिको घेरा (रिम) हरूलाई, शीर्षक ७१.१३, ७१.१४ र ७१.१५ ले समावेश गर्दैनन्। र माथिको द्रष्टव्यको अनुच्छेद (ख) यस्ता वस्तुका हकमा लागू हुँदैन।•

(ख) शीर्षक ७१.१६ ले बहुमूल्य धातु वा बहुमूल्य धातुको आवरण चढाइएको धातु भएको वस्तुहरू (लघु अवयवी (माइनर कन्स्टिच्यूएण्ट्स) बाहेक) लाई समावेश गर्दैन।

३. यस भागमा नपर्नेः

(क) बहुमूल्य धातु वा मिश्रित (कोलायडल) बहुमूल्य धातुहरूको मिश्रण (अमालगम) हरू, (शीर्षक २८.४३);

(ख) भाग ३० का विसंक्रमित (स्टेराइल) शल्यचिकित्साका सिउनी-सन्धि (स्युचर) का पदार्थहरू, दन्त पूरक (डेन्टल फिलिङ्ग) हरू वा अन्य वस्तुहरू;

(ग) भाग ३२ का सामानहरू (उदाहरणको लागि, चमक (लस्टर));

(घ) समर्थित उत्प्रेरकहरू (सपोर्टेड् क्याटालिष्ट्स) (शीर्षक ३८.१५);

(ङ) भाग ४२ को द्रष्टव्य ३(ख) मा उल्लेख भएका शीर्षक ४२.०२ वा ४२.०३ का वस्तुहरू;

(च) शीर्षक ४३.०३ वा ४३.०४ का वस्तुहरू;

(छ) परिच्छेद ११ का सामानहरू (कपडा र कपडा पदार्थका वस्तुहरू);

(ज) भाग ६४ वा ६५ का पाउपोश, शिरपोश वा अन्य वस्तुहरू;

(झ) भाग ६६ का छाताहरू, टेक्ने लट्टीहरू वा अन्य वस्तुहरू;

(ञ) बहुमूल्य वा अर्धबहुमूल्य पत्थर (प्राकृतिक वा संश्लेषित) को धुलो वा चूर्ण भएको शीर्षक ६८.०४ वा ६८.०५ वा भाग ८२ को अपघर्षक (एब्रेसिभ) सामानहरू; बहुमूल्य पत्थर वा अर्धबहुमूल्य पत्थर

• माथि अण्डरलाइन गरिएको द्रष्टव्यको अंशले ऐच्छिक वाक्यांश जनाउँछ।

(प्राकृतिक, संश्लेषित वा पुनर्निर्मित) का काम गर्ने अङ्ग भएका भाग ८२ का वस्तुहरू; परिच्छेद १६ का यन्त्र, यान्त्रिक उपकरणहरू वा वैद्युतिक सामानहरू वा तिनका पार्टपुर्जाहरू। तर प्रशुक (स्टाइलस) हरूको लागि, तयार गरिएका (वक्रड), नजडिएका (अनमाउण्टेड्) नीलम (स्याफिएर) हरू र हीरा (डायमण्ड) हरू (शीर्षक ८५.२२) बाहेक, पूर्णत बहुमूल्य वा अर्धबहुमूल्य पत्थरहरू (प्राकृतिक, संश्लेषित वा पुनर्निर्मित) यस भागमा वर्गीकरण भएर रहन्छन्;

(ट) भाग ९०, ९१ वा ९२ का वस्तुहरू (वैज्ञानिक औजारहरू, घडीहरू, वाद्ययन्त्रहरू);

(ठ) हातहतियार र तिनका पार्टपुर्जाहरू (पार्टस्) (भाग ९३);

(ड) भाग ९५ को द्रष्टव्य २ ले समावेश गरेका वस्तुहरू;

(ढ) भाग ९६ को द्रष्टव्य ४ को कारणले त्यस भाग (भाग ९६) मा वर्गीकरण गरिएका वस्तुहरू; वा

(ण) प्राकृतिक वा सम्बर्धित मोती वा बहुमूल्य वा अर्धबहुमूल्य पत्थरहरू बाहेक मौलिक (ओरिजिनल) मूर्तिकलाका वस्तुहरू (स्कल्पचर वा स्टयाच्यूअरी) (शीर्षक ९७.०३), सङ्ग्रहकर्ताका सङ्ग्रहणीय वस्तुहरू (कलेक्टर्स पिसेस) (शीर्षक ९७.०५), वा एक सय वर्षभन्दा पुरानो पुरातात्त्विक वस्तुहरू (एन्टिक) (शीर्षक ९७.०६)।

४. (क) "बहुमूल्य धातु" भन्ने उक्तिले चाँदी, सुन र प्लाटिनमलाई जनाउँछ।

(ख) "प्लाटिनम" भन्ने उक्तिले प्लाटिनम, इरिडियम, ओस्मियम, प्यालेडियम, रोडियम र रुथेनियमलाई जनाउँछ।

(ग) "बहुमूल्य वा अर्धबहुमूल्य पत्थर" भन्ने उक्तिले भाग ९६ को द्रष्टव्य २(ख) मा उल्लेख भएका कुनै पनि तत्त्वलाई समावेश गर्दैन।

५. यस भागको प्रयोजनका लागि बहुमूल्य धातु भएको कुनै पनि मिश्रधातु (संपुञ्जित मिश्रण वा अन्तरधात्विक यौगिक समेत) लाई, मिश्रधातुको तौलको २ प्रतिशतसम्म कुनै बहुमूल्य धातु मिसिएको छ भने, बहुमूल्य धातुको मिश्रधातु (एल्वाय) सरह मान्नु पर्दछ। बहुमूल्य धातुको मिश्रधातु (एल्वाय) लाई देहायका नियमहरू अनुसार वर्गीकरण गरिनु पर्दछः

(क) तौलमा २ प्रतिशत वा सोभन्दा बढी प्लाटिनम भएको मिश्रधातुलाई प्लाटिनमको मिश्रधातु मान्नु पर्दछ;

(ख) तौलमा २ प्रतिशत वा सोभन्दा बढी सुन भएको तर प्लाटिनम नभएको वा भए पनि तौलको २ प्रतिशतभन्दा कम प्लाटिनम भएको मिश्रधातुलाई सुनको मिश्रधातु मान्नु पर्दछ;

(ग) तौलमा २ प्रतिशत वा सोभन्दा बढी चाँदी भएका अन्य मिश्रधातुहरूलाई चाँदीको मिश्रधातु मान्नु पर्दछ।

६. प्रसङ्गले अन्यथा व्यवस्था गरेकोमा बाहेक, यस अनुसूचीमा बहुमूल्य धातु वा कुनै खास बहुमूल्य धातुको उल्लेखले माथि द्रष्टव्य ५ का नियमहरू अनुसार बहुमूल्य धातु वा कुनै खास बहुमूल्य धातुको मिश्रधातुको उल्लेखलाई समावेश गरेको मान्नु पर्दछ, तर यस्तो उल्लेखले बहुमूल्य धातुको आवरण चढाइएको धातु वा बहुमूल्य धातुको पानी चढाइएको आधारभूत धातु (बेस मेटल) वा गैह्र धातु (नन्-मेटल) लाई भने समावेश गर्दैन।

७. यस अनुसूचीभरि नै "बहुमूल्य धातुको आवरण चढाएको धातु" भन्ने उक्ति धातुको आधारमा बनेको र सो धातुको एक वा बढी सतहमा सोल्डरिङ्ग, ब्रेजिङ्ग, वेल्डिङ्ग, हट-रोलिङ्ग वा यस्तै यान्त्रिक साधनद्वारा बहुमूल्य धातुको खोल (कभरिङ्ग) जडेर बनाइएका पदार्थहरूलाई जनाउँछ। प्रसङ्गले अन्यथा व्यवस्था गरेकोमा बाहेक यस उक्तिले बहुमूल्य धातुले मोहोरिएका (इनलेड) आधारभूत धातु (बेसमेटल) लाई समेत समावेश गर्दछ।

८. परिच्छेद ६ को द्रष्टव्य १(क) को अधीनमा रही शीर्षक ७१.१२ मा भएको विवरणसँग मिल्ने सामानहरू त्यस शीर्षकमै वर्गीकरण गरिनेछन् र यस अनुसूचीका अन्य कुनै शीर्षकमा वर्गीकरण गरिने छैनन्।

९. शीर्षक ७१.१३ को प्रयोजनको लागि "गरगहनाका वस्तुहरू" (आर्टिकल्स अफ ज्वेलरी) भन्ने उक्तिले देहाय बमोजिमका वस्तुहरूलाई जनाउँछः

(क) व्यक्तिगत शोभा वा सजावटको कुनै पनि सानो वस्तु (उदाहरणको लागि, औँठी, बाला, कण्ठहार (नेकलेस) ब्रोचेज, मुन्द्री, घडीको चेन, फौब (खल्तीमा राख्ने घडीको सिक्री), पेण्डेन्ट, टाइ-पिन, कफ-लिंक्स, ड्रेस-स्टड, धार्मिक वा अन्य पदक र चिन्ह (इनसिग्निया) हरू; र

(ख) खल्तीमा, हातेझोलामा वा शरीरमै सामान्यतया धारण गरिने व्यक्तिगत प्रयोगका वस्तुहरू (जस्तै सिगार वा चुरोटको बट्टा, नशको बट्टा, कत्था वा चक्की (पिल) को बट्टा, पाउडरको बट्टा, सिक्रीको थैली वा जप्ने माला (प्रेयर बिड्स)।

यी वस्तुहरू प्राकृतिक वा सम्बर्धित मोती, बहुमूल्य वा अर्धबहुमूल्य पत्थर, कृत्रिम वा पुनर्निर्मित बहुमूल्य वा अर्धबहुमूल्य पत्थर, कछुवाको खबटा, सिपी, हस्तीहाड, प्राकृतिक वा पुनर्निर्मित तृणमणि (एम्बर), कालो पत्थर (जेट) वा मुगा जस्ता वस्तुहरूसँग जडित हुन सक्दछन्।

१०. शीर्षक ७१.१४ को प्रयोजनको लागि "स्वर्णकारले बनाएका वा रजतकारले बनाएका वस्तुहरू" (आर्टिकल्स अफ गोल्डस्मीथ अर सिलभरस्मिथ्स वेयर्स) भन्ने उक्तिले आभूषणहरू, टेबलवेयर (भोजनका लागि प्रयोग गरिने प्लेटहरू, वाउलहरू, काँटाहरू आदि जस्ता सामान), स्नानगारका सामानहरू (ट्वाइलटवेयर), धूम्रपानकर्ताहरूको आवश्यक सामानहरू र गृहस्थ, कार्यालय वा धार्मिक प्रयोजनका वस्तुहरूलाई जनाउँदछ।

११. शीर्षक ७१.१७ को प्रयोजनको लागि "नक्कली गहना" (इमिटेशन ज्वेलरी) भन्ने उक्तिले माथिको द्रष्टव्य ९ को खण्ड (क) को तात्पर्य अन्तर्गतका गहनाका वस्तुहरूलाई जनाउँछ (तर यसमा टाँकहरू वा शीर्षक ९६.०६ का अन्य वस्तुहरू, वा शीर्षक ९६.१५ का ड्रेस-कम्ब, हेयर-स्लाइड् वा यस्तै वस्तुहरू, र हेयर-पिन समावेश हुँदैनन्)। प्राकृतिक वा सम्बर्धित मोती, बहुमूल्य वा अर्धबहुमूल्य पत्थरहरू (प्राकृतिक, संश्लेषित वा पुनर्निर्मित) र (जलप लगाएको वा गौण मात्रामा रहेको बाहेक) बहुमूल्य धातु वा बहुमूल्य धातुले मोहोरेको धातु पनि यसमा समावेश हुँदैनन्।

उपशीर्षक द्रष्टव्यहरूः

१. उपशीर्षकहरू ७१०६.१०, ७१०८.११, ७११०.११, ७११०.२१, ७११०.३१ र ७११०.४१ का प्रयोजनको लागि "चूर्ण" (पाउडर) र "चूर्णको रूपमा" (इन पाउडर फर्म) भन्ने उक्तिहरूले ०.५ मिमि को छिद्र (प्वाल) भएको जालीयुक्त चाल्नोबाट तौलको ९० प्रतिशत वा सोभन्दा बढी छिर्ने खालका उत्पादनहरूलाई जनाउँछन्।

२. यस भागको द्रष्टव्य ४ (ख) मा जस्तोसुकै व्यवस्था भएको भए तापनि उपशीर्षकहरू ७११०.११ र ७११०.१९ को प्रयोजनका लागि "प्लाटिनम" शब्दले इरिडियम, ओस्मियम, पैलेडियम, रोडियम वा रुथेनियमलाई जनाउँदैन।

३. शीर्षक ७१.१० का उपशीर्षकहरूमा मिश्रधातुको वर्गीकरण गर्नको लागि प्रत्येक मिश्रधातुलाई त्यस्ता धातु, प्लाटिनम, पैलेडियम, रोडियम, इरिडियम, ओस्मियम वा रुथेनियम मध्ये तौलमा अरूकोभन्दा आधिक्यता भएको धातुसँग वर्गीकरण गरिनु पर्दछ।

शीर्षक	उपशीर्षक	वस्तुको विवरण	पैठारी महसुल दर

			सार्क मुलुकबाट	अन्य मुलुकबाट
१	२	३	४	५
		१.- प्राकृतिक वा सम्बर्धित (कल्चर्ड) मोती र बहुमूल्य वा अर्धबहुमूल्य पत्थरहरू		
७१.०१		**परिष्कार गरिएको वा नगरिएको वा स्तर छुट्याएको वा नछुट्याएको तर नउनेको, नजडिएको वा सेटमा नराखिएको, प्राकृतिक वा सम्बर्धित मोती; परिवहनको सुविधाका लागि अस्थायी रूपमा उनेको प्राकृतिक वा सम्बर्धित मोती।**		
	७१०१.१०.००	-प्राकृतिक मोतीहरू	१	१
		-सम्बर्धित मोतीहरूः		
	७१०१.२१.००	--परिष्कार नगरिएको	१	१
	७१०१.२२.००	--परिष्कार गरिएको	१	१
७१.०२		**परिष्कार गरिएको वा नगरिएको, तर नजडेको वा सेटमा नराखिएको हीरा।**		
	७१०२.१०.००	-किसिम नछुट्याइएको	१	१
		-ओद्योगिकः		
	७१०२.२१.००	--परिष्कार नगरिएको वा सामान्य चिरेको, फुटाएको वा आकार दिएको	१	१
	७१०२.२९.००	--अन्य	१	१
		-गैरऔद्योगिक		
	७१०२.३१.००	--परिष्कार नगरिएको वा सामान्य चिरेको, फुटाएको वा आकार दिएको	१	१
	७१०२.३९.००	--अन्य	१	१
७१.०३		**परिष्कार गरिएको वा नगरिएको वा स्तर छुट्याएको वा नछुट्याएको तर नउनेको, नजडिएको वा सेटमा नराखिएको, बहुमूल्य पत्थर (हीरा बाहेक); परिवहनको सुविधाका लागि अस्थायी रूपमा उनेको, स्तर नछुट्याएको बहुमूल्य पत्थर (हीरा बाहेक) र अर्धबहुमूल्य पत्थरहरू।**		
	७१०३.१०.००	-परिष्कार नगरिएको वा सामान्य रूपमा चिरेको वा खस्रो आकारको	१	१
		-अरू किसिमले परिष्कार गरिएको		
	७१०३.९१.००	--लालमणि (रुबी), नीलम (स्याफायर) र पन्ना (इमेरल्ड)	१	१
	७१०३.९९.००	--अन्य	१	१
७१.०४		**परिष्कार गरिएको वा नगरिएको वा स्तर छुट्याएको वा नछुट्याएको तर नउनेको, नजडिएको वा सेटमा नराखिएको, संश्लेषित वा पुनर्निर्मित बहुमूल्य वा अर्धबहुमूल्य पत्थरहरू; स्तर नछुट्याएको परिवहनको सुविधाका लागि अस्थायी रूपमा उनेको, संश्लेषित वा पुनर्निर्मित बहुमूल्य वा अर्धबहुमूल्य पत्थरहरू।**		
	७१०४.१०.००	-पाइजो-इलेट्रिक क्वार्ज	१	१

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

शीर्षक	उपशीर्षक	वस्तुको विवरण	पैठारी महसुल दर	
			सार्क मुलुकबाट	अन्य मुलुकबाट
१	२	३	४	५
		-अन्य, परिष्कार नगरिएका वा सामान्य चिरेका वा खस्रो आकारका:		
	७१०४.२१.००	--हिरा	१	१
	७१०४.२९.००	--अन्य	१०	१०
		-अन्य:		
	७१०४.९१.००	--हिरा	१	१
	७१०४.९९.००	--अन्य	१०	१०
७१.०५		**प्राकृतिक वा संश्लेषित बहुमूल्य वा अर्धबहुमूल्य पत्थरको धुलो र चूर्ण।**		
	७१०५.१०.००	-हीराको	६	१०
	७१०५.९०.००	-अन्य	६	१०
		२.- बहुमूल्य धातुहरू र बहुमूल्य धातुले ढाकिएको धातु (मेटल्स क्ल्याड)		
७१.०६		**अपरिष्कृत (अनरुट) वा अर्धनिर्मित स्वरूपको वा धुलो स्वरूपको चाँदी (सुनको वा प्लाटिनमको जलप लगाइएको चाँदी समेत)।**		
	७१०६.१०.००	-धुलो	१५	१५
		-अन्य:		
	७१०६.९१.००	--अपरिष्कृत	१५	१५
	७१०६.९२.००	--अर्धनिर्मित	१५	१५
७१.०७	**७१०७.००.००**	**अर्धतयारीभन्दा अरू बढी काम नगरिएका, चाँदीले ढाकिएका आधारभूत धातुहरू।**	६	१०
७१.०८		**अपरिष्कृत वा अर्धनिर्मित रूपका वा धुलो रूपका सुन (प्लाटिनमको जलप लगाएको सुन समेत)।**		
		-अमौद्रिक:		
	७१०८.११.००	--धुलो	२०	२०
	७१०८.१२.००	--अन्य अपरिष्कृत रूपको	२०	२०
	७१०८.१३.००	--अन्य अर्धनिर्मित रूपको	२०	२०
	७१०८.२०.००	-मौद्रिक	२०	२०
७१.०९	७१०९.००.००	**अर्धनिर्मितभन्दा बढी काम नगरेका, सुनले ढाकिएका आधारभूत धातुहरू वा चाँदी।**	६	१०
७१.१०		**अपरिष्कृत वा अर्धनिर्मित रूपको वा धुलो रूपको प्लाटिनम।**		
		-प्लाटिनम:		
	७११०.११.००	--अपरिष्कृत वा धुलो रूपको	६	१०
	७११०.१९.००	--अन्य	६	१०
		-प्यालेडियम:		
	७११०.२१.००	--अपरिष्कृत वा धुलो रूपको	६	१०
	७११०.२९.००	--अन्य	६	१०

शीर्षक	उपशीर्षक	वस्तुको विवरण	पैठारी महसुल दर	
			सार्क मुलुकबाट	अन्य मुलुकबाट
१	२	३	४	५
		-रोडियमः		
	७११०.३१.००	--अपरिष्कृत वा धुलो रूपको	६	१०
	७११०.३९.००	--अन्य	६	१०
		-इरिडियम, अस्मियम र रुथेनियमः		
	७११०.४१.००	--अपरिष्कृत वा धुलो रूपको	६	१०
	७११०.४९.००	--अन्य	६	१०
७१.११	७१११.००.००	**अर्धनिर्मितभन्दा बढी काम नगरेको प्लाटिनमले ढाकिएको आधारभूत धातु, चाँदी वा सुन।**	६	१०
७१.१२		**बहुमूल्य धातुको वा बहुमूल्य धातुले ढाकिएको धातुको अवशेष र पत्रु; शीर्षक ८५.४९ का वस्तुहरू बाहेकका, मूलतः बहुमूल्य धातु पुनर्प्राप्ति (रिकभरी) निमित्त प्रयोग हुने खालका, बहुमूल्य धातु वा बहुमूल्य धातुका यौगिकहरू (कम्पाउण्ड्स) भएका अन्य अवशेष र पत्रुहरू।**		
	७११२.३०.००	-बहुमूल्य धातु वा बहुमूल्य धातुको यौगिकहरू भएको खरानी	६	१०
		-अन्यः		
	७११२.९१.००	--सुनको, सुनले ढाकेको धातुको समेत, तर अन्य बहुमूल्य धातुहरू भएको कसिङ्गर (स्वीपिङ्ग) बाहेक	६	१०
	७११२.९२.००	--प्लाटिनमको, प्लाटिनमले ढाकेको धातुको समेत, तर अन्य बहुमूल्य धातुहरू भएको कसिङ्गर (स्वीपिङ्ग) बाहेक	६	१०
	७११२.९९.००	--अन्य	६	१०
		३.- गरगहना, सुन वा चाँदीका सामान बनाउने बांडाले तयार गरेका सामानहरू र अन्य सामानहरू		
७१.१३		**बहुमूल्य धातुको वा बहुमूल्य धातुले ढाकिएको धातुको गरगहनाका सामानहरू र तिनका पार्टपुर्जाहरू।**		
		-बहुमूल्य धातुको, बहुमूल्य धातुको जलप लगाएको वा नलगाएको वा बहुमूल्य धातुले ढाकिएको वा नढाकिएकोः		
	७११३.११.००	--चाँदीको, अन्य बहुमूल्य धातुको जलप लगाएको वा नलगाएको वा बहुमूल्य धातुले ढाकिएको वा नढाकिएको	९.५	३०
		--अन्य बहुमूल्य धातुको, बहुमूल्य धातुको जलप लगाएको वा नलगाएको वा बहुमूल्य धातुले ढाकिएको वा नढाकिएकोः		
	७११३.१९.१०	---सुनको	९.५	१५
	७११३.१९.९०	---अन्य बहुमूल्य धातुको	९.५	१५
	७११३.२०.००	-आधारभूत धातुको, बहुमूल्य धातुले ढाकिएको	९.५	३०
७१.१४		**बहुमूल्य धातुको वा बहुमूल्य धातुले ढाकिएको धातुको, स्वर्णकारले वा रजतकारले बनाएका वस्तुहरू र तिनका पार्टपुर्जाहरू।**		

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

शीर्षक	उपशीर्षक	वस्तुको विवरण	पैठारी महसुल दर	
			सार्क मुलुकबाट	अन्य मुलुकबाट
१	२	३	४	५
		-बहुमूल्य धातुको, बहुमूल्य धातुको जलप लगाएको वा नलगाएको वा बहुमूल्य धातुले ढाकिएको वा नढाकिएकोः		
	७११४.११.००	--चाँदीको, अन्य बहुमूल्य धातुको जलप लगाएको वा नलगाएको वा बहुमूल्य धातुले ढाकिएको वा नढाकिएको	६	१०
	७११४.१९.००	--अन्य बहुमूल्य धातुको, बहुमूल्य धातुको जलप लगाएको वा नलगाएको वा बहुमूल्य धातुले ढाकिएको वा नढाकिएको	६	१०
	७११४.२०.००	-आधारभूत धातुको, बहुमूल्य धातुले ढाकिएको	६	१०
७१.१५		**बहुमूल्य धातुका वा बहुमूल्य धातुले ढाकिएको धातुका अन्य सामानहरू।**		
	७११५.१०.००	-तार जाली (वायर क्लोथ) वा ग्रीलको रूपमा रहेको प्लाटिनमको उत्प्रेरक (क्याटालिष्ट)	६	१०
	७११५.९०.००	-अन्य	६	१०
७१.१६		**प्राकृतिक वा सम्बर्धित मोती, बहुमूल्य वा अर्धबहुमूल्य पत्थर (प्राकृतिक, संश्लेषित, पुनर्निर्मित) का सामानहरू।**		
	७११६.१०.००	-प्राकृतिक वा सम्बर्धित मोतीको	७.२५	१०
	७११६.२०.००	-बहुमूल्य वा अर्धबहुमूल्य (प्राकृतिक, संश्लेषित वा पुननिर्मित) पत्थरको	७.२५	१०
७१.१७		**नक्कली गहना।**		
		-आधारभूत धातुको, बहुमूल्य धातुको जलप लगाएको वा नलगाएकोः		
	७११७.११.००	--बाहुलाको टाँक र टाँकहरू (कफलिङ्क र स्टड)	७.२५	१०
	७११७.१९.००	--अन्य	७.२५	१०
	७११७.९०.००	-अन्य	७.२५	१०
७१.१८		**सिक्का।**		
	७११८.१०.००	-कानूनी मान्यता प्राप्त नभएको सिक्का (सुनको सिक्का बाहेक)	७.२५	१०
	७११८.९०.००	-अन्य	७.२५	१०

कानून, न्याय तथा संसदीय सामिला मन्त्रालय

परिच्छेद १५
आधारभूत धातु (बेस मेटल) र आधारभूत धातुका वस्तुहरू

द्रष्टव्यहरूः

१. यस परिच्छेदमा नपर्नेः

(क) तयारी रोगनहरू (पेन्ट्स), मसीहरू (इन्क्स) वा धात्विक पाप्राहरू (मेटालिक फ्लेक्स) वा चूर्ण (पाउडर) को आधार (बेसिस) भएका अन्य उत्पादनहरू (शीर्षक ३२.०७ देखि ३२.१०, ३२.१२, ३२.१३ वा ३२.१५);

(ख) फेरो-सेरियम वा अन्य स्वतः ज्वलनशील (पाइरोफोरिक) मिश्रधातुहरू (एल्वायज) (शीर्षक ३६.०६);

(ग) शीर्षक ६५.०६ वा ६५.०७ को शिरपोश र तिनका पार्टपुर्जाहरू;

(घ) शीर्षक ६६.०३ को छाताको ढाँचा (फ्रेम) वा अन्य वस्तुहरू;

(ङ) भाग ७१ का सामानहरू (उदाहरणको लागि, बहुमूल्य धातुका मिश्रधातु (एल्वाय) हरू, बहुमूल्य धातुको आवरण चढाइएको आधारभूत धातु, नकली गहना);

(च) परिच्छेद १६ का वस्तुहरू (यन्त्र, यान्त्रिक उपकरणहरू र विद्युतीय सामानहरू);

(छ) रेल्वे वा ट्रामवेका संयोजित (एसेम्बल्ड) लिक (ट्रयाक) (शीर्षक ८६.०८) वा परिच्छेद १७ का अन्य वस्तुहरू (गाडीहरू, पानी जहाजहरू र डुङ्गाहरू, हवाईजहाजहरू);

(ज) परिच्छेद १८ का औजार वा उपकरणहरू, घडीका कमानीहरू समेत;

(झ) बन्दुकको लागि तयार गरिएको सिसाको गोली वा छर्रा (शीर्षक ९३.०६) वा परिच्छेद १९ का अन्य वस्तुहरू (हातहतियार र गोला बारुद);

(ञ) भाग ९४ का वस्तुहरू (उदाहरणको लागि, फर्निचर, म्याट्रेस-सपोर्ट, प्रकाश-उपकरणहरू (लुमिनेयरिज) र प्रकाश-जडानहरू (लाइटिङ्ग फिटिङ्स), प्रकाशमय (इल्युमिनेटेड) चिन्हहरू (साइन्स), पूर्वनिर्मित भवनहरू;

(ट) भाग ९५ का वस्तुहरू (उदाहरणको लागि, खेलौना, आमोदप्रमोदका सामग्रीहरू, खेलकुदका आवश्यक वस्तुहरू);

(ठ) हाते चाल्नो, टाँक, कलम, पेन्सिल-होल्डरहरू, कलमका निबहरू, मोनोपडहरू, बाइपडहरू, ट्राइपडहरू र यस्तै सामग्रीहरू वा भाग ९६ का अन्य सामानहरू (विविध निर्मित वस्तुहरू); वा

(ड) भाग ९७ का वस्तुहरू (उदाहरणको लागि, कलाकृतिहरू)।

२. यस अनुसूचीभरि नै "साधारण प्रयोगका पार्टपुर्जाहरू" (पार्टस् अफ जनरल युज) भन्ने उक्तिले देहाय बमोजिम जनाउँछः

(क) विशेष गरी औषधोपचार, शल्यचिकित्सा, दन्तोपचार वा पशु विज्ञानमा प्रत्यारोपणमा प्रयोग गर्ने गरी विशेष किसिमले अभिकल्पित सामानहरू (शीर्षक ९०.२१) बाहेकका शीर्षक ७३.०७, ७३.१२, ७३.१५, ७३.१७ वा ७३.१८ का वस्तुहरू र अन्य आधारभूत धातु (बेस मेटल) का यस्तै वस्तुहरू;

(ख) आधारभूत धातु (बेसमेटल) का कमानी (स्प्रिङ्ग) हरू र कमानीका पत्तिहरू, घडीका कमानी (स्प्रिङ्ग) हरू बाहेक (शीर्षक ९१.१४); र

(ग) शीर्षक ८३.०१, ८३.०२, ८३.०८, ८३.१० का वस्तुहरू र शीर्षक ८३.०६ का आधारभूत धातुका फ्रेम (ढाँचा) हरू र ऐनाहरू।

भाग ७३ देखि ७६ सम्म तथा भाग ७८ देखि ८२ सम्म (तर शीर्षक ७३.१५ बाहेक) का सामानका पार्टपुर्जाहरूको सन्दर्भले माथि परिभाषित साधारण प्रयोगका पार्टपुर्जाहरूको सन्दर्भलाई समावेश गर्दैन।

अघिल्लो अनुच्छेद तथा भाग ८३ को द्रष्टव्य १ का अधीनमा रही भाग ८२ वा भाग ८३ का वस्तुहरूलाई भाग ७२ देखि ७६ सम्म तथा भाग ७८ देखि ८१ बाट बाहेक गरिएको छ।

३. यस अनुसूचीभरि नै "आधारभूत धातु" (बेस मेटल) हरू भन्ने उक्तिलेः फलाम र इस्पात, तामा, निकेल, आल्यूमिनियम, सिसा, जस्ता, टिन, टङ्गस्टेन (वुलफ्राम), मलिब्डिनम, टयाण्टालम, म्याग्नेसियम, कोबाल्ट, बिसमथ, क्याडमियम, टिटानियम, जाइक्रोनियम, एण्टिमनी, म्याङ्गानिज, बेरिलियम, क्रोमियम, जर्मानियम, भेनेडियम, ग्यालियम, हैफनियम, इण्डियम, नियोबियम (कोलम्बियम), रिनियम र क्यालियमलाई जनाउँछ।

४. यस अनुसूचीभरि नै "सरमेट" भन्ने शब्दले धात्विक (मेटालिक) अवयव र मृत्तिका (सेरामिक) अवयवको सूक्ष्मदर्शी र (माइक्रोस्कोपिक) विजातीय (हेटेरोजेनस) सम्मिश्रण (कम्बिनेसन) लाई जनाउँछ। "सरमेट्स" शब्दले संपुंजित (सिण्टर्ड) धातु कार्बनका यौगिकहरू (मेटल कार्वाइड्स) (धातु कार्बनका यौगिकलाई कुनै धातुका साथ संपुंजन गरिएको) लाई समेत जनाउँछ।

५. मिश्रधातु (एल्वायज) (भाग ७२ र ७४ मा परिभाषित फेरो-एल्वायज र मास्टर एल्वायज बाहेक) को वर्गीकरणः

(क) आधारभूत धातुको मिश्रधातुलाई तौलको हिसाबमा प्रत्येक धातुको भन्दा बढी अधिकता भएको धातुको मिश्रधातु (एल्वाय) को रूपमा वर्गीकरण गरिन्छ;

(ख) यस परिच्छेदको आधारभूत धातु र यस परिच्छेदमा नपर्ने तत्त्वहरूबाट बनेको मिश्रधातुलाई त्यस्ता धातुहरूको तौल उपस्थित अन्य तत्त्वहरूको तौलको बराबर वा बढी छ भने आधारभूत धातुको मिश्रधातुको रूपमा लिनु पर्दछ;

(ग) यस परिच्छेदमा "मिश्रधातु" (एल्वाय) भन्ने शब्दले धातुका चूर्ण (पाउडर) हरूको संपुंजित (सिन्टर्ड) मिश्रणहरू, पगालेर प्राप्त भएको विजातीय (हेटेरोजेनस) आन्तरिक (इन्टिमेट) मिश्रणहरू (सरमेटहरू बाहेक) र अन्तरधात्विक यौगिकहरूलाई समावेश गर्दछ।

६. प्रसङ्गले अन्यथा अपेक्षा नगरेसम्म, यस अनुसूचीमा आधारभूत धातुको कुनै पनि उल्लेखले, माथि द्रष्टव्य ३ को कारणले, त्यस धातुको मिश्रधातुको रूपमा वर्गीकरण गरिने मिश्रधातुलाई पनि समावेश गर्दछ।

७. संयुक्त (कम्पोजिट) वस्तुहरूको वर्गीकरणः

शीर्षकहरूले अन्यथा अपेक्षा गरेकोमा बाहेक दुई वा दुईभन्दा बढी आधारभूत धातुहरू भएको आधारभूत धातुका वस्तुहरू (व्याख्या सम्बन्धी सामान्य नियमहरू अन्तर्गत आधारभूत धातुको वस्तु मानिने मिश्रित पदार्थहरूका वस्तुहरू समेत) लाई प्रत्येक अन्य धातुभन्दा तौलमा अधिकता भएका आधारभूत धातुको वस्तु मान्नु पर्दछ। यस प्रयोजनका लागिः

(क) फलाम र इस्पात, वा विभिन्न किसिमका फलाम वा इस्पातलाई एउटै उही धातुको रूपमा लिइन्छ,

(ख) द्रष्टव्य ५ का कारणले, मिश्रधातुलाई जुन धातुको मिश्रधातुको रूपमा वर्गीकरण गरिन्छ, सम्पूर्णतः त्यही धातुबाट बनेको मानिन्छ; र

(ग) शीर्षक ८१.१३ को सरमेटलाई एक्लो एकल आधारभूत धातुको रूपमा लिइन्छ।

८. यस परिच्छेदमा देहायका उक्तिहरूलाई यस प्रकारको अर्थ लाग्ने गरी निर्धारित गरिएको छः

(क) अवशेष र पत्रु (वेस्ट र स्क्र्याप)

(अ) सबै धातुका अवशेष र पत्रु;

(आ) टुटफुट, काटकुट भएको, प्रयोगबाट थोत्रिएको वा अरू कारणहरूले त्यसै अवस्थामा निश्चित रूपले प्रयोगयोग्य नभएका धातुका वस्तुहरू।

(ख) चूर्ण (पाउडर) हरू

१ मि.मि. छिद्र भएको जालीदार चाल्नीबाट तौलमा ९० प्रतिशत वा सोभन्दा बढी छानिएर निस्कने वा चालिने उत्पादनहरू।

९. भाग ७४ देखि ७६ सम्म र भाग ७८ देखि ८१ सम्मको प्रयोजनको लागि देहायका अभिव्यक्ति (एक्सप्रेशन) हरूलाई यसैद्वारा देहाय बमोजिमको अर्थ प्रदान गरिएको छः

(क) छडहरू र डण्डीहरू

सम्पूर्ण लम्बाइभरि वृत्त (सर्कल), दीर्घवृत्त (ओभल), चतुर्भुज (वर्गाकार समेत), समभुजत्रिभुज वा उत्तलसम बहुभुज (रेगुलर कन्भेक्स पोलिगन) ("चेप्टोवृत्त" (फ्लाटेण्ड सर्कल्स) र "परिवर्तित चतुर्भुज" (मोडिफाइड रेक्टाङ्गल्स) समेत, जसको दुई ओटा सम्मुखका भुजाहरू उत्तल चापहरू हुन्छन्, अर्का दुई भुजा सरल, बराबर लम्बाइका र समानान्तर भएका हुन्छन्) आकारको समरूप (युनिफर्म) ठोस तिर्यक्च्छेद भएको, कुण्डली (क्वाइल) मा नभएको बेल्लित (रोल्ड), निःस्रावित (एक्सट्रुडेड), निकर्षित (ड्रन) वा गढेको (फोर्ज्ड) उत्पादनहरू। चतुर्भुज (वर्ग समेत), त्रिभुज वा बहुभुज तिर्यक्च्छेद भएका उत्पादनहरूको कोण (कुना वा चुच्चो) हरूलाई सम्पूर्ण लम्बाइ भरि गोल्याएको हुन सक्तछ। चतुर्भुजाकार (परिवर्तित चतुर्भुजाकार समेत) तिर्यक्च्छेद भएका त्यस्ता उत्पादनहरूको मोटाइ (थिकनेस) चौडाइको दशांशभन्दा बढी हुन्छ। यस अभिव्यक्ति (एक्सप्रेसन) ले उही रूप (फर्म) र माप (डाइमेन्सन) का, उत्पादन भएपछि अनुगामी (सब्सिक्वेण्ट) कार्य गरिएका (सामान्य काँटछाँट गर्ने वा खुर्कने काम बाहेक), ढालिएका (काष्ट) वा संपुञ्जित (सिण्टर्ड) उत्पादनहरूलाई समावेश गर्दछ, तर यसबाट तिनले अन्य शीर्षकहरूको उत्पादन वा वस्तुहरूको लक्षण धारण गरेको भने हुनु हुँदैन।

तर, ड्राइङ्ग-स्टक (वायर-रड) वा नली (ट्युब) जस्ता वस्तुमा परिवर्तन गर्न यन्त्रमा पसाउन सजिलो पार्नको लागि मात्र टुप्पोलाई तिखारेको वा अन्य किसिमको काम गरिएको भाग ७४ का तार-छड र साँप्लाहरू (बिलेट) लाई शीर्षक ७४.०३ को अपरिस्कृत (अनरट) तामा मान्नु पर्दछ। यो प्रावधान आवश्यक परिवर्तन सहित भाग ८१ का वस्तुहरूमा लागू हुन्छ।

(ख) प्रोफाइलहरू

छड, डण्डी, तार (वायर), पाता (प्लेट), चादर (शीट), पट्टी (स्ट्रिप), पन्नी (फ्वाइल), नली (ट्युब) वा नल (पाइप)हरूमध्ये कसैको पनि परिभाषासँग मेल नखाने, सम्पूर्ण लम्बाइभरि समरूप (युनिफर्म) तिर्यक्च्छेद भएको, कुण्डलीकृत (क्वाइल्ड) गरिएको वा नगरिएको, बेल्लित (रोल्ड), निःस्रावित (एक्सट्रुडेड), निकर्षित (ड्रन), गढेको (फोर्ज्ड वा रूप दिएको (फर्म्ड) उत्पादनहरू। उही रूपको, उत्पादन गरिएपछि अनुगामी (सब्सिक्वेण्ट) कार्य गरिएको (सामान्य काँटछाँट (ट्रिमिङ्ग) वा खुर्कने वा पाप्रो उप्काउने (डि-स्केलिङ्ग) काम बाहेक) ढालिएको (काष्ट) वा संपुञ्जित (सिण्टर्ड) उत्पादनहरू पनि यस अभिव्यक्ति (एक्सप्रेशन) भित्र पर्दछन्, तर तिनले त्यसबाट अन्य शीर्षकहरूको वस्तु वा उत्पादनहरूको लक्षण भने धारण गरेको हुनु हुँदैन।

(ग) तार (वायर)

सम्पूर्ण लम्बाइभरि वृत्त (सर्कल), दीर्घवृत्त (ओभल), चतुर्भुज (वर्ग समेत), समभुज त्रिभुज वा उत्तल समबहुभुज (रेगुलर कन्भेक्स पोलिगन) (चेप्टोवृत्त) (फ्लाटेण्ड सर्कल्स) र आपरिवर्तित चतुर्भुज (मोडिफाइड रेक्टाङ्गल्स) समेत, जसका सम्मुखका (अपोजिट) दुई वटा भुजाहरू उत्तल चाप (कन्भेक्स आर्कस), अर्को दुई भुजा सरल बराबर लम्बाइका र समानान्तर हुन्छन्) आकारको समरूप (यूनिफर्म) ठोस तिर्यक्च्छेद (क्रस सेक्सन) भएको, कुण्डली (क्वाइल) मा भएको बेल्लित (रोल्ड), निःस्रावित

(एक्सट्रुडेड) वा निकर्षित (ड्रन) उत्पादनहरू। चतुर्भुज (वर्ग समेत), त्रिभुज वा बहुभुज (पोलिगन) आकारको तिर्यक्च्छेद (क्रस-सेक्सन) भएका उत्पादनहरूको सम्पूर्ण लम्बाइभरि कुना वा चुच्चाहरू गोल्याइएका (राउण्डेड) हुन सक्तछन्। चतुर्भुजाकार "(परिवर्तित चतुर्भुजाकार समेत)" तिर्यक्च्छेद भएका त्यस्ता उत्पादनहरूको मोटाइ (थिकनेस) चौडाइको दशांशभन्दा बढी हुन्छ।

(घ) पाता (प्लेट), चादर (शीट), पाटा (स्ट्रिप) र पन्नी (फ्वाइल)

कुण्डली (क्वाइल) मा भएको वा नभएको, ठोस चतुर्भुजाकार (वर्गाकार बाहेक) तिर्यक्च्छेद भएको, कुना वा चुच्चाहरू (कर्नर्स) गोल्याइएको (राउण्डेड) वा नगोल्याइएको, (सम्मुखका दुई भुजाहरू उत्तल चाप र अर्का दुई भुजा सरल, बराबर लम्बाइका र समानान्तर भएका "परिवर्तित चतुर्भुजाकार" समेत), एक रूपको मोटाइ (थिकनेस) भएको, चेप्टो सतह भएका (फ्लाट-सर्फेस्ड) उत्पादनहरू (शीर्षक ८०.०१ को कच्चा (अनरट) उत्पादनहरू बाहेक), जुनः

- चतुर्भुजाकार (वर्गाकार समेत) आकृति (शेप) को, मोटाइ चौडाइको दशांशभन्दा बढी नभएको,
- चतुर्भुजाकार वा वर्गाकार बाहेक, जुनसुकै नाप (साइज) को, तर अर्को शीर्षकहरूका उत्पादनहरूको लक्षण धारण नगरेको।

पाता (प्लेट), चादर (शीट), पट्टी (स्ट्रिप) र पन्नी (फ्वाइल) का शीर्षकहरू अन्य कुराको साथसाथै, बुट्टाहरू (उदाहरणको लागि, खाँचा (ग्रुभ्स), धर्सा (रिब्स), चारखाना (चेकर्स), चिरा (टियर्स), थोप्ला (बटन्स), विषमकोण चतुर्भुज (लोजेन्जेज)) भएका पाता (प्लेट), चादर (शीट), पट्टी (स्ट्रिप) र पन्नी (फ्वाइल) को लागि पनि लागू हुन्छन् र छिद्रित (परफोरेटेड), गरा बनाइएको (कोरुगेटेड), चम्काइएको (पोलिस्ड) वा लेपन गरिएको (कोटेड), तर यसबाट अन्य शीर्षकहरूका वस्तुहरू वा उत्पादनहरूको लक्षण ग्रहण नगरेका, उत्पादनहरूको लागि पनि लागू हुन्छ।

(ङ) नली र पाइपहरू (ट्युब र पाइप)

कुण्डली (क्वाइल) पारेको वा नपारेको, वृत्त (सर्कल), दीर्घवृत्त (ओभल), चतुर्भुज (वर्ग समेत), समभुज त्रिभुज वा उत्तल समबहुभुज (रेगुलर कन्भेक्स पोलिगन) को आकार (शेप) मा सम्पूर्ण लम्बाइभरि एक मात्र समावृत्त (इनक्लोज्ड) रिक्तस्थान (भ्वाइड) युक्त समरूप तिर्यक्च्छेद भएको र भित्ताको मोटाइ समान रूपको भएको खोक्रा (होलो) उत्पादनहरू। चतुर्भुज (वर्ग समेत) आकार, समभुज त्रिभुजाकार वा उत्तल सम बहुभुज (रेगुलर कन्भेक्स पोलिगन) आकारको तिर्यक्च्छेद भएका, सम्पूर्ण लम्बाइभरि चुच्चा कुना (कर्नर्स) हरू गोल्याइएको (राउण्डेड), उत्पादनलाई पनि भित्री (इनर) र बाहिरी (आउटर) तिर्यक्च्छेद (क्रस सेक्सन) एक केन्द्रीय (कन्सेन्ट्रिक) छन् र उही रूप (फर्म) र अनुस्थापन (ओरिएण्टेशन) का छन् भने नली र पाइपको रूपमा लिनु पर्दछ। पूर्व उल्लिखित तिर्यक्च्छेद (क्रस सेक्सन) का नली र पाइपहरू चम्काइएका (पोलिस्ड), लेपित (कोटेड्), बङ्गयाइएका (बेन्ट), पेँचदार वा घाट बनाइएका (थ्रेडेड), छिद्रित (ड्रिल्ड), कटियुक्त (वेष्टेड), विस्तारित (एक्सप्याण्डेड), शङ्कु आकार (कोन-शेप्ड) का वा किनारा (फ्लान्जेज), पट्टा (कोलर्स) वा घेरा (रिङ्गस) युक्त हुन सक्तछन्।

भाग ७२
फलाम र इस्पात

द्रष्टव्यहरूः

१. यस भागमा र द्रष्टव्य (घ), (ङ) र (च) को हकमा यस अनुसूचीभरि नै देहायको शब्दावलीलाई यसैद्वारा देहायको अर्थ प्रदान गरिएको छः

(क) **पिग आइरन (कच्चा फलाम)**

तौलमा २ प्रतिशतभन्दा बढी कार्बन भएको, पिटेर कुनै आकारमा ल्याउनका लागि उपयोगी नहुने खालको र देहायको सीमाभित्र रही तौलको हिसाबले एक वा बढी अन्य तत्त्वहरू (एलिमेण्टस्) हुन सक्ने फलाम-कार्बनको मिश्रधातु (एल्वाय):

- १० प्रतिशतमा नबढ्ने गरी क्रोमियम
- ६ प्रतिशतमा नबढ्ने गरी म्याङ्गानिज
- ३ प्रतिशतमा नबढ्ने गरी फोस्फोरस
- ८ प्रतिशतमा नबढ्ने गरी सिलिकोन
- सम्पूर्णमा १० प्रतिशतमा नबढ्ने गरी अन्य तत्त्वहरू।

(ख) **स्पिगलाइजन (एक किसिमको ढलुवा फलाम)**

तौलमा ६ प्रतिशतभन्दा बढी तर ३० प्रतिशतमा नबढ्ने गरी म्याङ्गानिज भएको र अरू कुरामा माथि (क) को विवरणसँग मिल्ने फलाम-कार्बनको मिश्रधातु।

(ग) **फेरो -एल्वायज् (लौहिक-मिश्रधातु)**

तौलमा ४ प्रतिशत वा सोभन्दा बढी तत्त्व फलाम र देहायका एक वा बढी तत्त्वहरू भएको लाम्चो ढीक (पिग्स), ढिका (ब्लौक्स), पिण्डराशी (लम्प्स) वा यस्तै प्राथमिक रूपमा भएका, निरन्तर ढलाई (कण्टिन्यूअस कास्टिङ्ग) बाट प्राप्त हुन आएको रूपमा र दानादार (ग्र्यानुलर) वा चूर्ण (पाउडर) रूपमा भएका, एकत्रित (एग्लोमोरेटेड) गरिएका वा नगरिएका, सामान्यतः अन्य मिश्रधातु (एल्वायज) बनाउँदा योगशील (एडिटिभ) का रूपमा वा लौहधातुकर्म (फेरस मेटालर्जी) मा विअक्सीकरण (डिअक्सिडेण्ट) वा विगन्धकीकरणको कारकको रूपमा वा यस्तै प्रयोजनको लागि प्रयोग गरिने उपयोगी रूपमा आघात वर्धनीय वा नम्य (म्यालिएबल) नभएका मिश्रधातुहरुः

- १० प्रतिशतभन्दा बढी क्रोमियम
- ३० प्रतिशतभन्दा बढी म्याङ्गानिज
- ३ प्रतिशतभन्दा बढी फोस्फोरस
- ८ प्रतिशतभन्दा बढी सिलिकन
- तामाको हकमा अधिकतम मात्रा १० प्रतिशत रहने शर्तमा, कार्बन बाहेक, सम्पूर्णतः १० प्रतिशतभन्दा बढी अन्य तत्त्वहरू।

(घ) **स्टिल (इस्पात)**

शीर्षक ७२.०३ का बाहेक उपयोगी रूपमा आघात वर्धनीय (म्यालिएबुल) लौहिक (फलामे) पदार्थहरू (ढलाइको रूपमा उत्पादन हुने केही निश्चित किसिमका बाहेक), जसमा तौलको हिसाबले २ प्रतिशत वा सोभन्दा कम कार्बन रहन्छ।

तर, क्रोमियम स्टिलमा कार्बनको उच्च मात्रा हुन सक्छ।

(ङ) **स्टेनलेस स्टिल (खिया नलाग्ने इस्पात)**

तौलको हिसाबले १.२ प्रतिशत वा सोभन्दा कम कार्बन भएको र १०.५ प्रतिशत वा सोभन्दा बढी क्रोमियम भएको, अन्य तत्त्वहरू भए वा नभएको मिश्रधातुको इस्पात (स्टिल) हरू।

(च) **एल्वाय स्टिल (अन्य मिश्रधातुका इस्पात)**

खिया नलाग्ने इस्पात (स्टेनलेस स्टिल) को परिभाषासँग मेल नखाने र तौलको हिसाबले देहायका एक वा सोभन्दा बढी तत्त्वहरू देखाइएका अनुपातमा हुने इस्पातहरुः

- ०.३% वा सोभन्दा बढी एल्यूमिनियम
- ०.०००८% वा सोभन्दा बढी बोरोन
- ०.३% वा सोभन्दा बढी क्रोमियम
- ०.३% वा सोभन्दा बढी कोबाल्ट
- ०.४% वा सोभन्दा बढी तामा
- ०.४% वा सोभन्दा बढी सिसा (लिड)
- १.६५% वा सोभन्दा बढी म्याङ्गनिज
- ०.०८% वा सोभन्दा बढी मोलिब्डेनम
- ०.३% वा सोभन्दा बढी निकेल
- ०.०६% वा सोभन्दा बढी नियोबियम
- ०.६% वा सोभन्दा बढी सिलिकन
- ०.०५% वा सोभन्दा बढी टिटानियम
- ०.३% वा सोभन्दा बढी टङ्गस्टेन (वुल्फ्राम)
- ०.१% वा सोभन्दा बढी भेनेडियम
- ०.०५% वा सोभन्दा बढी जिर्कोनियम
- ०.१% वा सोभन्दा बढी भिन्नाभिन्नै रूपमा रहेका अन्य तत्त्वहरू (सल्फर, फोस्फोरस, कार्बन र नाइट्रोजन बाहेक)।

(छ) **फलाम वा इस्पातका पुनः पगाल्न हुने पत्रुका इन्गोट (ढिका)**

पिग आइरन (कच्चा फलाम), स्पिगलाइजन (ढलुवा फलामको एक किसिम) को फलाम-मिश्रधातुहरू (फेरा-एल्वायज) वा रासायनिक बनोटसँग मेल नखाने, प्रत्यक्ष सतह त्रुटि भएको, फिडर-हेड्स वा हट टप्स रहित डण्डीहरू वा पिण्डहरूको रूपमा मोटामोटी रूपमा ढालिएका उत्पादनहरू।

(ज) **ग्रान्यूल (दाना)**

१ मि.मि. छिद्र भएको जालीदार चाल्नोबाट तौलमा ९०% भन्दा कम छिर्ने र ५ मि.मि. छिद्र भएको जालीदार चाल्नोबाट ९०% वा सोभन्दा बढी छिर्ने वा चालिने उत्पादनहरू।

(झ) **अर्धतयारी उत्पादनहरू**

प्राथमिक ताप-बेलन (हट रोलिङ्ग) गरिएको वा नगरिएको, लगातार ढलाई (कन्टिन्यूयस काष्ट) गरेको ठोस खण्ड भएका उत्पादनहरू; र प्राथमिक ताप-बेलनभन्दा बढी काम नगरिएको वा पिटाइ (फोर्जिङ्ग) बाट मोटामोटी आकार दिइएका कोण (एङ्गल्स) आकृति (शेप्स) वा खण्ड (सेक्सन्स) को निमित्तको ब्ल्याङ्क समेतका ठोस खण्ड (सोलिड सेक्सन) का उत्पादनहरू।

यस्ता उत्पादनहरू कुण्डली (क्वाइल) मा प्रस्तुत हुँदैनन्।

(ञ) **चेप्टो बेलित (फ्ल्याट रोल्ड) उत्पादनहरू**

माथि (झ) मा भएको परिभाषासँग मेल नखाने वर्गाकार बाहेकका ठोस चतुर्भुजाकार क्रस-सेक्सनको देहायको रूपमा भएका बेलित (रोल्ड) उत्पादनहरुः

- एकपछि अर्को तह गरी खप्टिएर (सक्सेसिभ्ली सुपर इम्पोज्ड) बेह्रिएका कुण्डली (क्वाइल) हरू,

- वा ४.७५ मि.मि. भन्दा कम मोटाइको भएमा मोटाइको कम्तीमा १० गुना चौडाइ भएका वा ४.७५ मि.मि. वा सोभन्दा बढी मोटाइको भएमा १५० मि.मि. भन्दा बढी र मोटाइको कम्तीमा दुई गुना मापनको चौडाइ भएको सोझो लम्बाइ (स्ट्रेट लेङ्थ) का।

चेप्टो बेलित उत्पादनहरूमा बेलन (रोलिङ्ग) गर्दा नै प्रत्यक्ष रूपमा बनेका उक्सिएका आकृति (रिलिफ प्याटर्न) हरू (उदाहरणको लागि, खाँचा (ग्रुभ्स), धर्सा (रिब), चारखाना (चेकर), धाँजा (टियर), थोप्लाथोप्ली (बटन), विषमकोण चतुर्भुज (लोजेन्ज)) भएका र प्वाल परिएका (पर्फोरिटेड), खोल्सा र डाँडी बनाइएका (कोरुगेटेड) वा चम्काइएका (पोलिस्ड) तर यसो गर्दा अन्य शीर्षकहरूका वस्तु वा उत्पादनको लक्षण भने नआउने वस्तुहरूलाई समावेश हुन्छन्।

अन्य शीर्षकका उत्पादन वा वस्तुहरूको लक्षण धारण नगर्ने भएमा, चतुर्भुज वा वर्गाकार आकृति बाहेकको, जुनसुकै नाप (साइज) का चेप्टो बेलित (फ्ल्याट रोल्ड) उत्पादनहरूलाई ६०० मि.मि. वा सोभन्दा बढी चौडाइ भएको उत्पादनको रूपमा वर्गीकरण गरिनेछ।

(ट) **ताप बेलित, अनियमित रूपले (इर्रेगुलर्ली) क्वाइलमा बेह्रिएका छड र डण्डीहरू (बार्स र रड्स)**

वृत्त, वृत्तखण्ड (सेगमेण्ट अफ सर्कल), दीर्घ वृत्ताकार (ओभल), चतुर्भुज (वर्गाकार समेत), त्रिभुजाकार वा अन्य उत्तल बहुभुज (कन्भेक्स पोलिगन) ("चौडा वृत्तहरू" र "परिवर्तित चतुर्भुजहरू" समेत, जसका सम्मुखका भुजाहरू उत्तल चाप (कन्भेक्स आर्क) को रूपमा, अन्य दुई भुजाहरू सिधा भएका, बराबर लम्बाइका र समानान्तर रूपमा हुन्छन्) आकारमा ठोस तिर्यक परिच्छेद (क्रस् सेक्सन) भएका, अनियमित (इर्रेगुलर) रूपले कुण्डली आकारमा बेह्रिएका ताप-बेलित उत्पादनहरू। यस्ता उत्पादनहरूमा बेलन प्रक्रिया गरिँदाका बखत (छड र डण्डीलाई सबलीकरण गर्न) भङ्गुरीकरण (इण्डेण्टेशन), धर्सा (रिब्स), खाँच (ग्रुभ्स) वा अन्य विरूपण (डिफोर्मेसन) हरू उत्पन्न भएका हुन सक्तछन्।

(ठ) **अन्य छड र डण्डीहरू**

माथिका (झ), (ञ) वा (ट) का कुनै पनि परिभाषासँग नमिल्ने वा तार (वायर) को परिभाषासँग मेल नखाने, वृत्त (सर्कल), वृत्तखण्ड (सेगमेण्ट अफ सर्कल), दीर्घवृत्त (ओभल), चतुर्भुज (वर्गाकार समेत), त्रिभुजाकार वा अन्य उत्तल बहुभुज (कन्भेक्स पोलिगन) ("चौडा वृत्तहरू" र "परिवर्तित चतुर्भुजहरू" समेत, जसका सम्मुखका भुजाहरू उत्तल चाप (कन्भेक्स आर्क) को रूपमा, अन्य दुई भुजाहरू सिधा भएका, बराबर लम्बाइका र समानान्तर रूपमा हुन्छन्), आकारमा सम्पूर्ण लम्बाइभरि एक समान ठोस तिर्यक परिच्छेद भएका उत्पादनहरू। त्यस्ता उत्पादनहरू देहाय बमोजिमका हुन सक्तछन्:

- बेलन प्रक्रिया गरिँदाका बखत (छड र डण्डीलाई सबलीकरण गर्न) भङ्गुरीकरण (इण्डेन्टेसन), धर्साहरू (रिब्स), खाँचहरू (ग्रुभ्स) वा अन्य विरूपणहरू (डिफोर्मेसन) उत्पन्न भएका;
- बेलन प्रक्रिया पछि बटारिएका (ट्विस्टेड्)।

(ड) **कोण (एङ्गल) आकार (शेप) र भाग (सेक्सन) हरू**

सम्पूर्ण लम्बाइभरि समान रूपको ठोस तिर्यक परिच्छेद (क्रस सेक्सन) भएका माथिका (झ), (ञ), (ट) वा (ठ) मध्ये कुनै पनि परिभाषासँग वा तार (वायर) को परिभाषासँग मेल नखाने उत्पादनहरू।

शीर्षक ७३.०१ वा ७३.०२ का उत्पादनहरू भाग ७२ मा समावेश हुँदैनन्।

(ढ) **तार (वायर)**

चेप्टो बेलिएको (फ्ल्याट रोल्ड) उत्पादनहरूको परिभाषासँग नमिल्ने, सम्पूर्ण लम्बाइभरि कुनै समान रूपको ठोस तिर्यक परिच्छेद (क्रस सेक्सन) भएको, कुण्डली (क्वायल) मा भएको शीत निर्मित (कोल्ड फोर्म्ड) उत्पादनहरू।

(ण) **ड्रिलका खोक्रो डण्डी र छडहरू**

छेदक (ड्रिल) को लागि उपयुक्त हुने खालको, जतिसुकै तिर्यक परिच्छेद (क्रस सेक्सन) को, १५ मि.मि. भन्दा बढी तर ५२ मि.मि. ननाघ्ने सर्वाधिक बाहिरी आयाम भएको, सर्वाधिक बाहिरी आयामको आधामा नबढ्ने गरी सर्वाधिक आन्तरिक आयाम रहेको खोक्रो छड र डण्डीहरू। यस परिभाषासँग मेल नखाने फलाम वा इस्पातका खोक्रा छड र डण्डीहरूलाई शीर्षक ७३.०४ मा वर्गीकरण गरिन्छ।

२. अन्य लौहिक धातु (फेरस मेटल्स) को आवरण चढाइएको लौहिक धातुको वर्गीकरण तौलको हिसाबले अधिकता भएको लौहिक धातुको उत्पादनको रूपमा गरिनेछ।

(क) "मनोरञ्जन उद्यानका सवारीहरू (अम्यूजमेण्ट पार्क राइड्स)" भन्ने अभिव्यक्तिले मनोरञ्जन वा रमाइलो गर्ने मुख्य उद्देश्यले कुनै व्यक्ति वा व्यक्तिहरूलाई जलमार्ग लगायत कुनै निश्चित वा निर्धारित मार्गमा वा मार्ग मार्फत वा तोकिएको क्षेत्रभित्र बोक्ने, लैजाने वा निर्देशित गर्ने साधनलाई वा साधन वा उपकरणहरूको संयोजनलाई जनाउँछ। यस्ता सवारी (राइड) हरू कुनै मनोरञ्जन उद्यान (अम्यूजमेण्ट पार्क), मनोविनोद उद्यान (थिम पार्क), जल उद्यान (वाटर पार्क) वा मेला क्षेत्र (फेयरग्राउण्ड) भित्र संयोजित (कम्बाइन्ड) हुन सक्छन्। यी मनोरञ्जन उद्यानका सवारीहरूले सामान्यतः आवासीय घर वा खेल मैदानहरूमा स्थापना गर्ने खालका उपकरणहरूलाई समेट्दैनन्;

(ख) "जल उद्यानका मनोरञ्जनका साधनहरू (वाटर पार्क अम्यूजमेन्ट्स)" भन्ने अभिव्यक्तिले कुनै उद्देश्यले निर्मित मार्ग रहित, तोकिएको जलयुक्त क्षेत्रको चारित्रिक विशेषता भएको साधनलाई वा साधन वा उपकरणहरूको संयोजनलाई जनाउँछ। जल उद्यानका मनोरञ्जनका साधनहरू अन्तर्गत जल उद्यानका लागि विशेष रूपले बनाइएका उपकरणहरू मात्र पर्दछन्; र

(ग) "मेला क्षेत्रका मनोरञ्जनका साधनहरू (फेयरग्राउण्ड अम्यूजमेन्ट्स)" भन्ने अभिव्यक्तिले मौका (चान्स), बल (स्ट्रेन्थ) वा सीप (स्किल) का खेलहरूलाई जनाउँछ, जसलाई सञ्चालन गर्न सामान्यतः एउटा सञ्चालक वा परिचालक रहेको हुन्छ र यी खेलहरू स्थायी भवन वा स्वतन्त्र रियायती स्टलहरूमा स्थापना गरिएका हुन सक्छन्। मेला क्षेत्रका मनोरञ्जनका साधनहरूमा शीर्षक ९५.०४ का उपकरणहरू पर्दैनन्।

यस अनुसूचीमा अन्यत्र किटानीसाथ वर्गीकृत उपकरणहरू यस शीर्षकमा पर्दैनन्।

उपशीर्षक द्रष्टव्यः

१. उपशीर्षक ९५०४.५० मा पर्नेः

(क) टेलिभिजन रिसिभर, मोनिटर वा अरू बाह्य पर्दा वा सतहमा छवि पुनरुत्पादन गर्ने भिडियो गेमका कन्सोलहरू; वा

(ख) यताउता लैजान सकिने (पोर्टेबल) वा नसकिने, अन्तर्निहित दृश्य पर्दा (भिडियो स्क्रीन) भएका भिडियो गेमका यन्त्रहरू।

यो उपशीर्षकमा मुद्रा (क्वाइन), बैङ्क नोट, बैङ्क कार्ड, टोकन वा भुक्तानीका अन्य माध्यमद्वारा सञ्चालन गरिने भिडियो गेमका कन्सोलहरू वा यन्त्रहरू पर्दैनन् (उपशीर्षक ९५०४.३०)।

शीर्षक	उपशीर्षक	वस्तुको विवरण	पैठारी महसुल दर	
			सार्क मुलुकबाट	अन्य मुलुकबाट
१	२	३	४	५
[९५.०१] [९५.०२] ९५.०३	९५०३.००.००	**ट्राइसाइकल, स्कुटर, पेडल कार र यस्तै पाङ्ग्रा भएका खेलौनाहरू; पुतलीको वाहन; पुतली; अन्य खेलौना; आकार घटाइएका ("स्केल") नमुना र यस्तै मनोरञ्जनात्मक नमुनाहरू, चल्ने वा नचल्ने; सबै प्रकारका चातुर्य परीक्षण गर्ने खेलौना (पजल) हरू।**	५	१०
९५.०४		**भिडियो गेमका कन्सोल र यन्त्रहरू, टेबल वा पार्लर गेमहरू, पिन्टेबलहरू, बिलियार्डहरू, क्यासिनो खेलहरू र स्वचालित बलिङ्ग उपकरणहरूका लागि विशेष टेबुलहरू समेत, सिक्का, बैङ्कनोट, बैङ्क कार्ड, टोकन वा भुक्तानीका अन्य कुनै माध्यमद्वारा सञ्चालित मनोरञ्जनका यन्त्रहरू।**		
	९५०४.२०.००	-सबै प्रकारका बिलियार्डका सामानहरू र सहायक सामग्रीहरू	५	१०

शीर्षक	उपशीर्षक	वस्तुको विवरण	पैठारी महसुल दर	
			सार्क मुलुकबाट	अन्य मुलुकबाट
१	२	३	४	५
	९५०४.३०.००	-सिक्का, बैङ्कनोट, बैङ्क कार्ड, टोकन वा भुक्तानीका अन्य कुनै माध्यमद्वारा सञ्चालित अन्य खेल (गेम) हरू, स्वचालित बाउलिङ्ग एली उपकरण बाहेक	५	१०
	९५०४.४०.००	-खेल्ने तासहरू	७.२५	३०
	९५०४.५०.००	-भिडियो गेमका कन्सोल र यन्त्रहरू, उपशीर्षक ९५०४.३० का बाहेक	५	१०
	९५०४.९०.००	-अन्य	५	१०
९५.०५		**आनन्दोत्सवका वा अन्य मनोरञ्जनका सामानहरू, चटक, नवीनतम हास्य (नोभल्टी जोक) समेत।**		
		-क्रिसमस उत्सवका सामानहरूः		
	९५०५.१०.१०	---जमोठ (फेल्ट) को	५	२०
	९५०५.१०.९०	---अन्य	५	२०
	९५०५.९०.००	-अन्य	५	१०
९५.०६		**यस भागमा अन्यत्र उल्लेख वा समावेश नभएका, सामान्य शारीरिक व्यायाम, जिमनास्टिक्स, एथलेटिक्स, अन्य खेलहरू (टेबुल-टेनिस समेत) वा बाहिरी खेलहरूका सामान र उपकरणहरू,; पौंडी पोखरी र प्याडलिङ्ग पूलहरू।**		
		-स्नो-स्कीहरू र अन्य स्नो-स्की सम्बन्धी उपकरणहरूः		
	९५०६.११.००	--स्कीहरू	५	१०
	९५०६.१२.००	--स्की बाँध्ने तुनाहरू	५	१०
	९५०६.१९.००	--अन्य	५	१०
		-वाटर-स्की, सर्फ-बोर्ड, सेलबोर्ड र अन्य जल-क्रीडाका उपकरणहरुः		
	९५०६.२१.००	--सेलबोर्डहरू	५	१०
	९५०६.२९.००	--अन्य	५	१०
		-गल्फ क्लब (गल्फ खेलमा बललाई हिर्काउने डन्डी) र अन्य गल्फ उपकरणहरूः		
	९५०६.३१.००	--क्लबहरू, पूर्ण तयारी	५	१०
	९५०६.३२.००	--बलहरू	५	१०
	९५०६.३९.००	--अन्य	५	१०
	९५०६.४०.००	-टेबुल-टेनिसका सामान र उपकरणहरू	५	१०
		-टेनिसका, ब्याडमिन्टनका वा यस्तै र्‍याकेटहरू, डोरी भएका वा नभएकाः		
	९५०६.५१.००	--लन टेनिसका र्‍याकेटहरू, डोरी भएका वा नभएका	५	१०

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

शीर्षक	उपशीर्षक	वस्तुको विवरण	पैठारी महसुल दर	
			सार्क मुलुकबाट	अन्य मुलुकबाट
१	२	३	४	५
	९५०६.५९.००	--अन्य	५	१०
		-बलहरू, गल्फका बल र टेबुल टेनिसका बलहरू बाहेकः		
	९५०६.६१.००	--लन-टेनिसका बलहरू	५	१०
	९५०६.६२.००	--हावा भर्न हुने	५	१०
	९५०६.६९.००	--अन्य	५	१०
	९५०६.७०.००	-आइस स्केट र रोलर स्केटहरू, स्केट जोडिएका स्केटिङ्ग बूटहरू समेत	५	१०
		-अन्यः		
	९५०६.९१.००	--सामान्य शारीरिक व्यायाम, जिम्नाष्टिक वा एथलेटिकका सामान वा उपकरणहरू	५	१०
	९५०६.९९.००	--अन्य	५	१०
९५.०७		**माछा मार्नका लागि बल्छी झुण्ड्याउने डण्डी, बल्छी र धागोमा जोडेर माछा मार्ने अन्य साधन; माछा पक्रने जाली, पुतली पक्रने जाली र यस्तै जालीहरू; नक्कली आवाज निकाल्ने "चरा" (शीर्षक ९२.०८ वा ९७.०५ का बाहेक) र शिकार खेल्ने यस्तै सामग्रीहरू।**		
	९५०७.१०.००	-बल्छी झुण्ड्याउने डण्डी	५	५
	९५०७.२०.००	-बल्छीहरू, बल्छी अल्झाउने डोरी (स्नेल) भएका वा नभएका	५	५
	९५०७.३०.००	-माछा मार्ने रीलहरू	५	५
	९५०७.९०.००	-अन्य	५	५
९५.०८		**घुम्ती सर्कस र घुम्ती सर्कसका जनावरहरू (म्यानेजरी); मनोरञ्जन उद्यानका सवारीहरू र जल उद्यानका मनोरञ्जनका साधनहरू; मेला क्षेत्र (फेयरग्राउण्ड) का मनोरञ्जनका साधनहरू, शूटिंग ग्यालरीहरू समेत; घुम्ती रङ्गमञ्चहरू।**		
	९५०८.१०.००	-घुम्ती सर्कस, घुम्ती सर्कसका जनावरहरू (म्यानेजरी)	५	१०
		-मनोरञ्जन उद्यानका सवारीहरू तथा जल उद्यानका मनोरञ्जनका साधनहरूः		
	९५०८.२१.००	--रोलर कोस्टरहरू	५	१०
	९५०८.२२.००	--क्यारोसेलहरू, पिङहरू र राउन्डएबाउटहरू	५	१०
	९५०८.२३.००	--डजिम कारहरू	५	१०
	९५०८.२४.००	--मोसन सिम्युलेटरहरू र मूभिङ्ग थियटरहरू	५	१०
	९५०८.२५.००	--जल सवारीहरू	५	१०
	९५०८.२६.००	--जल उद्यानका मनोरञ्जनका साधनहरू	५	१०
	९५०८.२९.००	--अन्य	५	१०

कानून न्याय संसदीय मामिला मन्त्रालय

शीर्षक	उपशीर्षक	वस्तुको विवरण	पैठारी महसुल दर	
			सार्क मुलुकबाट	अन्य मुलुकबाट
१	२	३	४	५
	९५०८.३०.००	-मेलास्थलका मनोरञ्जनका साधनहरू	५	१०
	९५०८.४०.००	-घुम्ती रङ्गमञ्च (ट्राभलिङ्ग थियटर) हरू	५	१०

कानून , न्याय तथा संसदीय मामिला मन्त्रालय

भाग ९६
विविध निर्मित (म्यानुफ्याक्चर्ड) वस्तुहरू

द्रष्टव्यहरूः

१. यस भागमा नपर्नेः

(क) श्रृङ्गार वा प्रसाधनका लागि प्रयोग हुने पेन्सिलहरू (भाग ३३);

(ख) भाग ६६ का वस्तुहरू (जस्तै- छाताका पार्टपुर्जाहरू वा टेक्ने लट्ठी));

(ग) नक्कली गहना (शीर्षक ७१.१७);

(घ) परिच्छेद १५ को द्रष्टव्य २ मा परिभाषित साधारण प्रयोगका पार्टपुर्जाहरू, आधारभूत धातुका (परिच्छेद १५), वा प्लाष्टिकका त्यस्तै सामानहरू (भाग ३९);

(ङ) कुँदेका वा ढलाइ गरिएका पदार्थका बिँड (ह्यान्डल) वा अन्य अंशहरू भएका, भाग ८२ का कटलरी वा अन्य वस्तुहरू; तर छुट्टै प्रस्तुत गरिएका यस्ता वस्तुका बिँड (ह्यान्डल) वा अन्य पार्टपुर्जाहरूका हकमा, शीर्षक ९६.०१ वा ९६.०२ लागू हुन्छन्;

(च) भाग ९० का वस्तुहरू (उदाहरणका लागि, चश्माका फ्रेमहरू (शीर्षक ९०.०३), गणितीय रेखांकन गर्ने कलम (शीर्षक ९०.१७), दन्तोपचार, औषधोपचार, शल्यचिकित्सा वा पशुचिकित्सामा प्रयोग हुने खालका विशेष किसिमका बुरुसहरू (शीर्षक ९०.१८);

(छ) भाग ९१ का वस्तुहरू (जस्तै, घडीका बट्टाहरू);

(ज) वाद्ययन्त्रहरू वा तिनका पार्टपुर्जा वा सहायक सामग्रीहरू (भाग ९२);

(झ) भाग ९३ का वस्तुहरू (हातहतियार र तिनका पार्टपुर्जाहरू);

(ञ) भाग ९४ का वस्तुहरू (जस्तै- फर्निचर, प्रकाश-उपकरणहरू (लुमिनेयरिज) र प्रकाश-जडानहरू (लाइटिङ्ग फिटिङ्गस्));

(ट) भाग ९५ का वस्तुहरू (खेलौना (ट्वाय), खेल (गेम) खेलकुद का आबश्यक सामानहरू (स्पोर्ट रिक्विजिट्स), वा

(ठ) कला-कृतिहरू, सङ्ग्रहकर्ताका सङ्ग्रहणीय वस्तुहरू (कलेक्टर्स पिसेज) वा पुरातात्त्विक महत्त्वका वस्तुहरू (एन्टिक्स) (भाग ९७)।

२. शीर्षक ९६.०२ मा "वनस्पति वा खनिज वस्तुका कुँद्रे पदार्थहरू" भन्नाले देहायका वस्तुहरूलाई जनाउँछः

(क) कुँद्रे कार्यमा प्रयोग हुने खालका कडा बीउहरू, बियाँहरू, बोक्राहरू र कडा बियाँको काष्ठफल (नट्स) हरू र यस्तै बानस्पतिक पदार्थहरू (उदाहरणको लागि, कोरोजो र डोम);

(ख) तृणमणि (अम्बर), समुद्रफेन (मीरशौम), एकत्रित वा सङ्कुलित तृणमणि (एग्लोमरेटेड अम्बर) र एकत्रित वा सङ्कुलित समुद्रफेन (एग्लोमेरेटेड मीरशौम), कृष्ण प्रस्तर (जेट) र कृष्ण प्रस्तर (जेट) को खनिज प्रतिस्थापक।

३. शीर्षक ९६.०३ मा "कुचो वा बुरुस (ब्रुम वा ब्रुस) बनाउने तयारी ग्रन्थी (नट) हरू र झुप्पा (टफ्ट) हरू" भन्ने उक्ति केवल जनावरको रौं, वानस्पतिक रेशा (फाइबर) वा अन्य पदार्थहरूका अवलम्ब नहालिएका ग्रन्थी र झुप्पाहरूमा लागू हुन्छ, जुन विभाजन नगरीकन कुचो वा बुरुसहरूमा समावेश गर्नका लागि तयार गरिएका, हुन्छन् वा जसमा त्यस्तो समावेशनको लागि तयार पार्न टुप्पो काटछाँट गरी आकार दिने जस्ता मामुली प्रक्रियाको आवश्यकता रहन्छ।

४. शीर्षक ९६.०१ देखि ९६.०६ वा ९६.१५ का बाहेक यस भागका वस्तुहरू पूर्णतः वा अंशतः बहुमूल्य धातु वा बहुमूल्य धातुले मोहोरेको धातु, प्राकृतिक वा सम्बर्धित मोती वा बहुमूल्य वा अर्धबहुमूल्य पत्थरहरू (प्राकृतिक, संश्लिष्ट वा पुनर्निर्मित) को संयोजनबाट बनेका वा नबनेका जे भए पनि यसै भागमा वर्गीकृत हुन्छन्। तर, प्राकृतिक वा सम्बर्धित मोती, वा बहुमूल्य वा अर्धबहुमूल्य पत्थरहरू (प्राकृतिक, संश्लिष्ट वा पुनर्निर्मित), बहुमूल्य धातु वा बहुमूल्य धातुको आवरण चढाइएका धातु मामुली अंशका रूपमा रहेका वस्तुहरू शीर्षक ९६.०१ देखि ९६.०६ सम्म र ९६.१५ मा पर्दछन्।

शीर्षक	उपशीर्षक	वस्तुको विवरण	पैठारी महसुल दर	
			सार्क मुलुकबाट	अन्य मुलुकबाट
१	२	३	४	५
९६.०१		**परिष्कार गरिएको हस्तीहाड, हाड, कछुवाको खबटा, सिङ्ग, जरायो वा बाह्रसिङ्गाको हाँगादार सिङ्ग (एन्टलर), मुगा (कोरल), सीपी (मदर अफ पर्ल) र जीवजन्तुका कुँद्र हुने अन्य पदार्थ र यी पदार्थहरूबाट बनेका सामानहरू (ढलाइद्वारा प्राप्त गरिएका सामानहरू समेत)।**		
	९६०१.१०.००	-परिष्कार गरिएको हस्तिहाड र हस्तिहाडका सामानहरू	९.५	२०
	९६०१.९०.००	-अन्य	९.५	२०
९६.०२	९६०२.००.००	**परिष्कार गरिएका वनस्पति वा खनिज वस्तुका कुँद्रे पदार्थहरू र ती पदार्थबाट बनेका वस्तुहरू; अन्यत्र उल्लेख वा समावेश नभएका मैन, स्टियरिन (पशुको बोसोमा पाइने विशेष तत्त्व), प्राकृतिक खोटो (गम) वा प्राकृतिक चोपहरू (रेजिन) वा साँचोमा ढलाइ गर्ने लेदो (पेस्ट) का आकारमा ढालिएका वा कुँदिएका सामानहरू वा ढालिएका वा कुँदिएका अन्य सामानहरू; काम गरिएको कडा नपारिएको जिलेटिन (शीर्षक ३५.०३ को जिलेटिन बाहेक) र कडा नपारिएको जिलेटिनका सामानहरू।**	९.५	२०
९६.०३		**कुचो, बुरुस (यन्त्र, उपकरण वा गाडीहरूको पार्टपुर्जाको रूपमा रहने ब्रुस समेत), भुई बढार्ने हस्तचालित यान्त्रिक साधन, मोटर नभएको, लुँडो (मप्) र प्वाँखका धुलो झार्ने वस्तु (डस्टर); कुचो वा बुरुस (ब्रुम वा ब्रुस) बनाउने तयारी ग्रन्थी (नट) हरू र झुप्पा (टफ्ट) हरू); पेण्ट प्याड र रोलहरू; स्क्वीजी (बिँड र रबरको चेप्टो टुप्पो भएको पानी पुछ्ने साधन) (रोलर स्क्वीजी बाहेक)।**		
	९६०३.१०.००	-बिँड भएका वा नभएका सँगै बाँधिएका हाँगाबिँगा (ट्विग) हरू वा एकसाथ बाँधिएका वानस्पतिक पदार्थहरू मिलाइएका कुचो र बुरुसहरू	७.२५	१५

शीर्षक	उपशीर्षक	वस्तुको विवरण	पैठारी महसुल दर	
			सार्क मुलुकबाट	अन्य मुलुकबाट
१	२	३	४	५
		-व्यक्तिगत प्रयोगका दाँत माझ्ने बुरुसहरू, खौरने कामका बुरुसहरू, कपाल कोर्ने बुरुसहरू, नङ सफा गर्ने बुरुसहरू, परेला सिँगार्ने बुरुसहरू र अन्य श्रृङ्गारका बुरुसहरू, उपकरणका अंशका रूपमा रहेका यस्तै बुरुसहरू समेतः		
	९६०३.२१.००	--दाँत माझ्ने बुरुसहरू, डेन्टल-प्लेटका बुरुसहरू समेत	१५	१५
	९६०३.२९.००	--अन्य	७.२५	१५
	९६०३.३०.००	-कलाकारका बुरुसहरू, लेखन कलाका बुरुसहरू र श्रृङ्गारिक प्रयोगका यस्तै बुरुसहरू	७.२५	१५
	९६०३.४०.००	-पेन्ट (रङ्गरोगन), डिस्टेम्पर, बार्निस वा यस्तै कामका बुरुसहरू (उपशीर्षक ९६०३.३० का बुरुसहरू बाहेक); पेन्ट प्याड् र रोलरहरू	७.२५	१५
	९६०३.५०.००	-यन्त्र, उपकरणहरू वा गाडीहरूका पार्टपुर्जाका रूपमा रहने अन्य बुरुसहरू	७.२५	१५
	९६०३.९०.००	-अन्य	७.२५	१५
९६.०४	९६०४.००.००	**हातले प्रयोग गर्ने मसिनो चाल्नो (सिभ) र खस्रो चाल्नो (रिडल)।**	५	५
९६.०५	९६०५.००.००	**व्यक्तिगत श्रृङ्गार गर्ने, सिलाइ गर्ने वा पाउपोश वा कपडाहरू सफाइ गर्ने भ्रमणका सेटहरू।**	९.५	१५
९६.०६		**टाँकहरू, प्रेस-फास्नरहरू, स्न्याप फास्नरहरू र प्रेस-स्टड्, बटन मौल्ड र यी सामानका अंशहरू; टाँकका ब्ल्याङ्कहरू।**		
	९६०६.१०.००	-प्रेस-फास्नरहरू, स्न्याप-फास्नरहरू र प्रेस-स्टडहरू र तिनका अंशहरू	७.२५	१५
		-टाँकहरुः		
	९६०६.२१.००	--प्लाष्टिकका, कपडा-पदार्थले नढाकिएका	७.२५	१५
	९६०६.२२.००	--आधारभूत धातुका, कपडा-पदार्थले नढाकिएका	७.२५	१५
	९६०६.२९.००	--अन्य	७.२५	१५
	९६०६.३०.००	-बटन मौल्ड र टाँकका अन्य अंशहरू; टाँकका ब्ल्याङ्कहरू	७.२५	१५
९६.०७		**स्लाइड फास्नरहरू र तिनका अंशहरू**		
		-स्लाइड फास्नरहरूः		
	९६०७.११.००	--आधारभूत धातुका चेन-स्कूपहरू जडेको	९.५	१५
	९६०७.१९.००	--अन्य	९.५	१५
	९६०७.२०.००	-पार्टपुर्जाहरू	५	५

शीर्षक	उपशीर्षक	वस्तुको विवरण	पैठारी महसुल दर	
			सार्क मुलुकबाट	अन्य मुलुकबाट
१	२	३	४	५
९६.०८		**बल प्वाइन्ट पेन (डटपेन) हरू; फेल्ट टिप्ड (जमोठको निब भएका) र अन्य पोरस-टिप्ड (छिद्रित-निब भएका) कलम र मार्करहरू; फाउण्टेन पेन (मसी भरेर लेख्ने कलम) हरू, स्टाइलोग्राफ कलम र अन्य कलमहरू; प्रतिलिपि निकाल्ने स्टाइलोहरू; प्रोपेलिङ्ग (धकेल्ने) वा स्लाइडिङ्ग (चिप्लने) सिसाकलमहरू; पेन-होल्डर, पेन्सिल-होल्डर र यस्तै होल्डरहरू; शीर्षक ९६.०९ का बाहेक माथि उल्लिखित वस्तुका पार्टपुर्जाहरू (बिर्को र क्लिपहरू समेत)।**		
	९६०८.१०.००	-बल प्वाइन्ट पेन (डट पेन) हरू	१५	१५
		-फेल्ट टिप्ड (जमोठको निब भएका) र अन्य पोरस-टिप्ड (छिद्रित-निब भएका) कलम र मार्करहरूः		
	९६०८.२०.१०	---फेल्ट टिप्ड र अन्य पोरसटिप्ड	५	५
	९६०८.२०.९०	---अन्य, मार्करहरू समेत	५	५
	९६०८.३०.००	-फाउण्टेन पेनहरू, स्टाइलोग्राफ पेन र अन्य पेनहरू	५	५
	९६०८.४०.००	-प्रोपेलिङ्ग वा स्लाइडिङ्ग पेन्सिलहरू	५	५
	९६०८.५०.००	-माथिका उपशीर्षकहरूका दुई वा सोभन्दा बढी सामानका सेटहरू	५	५
	९६०८.६०.००	-बल प्वाइन्ट पेन (डटपेन) का रिफिलहरू, बल प्वाइन्ट र मसी-सञ्चायक (इङ्क- रिजरभ्वायर) समावेश भएका	५	५
		-अन्यः		
	९६०८.९१.००	--कलमका निबहरू र निब प्वाइन्टहरू	५	५
	९६०८.९९.००	--अन्य	५	५
९६.०९		**सिसाकलमहरू (शीर्षक ९६.०८ का सिसाकलमहरू बाहेक), क्रेयन्स (रङ्गीन खरीहरू), पेन्सिलका लिडहरू, प्याष्टेल्स (चित्रकारले तस्बिर लेख्ने विभिन्न रङ्गका खरीहरू), ड्रइङ्ग चारकोल्स (रेखाङ्कन गर्ने कोइलाहरू), लेख्ने वा रेखाङ्कन गर्ने चकहरू र सुचिकारका चकहरू।**		
	९६०९.१०.००	-आवरणभित्र लिड राखेका सिसाकलमहरू र रङ्गीन खरी (क्रेयन) हरू	५	५
	९६०९.२०.००	-सिसाकलमका लिडहरू, कालो वा रङ्गीन	५	५
	९६०९.९०.००	-अन्य	५	५
९६.१०	९६१०.००.००	**फ्रेम हालेका वा नहालेका लेख्ने वा रेखाङ्कन गर्ने सतह भएका स्लेट र बोर्डहरू।**	५	५
९६.११	९६११.००.००	**हातले चलाउने उद्देश्यले तयार गरिएका मिति, सिलछाप वा सङ्ख्या अङ्कित गर्ने छापहरू र यस्तै वस्तुहरू (लेबल मुद्रण गर्ने वा उत्कीर्णन गर्ने साधनहरू समेत); हातले कम्पोज गर्ने स्टिकहरू र यस्ता कम्पोज गर्ने स्टिकहरू समावेश गरिएका हातले मुद्रण गर्ने सेटहरू।**	५	५

कानून, न्याय संसदीय मामिला मन्त्रालय

शीर्षक	उपशीर्षक	वस्तुको विवरण	पैठारी महसुल दर	
			सार्क मुलुकबाट	अन्य मुलुकबाट
१	२	३	४	५
९६.१२		**स्पुल वा कार्ट्रिजमा भएका वा नभएका, छाप्नको लागि मसी राखिएका वा अन्य किसिमले तयारी गरिएका टाइपराइटरका रिबन वा यस्तै रिबनहरू; बट्टा भएका वा नभएका, मसी हालेका वा नहालेका छापदानी (इन्क प्याड्) हरू।**		
	९६१२.१०.००	-रिबनहरू	५	५
	९६१२.२०.००	-छापदानी (इङ्क प्याड) हरू	५	५
९६.१३		**चुरोट सल्काउने लाइटर र अन्य लाइटरहरू, यान्त्रिक वा विद्युतीय सुविधा भएका वा नभएका, पत्थर र सलेदो बाहेकका तिनका पार्टपुर्जाहरू।**		
	९६१३.१०.००	-पकेट लाइटरहरू, ग्यॉस इन्धनयुक्त, पुनः ग्यॉस भर्न नमिल्ने	७.२५	३०
	९६१३.२०.००	-पकेट लाइटरहरू, ग्यॉस इन्धनयुक्त, पुनः ग्यॉस भर्न मिल्ने	७.२५	३०
	९६१३.८०.००	-अन्य लाइटरहरू	७.२५	३०
	९६१३.९०.००	-पार्टपुर्जाहरू	७.२५	१०
९६.१४	९६१४.००.००	**धूम्रपान गर्ने पाइपहरू (पाइप बाउलहरू समेत) र सिगार वा चुरोट होल्डरहरू र तिनका पार्टपुर्जाहरू।**	९.५	३०
९६.१५		**काइँयोहरू, हेयर स्लाइडहरू (कपाल बङ्ग्याउने साधनहरू) र यस्तै सामानहरू; शीर्षक ८५.१६ बाहेकका हेयर पिन (काँटा), कर्लिङ्ग पिन (घुँघुरो बनाउने काँटा), कर्लिङ्ग ग्रिप (घुँघुरो बनाउने पकड), हेयर कर्लर्स (घुँघुरो बनाउने साधन) र यस्तै सामानहरू र तिनका अंशहरू।**		
		-काइँयोहरू, कपाल बङ्ग्याउने सामानहरू (हेयर स्लाइड्स) र यस्तै सामानहरुः		
	९६१५.११.००	--कडा रबर वा प्लाष्टिकका	७.२५	२०
	९६१५.१९.००	--अन्य	७.२५	२०
	९६१५.९०.००	-अन्य	७.२५	२०
९६.१६		**अत्तरका पचका (सेन्ट स्प्रे) हरू र यस्तै सफाइका पचका (ट्वाइलेट स्प्रे) हरू र तिनका जडान (माउण्ट) र हेडहरू; श्रृङ्गारिक वा सफाइका सामग्री प्रयोग गर्ने पाउडर-पफ र प्याडहरू।**		
	९६१६.१०.००	-अत्तरका पचकाहरू र यस्तै सफाइका पचका (ट्वाइलेट स्प्रे) हरू र तिनका जडान (माउण्ट) र हेडहरू	९.५	१५
	९६१६.२०.००	-श्रृङ्गारिक वा सफाइका सामग्री प्रयोग गर्ने पाउडर-पफ र प्याडहरू	९.५	१५
९६.१७		**तयारी भ्याकुम फ्ल्यास्क र अन्य भ्याकुम पात्र (भ्याकुम भेसल) हरू; भित्री काँच बाहेकका तिनका पार्टपुर्जाहरू।**		

शीर्षक	उपशीर्षक	वस्तुको विवरण	पैठारी महसुल दर	
			सार्क मुलुकबाट	अन्य मुलुकबाट
१	२	३	४	५
	९६१७.००.१०	---तयारी भ्याक्युम फ्लाक्स	७.२५	१५
	९६१७.००.२०	---भ्याकुम भएका अन्य तयारी भाँडाहरू (भ्याकुम भेसेल्स)	७.२५	१५
	९६१७.००.९०	---भित्री काँच बाहेकका तिनका पार्टपुर्जाहरू।	७.२५	१५
९६.१८	९६१८.००.००	**सूचीकारका मानवीय ढाँचा (डमी) र अन्य मानव आकृति (ले फिगर) हरू; पसलका झ्यालहरू सजाउनका लागि प्रयोग गरिने मानव वा जीवजन्तुका चलायमान नमुनायुक्त उपकरणहरू (अटोमाटा) र अन्य सजीव-सदृश प्रदर्शन (एनिमेटेड डिस्प्ले) हरू।**	७.२५	१५
९६.१९		**जुनसुकै पदार्थका स्यानिटरी टाबेल (प्याड) र टेम्पोन, न्याप्किन (डाइपर), न्याप्किनका अस्तर (न्याप्किन लाइनर) हरू र यस्तै सामानहरू।**		
	९६१९.००.१०	---स्यानिटरी टावलहरू (प्याडहरू)	५	५
	९६१९.००.२०	---न्याप्किनहरू (डाइपरहरू)	१५	१५
	९६१९.००.३०	---न्याप्किन लाइनरहरू	१५	१५
	९६१९.००.४०	---टेम्पोनहरू र मेन्सट्रुवल कप	५	५
	९६१९.००.९०	---अन्य	१५	१५
९६.२०		**मोनोपड्, बाइपड्, ट्राइपड र यस्तै सामग्रीहरू।**		
	९६२०.००.१०	---स्मार्ट फोनका लागि उपयुक्त सेल्फी स्टिक	१५	१५
	९६२०.००.९०	---अन्य	१५	१५

कानून , न्याय तथा संसदीय मामिला मन्त्रालय

परिच्छेद २१
कलाकृतिहरू, सङ्ग्रहकर्ताका सङ्ग्रहणीय वस्तुहरू (कलेक्टर्स पिसेज) र पुरातात्त्विक वस्तुहरू (एण्टिक्स)

भाग ९७
कलाकृतिहरू, सङ्ग्रहकर्ताका सङ्ग्रहणीय वस्तुहरू (कलेक्टर्स पिसेज) र पुरातात्त्विक वस्तुहरू (एण्टिक्स)

द्रष्टव्यहरूः

१. यस भागमा नपर्नेः

(क) शीर्षक ४९.०७ का प्रयोग नभएका हुलाक टिकट वा राजस्व टिकट (रेभेन्यू स्ट्याम्प) हरू, हुलाकका लेखन सामग्री (टिकटयुक्त कागत) वा यस्तै सामग्रीहरू;

(ख) शीर्षक ९७.०६ मा वर्गीकरण हुन सक्ने बाहेकका मुद्रित क्यान्भासका रङ्गमञ्चका दृश्यावली, स्टुडियोको पृष्ठपट पर्दा (ब्याक क्लोथ) र यस्तै वस्तुहरू (शीर्षक ५९.०७); वा

(ग) प्राकृतिक वा सम्वर्धित मोतीहरू, वा बहुमूल्य वा अर्धबहुमूल्य पत्थरहरू (शीर्षक ७१.०१ देखि ७१.०३)।

२. कलाकारद्वारा डिजाइन गरिएका वा सिर्जना गरिएका भए तापनि परम्परागत शिल्पकौशलका, ठूलो सङ्ख्यामा व्यापारिक रूपमा उत्पादित, प्रतिकृति (रिप्रोडक्सन), ढलाइ (कास्ट) वा कलाकार्य (वर्क) गरिएका मोज्याकहरूका हकमा शीर्षक ९७.०१ लागू हुँदैन।

३. शीर्षक ९७.०२ को प्रयोजनको लागि "मौलिक उत्कीर्णन (इन्ग्रेभिङ्ग), मुद्रण (प्रिन्ट) र प्रतिकृति-मुद्रण (लिथोग्राफ) हरू" भन्नाले कलाकारले पूर्णतः हातले निष्पादन (एक्जिक्यूट) गरेका एक वा अधिक प्लेटहरूबाट सोझै उत्पादित सादा (ब्ल्याक एण्ड ह्वाइट) वा रङ्गीन प्रभाव वा निशान (इम्प्रेशन) लाई जनाउँछ, जसमा कलाकारले प्रयोग गरेको प्रक्रिया वा पदार्थहरूलाई महत्त्व दिइँदैन, तर कुनै पनि मेकानिकल वा फोटोमेकानिकल प्रक्रियाहरू भने यसमा समावेश हुने छैनन्।

४. कलाकारद्वारा डिजाइन गरिएका वा सिर्जना गरिएका भए तापनि परम्परागत शिल्पकौशलका, ठूलो सङ्ख्यामा व्यापारिक रूपमा उत्पादित प्रतिकृति (रिप्रोडक्सन) वा कलाकार्य (वर्क) का हकमा शीर्षक ९७.०३ लागू हुँदैन।

५. (क) माथिका १ देखि ४ सम्मका द्रष्टव्यका अधीनमा रही, यस भागका वस्तुहरूलाई यसै भागमा वर्गीकरण गरिनेछ र यस अनुसूचीका अन्य कुनै भागमा वर्गीकरण गरिने छैन।

(ख) यस भागका पूर्ववर्ती शीर्षकहरूका वस्तुहरूका हकमा शीर्षक ९७.०६ लागू हुने छैन।

६. चित्रपट (पेण्टिङ्ग) हरू, रेखाचित्र (ड्रइङ्ग) हरू, विभिन्न रङ्गका सिसाकलमले बनाएका चित्र (पास्टेल) हरू, सतहमा अन्य चित्र टाँसेर बनाइएका चित्र (कोलाज) हरू वा यस्तै सजावटी (डिकोरेटिभ) पाता (प्लाक) हरू, उत्कीर्णन (इनग्रेभिङ्ग) हरू, मुद्रण (प्रिण्ट) हरू वा प्रतिकृति-मुद्रण (लिथोग्राफ) हरूका चारैतिरका फ्रेमहरूलाई ती वस्तुहरूसँगै वर्गीकरण गरिनेछ, तर ती फ्रेमहरू मूल्य र किसिमको हिसाबले ती वस्तुहरूसँग स्वाभाविक रूपले

मिल्ने हुनु पर्दछ। यस द्रष्टव्यमा उल्लेख भएका वस्तुहरूसँग स्वाभाविक रूपले नमिल्ने किसिमका वा नमिल्ने मूल्यका फ्रेमहरूलाई छुट्टै वर्गीकरण गरिनेछ।

कानून , न्याय तथा संसदीय मामिला मन्त्रालय

शीर्षक	उपशीर्षक	वस्तुको विवरण	पैठारी महसुल दर	
			सार्क मुलुकबाट	अन्य मुलुकबाट
१	२	३	४	५
९७.०१		**पूर्णरूपमा हातैले तयार पारिएका चित्र (पेन्टिङ्ग) हरू, रेखाचित्र (ड्रइङ्ग) हरू र विभिन्न रङ्गका सिसाकलमले बनाइएका चित्र (पास्टेल) हरू, शीर्षक ४९.०६ का रेखाचित्रहरू बाहेक र हातले रङ्ग भरिएका वा हातले अलङ्कृत गरिएका निर्मित वस्तुहरू बाहेक; कोलाज (सतहमा अरू चित्रहरू टाँसेर बनाइएका चित्र), मोज्याक (ढुङ्गा टायल वा काँचका रङ्गीन टुक्राहरू जोडेर बनाइएका चित्र) वा आकृति) र यस्तै आलङ्कारिक पाता (प्लाक्) हरू।**		
		-१०० वर्षको अवधि नाघेका:		
	९७०१.२१.००	--चित्र (पेन्टिङ्ग), रेखाचित्र (ड्रइङ्ग) र विभिन्न रङ्गका सिसाकलमले बनाइएका चित्र (पास्टेल) हरू	१०	१०
	९७०१.२२.००	--मोज्याक (ढुङ्गा, टायल वा काँचका रङ्गीन टुक्राहरू जोडी बनाइएका चित्र वा आकृति) हरू	१०	१०
	९७०१.२९.००	--अन्य	१०	१०
		-अन्यः		
	९७०१.९१.००	--चित्र (पेन्टिङ्ग), रेखाचित्र (ड्रइङ्ग) र विभिन्न रङ्गका सिसाकलमले बनाइएका चित्र (पास्टेल) हरू	१०	१०
	९७०१.९२.००	--मोज्याक (ढुङ्गा, टायल वा काँचका रङ्गीन टुक्राहरू जोडी बनाइएका चित्र वा आकृति) हरू	१०	१०
	९७०१.९९.००	--अन्य	१०	१०
९७.०२		**मौलिक उत्कीर्णन (इन्ग्रेभिङ्ग), मुद्रण (प्रिन्ट) र प्रतिकृति-मुद्रण (लिथोग्राफ) हरू।**		
	९७०२.१०.००	-१०० वर्षको अवधि नाघेका	१०	१०
	९७०२.९०.००	-अन्य	१०	१०
९७.०३		**जुनसुकै पदार्थमा कुँदेर बनाइएका मौलिक शिल्प (स्कल्पचर) र मूर्तिकलाहरू (स्टाच्यूअरी)।**		
	९७०३.१०.००	-१०० वर्षको अवधि नाघेका	१०	१०
	९७०३.९०.००	-अन्य	१०	१०
९७.०४	९७०४.००.००	**हुलाक टिकट वा राजस्व टिकटहरू, स्ट्याम्प-पोस्टमार्कहरू, फष्ट डे कभरहरू, हुलाकका लेखन-सामग्री (टिकट छापिएका कागतहरू) र यस्तै सामग्रीहरू, प्रयोग भइसकेका वा प्रयोग नभएका, शीर्षक ४९.०७ का बाहेक।**	५	५
९७.०५		**पुरातात्त्विक, नृवंशविज्ञान, ऐतिहासिक, प्राणीविज्ञान, वनस्पति विज्ञान, खनिज विज्ञान, शारीरिक रचना, जीवाश्म विज्ञान र मुद्रा सम्बन्धी रुचिका सङ्ग्रह र सङ्ग्रहकर्ताका वस्तुहरू।**		
	९७०५.१०.००	-पुरातात्त्विक, नृवंशविज्ञान सम्बन्धी वा ऐतिहासिक रुचिका सङ्ग्रह र सङ्ग्रहकर्ताका वस्तुहरू	१०	१०

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

शीर्षक	उपशीर्षक	वस्तुको विवरण	पैठारी महसुल दर	
			सार्क मुलुकबाट	अन्य मुलुकबाट
१	२	३	४	५
		-प्राणीविज्ञान, वनस्पति विज्ञान, खनिज विज्ञान, शारीरिक रचना र जीवाश्म विज्ञान सम्बन्धी रुचिका सङ्ग्रह र सङ्ग्रहकर्ताका वस्तुहरूः		
	९७०५.२१.००	--मानव नमुना र तिनका भागहरू	१०	१०
	९७०५.२२.००	--दुर्लभ वा लोपोन्मुख प्रजातिहरू र तिनका अङ्गहरू	१०	१०
	९७०५.२९.००	--अन्य	१०	१०
		-मुद्रा सम्बन्धी रुचिका सङ्ग्रह र सङ्ग्रहकर्ताका वस्तुहरूः		
	९७०५.३१.००	--१०० वर्षको अवधि नाघेका	१०	१०
	९७०५.३९.००	--अन्य	१०	१०
९७.०६		**१०० वर्षको अवधि नाघेका पुरातात्त्विक वस्तुहरू।**		
	९७०६.१०.००	-२५० वर्षको अवधि नाघेका	१०	१०
	९७०६.९०.००	-अन्य	१०	१०

कानून , न्याय तथा संसदीय मामिला मन्त्रालय

अनुसूची-४

(दफा ७ को उपदफा (४) सँग सम्बन्धित)

<u>पैठारी सम्बन्धी विविध व्यवस्था</u>

१. **<u>यात्रुले ल्याउने वस्तु सम्बन्धमा:</u>** यात्रुले महसुल छुटमा ल्याउन पाउने वस्तु बाहेक यात्रुले ल्याउन र लैजान पाउने निजी प्रयोगका वस्तु सम्बन्धी सूचना अनुसार विदेशबाट आफूसँग ल्याएको (एकम्पनिड) वा आफू आउनुभन्दा अघि वा पछि ल्याएको (अनएकम्पनिड) वस्तुमा दफा ७ र ९ बमोजिम महसुल लाग्नेछ।

तर,

(१) विदेशबाट फर्केका यात्रुले आफ्नो साथमा ल्याएको सुन तथा सुनका गहनामा देहाय बमोजिम महसुल लाग्नेछः-

(क) सुनको हकमा,-

(अ) पहिलो पचास ग्रामसम्म प्रचलित दर अनुसार लाग्ने महसुल।

(आ) पचास ग्रामभन्दा बढी थप पचास ग्रामसम्म प्रचलित दर अनुसार लाग्ने महसुलको अतिरिक्त थप तीन प्रतिशत।

(ख) सुनको गहनाको हकमा,-

(अ) पुरुषको हकमा पच्चीस ग्राम र महिलाको हकमा पचास ग्रामसम्म सुनका गहनामा कुनै महसुल लाग्ने छैन।

(आ) उपखण्ड (अ) मा उल्लेख भएको परिमाणभन्दा बढी थप पचास ग्रामसम्म सुनका गहनामा प्रचलित दर अनुसार महसुल लाग्नेछ।

(इ) उपखण्ड (आ) मा उल्लेख भएको परिमाणभन्दा बढी थप पचास ग्रामसम्म सुनका गहनामा प्रचलित दर अनुसार लाग्ने महसुलको अतिरिक्त थप तीन प्रतिशत महसुल लाग्नेछ।

तर सामान्य गहनाको आकार मात्रै दिएर बनाइएका बेरुवा औँठी, बाला, सिक्री जस्ता वस्तुलाई उपखण्ड (अ), (आ) वा (इ) को प्रयोजनका लागि गहनाको रुपमा मान्यता दिइने छैन।

(२) बुँदा (१) को खण्ड (क) वा (ख) मा उल्लेख भएका बढी परिमाणमा सुन तथा सुनका गहना पैठारी गरेमा बढी भएको परिमाण जति जफत गरिनेछ।

(३) यात्रुले ल्याउने सुन तथा सुनका गहनाको भन्सार मूल्याङ्कन प्रयोजनको लागि हरेक महिनाको १ गते र १५ गते विभागले अन्तर्राष्ट्रिय बजारबाट मूल्य सूची लिई भन्सार कार्यालयमा उपलब्ध गराउनेछ।

(४) विदेशी यात्रुले आफ्नो साथमा ल्याउने पाउने पुरुषको हकमा पच्चीस ग्राम र–महिलाको हकमा पचास ग्रामसम्म सुनको गहना र एक सय ग्रामसम्म चाँदीका गहनाभन्दा बढी निजी प्रयोगका सुन तथा चाँदीका गहना पछि फिर्ता लैजाने गरी भन्सार कार्यालयमा घोषणा

गरेमा त्यस्तो गहना परीक्षण गरी सो गहनाको मूल्यको बीस प्रतिशत रकम धरौटी राखी ल्याउन दिइनेछ। त्यसरी ल्याएको गहना निज यात्रु फर्कंदा भन्सार कार्यालयमा परीक्षण गराई त्यस्तो गहना ल्याउँदा राखेको धरौटी रकम फिर्ता लैजान सक्नेछ। त्यसरी परीक्षण गर्दा घोषणा गरेभन्दा फरक गुणस्तर तथा परिमाण भएको प्रमाणित भएमा भन्सार सम्बन्धी प्रचलित कानून बमोजिम कारबाही हुनेछ।

तर भारतबाट विवाह लगायतका सामाजिक कार्यमा आउने यात्रुले आफ्नो स्वःप्रयोजनका लागि ल्याउने गहना आफू फर्कंदा फिर्ता लैजाने शर्तमा भन्सार कार्यालयमा घोषणा गरी ल्याउन सक्नेछ।

(५) श्रम स्वीकृति लिई वैदेशिक रोजगारमा गई फर्केका नेपाली नागरिकले ल्याउन र लैजान पाउने निजी प्रयोगका वस्तु सम्बन्धमा नेपाल राजपत्रमा प्रकाशित सूचना बमोजिमको देहायका वस्तुमा महसुल छुट दिइनेछः-

(क) लगातार कम्तीमा छ महिना विदेशमा बसी फर्केको यात्रुले ल्याएको आफूले प्रयोग गरिरहेको बाहेक अर्को सेलुलर मोबाइल फोन एक थान।

(ख) लगातार कम्तीमा बाह्र महिना विदेशमा बसी फर्केको र सामाजिक सुरक्षा कोषमा सूचीकृत भएको यात्रुले ल्याएको जुनसुकै आकार वा प्रकारको र त्यस्तो कोषमा सूचीकृत नभएको यात्रुले ल्याएको बत्तीस इञ्चसम्मको टेलिभिजन एक थान।

तर यस खण्ड बमोजिमको सुविधा अभिलेख रहने गरी एक पटकको लागि मात्र दिइनेछ।

२. **<u>पुराना सवारी साधन र यन्त्र उपकरणमा ह्रासकट्टी सम्बन्धी व्यवस्थाः</u>** (१) कूटनीतिक सुविधा वा महसुल सुविधामा पैठारी भएका वा आयोजना वा आयोजनाको ठेकेदार वा परामर्शदाताका नाममा पछि फिर्ता लैजाने शर्तमा पूर्ण वा आंशिक महसुल सुविधामा वा लाग्ने महसुल बापत बैङ्क जमानत वा नगद धरौटी राखी पैठारी भएका वा अन्य सङ्घ, संस्थाको नाममा पूर्ण वा आंशिक भन्सार महसुल छुटमा पैठारी भएका सवारी साधन तथा यन्त्र उपकरण नेपालभित्र कसैलाई उपहार दिएमा वा बिक्री गरेमा वा पैठारी गर्नेले आफ्नै प्रयोजनको लागि राख्ने भएमा त्यस्ता सवारी साधन तथा यन्त्र उपकरणको भन्सार महसुल लिने प्रयोजनको लागि भन्सार अधिकृतले पैठारी हुँदाको अवस्थामा कायम भएको मूल्यमा वार्षिक दश प्रतिशतको दरबाट प्रत्येक वर्षको अवशिष्ट मूल्यमा अधिकतम पाँच वर्षको ह्रासकट्टी गरी मूल्य कायम गर्नेछ।

तर एक वर्षभन्दा कम हुन आउने अवधिलाई ह्रासकट्टी प्रयोजनका लागि गणना गरिने छैन।

(२) बुँदा (१) बाहेक निजी प्रयोगका लागि आंशिक भन्सार महसुल छुटमा व्यक्तिगत रूपमा पैठारी भएका सवारी साधन अन्य व्यक्तिलाई बिक्री गर्ने वा हक हस्तान्तरण गर्ने भएमा भन्सार महसुल लिने प्रयोजनको लागि मूल्य कायम गर्दा वार्षिक दश प्रतिशतका दरले प्रत्येक वर्षको अवशिष्ट मूल्यमा अधिकतम पाँच वर्षको ह्रासकट्टी गरी मूल्य कायम गरिनेछ।

तर एक वर्षभन्दा कम हुन आउने अवधिलाई ह्रासकट्टी प्रयोजनका लागि गणना गरिने छैन।

(३) बुँदा (१) वा (२) बमोजिम पैठारी भएको सवारी साधनको पैठारीका अवस्थामा कायम भएको मूल्य अन्य त्यस्तै सवारी साधनको मूल्यभन्दा अस्वाभाविक रूपमा कम भएको अवस्थामा बाहेक सामान्यतः पैठारी गर्दा कायम गरेको विदेशी मुद्रालाई आधार मानी बुँदा (१) वा (२) बमोजिम मूल्य कायम गरिनेछ।

(४) बुँदा (१) वा (२) बमोजिम सवारी साधनमा ह्रासकट्टी गर्दा उक्त सवारी साधनको उत्पादन मितिदेखि गणना गरिनेछ र पैठारी हुनुपूर्व विदेशमा व्यतित भएको अवधि कटाई बाँकी अवधिको मात्र ह्रासकट्टी गरिनेछ।

(५) यस प्रकरणमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कूटनीतिक निकायबाट गरेको सवारी साधनको बिक्रीलाई लिलाम गरे सरह मानिनेछ।

३. <u>सवारी वा ढुवानीका साधन पैठारी सम्बन्धी विशेष व्यवस्थाः</u> (१) सवारी वा ढुवानीका साधन पैठारी गर्दा देहायका शर्तहरू पालना गर्नु पर्नेछः-

(क) निर्माता कम्पनी वा निजको आधिकारिक बिक्रेताबाट खरिद गरिएका नयाँ सवारी वा ढुवानीका साधन नेपालस्थित आधिकारिक बिक्रेताले मात्र पैठारी गर्न पाउनेछ।

(ख) रिकण्डिसन्ड, प्रयोग भइसकेको वा प्रचलित नेपाल सवारी प्रदूषण मापदण्डभित्र नपर्ने सवारी वा ढुवानीका साधन पैठारी गर्न पाइने छैन। त्यस्तो साधन कसैले पैठारी गरेमा जफत हुनेछ।

(ग) बिक्री गर्ने प्रयोजनको लागि खण्ड (क) बमोजिम पैठारी गरेका सवारी वा ढुवानीका साधनको पैठारीकर्ताले चौमासिक रूपमा एक वर्षमा तीन पटक त्यस्ता साधनको अधिकतम खुद्रा बिक्री मूल्य (एम.आर.पी.) राष्ट्रियस्तरको दैनिक पत्रिकामा प्रकाशित गर्नु पर्नेछ।

(घ) पैठारी भएका सवारी वा ढुवानीका साधनको खण्ड (ग) बमोजिम अधिकतम खुद्रा बिक्री मूल्य (एम.आर.पी.) प्रकाशित नगर्ने पैठारीकर्ताको पैठारी तथा बिक्री कारोबार रोक्का राखी विभागले छानबिन गर्न सक्नेछ।

(ङ) विद्युतीय सवारी तथा ढुवानी साधन वा त्यस्तो साधनमा प्रयोग हुने ब्याट्रीको पैठारीकर्ताले आफूले पैठारी गरेको साधनमा प्रयोग भएको वा आफूले बिक्री गरेको ब्याट्री क्रेताबाट फिर्ता लिने तथा त्यस्तो ब्याट्रीको व्यवस्थापनसँग सम्बन्धित उपयुक्त योजना वर्षको एक पटक भन्सार कार्यालयमा पेस गरी सम्बन्धित पैठारीकर्ताको वेबसाइटमा समेत राख्नु पर्नेछ। त्यस्तो योजना पेस नगर्ने पैठारीकर्ताले विद्युतीय सवारी तथा ढुवानीको साधन पैठारी गर्न पाउने छैन।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(च) खण्ड (क) मा उल्लिखित शर्त उल्लङ्घन गरी सवारी वा ढुवानी साधन पैठारी गरेमा त्यस्ता सवारी तथा ढुवानी साधन जफत गर्नु पर्नेछ।

तर,

(अ) सरकारी निकाय, कूटनीतिक वा महसुल सुविधाप्राप्त व्यक्ति वा निकाय, ऋण तथा सहायतामा सञ्चालित सरकारी आयोजनाले पैठारी गर्ने सवारी तथा ढुवानीका साधन तथा अपाङ्गता भएका व्यक्तिले आफ्नो प्रयोजनको लागि पैठारी गर्ने स्कुटरमा यस बुँदाको खण्ड (क) को व्यवस्था लागू हुने छैन।

(आ) दमकल (बारुणयन्त्र) पैठारी गर्दा यस बुँदाको खण्ड (क) तथा (ख) को व्यवस्था लागू हुने छैन।

(इ) एक वर्षभन्दा बढी विदेशस्थित नेपालको कूटनीतिक नियोगमा काम गरेको नेपाली नागरिक आफ्नो कार्यकाल समाप्त भई नेपाल फर्कंदा निजले विदेशमा आफ्नो नाममा दर्ता गरी आफैंले प्रयोग गरेको सवारी साधन नेपाल सरकार, वन तथा वातावरण मन्त्रालयको सिफारिसमा पैठारी गर्न सक्नेछ। त्यसरी पैठारी भएको सवारी साधनमा यस अनुसूचीको प्रकरण २ बमोजिमको ह्रासकट्टी गरिने छैन।

(ई) नेपाल सरकार, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले तोकेको मापदण्ड बमोजिमको एम्बुलेन्स, शीर्षक ८७.०१ मा पर्ने ट्याक्टर र शीर्षक ८७.०५ मा पर्ने मोटरगाडी पैठारी गर्दा यस बुँदाको खण्ड (क) को व्यवस्था लागू हुने छैन।

(उ) नेपालले आयोजना गर्ने अन्तर्राष्ट्रिय वा क्षेत्रीय महत्त्वको सभा सम्मेलनको प्रयोजनको लागि नेपाल सरकार, मन्त्रिपरिषद्ले निर्णय गरी पैठारी गर्ने प्रचलित नेपाल सवारी प्रदूषण मापदण्डभित्र पर्ने सवारी साधनको हकमा यस बुँदाको खण्ड (क) को व्यवस्था लागू हुने छैन।

(ऊ) नेपालस्थित विदेशी कूटनीतिक नियोगमा कार्यरत कूटनीतिक पदाधिकारीले प्रयोग भइसकेका सवारी साधन पैठारी गर्न चाहेमा पारस्परिकताको आधारमा पैठारी गर्न दिन नेपाल सरकार, परराष्ट्र मन्त्रालयले सिफारिस गरेको अवस्थामा प्रचलित नेपाल सवारी प्रदूषण मापदण्डभित्र पर्ने सवारी साधन पछि आफ्नो कार्य अवधि समाप्त भएपछि फिर्ता लैजाने शर्तमा पैठारी गर्न दिन सकिनेछ।

(ए) यस अनुसूची बमोजिम वा नेपाल सरकारको निर्णयद्वारा भन्सार महसुल पूर्ण वा आंशिक छुट दिइएको व्यक्ति वा संस्था वा

कानून , न्याय तथा संसदीय मामिला मन्त्रालय

निकायले निर्माता कम्पनी वा निजको आधिकारिक बिक्रेताबाट सवारी साधन खरिद गरी पैठारी गर्दा यस बुँदाको खण्ड (क) को व्यवस्था लागू हुने छैन।

(२) भाग ८७ को गाडी र तिनका चेसिस पैठारी भएकोमा जुन किसिमको सवारी साधनको चेसिस वा जुन किसिमको गाडी भनी महसुल बुझाएको छ सोही किसिमको सवारी साधनमा दर्ता गर्नु पर्नेछ। अर्को किसिमको सवारी साधनमा दर्ता गरी प्रयोग गर्नु परेमा भन्सार कार्यालयले महसुल अपुग हुने भए सो रकम असुल गरी स्वीकृति दिएको अवस्थामा मात्र अर्को किसिमको सवारी साधनमा दर्ता गरी प्रयोग गर्न सकिनेछ र स्वीकृति नलिई यस बुँदा विपरीत दर्ता गरेको वा प्रयोगमा ल्याएको सवारी साधन जफत गरिनेछ।

(३) शीर्षक ८७.०२ को प्रयोजनका लागि सिट सङ्ख्या गणना गर्नु पर्दा नियमित सिट र ड्राइभर सिट गणना गरिनेछ।

तर कण्डक्टर सिट र अन्य अतिरिक्त सिट तथा फोल्डिङ्ग सिटलाई गणना गरिने छैन।

(४) नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह वा नेपाल सरकारको पूर्ण स्वामित्व रहेको संस्थाले महसुल सुविधामा पैठारी गरेको पाँच वर्षभन्दा पुरानो गाडी र यन्त्र उपकरण लिलाम बिक्री गर्दा त्यसमा भन्सार महसुल लाग्ने छैन।

तर भन्सार सम्बन्धी प्रचलित कानून बमोजिम जफत भई नेपाल सरकारको निर्णय अनुसार नेपाल सरकारको स्वामित्वमा रहेको सवारी साधन लिलाम गर्दा पाँच वर्षको बन्देज लागू हुने छैन।

४. <u>**भन्सार महसुल सुविधामा पैठारी भएको वस्तु सम्बन्धी विशेष व्यवस्थाः**</u> (१) कूटनीतिक सुविधाप्राप्त व्यक्ति वा निकायले कूटनीतिक वा महसुल सुविधामा पैठारी गरेका सवारी साधन, यन्त्र उपकरण तथा वस्तु पैठारी गरेको मितिले पाँच वर्ष पुगेपछि बिक्री गरेमा वा उपहार दिएमा अनुसूची-३ बमोजिम लाग्ने भन्सार महसुलको साठी प्रतिशत छुट हुनेछ। कूटनीतिक सुविधा वा महसुल सुविधामा पैठारी भएका त्यस्ता सवारी साधन, यन्त्र उपकरण तथा वस्तुको हकमा कुनै व्यक्तिलाई सो सुविधा दिँदा निजको नेपालमा पदाधिकार रहेको अवधिभर एक पटक मात्र दिइनेछ।

(२) नेपालभित्रका आयोजना सञ्चालनार्थ ती आयोजना वा ठेकेदारको नाममा पैठारी हुने वस्तुका सम्बन्धमा देहाय बमोजिम हुनेछः-

(क) सवारी र ढुवानीका साधन, निर्माणका यन्त्र उपकरण समेतको सम्बन्धमा,-

(अ) नेपाल सरकारसँग भएको सम्झौता वा नेपाल सरकारको निर्णयको अधीनमा रही सरकारी वा निजी क्षेत्रबाट सञ्चालित आयोजना वा सम्बन्धित ठेकेदारको नाममा पैठारी हुने निर्माणका यन्त्र उपकरण तथा सरकारी आयोजना वा सोसँग सम्बन्धित विदेशी ठेकेदार वा विदेशी ठेकेदार र नेपाली ठेकेदारको संयुक्त उपक्रमका नाममा पैठारी हुने सवारी तथा ढुवानी साधनमा लाग्ने महसुल बापतको रकम बैङ्क जमानत लिई अस्थायी पैठारी गर्न

दिइनेछ। त्यसरी बैङ्क जमानत लिई अस्थायी पैठारी गर्न दिइने आयोजनाको लागि नभई नहुने वस्तुको विवरण भएको मास्टरलिस्ट सम्बन्धित निकायको राजपत्राङ्कित विशिष्ट श्रेणीको अधिकृत वा लगानी बोर्ड नेपालको प्रमुख कार्यकारी अधिकृतबाट स्वीकृत भएको हुनु पर्नेछ।

तर वैदेशिक सहायतामा सञ्चालित आयोजनाको हकमा सम्झौतामा उल्लिखित शर्तको अधीनमा रही सम्बन्धित मन्त्रालयको सचिव वा विकास साझेदारबाट भएको सिफारिसका आधारमा आयोजनाको लागि आवश्यक निर्माण यन्त्र उपकरण र सवारी तथा ढुवानी साधन आयोजनाको समाप्तिपछि अनिवार्य रुपमा फिर्ता लैजाने गरी लगतमा राखी अस्थायी पैठारी गर्न अनुमति दिन सकिनेछ। त्यसरी पैठारी भएको वस्तु नेपालमा कसैलाई बिक्री, दान वा हस्तान्तरण गर्न पाइने छैन।

(आ) उपखण्ड (अ) बमोजिम पैठारी हुने सवारी र ढुवानी साधन, निर्माण यन्त्र उपकरण पैठारी गर्दा प्रज्ञापनपत्रमा नेपालभित्र रहने अवधि उल्लेख गरी जाँचपास गर्नु पर्नेछ। निर्धारित अवधिमा आयोजना सम्पन्न नभएको कारणले प्रज्ञापनपत्रमा उल्लिखित अवधिभन्दा बढी अवधिसम्म नेपालभित्र राख्नु पर्ने भएमा सम्बन्धित निकायबाट स्वीकृति लिई आयोजनाको अवधि थप भएको जानकारी विभागलाई दिनु पर्नेछ। सो आधारमा विभागले सम्बन्धित भन्सार कार्यालय तथा सम्बन्धित निकायलाई जानकारी गराउनेछ।

(इ) उपखण्ड (अ) बमोजिम पैठारी हुने सवारी र ढुवानी साधनको सवारी दर्ता गर्दा छुट्टै पहिचान हुने किसिमले दर्ता गर्नु पर्नेछ र परियोजना अवधि समाप्त भएपछि त्यस्तो साधनको नवीकरण गरिने छैन। पैठारीकर्ताले त्यसरी दर्ता भएको सवारी तथा ढुवानी साधनको दर्ता प्रमाणपत्रको प्रतिलिपि सहितको जानकारी दर्ता भएको मितिले पैंतीस दिनभित्र सम्बन्धित भन्सार कार्यालयलाई दिनु पर्नेछ।

(ई) नेपाल सरकारले म्याद थप दिएकोमा बाहेक आयोजना सम्पन्न भएको मितिले वा करार सम्झौता (ठेक्का सम्झौता) रद्द भएको मितिले तीन महिनाभित्र यस खण्ड बमोजिमका वस्तु फिर्ता लगिसक्नु पर्नेछ।

स्पष्टीकरणः यस प्रकरणको प्रयोजनको लागि "आयोजना सम्पन्न भएको मिति" भन्नाले सम्झौतामा उल्लेख भए अनुसारको डिफेक्ट लायाविलिटी पिरियड वा मर्मत अवधि (मेन्टिनेन्स पिरियड) सम्झनु पर्छ।

(उ) उपखण्ड (अ) को प्रतिवन्धात्मक वाक्यांश बमोजिम वैदेशिक सहायतामा सञ्चालित आयोजनाले लगतमा राखी अस्थायी पैठारी गरेका निर्माण उपकरण, यन्त्र, सवारी तथा ढुवानी साधन बाहेक उपखण्ड (ई) बमोजिम वस्तु फिर्ता नलगी आफैंले उपयोग गरेमा, कसैलाई उपहार दिएमा वा बिक्री गरेमा उल्लिखित अवधिभित्रै प्रचलित कानून बमोजिम लाग्ने महसुल बुझाउनु पर्नेछ। त्यसरी तोकिएको अवधिभित्र फिर्ता नलगेका वा महसुल नबुझाएका सवारी र ढुवानी साधन, निर्माण यन्त्र तथा उपकरण जफत गरिनेछ र अस्थायी पैठारी गर्दा राखेको बैङ्क जमानतबाट लाग्ने महसुल बराबरको रकम समेत राजस्वमा आम्दानी बाँधिनेछ।

(ऊ) सम्बन्धित ठेकेदारले एउटा परियोजनाको नाममा पैठारी गरेको वस्तु फिर्ता नलगेसम्म वा त्यस्तो वस्तुको महसुल नतिरेसम्म सोही ठेकेदारले अर्को परियोजनाको लागि त्यस्तै सवारी साधन, यन्त्र उपकरण तथा वस्तुहरू पैठारी गर्न पाउने छैन।

(ख) आयोजनामा खपत हुने वस्तुका सम्बन्धमा,-

वैदेशिक ऋण वा सहायतामा सञ्चालित तथा लगानी बोर्ड नेपालले स्वीकृत गरेको आयोजनामा खपत हुने वस्तुमा लाग्ने महसुल छुटको लागि मन्त्रालयमा सिफारिस गर्दा देहायका विषय सहित त्यस्ता वस्तुको विवरण भएको मास्टरलिस्ट सम्बन्धित निकायको राजपत्राङ्कित विशिष्ट श्रेणीको अधिकृत वा लगानी बोर्ड नेपालको प्रमुख कार्यकारी अधिकृतले स्वीकृत गरेको हुनु पर्नेछ,-

(अ) वैदेशिक ऋण वा सहायता वा लगानी बोर्ड नेपालबाट स्वीकृत लगानी सम्बन्धी सम्झौतामा भएको कर छुटको प्रावधान स्पष्ट खुलेको हुनु पर्ने,

(आ) आयोजनाको दर विश्लेषण तथा लागत अनुमानमा मास्टरलिस्टमा समावेश भएको वस्तुको कर बाहेकको मूल्य खुलेको हुनु पर्ने,

(इ) सम्झौता अङ्कको कति मूल्यको वस्तु पैठारी हुने हो सो खुलेको हुनु पर्ने,

(ई) मास्टरलिस्टमा उल्लिखित वस्तुमध्ये कुन नेपालमा खरिद गर्ने हो र कुन पैठारी गर्ने हो सो स्पष्ट रुपमा खुलाउनु पर्ने,

(उ) स्वीकृत मास्टरलिस्ट संशोधन भए संशोधन गर्नु पर्नाको आधार र कारण खुलाउनु पर्ने।

(ग) खण्ड (क) र (ख) मा उल्लिखित मास्टरलिस्टमा वस्तुको नाम, एकाइ, प्रतिएकाइ मूल्य, जम्मा मूल्य (सि.आई.एफ., सि.आई.पी., एफ.ओ.वि., एक्स वर्कस् डब्लु वा अन्य), मुद्रा, वस्तु वर्गीकरणको उपशीर्षक, उत्पत्तिको मुलुक, आयोजना तथा पैठारीकर्ताको नाम र आयोजना सम्पन्न हुने मिति समेत स्पष्ट रुपमा खुलाइएको हुनु पर्नेछ।

(घ) खण्ड (क) र (ख) मा उल्लिखित स्वीकृत मास्टर लिस्टमा पर्ने वस्तुको प्रतिएकाइ मूल्य सो मास्टर लिस्टमा उल्लेख भएको भन्दा पच्चीस प्रतिशतसम्म घटी भएमा समेत सो मूल्यलाई मान्यता दिइनेछ। वस्तुको प्रतिएकाइ मूल्य पच्चीस प्रतिशतभन्दा बढी घट्न गएमा मास्टर लिस्ट संशोधन गरी त्यस्तो मूल्य समायोजन गर्नु पर्नेछ।

(३) बुँदा (२) बमोजिम सुविधामा पैठारी भएको वस्तु जुन आयोजनाको लागि पैठारी भएको हो सोही आयोजनामा मात्र प्रयोग गर्न पाइनेछ। नेपाल सरकारले स्वीकृति दिएको अवस्थामा बाहेक तोकेको आयोजनाभन्दा अन्यत्र प्रयोग भएको पाइएमा खपत हुने वस्तुको हकमा त्यस्तो वस्तुमा लाग्ने महसुल र सो महसुल बराबर जरिबाना हुनेछ। खपत नहुने सवारी साधन, मेशिनरी यन्त्र उपकरण लगायतका वस्तुको हकमा त्यस्ता वस्तु जफत गरिनेछ र महसुल बापत बैङ्क जमानत राखेको भए त्यस्तो बैङ्क जमानतबाट लाग्ने महसुल बराबरको रकम राजस्वमा आम्दानी बाँधिनेछ।

(४) संवत् २०८० साल साउन १ गतेपछि वैदेशिक सहायतामा सञ्चालन हुने कुनै पनि आयोजनासँग सम्बन्धित सम्झौता गर्दा त्यस्तो आयोजनामा खपत हुने सिमेन्ट, फलामे डण्डी, फलामे पाइप तथा प्लाष्टिकका पाइप, जस्तापाता, शीर्षक ८५.४४ मा पर्ने विद्युतीय केबुल जस्ता स्वदेशमा पर्याप्त उत्पादन हुने वस्तुको पैठारीमा लाग्ने महसुल छुट गर्ने गरी सम्झौता गर्न पाइने छैन। यस बुँदामा उल्लेख भएका स्वदेशी उत्पादन सम्बन्धित आयोजनाले खरिद गर्दा लाग्ने मूल्य अभिवृद्धि कर र अन्तःशुल्क त्यस्ता आयोजनालाई मन्त्रालयले छुट दिन सक्नेछ।

(५) संवत् २०८० साल साउन १ गतेपछि मन्त्रालयको पूर्व सहमति नलिई सम्बद्ध निकायले आयोजनाको महसुल छुट सम्बन्धी सम्झौता गरेको भएमा त्यस्तो सम्झौताको हकमा महसुल छुट दिइने छैन।

(६) बुँदा (२) बमोजिम महसुल नबुझाएका वा सो बुँदामा उल्लिखित अवधिभित्र फिर्ता नलगेका सवारी तथा ढुवानीका साधन, निर्माण यन्त्र र उपकरणको यथार्थ सूचना दिई कब्जा गर्न सहयोग गर्ने व्यक्तिलाई त्यस्तो वस्तु लिलाम गरी प्राप्त हुने रकमको दश प्रतिशत पुरस्कार स्वरूप दिइनेछ।

५. <u>देहायका वस्तुमा देहाय बमोजिम भन्सार महसुल छुट हुनेछः-</u>

(१) **भन्सार महसुल पूर्ण छुट हुनेः**

(क) जुट उद्योगले पैठारी गर्ने उपशीर्षक ५३०३.१०.०० र ५३०३.९०.०० मा पर्ने कच्चा जुट,

(ख) नेपाल सरकारले पैठारी गर्ने उपशीर्षक ४९०७.००.२० को हुलाक टिकट; उपशीर्षक ४९०७.००.३० को हवाईपत्र; उपशीर्षक ४९०७.००.४० को राहदानी; उपशीर्षक ४९०७.००.५० को अन्तःशुल्क टिकट र उपशीर्षक ४९०९.००.०० को पोष्टकार्ड,

(ग) निजी प्रयोगको लागि आंशिक भन्सार महसुल सुविधामा पैठारी भई सवारी साधनका धनीको मृत्यु भएको कारणले निजको हकवाला पति वा पत्नीको नाममा नामसारी हुने सवारी साधन,

(घ) भारतमा उत्पादन भई भारतबाटै पैठारी हुने देहायका उपशीर्षकका वस्तुः

भाग-२५			
२५०२.००.००	२५०४.१०.००	२५०४.९०.००	२५१०.१०.००
२५११.१०.००	२५११.२०.००	२५१३.१०.००	२५१३.२०.००
२५१९.९०.००	२५२१.००.००	२५२५.१०.००	२५२८.००.००
भाग-२६			
२६०१.११.००	२६०१.१२.००	२६०१.२०.००	२६०२.००.००
२६०३.००.००	२६०४.००.००	२६०५.००.००	२६०६.००.००
२६०७.००.००	२६०८.००.००	२६०९.००.००	२६१०.००.००
२६११.००.००	२६१२.१०.००	२६१२.२०.००	२६१३.१०.००
२६१३.९०.००	२६१४.००.००	२६१५.१०.००	२६१५.९०.००
२६१६.१०.००	२६१६.९०.००	२६१७.१०.००	२६१७.९०.००
भाग-४४			
४४०१.११.००	४४०१.१९.००	४४०१.२१.००	४४०१.२२.००
४४०१.३१.००	४४०१.३२.००	४४०१.३९.००	४४०२.१०.००
४४०२.२०.००	४४०२.९०.१०	४४०२.९०.९०	४४०३.११.००
४४०३.१२.००	४४०३.२१.००	४४०३.२२.००	४४०३.२३.००
४४०३.२४.००	४४०३.२५.००	४४०३.२६.००	४४०३.४२.००
४४०३.४१.००	४४०३.४९.००	४४०३.९१.००	४४०३.९३.००
४४०३.९४.००	४४०३.९५.००	४४०३.९६.००	४४०३.९७.००
४४०३.९८.००	४४०३.९९.१०	४४०३.९९.९०	

(ङ) मूल्य अभिवृद्धि करमा दर्ता भएको धागो उद्योगले पैठारी गर्ने उपशीर्षक ५४०२.४६.०० को आंशिक चहकिलो पारिएको धागो (पि.ओ.वाई) र उपशीर्षक ५५०३.११.००, ५५०३.१९.००, ५५०३.२०.००, ५५०३.३०.००, ५५०३.४०.००, ५५०३.९०.००, ५५०४.१०.००, ५५०४.९०.००, ५५०६.१०.००, ५५०६.२०.००, ५५०६.३०.००, ५५०६.४०.००, ५५०६.९०.०० र उपशीर्षक ५५०७.००.०० मा पर्ने मानव निर्मित स्टेपुल फाइबर,

(च) रक्त सञ्चार सेवाको लागि आवश्यक पर्ने उपशीर्षक ९०१८.९०.२० मा पर्ने रगत राख्ने प्लाष्टिकका थैला तथा सोही प्रयोजनका लागि नेपाल रेडक्रस सोसाइटीले पैठारी गर्ने उपशीर्षक ९०१८.९०.९० मा पर्ने ट्रान्सफ्यूजन सेट; उपशीर्षक ३००२.९०.१० मा पर्ने टेस्टिङ्ग किट्स र उपशीर्षक ३८२२.११.००, ३८२२.१२.००, ३८२२.१३.००, ३८२२.१९.००, ३८२२.९०.०० मा पर्ने रिएजेण्ट,

(छ) दृष्टिविहीनहरूले प्रयोग गर्ने उपशीर्षक ८४४३.३१.००, ८४४३.३२.०० र ८४४३.३९.०० मा पर्ने ब्रेलो (ब्रेल प्रिन्टर); उपशीर्षक ८५३१.८०.०० मा पर्ने रङ्गसूचक, पानीसूचक र प्रकाशसूचक यन्त्रहरू; उपशीर्षक ९०२५.१९.९० मा पर्ने आवाज दिने थर्मामिटर; उपशीर्षक ९१०२.९९.०० मा पर्ने ब्रेल घडी; उपशीर्षक ९०१३.८०.०० मा पर्ने मेग्नीफाइङ्ग ग्लास; उपशीर्षक ९०१४.१०.०० मा पर्ने ब्रेल कम्पास; उपशीर्षक ४९०१.९१.०० र ४९०१.९९.०० मा पर्ने ब्रेल पुस्तक; उपशीर्षक ८४४३.३९.०० मा पर्ने ब्रेल इम्वोसर; उपशीर्षक ८४७२.१०.०० मा पर्ने ब्रेल स्टेनसिल मेशिन,

(ज) नेपाल राष्ट्र बैङ्कको नाममा पैठारी हुने भाग २८, २९, र ३८ मा पर्ने रसायन; भाग ४८ मा पर्ने टकमरीको निमित्त आवश्यक पर्ने कागज; उपशीर्षक ४९०७.००.६० मा पर्ने चेक फर्म तथा चेकबुक; भाग ७१ मा पर्ने सिक्का; शीर्षक ७१.०६, ७१.०८ र ७१.१३ मा पर्ने चाँदी, सुन तथा सोका गहना; भाग ७४ को धातु; शीर्षक ८४.७२ मा पर्ने भन्सार महसुल माफी भएका बाहेकका कार्यालय यन्त्र तथा यस्तै प्रकृतिका अन्य वस्तु,

(झ) विदेशी प्रकाशकद्वारा प्रकाशित शीर्षक ४९.०१, ४९.०३ र ४९.०४ मा पर्ने पुस्तक तथा पत्रिका,

(ञ) उद्योगले पैठारी गर्ने शीर्षक ४७.०७, ७६.०१ र ७९.०१ मा पर्ने वस्तु।

(ट) जुट उद्योगले आफ्नो उद्योगको लागि पैठारी गर्ने उपशीर्षक ८४०९.९९.९०, शीर्षक ८४.४८, उपशीर्षक ८४५२.९०.००, शीर्षक ८४.५५, शीर्षक ८४.८२ र उपशीर्षक ८४८३.९०.०० मा पर्ने स्पेयर पार्टहरू।

(२) **भन्सार महसुल एक प्रतिशत मात्र लाग्नेः-**

(क) हवाई सेवा प्रदायक संस्थाले वा नागरिक उड्डयन प्राधिकरणबाट इजाजत प्राप्त गरेका कम्पनीले पैठारी गर्ने उपशीर्षक ८८०२.२०.००, ८८०२.३०.००, ८८०२.४०.०० र ८८०६.१०.०० मा पर्ने हवाईजहाज; उपशीर्षक ८८०२.११.०० र ८८०२.१२.०० मा पर्ने हेलिकोप्टर; उपशीर्षक ८४८३.४०.०० मा पर्ने गेयर बक्स; उपशीर्षक ८४०७.१०.०० मा पर्ने इञ्जिन; उपशीर्षक ८४११.११.००, ८४११.१२.००, ८४११.२१.०० र ८४११.२२.०० मा पर्ने टर्बो जेट इञ्जिन र टर्बो प्रोपेलर; उपशीर्षक ४०११.३०.०० मा पर्ने टायर; उपशीर्षक ४०१३.९०.३० मा पर्ने ट्युब; उपशीर्षक ८५०७.१०.०० मा पर्ने ब्याट्री; उपशीर्षक ७३१८.१६.००, ७३१८.१९.०० र ७३१८.२३.०० मा पर्ने नट, बोल्ट र रिभेट; उपशीर्षक ८८०७.१०.०० मा पर्ने प्रोपेलर, रोटर र ब्लेड; उपशीर्षक ८४०९.१०.०० मा पर्ने पिष्टन; उपशीर्षक ८८०७.३०.१० मा पर्ने हवाईजहाज वा हेलिकोप्टरका अन्य पार्टपुर्जा; उपशीर्षक ८८०५.१०.०० मा पर्ने ल्याण्डिङ्ग गियर; उपशीर्षक ७००७.११.०० र ७००७.२१.०० मा पर्ने विण्डशिल्ड,

तर लिजमा पैठारी भएका हवाईजहाज, हेलिकोप्टर वा तिनका इञ्जिन पैठारी गरेको मितिले तीन वर्षभित्र फिर्ता गरेमा वा नेपालमा दुर्घटना भई पुनः सञ्चालन गर्न नसक्ने भएमा तथा सोही कारण फिर्ता लैजान समेत नसकेमा पैठारी हुँदा तिरेको भन्सार महसुल फिर्ता दिइनेछ।

(ख) दाना तथा पशुपन्छी उद्योगले स्वदेशमा प्रयोग गर्ने गरी पैठारी गर्ने उपशीर्षक ०५११.९१.०० मा पर्ने माछाका टुक्राटाक्री वा धुलो र सिपीको टुक्रा; उपशीर्षक २३०१.१०.०० र २३०१.२०.०० मा पर्ने फिड सप्लिमेन्टको कच्चापदार्थ; उपशीर्षक २३०३.१०.०० मा पर्ने मकैको ग्लुटेन; उपशीर्षक २५२१.००.०० मा पर्ने चुन ढुङ्गाको धुलो र उपशीर्षक ३५०७.९०.०० मा पर्ने इञ्जाइम,

(ग) कपडा तथा कार्पेट उद्योगले पैठारी गर्ने शीर्षक ५२.०५ र उपशीर्षक ५२०७.१०.०० मा पर्ने धागो,

(घ) उद्योगले पैठारी गर्ने उपशीर्षक ९०२७.१०.००, ९०२७.३०.०० र ९०२७.९०.१० मा पर्ने यन्त्र, उपकरण तथा ९०२७.९०.९० मा पर्ने तिनका पार्टपुर्जा,

(ङ) टायर उत्पादन गर्ने उद्योगले आफ्नो उत्पादनको प्रयोजनको लागि पैठारी गर्ने शीर्षक ३९.०९ र ३९.११ का रेजिन, शीर्षक ४०.०१ का प्राथमिक रबर; शीर्षक ४०.०२ का सिन्थेटिक रबर; शीर्षक ४०.०३ का पुनर्निर्मित रबर; उपशीर्षक २७१०.१९.९४ मा पर्ने रबर प्रोसेसिङ्ग आयल; उपशीर्षक २८०३.००.०० मा पर्ने कार्बन व्ल्याक; उपशीर्षक २८१७.००.०० मा पर्ने

जिङ्क अक्साइड; उपशीर्षक २८३६.५०.०० मा पर्ने क्याल्सियम कार्बोनेट; उपशीर्षक ३८१२.१०.०० मा पर्ने तयारी रबर एक्सिलेटर; उपशीर्षक २९१५.७०.०० र ३८२३.११.०० मा पर्ने स्टेरिड एसिड; उपशीर्षक ४०१६.९५.०० मा पर्ने व्लाडर; उपशीर्षक ५९०२.१०.०० मा पर्ने टायर कर्ड फेब्रिक्स र उपशीर्षक ७२२९.२०.०० मा पर्ने सिलिको-म्यागनिज इस्पातको तार,

(च) लघु, घरेलु तथा साना उद्योगले आफ्नो उत्पादन प्रयोजनको लागि पैठारी गर्ने भाग ८४ अन्तर्गत पर्ने घरायसी प्रयोग हुन सक्ने बाहेकका मिल-मेशिनरी,

(छ) बालीनालीमा प्रयोग हुने जैविक विषादि उत्पादन गर्ने उद्योगले जैविक विषादि उत्पादन गर्नका लागि पैठारी गर्ने भाग ८४ मा पर्ने भन्सार महसुल माफी भएका बाहेकका मेशिनरी तथा यन्त्र उपकरण,

(ज) धागो तथा कपडा उद्योगले आफ्नो उत्पादन प्रयोजनका लागि पैठारी गर्ने शीर्षक ८४.०२, ८४.२०, ८४.४४, ८४.४५, ८४.४६, ८४.४७, ८४.४८; उपशीर्षक ८४२१.१२.००, ८४५१.२९.००, ८४५१.३०.००, ८४५१.४०.००, ८४५१.५०.०० मा पर्ने मेशिनरी तथा उपकरण, सोका स्पेयर्स पार्टहरू; शीर्षक २८.१५, २८.३०, २८.३६, २८.४७, २९.१५, ३२.०४, ३४.०३, ३८.०९, ३९.०५, ३९.०६, मा पर्ने केमिकल, डाइज र पोलिमर,

(झ) तयारी पोशाक निर्यात गर्ने उद्योगहरूले पैठारी गर्ने उपशीर्षक ९४०३.२०.९० र ९४०३.६०.०० मा पर्ने भ्याकुम आइरनिङ्ग टेबुल र उपशीर्षक ८५१६.४०.०० मा पर्ने स्टीम आइरन,

(ञ) कृषि तथा पशुजन्य उद्योगमा प्रयोग हुने उपशीर्षक ८४२१.११.०० मा पर्ने सेपरेटर; उपशीर्षक ७३०९.००.०० र ७६११.००.०० मा पर्ने मिल्क चिलिङ्ग भ्याट; उपशीर्षक २८०४.३०.०० मा पर्ने लिक्विड नाइट्रोजन; उपशीर्षक ८४१८.१०.०० मा पर्ने औद्योगिक रेफ्रिजरेटर र उपशीर्षक ७६१३.००.२० मा पर्ने लिक्विड नाइट्रोजन राख्ने कन्टेनर। त्यस्ता यन्त्र उपकरणहरू सि.के.डि. वा एस.के.डि. रूपमा पैठारी हुँदा द्विविधा पर्न गएमा पैठारी गर्दाकै अवस्थामा एक प्रतिशत भन्सार महसुल लिई बाँकी महसुल बापतको बैङ्क जमानत लिइने र उक्त यन्त्र, उपकरण जडान भइसकेपछि मेशिन ठहरिएमा उक्त बैङ्क जमानत फुकुवा गरिनेछ।

(ट) भाग ८४ का पाँच प्रतिशत भन्सार महसुल लाग्ने घरायसी प्रयोग हुन सक्ने बाहेकका मेशिनरी, यन्त्र उपकरण र उद्योग विभागको स्वीकृत स्किम बमोजिम सि.के.डि. वा एस.के.डि. अवस्थामा पटक पटक पैठारी हुने मेशिनरीका मुख्य अवयव तथा तिनका पहिचानयोग्य पार्टपुर्जा तथा सहायक सामग्री,

तर भाग ७३ मा पर्ने मेकानिकल संयन्त्र जडान नगरिएका भण्डारण ट्याङ्की, पेषण गुटिका (ग्राइण्डिङ्ग बल), फलाम वा स्पातका पाइप, भाग ६९ मा पर्ने ताप सहन गर्न सक्ने ईंट; शीर्षक ८५.०४ अन्तर्गत पर्ने विद्युतीय प्रसारण लाइनमा जडान गरिने ट्रान्सफरमर, उपशीर्षक ८४२८.१०.०० मा पर्ने लिफ्ट, उपशीर्षक ८४२८.२०.०० मा पर्ने एलिभेटर; उपशीर्षक ८४७४.३१.०० मा पर्ने कंक्रिट वा मोटार मिक्सरहरु; शीर्षक ८४.७६ मा पर्ने भेण्डिङ्ग मेशिन र मनी चेञ्जिङ्ग मेशिन, शीर्षक ८४.२९ मा पर्ने वस्तु, जगेडा वा प्रतिस्थापनको लागि पैठारी हुने मिल, मेशिनरी, यन्त्र, उपकरणका पार्टपुर्जा तथा सहायक सामग्रीमा यो सुविधा प्रदान नगरी दफा ७ र ९ बमोजिम नै महसुल असुल गरिनेछ। पुराना वा प्रयोग भइसकेका मिल, मेशिनरी, यन्त्र, उपकरणमा यस बुँदा बमोजिमको छुट दिइने छैन।

(ठ) चिया उद्योगले पैठारी गर्ने शीर्षक ६०.०५ मा पर्ने वेदरिङ्ग नेट; उपशीर्षक ८४०२.२०.०० मा पर्ने बोइलर; उपशीर्षक ८४१४.५९.०० मा पर्ने ट्रफ फ्यान; शीर्षक ८४.२३ मा पर्ने वेइङ्ग ब्रिज; शीर्षक ८४.५९ मा पर्ने रोलर सार्पनिङ्ग मेशिन; उपशीर्षक ८२०१.६०.०० मा पर्ने प्लकिङ्ग शियर; उपशीर्षक ८२०८.४०.०० मा पर्ने कटिङ्ग ब्लेड; उपशीर्षक ३५०६.९९.०० मा पर्ने किरा टाँसिने गम; उपशीर्षक ८४३८.८०.९० मा पर्ने टी प्रोसेसिङ्ग मेशिन, रोलिङ्ग टेबुल, टी व्लेण्डिङ्ग मेशिन, प्लकिङ्ग मेशिन; शीर्षक ८४.८२ मा पर्ने वियरिङ्ग; उपशीर्षक ८४३८.९०.०० मा पर्ने पार्टपुर्जा; उपशीर्षक ४८२३.२०.१० मा पर्ने टी व्याग फिल्टर पेपर; उपशीर्षक ७६०७.११.०० मा पर्ने अलुमिनियम फ्वाइल; चिया प्याकिङ्गको लागि उद्योगको नाम छपाइ गरी पैठारी गर्ने शीर्षक ४८.१९ अन्तर्गतका सबै उपशीर्षकमा पर्ने प्याकिङ्ग मेटेरियल; उपशीर्षक ४८२१.१०.०० मा पर्ने प्रिन्टिङ्ग लेबल र उपशीर्षक ३९२३.१०.९०, ३९२३.२१.००, ३९२३.२९.००, ३९२३.९०.९०, ४४१५.१०.०० र ७६१२.९०.०० मा पर्ने प्याकिङ्ग मेटेरियल,

(ड) दर्ता भएका मत्स्य फार्मले पैठारी गर्ने उपशीर्षक ५६०८.११.०० मा पर्ने तयारी जाल; उपशीर्षक ५६०७.५०.०० मा पर्ने जाल बनाउन प्रयोग गरिने नाइलनको धागो र उपशीर्षक ७३१४.४९.०० मा पर्ने माछा पाल्ने तयारी केज; उपशीर्षक ८४१३.८१.०० मा पर्ने पम्प सेट; उपशीर्षक ८४१४.५९.०० मा पर्ने एरेटर; उपशीर्षक ३८०८.९१.९० मा पर्ने मत्स्य विष तथा मत्स्य प्रजनन्का लागि आवश्यक उपशीर्षक २९३७.१९.०० र २९३७.२९.०० मा पर्ने हर्मोन,

(ढ) धागो उद्योगले पैठारी गर्ने शीर्षक ५२.०१ र ५२.०३ मा पर्ने कपास,

(ण) मौरी पालन उद्योगले पैठारी गर्ने मौरी पालनको लागि आवश्यक पर्ने उपशीर्षक ७३१०.१०.०० र ७३१०.२९.०० मा पर्ने मेटल व्यारल; उपशीर्षक

७३२६.९०.०० मा पर्ने आधार चाका रोलर, व्हील प्लेट र रानी छेक्ने पाता; उपशीर्षक ८४१३.८१.०० मा पर्ने गियर पम्प; उपशीर्षक ९०३१.८०.०० मा पर्ने महको गुणस्तर परीक्षण गर्ने उपकरण र उपशीर्षक ९६०३.९०.०० मा पर्ने मौरी ब्रुस,

(त) कृषि कार्यमा प्रयोग हुने उपशीर्षक ३९२६.९०.९३ र ८५१६.७९.१० मा पर्ने किरा मार्ने ट्र्याप (इन्सेक्ट ट्रयाप); शीर्षक ३५.०६ मा पर्ने मुसा टाँसिने गम (ग्लु),

(थ) सामान्य भाँडाबर्तन बाहेक कुखुरालाई दाना तथा पानी खुवाउने उपशीर्षक ३९२४.९०.१०, ७३२३.९३.००, ७३२३.९४.०० र ७३२३.९९.०० मा पर्ने विशेष किसिमका भाँडा; उपशीर्षक ३९२६.९०.९९ मा पर्ने बिउ उमार्न तथा रोप्न प्रयोग हुने ट्रे,

(द) औषधि उत्पादन गर्ने उद्योगले पैठारी गर्ने उपशीर्षक ९०१६.००.०० मा पर्ने तराजु,

(ध) ग्याँस सिलिण्डरको भल्भ बनाउने उद्योगले आफ्नो उत्पादन प्रयोजनको निमित्त पैठारी गर्ने उपशीर्षक ७४०७.२१.०० मा पर्ने पित्तलको डण्डी,

(न) डिस्पोजेबल डाइपर, बेबी वाइप र सेनेटरी प्याड उत्पादन गर्ने उद्योगले त्यस्ता वस्तु उत्पादन गर्न पैठारी गर्ने उपशीर्षक ३५०६.९१.०० मा पर्ने ग्लु (हटमेल्ट); उपशीर्षक ३९०६.९०.०० मा पर्ने सुपर एव्जरवेन्ट पोलिमर; उपशीर्षक ३९२०.४९.१०, ३९२०.४९.९० मा पर्ने पी.ई. फिल्म; उपशीर्षक ३९२१.१९.१० र ३९२१.१९.९० मा पर्ने पी.पी.ई. फिल्म; उपशीर्षक ४७०३.२१.०० मा पर्ने फ्लफ पल्प; उपशीर्षक ४८०३.००.०० मा पर्ने टिस्यु पेपर; उपशीर्षक ४८११.९०.९० मा पर्ने रिलिज पेपर र उपशीर्षक ५६०३.९१.०० मा पर्ने नबुनिएका कपडा,

(प) उद्योगले पैठारी गर्ने शीर्षक ७२.०१, ७२.०२ र ७२.०४ मा पर्ने वस्तु,

(फ) भारतमा उत्पादन भई भारतबाटै पैठारी भएको उपशीर्षक २७०९.००.०० मा पर्ने कच्चा पेट्रोलियम तेल र बिटुमिन खनिजबाट प्राप्त कच्चा तेल,

(ब) विद्युत, सोलार वा ब्याट्रीबाट मात्र चल्ने दुईपाङ्ग्रे, तीनपाङ्ग्रे वा चारपाङ्ग्रे सवारी वा ढुवानी साधन उत्पादन गर्ने गरी दर्ता भएका उद्योगले आफूले उत्पादन गर्ने सवारी वा ढुवानी साधनको उत्पादनमा प्रयोग गर्ने उपशीर्षक ८७०६.००.४० र ८७०६.००.५० मा पर्ने चेसिस; उपशीर्षक ८५०१.१०.००, ८५०१.२०.००, ८५०१.३१.००, ८५०१.३२.००, ८५०१.३३.००, ८५०१.३४.००, ८५०१.४०.००, ८५०१.५१.००, ८५०१.५२.००, ८५०१.५३.०० ८५०१.६१.००, ८५०१.६२.००, ८५०१.६३.००, ८५०१.६४.०० मा पर्ने मोटर; उपशीर्षक ८५०४.४०.१० मा पर्ने ब्याट्री चार्जर र दुईपाङ्ग्रे सवारीको

चेसिस तथा फ्रेम बनाउन आवश्यक पर्ने शीर्षक ७२.२५ को स्टिल सिट मेटल; शीर्षक ७३.०६ मा पर्ने स्टिल ट्यूब; उपशीर्षक ७४०७.२१.०० मा पर्ने ब्रास मेटल; उपशीर्षक ७६०४.१०.९० मा पर्ने अल्मुनियम रड र उपशीर्षक ७६०६.११.०० मा पर्ने अल्मुनियम सिट मेटल,

(भ) विद्युतीय इन्डक्सन वा इन्फ्रारेड चुल्हो उत्पादन गर्ने उद्योगले पैठारी गर्ने उपशीर्षक ३५०६.१०.०० मा पर्ने सिलिकन ग्लु; उपशीर्षक ७००८.००.०० मा पर्ने ग्लास टप; शीर्षक ७४.०८ मा पर्ने कपर वायर; उपशीर्षक ८४१४.५९.०० मा पर्ने पङ्खा; उपशीर्षक ८५०१.१०.०० मा पर्ने मोटर; उपशीर्षक ८५१६.९०.०० मा पर्ने मदर बोर्ड र अपरेटिङ्ग बोर्ड, हिटिङ्ग क्वायल तथा सेन्सर।

(३) **भन्सार महसुल आंशिक रूपमा छुट हुनेः-**

(क) कार्पेट उद्योगले पैठारी गर्ने उपशीर्षक ५५०३.११.००, ५५०३.१९.००, ५५०३.२०.००, ५५०३.३०.००, ५५०३.४०.००, ५५०३.९०.००, ५५०४.१०.००, ५५०४.९०.००, ५५०६.१०.००, ५५०६.२०.००, ५५०६.३०.००, ५५०६.४०.००, ५५०६.९०.००, ५५०७.००.०० मा पर्ने स्टेपुल फाइवरमा लाग्ने भन्सार महसुलमा नब्बे प्रतिशत छुट दिइनेछ,

(ख) भाग ३० मा पर्ने (उपशीर्षक ३००२.१२.००, ३००२.१३.००, ३००२.१४.००, ३००२.१५.००, ३००२.४१.००, ३००२.४२.०० ३००२.४९.००, ३००२.५१.००, ३००२.५९.००, ३००४.९०.४१, ३००४.९०.४९ र ३००४.९०.५० तथा मानव पोषण र स्वास्थ्यवर्धक भिटामिन बाहेक) औषधिमा पाँच प्रतिशत भन्सार महसुल लाग्नेछ,

(ग) जुट उद्योगले आफ्नो उत्पादनका लागि पैठारी गर्ने उपशीर्षक २७१०.१९.७० मा पर्ने जुट ब्लिचिङ्ग आयलमा दश प्रतिशत भन्सार महसुल लाग्नेछ,

(घ) कर्न फ्लेक्स, ओट्स, मुस्ली, पोरिज, ह्वीट फ्लेक्स जस्ता ब्रेक फास्ट सेरियल्स उत्पादन गर्ने उद्योगले पैठारी गर्ने उपशीर्षक १००४.९०.०० मा पर्ने भुस सहितको ओट्स पैठारी गरेमा पाँच प्रतिशत भन्सार महसुल लाग्नेछ,

(ङ) मूल्य अभिवृद्धि करमा दर्ता भएका पोलिकोटिङ्ग पेपर र प्रिन्टेड लेमिनेशन फिल्म उत्पादन गर्ने उद्योगले पोलिकोटिङ्ग पेपर वा प्रिन्टेड लेमिनेशन फिल्म उत्पादन गर्न आवश्यक पर्ने परिमाणसम्मको उपशीर्षक ३९१९.९०.०० तथा शीर्षक ३९.२० र ३९.२१ का सबै उपशीर्षकमा पर्ने पोलिष्टर फिल्म, वि.ओ.पी.पी. फिल्म, मेटालाइज्ड सी.पी.पी. फिल्म र मिल्की सी.पी.पी. फिल्म पैठारी गर्दा दश प्रतिशत भन्सार महसुल लाग्नेछ,

(च) कुखुरापालन व्यवसायको लागि आवश्यक पर्ने उपशीर्षक ०४०७.११.०० र ०४०७.१९.०० मा पर्ने चल्ला कोरल्नका लागि निषेचित फुलको पैठारीमा लाग्ने भन्सार महसुलमा पचास प्रतिशत छुट हुनेछ,

(छ) उपशीर्षक ६२११.३२.२०, ६२११.३३.२०, ६२११.४३.२०, ६२११.४९.९०, ६२११.४२.२० मा पर्ने साडी, लुङ्गी र धोतीमा दश प्रतिशत भन्सार महसुल लाग्नेछ,

(ज) वाणिज्य बैङ्कले सर्वसाधारण जनतालाई बिक्री गर्न आफ्नो लोगो अङ्कित स-साना परिमाणका उपशीर्षक ७११३.१९.१० र ७११३.१९.९० मा पर्ने सिक्का पैठारी गरेमा सो सिक्कामा उपशीर्षक ७१०८.१३.०० बमोजिमको दरमा भन्सार महसुल लाग्नेछ,

(झ) नेपालमा केबुलकार सञ्चालन गर्ने उद्देश्यले दर्ता भएका उद्योगले पैठारी गर्ने उपशीर्षक ७३१२.१०.०० मा पर्ने केबुल (लट्ठा) र उपशीर्षक ८४३१.३९.०० मा पर्ने तयारी क्याव वा क्याव निर्माण गर्न आवश्यक पर्ने उपशीर्षक ७२१०.९०.०० मा पर्ने स्टिल पाता पैठारी गर्दा चार प्रतिशत भन्सार महसुल लाग्नेछ,

(ञ) शीर्षक ३९.२० अन्तर्गतका सबै उपशीर्षकमा पर्ने फिलर मास्टर ब्याचमा दश प्रतिशत भन्सार महसुल लाग्नेछ,

(ट) अगरबत्ती उत्पादन गर्ने उद्योगले उपशीर्षक २९१७.३४.०० मा पर्ने डी.ई.पी; शीर्षक ४४.२१ मा पर्ने सिन्काहरु र उपशीर्षक ३३०२.९०.०० मा पर्ने अगरबत्ती कम्पाउण्ड पैठारी गर्दा पाँच प्रतिशत तथा उपशीर्षक २७१०.१९.९५ मा पर्ने लिक्विड प्याराफिन आयल र उपशीर्षक २७१०.१९.९६ मा पर्ने व्हाइट आयल पैठारी गर्दा दश प्रतिशत भन्सार महसुल लाग्नेछ,

(ठ) वस्तु चिस्यानमा राखी ढुवानी गर्न प्रयोग हुने गरी रेफ्रिजिरेटिङ्ग प्रणाली जडान गर्न आवश्यक पर्ने शीर्षक ८७.०६ अन्तर्गतका चेसिस र उक्त चेसिसमा जडान हुने बक्स र सोसँग सम्बन्धित मेशिनरी उपकरण सहितको चेसिस (रेफ्रिजिरेसन सिष्टम) पैठारी गरेमा नियम अनुसार लाग्ने पूरै भन्सार महसुल धरौटीमा राखी पछि वस्तु चिस्यानमा राखी ढुवानी गर्न प्रयोग हुने गरी पूर्णरुपले रेफ्रिजिरेसन जडान भएको ढुवानीको साधन बनाई यातायात व्यवस्था कार्यालयमा दर्ता गरेको प्रमाण भन्सार कार्यालयमा पेस गरेपछि महसुल बापत एक प्रतिशत रकम असुल गरी बाँकी धरौटी रकम फिर्ता गरिनेछ,

तर त्यसरी सुविधा प्राप्त गर्नका लागि त्यस्तो ढुवानी साधन अरू प्रयोजनमा प्रयोग हुन नसक्ने, चालकले ड्यासबोर्डबाट नै सबै कुराको नियन्त्रण गर्न सक्ने गरी स्थायी किसिमबाट आवश्यक संयन्त्र जडान गरी तयार भएको हुनु पर्नेछ। सामान्य ढुवानी साधनमा अस्थायी तवरबाट अन्य संयन्त्र जडान गरिएको

अवस्थामा त्यस्तो सुविधा प्रदान गरिने छैन। उपशीर्षक ८७०४.२१.५०, ८७०४.२२.७०, ८७०४.२३.१०, ८७०४.३१.५०, ८७०४.३२.७०, ८७०४.४१.५०, ८७०४.४२.७०, ८७०४.४३.१०, ८७०४.५१.५०, ८७०४.५२.७० र ८७०४.६०.१० मा पर्ने प्रशितक प्रणाली (रेफ्रिजिरेटिङ्ग सिष्टम) जडान गरिएको तयारी ढुवानी साधनको हकमा समेत त्यस्तो व्यवस्था लागू हुनेछ,

(ङ) स्पिलिटिङ्ग तथा डिस्टिलेशन प्लान्ट राखी डिस्टिल्ड फेट्टी एसिड उत्पादन गर्ने उद्योगले पैठारी गर्ने उपशीर्षक १५०३.००.०० मा पर्ने टेलो आयल; उपशीर्षक ३८२३.११.०० र ३८२३.१२.०० मा पर्ने पाम एसिड आयल र एसिड आयल तथा उपशीर्षक ३८२३.१३.०० मा पर्ने पाम फेट्टी एसिडमा लाग्ने भन्सार महसुलमा पचहत्तर प्रतिशत छुट हुनेछ,

(ढ) हार्डवेयरमा पहिले नै लोड भई आएका (प्रि-लोडेड वा इनबिल्ट) सफ्टवेयर पैठारी हुँदा जुन हार्डवेयरमा लोड भई आएको हो सोही हार्डवेयरमै वर्गीकरण गरी महसुल लिइनेछ र सफ्टवेयरको छुट्टै वर्गीकरण गर्नु पर्ने छैन,

(ण) रङ (पेन्ट) उत्पादन गर्ने उद्योगले कच्चापदार्थको रुपमा पैठारी गर्ने उपशीर्षक ३२०९.१०.१० मा पर्ने एक्रेलिक इमल्सनमा बीस प्रतिशत र उपशीर्षक २८२१.१०.०० मा पर्ने आइरन अक्साइड र उपशीर्षक २८२३.००.०० मा पर्ने टिटानियम डाइअक्साइडमा पाँच प्रतिशत भन्सार महसुल लाग्नेछ,

(त) कम्तीमा एक हेक्टर क्षेत्रफलमा माछा पालन गरेका मत्स्य फर्मले जीवित माछा तथा माछाका भुरा ढुवानी गर्ने गरी तयार गरेका अक्सिजन संयन्त्र जडित डबल क्याब पिकअप बाहेकका शीर्षक ८७.०४ अन्तर्गत सबै उपशीर्षकमा पर्ने ढुवानी साधनमा दश प्रतिशत भन्सार महसुल लाग्नेछ,

तर त्यसरी सुविधा प्राप्त गर्नका लागि त्यस्तो ढुवानी साधन उत्पादक कम्पनीबाट अरू प्रयोजनमा प्रयोग हुन नसक्ने, चालकले ड्यासबोर्डबाट सबै कुराको नियन्त्रण गर्न सक्ने गरी स्थायी किसिमबाट आवश्यक संयन्त्र जडान गरी तयार भएको हुनु पर्नेछ। सामान्य ढुवानी साधनमा अस्थायी तबरबाट अन्य संयन्त्र जडान गरी ल्याएको अवस्थामा त्यस्तो सुविधा प्रदान गरिने छैन।

(थ) चालीस वा सोभन्दा बढी सिट क्षमताका कम्तीमा पाँच वटा बस सार्वजनिक यातायातमा सञ्चालन गर्ने गरी दर्ता भएका सहकारी संस्था तथा कम्पनीले उल्लिखित प्रयोजनका लागि पैठारी गर्ने उक्त क्षमताका उपशीर्षक ८७०२.१०.१० मा पर्ने तयारी बस र उपशीर्षक ८७०६.००.८० मा पर्ने चेसिसमा पाँच प्रतिशत भन्सार महसुल लाग्नेछ। त्यसरी पैठारी गरेका सवारी साधन पैठारी गरेको मितिले दश वर्ष नपुगी सार्वजनिक यातायात सञ्चालन गर्ने उद्देश्यले दर्ता भएका सहकारी संस्था वा कम्पनी बाहेक अरुलाई बिक्री वितरण,

नामसारी वा कुनै किसिमले हक हस्तान्तरण गर्न पाइने छैन। दश वर्ष नपुगी नामसारी, बिक्री वा कुनै किसिमले हक हस्तान्तरण गरेमा प्रचलित कानून बमोजिम पूरै महसुल लाग्नेछ,

(द) ग्रिज र लुब्रिकेटिङ्ग आयल उत्पादन गर्ने उद्देश्यले दर्ता भएका उद्योगले पैठारी गर्ने उपशीर्षक २७१०.१९.६० मा पर्ने बेस आयलमा पन्ध्र प्रतिशत भन्सार महसुल लाग्नेछ,

(ध) उद्योगको उत्पादन क्षमता र वार्षिक खपत परिमाणको आधारमा झोला उत्पादन गर्ने उद्योगले पैठारी गर्ने उपशीर्षक ५६०३.१२.००, ५६०३.१३.०० र ५६०३.१४.०० मा पर्ने नबुनिएका कपडा पैठारी गर्दा दश प्रतिशत भन्सार महसुल लाग्नेछ,

(न) विद्युतीय मोटरसाइकल वा स्कुटर उत्पादन गर्ने उद्योगले आफ्नो उत्पादन प्रयोजनका निमित्त पैठारी गर्ने विद्युतीय मोटरसाइकल वा स्कुटरमा प्रयोग हुने शीर्षक ८७.१४ अन्तर्गतका पार्टपुर्जा तथा सहायक सामग्री र विद्युतीय रिक्सा उत्पादन गर्ने उद्योगले आफ्नो उत्पादन प्रयोजनका निमित्त पैठारी गर्ने विद्युतीय रिक्सामा प्रयोग हुने शीर्षक ८७.०८ अन्तर्गत पर्ने पार्टपुर्जा तथा सहायक सामग्री पैठारी गर्दा लाग्ने भन्सार महसुलमा पचहत्तर प्रतिशत छुट हुनेछ,

(प) तेल उत्पादन गर्ने उद्योगले उपशीर्षक १२०१.९०.०० मा पर्ने भटमासको गेडा; उपशीर्षक १२०५.१०.०० मा पर्ने तोरी, रायो र क्यानोला (रेप्सिड) को गेडा; उपशीर्षक १२०६.००.०० मा पर्ने सूर्यमुखीको गेडा र उपशीर्षक १२०७.५०.०० मा पर्ने सर्स्युंको गेडा पैठारी गर्दा लाग्ने भन्सार महसुलमा पचास प्रतिशत छुट हुनेछ,

(फ) दाना तथा पशुपन्छी उद्योगले पैठारी गर्ने उपशीर्षक २३०४.००.०० मा पर्ने भटमासको पिनामा लाग्ने भन्सार महसुलमा दश प्रतिशत छुट हुनेछ,

(ब) एसेम्बल गरी सवारी साधन उत्पादन गर्ने उद्योगले अनएसेम्बल्ड अवस्थाका शीर्षक ८७.०२ र ८७.०३ मा पर्ने सवारी साधन पैठारी गर्दा लाग्ने भन्सार महसुलमा पच्चीस प्रतिशत छुट हुनेछ,

(भ) एडेसिभ उत्पादन गर्ने उद्योगले उपशीर्षक २९०५.१३.०० मा पर्ने नर्मल वुटाइल अल्कोहल; उपशीर्षक २९१५.३१.०० मा पर्ने इथायल एसेटेट; उपशीर्षक २९१५.३२.०० मा पर्ने भिनायल एसेटेट मोनोमर र उपशीर्षक ३९०५.३०.०० मा पर्ने पोलिभिनाइल अल्कोहल पैठारी गर्दा पाँच प्रतिशत भन्सार महसुल लाग्नेछ,

(म) औषधि उत्पादन गर्ने उद्योगले औषधि उत्पादन तथा गुणस्तर कायम गर्न आवश्यक पर्ने उपशीर्षक ८४१५.८३.१० मा पर्ने एयर ह्याण्डलिङ्ग युनिट पैठारी गर्दा पाँच प्रतिशत भन्सार महसुल लाग्नेछ,

(य) सिपिङ्ग कम्पनीले शीर्षक ८६.०९ मा पर्ने सिपिङ्ग कन्टेनर पैठारी गर्दा पाँच प्रतिशत भन्सार महसुल लाग्नेछ,

(र) शीर्षक ३९.२० मा पर्ने प्लाष्टिकजन्य कार्डियोग्राफ पेपर र अल्ट्रासोनोग्राफ पेपरको पैठारीमा पन्ध्र प्रतिशत भन्सार महसुल लाग्नेछ,

(ल) उद्योगले आफ्नो उद्योगको प्रयोजनको लागि पैठारी गर्ने शीर्षक ३९.२१ अन्तर्गत पर्ने प्लाष्टिक बेस भएका मिश्रित फेब्रिक पैठारी गर्दा पन्ध्र प्रतिशत भन्सार महसुल लाग्नेछ,

(व) मसी बनाउने उद्योगले पैठारी गर्ने उपशीर्षक २८२१.१०.०० मा पर्ने आइरन अक्साइड; उपशीर्षक २९०५.३२.०० मा पर्ने प्रोपिलिन ग्लाइकोल; शीर्षक ३२.०४ र ३२.०६ मा पर्ने वर्णक (पिगमेण्ट); उपशीर्षक ३८१४.००.०० मा पर्ने सोलभेन्ट; शीर्षक ३८.२४ मा पर्ने रसायन र भाग ३९ मा पर्ने पोलिमरमा लाग्ने भन्सार महसुलमा पचास प्रतिशत छुट हुनेछ,

(श) सवारी तथा ढुवानीका साधनको स्प्रिङपत्ता बनाउने उद्योगले आफ्नो उत्पादन प्रयोजनको लागि पैठारी गर्ने उपशीर्षक ७२२६.९९.००, ७२२८.१०.०० र ७२२८.२०.०० मा पर्ने स्पातका लाप्सा र डण्डीको पैठारीमा लाग्ने भन्सार महसुलमा पचास प्रतिशत छुट हुनेछ,

(ष) मास्क बनाउने उद्योगले सर्जिकल मास्क बनाउनका लागि कच्चापदार्थको रुपमा पैठारी गर्ने उपशीर्षक ५६०३.११.०० र ५६०३.९१.०० मा पर्ने नबुनिएका कपडा; उपशीर्षक ५६०४.१०.०० मा पर्ने इलाष्टिक डोरी र शीर्षक ७२.२६ मा पर्ने खिया नलाग्ने स्पातको स्ट्रीप पैठारी गर्दा पाँच प्रतिशत भन्सार महसुल लाग्नेछ,

(स) साबुन तथा डिटरजेन्ट उत्पादन गर्ने उद्योगले आफ्नो उत्पादन प्रयोजनको लागि कच्चापदार्थको रुपमा पैठारी गर्ने उपशीर्षक २८२३.००.०० मा पर्ने टिटानियम अक्साइड; उपशीर्षक २८३३.१९.०० मा पर्ने सोडियम सल्फेट; उपशीर्षक २८३३.२१.०० मा पर्ने म्याग्नेसियम सल्फेट; उपशीर्षक २८३९.९०.९० मा पर्ने म्याग्नसियम सिलिकेट र उपशीर्षक २८३९.१९.०० मा पर्ने लिक्विड सोडियम सिलिकेटको पैठारी गर्दा दश प्रतिशत भन्सार महसुल लाग्नेछ,

(ह) हेलमेट उत्पादन गर्ने उद्योगले आफ्नो उत्पादन प्रयोजनको लागि औद्योगिक कच्चापदार्थको रुपमा उपशीर्षक ३२०८.१०.०० तथा उपशीर्षक ३२०८.२०.०० मा पर्ने पेन्ट र शीर्षक ३९.२० मा पर्ने प्लाष्टिकका सिटको पैठारी गर्दा दश प्रतिशत भन्सार महसुल लाग्नेछ,

(क्ष) अप्टिकल फाइबर केबुल उत्पादन गर्ने उद्योगले आफ्नो उत्पादन प्रयोजनको लागि कच्चापदार्थको रुपमा उपशीर्षक ७२१७.१२.१० मा पर्ने स्प्रिङ्ग स्टिल वायर र

उपशीर्षक ७३१२.१०.०० मा पर्ने ट्वीस्टेड स्टिल वायर पैठारी गर्दा दश प्रतिशत भन्सार महसुल लाग्नेछ,

(त्र) शीर्षक ८५.२३ मा पर्ने चिप्स जडित स्मार्ट कार्डको उत्पादन तथा छपाइ गर्ने उद्योगले आफ्नो उत्पादन प्रयोजनको लागि पैठारी गर्ने शीर्षक ३९.२० मा पर्ने प्लाष्टिकका सिटको पैठारी गर्दा पाँच प्रतिशत भन्सार महसुल लाग्नेछ,

(ज्ञ) जुत्ता, चप्पल उद्योगले आफ्नो उत्पादन प्रयोजनको लागि कच्चापदार्थको रुपमा शीर्षक ३९.२० र ३९.२१ मा पर्ने स्टिफनर सिट र टीपीयु सेन्थेटिक सिटको पैठारी गर्दा पन्ध्र प्रतिशत भन्सार महसुल लाग्नेछ,

(ज्ञक) उद्योगले शीर्षक ७२.०३ मा पर्ने वस्तु पैठारी गर्दा लाग्ने भन्सार महसुलमा पचास प्रतिशत छुट हुनेछ।

६. <u>नेपाल सरकारको सम्बन्धित निकायको सिफारिसमा महसुल छुट हुनेः-</u>

(१) **भन्सार महसुल पूर्ण छुट हुनेः-**

(क) कूटनीतिक नियोग, कूटनीतिक व्यक्ति, परियोजना र अन्य निकाय (सरकारी तथा गैरसरकारी सङ्घ संस्था) ले महसुल सुविधामा पैठारी गरेका सुरु उत्पादन वर्षले दश वर्ष नाघेका वा कूटनीतिक नियोग र कूटनीतिक व्यक्तिले प्रयोग गरेका तर दश वर्ष व्यतीत नभई दुर्घटना वा प्राविधिक कारणले सञ्चालन हुन नसक्ने पुराना सवारी साधन मन्त्रालयको स्वीकृति लिई पुनः प्रयोग हुन नसक्ने गरी स्क्र्याप गरी रजिष्ट्रेशन रद्द गर्न चाहेमा त्यस्तो सवारी साधन,

(ख) नेपाल सरकार, रक्षा मन्त्रालयको सिफारिसमा नेपाली सेनाका नाममा पैठारी हुने देहाय बमोजिमका वस्तुः-

(अ) सैनिक प्रयोगका खरखजाना, हातहतियार, गोली गठ्ठा, बारूद र तिनका स्पेयर पार्ट, विशेष प्रकारको तेल र टल्लीहरू, एक्सेसरिज, विष्फोटक पदार्थ, सैनिक सामग्री उत्पादन गर्न आवश्यक पर्ने कच्चापदार्थ तथा सुरक्षाको निमित्त प्रयोग गर्ने मेशिनरी औजार र पार्टपुर्जा,

(आ) सैनिक जवान तथा घोडा खच्चडको स्वास्थ्य उपचारको लागि आवश्यक पर्ने औजार, उपकरण, औषधि र तत्सम्बन्धी वस्तु,

(इ) नेपाली सेनाले उपयोग गर्ने सञ्चारका उपकरण र सोको सञ्चालनको लागि आवश्यक वस्तु,

(ई) इञ्जिनियरिङ्ग सर्भे र निर्माण कार्यमा प्रयोग हुने हेभी अर्थमुभिङ्ग प्लाण्ट, औजार र सो सम्बन्धी पार्टस, अप्टिकल इक्विपमेण्ट तथा नेपाल सरकार, रक्षा मन्त्रालयद्वारा तोकिए बमोजिमको डिफेन्स स्टोरका वस्तु,

(उ) क्याम्पिङ्ग इक्विपमेण्टस तथा स्पेशल फोर्स र प्यारा ट्रुपरलाई आवश्यक पर्ने वस्तु,

(ऊ) सैनिक अस्पतालको लागि आवश्यक पर्ने फर्निचर तथा वस्तु, औषधि, मेडिकल औजार र उपकरण,

(ए) नेपाली सेनाको नाममा पैठारी हुने हवाईजहाज, हेलिकोप्टर र तिनका पार्टपुर्जा, प्यारासुट (व्याग समेत) टुल्स, तथा ग्राउण्ड इक्विपमेण्ट,

(ऐ) विपद् उद्धार कार्यमा प्रयोग हुने वस्तु,

(ओ) संयुक्त राष्ट्र सङ्घको अनुरोधमा शान्ति स्थापनार्थ खटिने सैनिक डफ्फाको प्रयोगका लागि पैठारी गर्ने तथा लगतमा राखी लगेका आर्मर्ड पर्सनल क्यारियर, सवारी साधन, हातहतियार लगायत सबै प्रकारका वस्तु।

(ग) नेपाल सरकार, गृह मन्त्रालयको सिफारिसमा सशस्त्र प्रहरी बल नेपालको नाममा पैठारी हुने देहाय बमोजिमका वस्तुः-

(अ) शान्ति सुरक्षा कायम गर्न आवश्यक पर्ने मेशिनरी औजार,

(आ) हातहतियार,

(इ) भिड नियन्त्रणका वस्तु,

(ई) अस्पताल सञ्चालनका लागि आवश्यक पर्ने उपकरण तथा औजार,

(उ) सशस्त्र प्रहरीले प्रयोग गर्ने सञ्चार सम्बन्धी वस्तु (नेपाल सरकार, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको सिफारिस बमोजिम),

(ऊ) अपराध अनुसन्धानको लागि आवश्यक उपकरण तथा अन्य वस्तु,

(ए) विष्फोटक सम्बन्धी सशस्त्र प्रहरीलाई आवश्यक पर्ने वस्तु,

(ऐ) वैज्ञानिक प्रयोगशालाको लागि चाहिने वस्तु,

(ओ) विपद् उद्धार कार्यमा प्रयोग हुने वस्तु,

(औ) संयुक्त राष्ट्र सङ्घको अनुरोधमा शान्ति स्थापनार्थ खटिने सशस्त्र प्रहरीको प्रयोगका लागि पैठारी गर्ने तथा लगतमा राखी लगेका आर्मर्ड पर्सनल क्यारियर, सवारी साधन, हातहतियार लगायत सबै प्रकारका वस्तु।

(घ) नेपाल सरकार, गृह मन्त्रालयको सिफारिसमा नेपाल प्रहरीको नाममा पैठारी हुने देहायका वस्तुः-

(अ) शान्ति सुरक्षा कायम राख्न आवश्यक मेशिनरी तथा औजार,

(आ) हातहतियार,

(इ) भिड नियन्त्रणको लागि आवश्यक वस्तु,

(ई) अस्पताल सञ्चालनको लागि आवश्यक पर्ने उपकरण तथा औजार,

(उ) प्रहरीले प्रयोग गर्ने सञ्चार सम्बन्धी वस्तु (नेपाल सरकार, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको सिफारिस बमोजिम),

(ऊ) ट्राफिक सम्बन्धी वस्तु,

(ए) फिङ्गर प्रिन्ट्स र सो सम्बन्धी आवश्यक वस्तु,

(ऐ) अपराध अनुसन्धानको लागि चाहिने उपकरण तथा अन्य वस्तु,

(ओ) विष्फोटक सम्बन्धी प्रहरीलाई आवश्यक पर्ने वस्तु,

(औ) वैज्ञानिक प्रयोगशालाको लागि चाहिने वस्तु,

(अं) विपद् उद्धार कार्यमा प्रयोग हुने वस्तु,

(अः) संयुक्त राष्ट्र सङ्घको अनुरोधमा शान्ति स्थापनार्थ खटिने नेपाल प्रहरीको प्रयोगका लागि पैठारी गर्ने तथा लगतमा राखी लगेका आर्मर्ड पर्सनल क्यारियर, सवारी साधन, हातहतियार लगायत सबै प्रकारका वस्तु।

(ङ) वाणिज्य, आपूर्ति तथा उपभोक्ता हित संरक्षण विभागको सिफारिसमा पर्वतारोहण दलले ट्रान्जिटको रूपमा नेपालको बाटो गरी निकासी वा पैठारी गर्ने वस्तु।

(च) नेपाल सरकार, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको सिफारिसमा पैठारी हुने देहाय बमोजिमका वस्तुः-

(अ) चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान वीर अस्पताल, त्रि.वि. शिक्षण अस्पताल, वी.पी. कोइराला मेमोरियल क्यान्सर अस्पताल, वी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, शहीद गंगालाल राष्ट्रिय हृदय केन्द्र र मनमोहन कार्डियोथोरासिक भास्कुलर तथा ट्रान्सप्लान्ट सेण्टरको नाममा पैठारी हुने निर्माण तथा अस्पताल सञ्चालनको लागि आवश्यक निर्माण सामग्री,चिकित्सा सम्बन्धी उपकरण र औजार,

(आ) क्यान्सरका बिरामीलाई निःशुल्क वितरण गर्ने प्रयोजनको लागि सरकारी वा सामुदायिक अस्पतालले पैठारी गर्ने क्यान्सर निरोधक ग्लिभेक एचजीसी र यस्तै औषधि।

(छ) चलचित्र विकास बोर्डको सिफारिसमा पैठारी गर्ने विदेशमा रहेका पुराना ऐतिहासिक नेपाली चलचित्र तथा वृत्तचित्रका डिजिटल प्रति, टेप, क्यासेट वा रिल।

(ज) नेपाल सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालयको सिफारिसमा स्थानीय तहले पैठारी गर्ने शीर्षक ८७.०४ मा पर्ने एक थान कृषि एम्बुलेन्स वा ढुवानी साधन। त्यस्तो कृषि एम्बुलेन्स वा ढुवानी साधन पैठारी गरेका मितिले सात वर्षसम्म बिक्री वितरण वा नामसारी गर्न पाइने छैन।

(झ) उद्योग विभागको सिफारिसमा अपाङ्गता भएको व्यक्तिले प्रयोग गर्ने सामग्री उत्पादन गर्ने उद्योगलाई आवश्यक पर्ने सम्पूर्ण कच्चा पदार्थ।

(२) भन्सार महसुल एक प्रतिशत मात्र लाग्नेः-

(क) स्वीकृतिप्राप्त निजी वा सामुदायिक अस्पताल तथा स्थानीय तहले नेपाल सरकार, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको सिफारिसमा सो मन्त्रालयले तोकेको मापदण्ड अनुसारको देहाय बमोजिमको शर्त अनुसार पैठारी गर्ने देहाय बमोजिमको परिमाणसम्मको एम्बुलेन्स तथा यस अनुसूचीको प्रकरण ३ को बुँदा (१) को

खण्ड (क) को अधीनमा रही पैठारी गर्ने देहाय बमोजिमको परिमाणसम्मको शववाहनः-

(अ) एक सयभन्दा कम शय्या भएको निजी वा सामुदायिक अस्पतालका लागि एउटा एम्बुलेन्स र एउटा शववाहन तथा एक सय वा सोभन्दा बढी शय्या भएको अस्पतालका लागि दुई वटासम्म एम्बुलेन्स र एउटा शववाहन; गाउँपालिकाको लागि दुई वटा, नगरपालिकाको लागि तीन वटा र उपमहानगरपालिका तथा महानगरपालिकाको लागि चार वटा एम्बुलेन्स।

यस उपखण्ड बमोजिम स्थानीय तहले पैठारी गर्ने एम्बुलेन्सको मूल्य अधिकतम सोह्र लाख रुपैयाँसम्मको हुनु पर्नेछ।

यस उपखण्ड बमोजिम सिफारिस गर्दा नेपाल सरकार, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले उक्त संस्था वा निकायले त्यसभन्दा अघि त्यस्तो सुविधा उपभोग नगरेको व्यहोरा उक्त सिफारिसपत्रमा खुलाउनु पर्नेछ।

त्यसरी सुविधामा पैठारी भएको एम्बुलेन्स र शववाहन दश वर्ष पुरानो भई वा दुर्घटना वा अन्य कुनै कारणले प्रयोग गर्न नसक्ने भएमा सम्बन्धित यातायात व्यवस्था कार्यालयबाट त्यसलाई पत्रु (स्क्र्याप) गरी दर्ता खारेज गराई सोको प्रमाण भन्सार कार्यालयमा पेस गरेपछि सोको सट्टा अर्को एम्बुलेन्स र शववाहन पैठारी गर्दा त्यस्तो सुविधा दिइनेछ।

(आ) यस खण्डको उपखण्ड (अ) बमोजिम एम्बुलेन्स वा शववाहन पैठारी गर्दा निम्न बमोजिमको शर्त समेत पालना गर्नु पर्नेछः-

(१) एम्बुलेन्स वा शववाहन पैठारी गर्दा पैठारीकै अवस्थामा त्यस्तो एम्बुलेन्स वा शववाहनको अगाडि पछाडि टाढैबाट देखिने गरी ठूला-ठूला अक्षरमा एम्बुलेन्स वा शववाहन भनी लेखिएको हुनु पर्नेछ,

(२) एम्बुलेन्समा साइरन, इमर्जेन्सी बत्ती, स्ट्रेचरका अतिरिक्त अन्य आवश्यक औजारहरू फिट गरिएको हुनु पर्नेछ,

(३) एम्बुलेन्स वा शववाहनमा चालकको पछाडिपट्टि कुनै पनि सिट राखिएको हुनु हुँदैन,

(४) एम्बुलेन्सलाई बिरामीको सेवा बाहेक अन्यत्र प्रयोग गर्न र शववाहनलाई शवको ओसारपसार गर्न बाहेक अन्य प्रयोजनमा प्रयोग गर्न पाइने छैन,

(५) एम्बुलेन्स वा शववाहन नेपाल सरकारको सवारी प्रदूषण मापदण्डभित्र रहेर सञ्चालन गर्नु पर्नेछ,

(६) पैठारी भएको एम्बुलेन्स वा शववाहनको सवारी दर्ता गर्दा एम्बुलेन्स वा शववाहन भनी सवारी दर्ता प्रमाणपत्रमा स्पष्ट उल्लेख गर्नु पर्नेछ,

(७) एम्बुलेन्समा टाढैबाट देखिने गरी ठूला ठूला अक्षरमा "नेपाल सरकारबाट राजस्व छुट सुविधाप्राप्त" भन्ने लेखिएको हुनु पर्नेछ,

(८) एम्बुलेन्सले बिरामी ओसारपसार लगायतका सेवा प्रदान गरे बापत लिने भाडादर नेपाल सरकार, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले निर्धारण गरे बमोजिम हुनेछ।

(इ) उपखण्ड (आ) मा उल्लिखित शर्त उल्लङ्घन गरेको पाइएमा त्यस्तो एम्बुलेन्स वा शववाहन जफत गरी बिगो बमोजिम जरिबाना गरिनेछ।

(ख) सरकारी, सामुदायिक तथा निजी क्षेत्रका अस्पताल बाहेक कानून बमोजिम दर्ता भएका अन्य सङ्घ, संस्था, कम्पनी वा उद्योगले नेपाल सरकार, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको सिफारिसमा सो मन्त्रालयले तोकेको मापदण्ड अनुसारको खण्ड (क) को उपखण्ड (आ) बमोजिमको शर्तका अधीनमा रही पैठारी गर्ने एम्बुलेन्स र शववाहन एक एक थान।

त्यसरी सुविधामा पैठारी भएको एम्बुलेन्स र शववाहन दश वर्ष पुरानो भई वा दुर्घटना वा अन्य कुनै कारणले प्रयोग गर्न नसक्ने भएमा सम्बन्धित यातायात व्यवस्था कार्यालयबाट त्यसलाई पत्रु (स्क्र्याप) गरी दर्ता खारेज गराई सोको प्रमाण पेस गरेमा सोको सट्टा अर्को एम्बुलेन्स र शववाहन पैठारी गर्दा समेत यो सुविधा दिइनेछ।

यस खण्ड बमोजिम सिफारिस गर्दा नेपाल सरकार, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले उक्त संस्थाले त्यसभन्दा अघि त्यस्तो सुविधा उपभोग नगरेको वा गरेको भए सो सुविधामा पैठारी गरेको एम्बुलेन्स र शववाहन पत्रु (स्क्र्याप) गरी दर्ता खारेज गरेको व्यहोरा त्यस्तो सिफारिसपत्रमा खुलाउनु पर्नेछ।

(ग) सरकारी अस्पतालले नेपाल सरकार, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको सिफारिसमा पैठारी गर्ने सो मन्त्रालयले तोकेको मापदण्ड अनुसारको एम्बुलेन्स र शववाहन।

(घ) औद्योगिक व्यवसाय ऐन, २०७६ बमोजिम कुनै उद्योगलाई रूग्ण उद्योग घोषणा गरी सोही सूचनामा तोकिएको निकायको सिफारिसमा त्यस्तो रूग्ण उद्योगको पुनर्स्थापनाको लागि पैठारी गर्ने भाग ८४ अन्तर्गत पर्ने औद्योगिक मेशिनरी र पार्टपुर्जा।

(ङ) पशु सेवा विभागको सिफारिसमा पैठारी हुने देहाय बमोजिमका वस्तुः-

(अ) दाना तथा पशुपन्छी उद्योग र फिड सप्लिमेन्ट उत्पादन गर्ने उद्योगले पैठारी गर्ने भाग २८ र २९ मा पर्ने कच्चापदार्थ, सहायक कच्चापदार्थ

तथा शीर्षक ३९.२३, ४८.१९, ६३.०५ र उपशीर्षक ८३०९.९०.०० मा पर्ने प्याकिङ्ग मेटेरियल,

त्यसरी सिफारिस गर्दा एक आर्थिक वर्षमा खपत हुन सक्ने परिमाण एकैपटक सिफारिस गर्न सकिनेछ। त्यस्तो सुविधा अन्तर्गत पैठारी गर्ने कच्चापदार्थ, सहायक कच्चापदार्थ तथा उद्योगको ट्रेडमार्क अङ्कित प्याकिङ्ग मेटेरियलको सिफारिस गर्दा पशु सेवा विभागले खपत अनुपात र बिक्री तथा विदेश निकासी भएको परिमाणको आधारमा गर्नु पर्नेछ।

(आ) नश्ल सुधारको लागि विदेशबाट पैठारी गरिने उपशीर्षक ०५११.१०.०० मा पर्ने उन्नत जातका चौपायाको वीर्य (सिमेन) र पशुको भ्रुण,

(इ) दैनिक १००० लिटर भन्दा बढी दुध उत्पादन गर्ने कृषि तथा दुग्ध उत्पादन फर्महरुले पैठारी गर्ने उपशीर्षक ७३१०.१०.००, ७३१०.२१.०० र ७३१०.२९.०० मा पर्ने स्टिलको मिल्क क्यान।

(च) कृषि यन्त्र तथा उपकरण निर्माण गर्ने गरी दर्ता भएका उद्योगले उद्योग विभागको सिफारिसमा पैठारी गर्ने कृषि यन्त्र तथा उपकरण निर्माण गर्न आवश्यक पर्ने वस्तु,

यस खण्ड बमोजिम वस्तुको सिफारिस गर्दा उद्योगको वार्षिक निर्माण क्षमताका आधारमा रही गर्नु पर्नेछ।

(छ) वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रको सिफारिसमा पैठारी हुने देहाय बमोजिमका वस्तुः-

(अ) वैकल्पिक उर्जाको स्रोत, जस्तै हावाबाट विद्युत उत्पादन गर्ने उपशीर्षक ८५०२.३१.०० मा पर्ने हावा मिल र उपशीर्षक ८५०३.००.१० मा पर्ने हावा मिलका एसेसरिज र पार्टपुर्जा,

(आ) भन्सार महसुल दर माफी भएका बाहेकका सौर्य शक्तिबाट विद्युत उत्पादन गर्न प्रयोग हुने निम्न उपकरणः-

(१) उपशीर्षक ८५०४.४०.९० मा पर्ने सोलार चार्ज कन्ट्रोलर,

(२) उपशीर्षक ७८०१.९१.०० मा पर्ने एण्टिमोनियल लिड एल्वाय इन्गट; उपशीर्षक ७८०१.१०.०० र ७८०१.९९.०० मा पर्ने लिड; उपशीर्षक ८५०७.९०.०० मा पर्ने ब्याट्री बक्स, सेपरेटर र ट्यूबलर व्याग,

(३) उपशीर्षक ८४१३.७०.९९ मा पर्ने ब्याट्रीबाट चल्ने पानी तान्ने पम्प (डी.सी. पम्प),

(४) असी प्रतिशतभन्दा बढी क्षमता भएको उपशीर्षक ८५०४.४०.९० मा पर्ने सोलार इन्भर्टर,

(५) सौर्य टुकीमा प्रयोग हुने १२ भन्दा कम भोल्ट र १० भन्दा कम एम्पीयर क्षमताका उपशीर्षक ८५०७.६०.०० मा पर्ने लिथियम आयन ब्याट्री।

(इ) गोबर ग्याँस लगायत बायोग्याँसका लागि आवश्यक पर्ने उपशीर्षक ८४८१.१०.०० मा पर्ने मेन ग्याँस भल्भ तथा बायोग्याँसमा प्रयोग हुने अन्य भल्भ र उपशीर्षक ७३०७.२३.०० मा पर्ने तिनका फिटिङ्ग; उपशीर्षक ७३०७.२२.०० र ७३०७.९२.०० मा पर्ने एल्बो; उपशीर्षक ३९१७.३९.०० मा पर्ने ग्याँस पाइप; उपशीर्षक ९०२८.१०.०० मा पर्ने ग्याँस मिटर; उपशीर्षक ७३२१.११.०० मा पर्ने गोबरग्याँस चुल्हो र उपशीर्षक ७३२१.९०.०० मा पर्ने तिनका पार्टपुर्जा र उपशीर्षक ४००९.३१.०० मा पर्ने रबर होज पाइप,

(ई) गोबरबाट विद्युत उत्पादन गर्नका लागि ब्याट्री बनाउने उद्योगले पैठारी गर्ने सो ब्याट्री बनाउन चाहिने आवश्यक कच्चापदार्थ भनी उद्योग विभाग वा लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धन केन्द्रबाट सिफारिस भई आएका उद्योगको वार्षिक क्षमता र स्वीकृत स्कीममा तोकिएको परिमाणसम्मका कच्चापदार्थ,

(उ) बायो उर्जामा आधारित उपशीर्षक ७३२१.१९.०० मा पर्ने बायो स्टोभ (राइस हस्क स्टोभ); उपशीर्षक ७३२१.९०.०० मा पर्ने बेकेलाइट हेन्डल र उपशीर्षक ८४१४.५९.०० मा पर्ने हाईस्पिड डी.सी. पङ्खा,

(ऊ) जैविक इन्धन (ठोस, तरल तथा ग्याँस) उत्पादनको प्रयोजनको लागि पैठारी हुने उपशीर्षक ८४१९.३९.०० मा पर्ने ड्रायर;उपशीर्षक ८४१७.८०.०० मा पर्ने कार्बोनाइजेशन फर्नेश;उपशीर्षक ८४७९.८९.७० मा पर्ने ब्रिकेट मेशिन लगायतका जैविक इन्धन उत्पादन गर्ने मेशिनरी; उपशीर्षक ८४७९.८२.०० मा पर्ने मिक्सर मेशिन; उपशीर्षक ८४१६.२०.०० मा पर्ने उड पेलेट बर्नर; उपशीर्षक ८४१९.११.०० मा पर्ने बायोमास ग्यासिफायर तथा तिनका पार्टपुर्जा र भाग २८, २९ र ३८ मा पर्ने रसायन,

(ए) सौर्य ऊर्जाबाट मात्र सञ्चालन हुने तथा सौर्य ताप उर्जा उत्पादनमा प्रयोग हुने निम्न उपशीर्षकमा पर्ने वस्तुः-

७४१०.२१.००, ७६०७.१९.००, ८४०३.१०.००, ८४०३.९०.००, ८४१२.८०.००, ८४१९.३४.००, ८५१६.६०.११, ८५१६.६०.१२, ८५१६.६०.१९, ८५१६.६०.२०, ८५१६.६०.३० र ८५१६.६०.९०।

(ज) नेपाल सरकार, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको सिफारिसमा सरकारी, सामुदायिक तथा मुनाफा वितरण नगर्ने अस्पतालले पैठारी गर्ने मृगौला उपचारमा प्रयोग हुने उपशीर्षक ९०१८.९०.९० मा पर्ने हेमो डायलाइसिस मेशिन, डाइलासिस रिप्रोसेसर, डायलाइजर र यसको ट्यूबिङ्ग; उपशीर्षक ९४०२.९०.२० मा पर्ने डाइलासिस बेड तथा उपशीर्षक ९४०२.९०.९० मा पर्ने कुर्सी; मुटुको रोग निदान तथा उपचारमा प्रयोग हुने उपशीर्षक ९०१८.११.०० मा पर्ने इकोकार्डियोग्राफ; उपशीर्षक ९०१८.१९.९० मा पर्ने भिडियो स्कोप, क्याथल्याब, हर्ट लङ्ग मेशिन र डिफ्रीब्रिलेटर; क्यान्सर रोगको निदान तथा उपचारमा प्रयोग हुने उपशीर्षक ९०२२.१२.०० मा पर्ने पोजिट्रोन इमिशन टोमोग्राफी (पेट) स्क्यान मेशिन, कम्प्युटेड टोमोग्राफी (सि.टी.) स्क्यान मेशिन, मेमोग्राफी; उपशीर्षक ९०२२.२१.०० मा पर्ने ब्रेसीथेरापी र लिनियर एक्सिलरेटर; रोग निदानमा प्रयोग हुने उपशीर्षक ९०१८.१९.९० मा पर्ने फ्लो साइटोमिटर, नेक्स्ट जेनेरेशन सिक्वेन्सर, प्रोटिन माइक्रोएरी प्लेटफर्म; उपशीर्षक ९०१८.९०.३० मा पर्ने मल्टिप्लेक्स रियल टाइम पि.सि.आर. र उपशीर्षक ९०१८.१३.०० मा पर्ने म्याग्नेटिक रिजोनेन्स इमेजिङ्ग (एम.आर.आई.) मेशिन।

(झ) नेपाल सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालयको सिफारिसमा पशुपन्छी पालन उद्योग, कृषि फर्म तथा कम्पनी तथा कृषि सहकारी संस्थाले पैठारी गर्ने कृषिजन्य उत्पादन, सुरक्षित गर्न निर्माण गरिने शीत भण्डारको लागि आवश्यक पर्ने उपशीर्षक ८४१४.३०.०० मा पर्ने कम्प्रेसर; उपशीर्षक ८४१५.८३.१० मा पर्ने एयर ह्याण्डलिङ्ग यूनिट; उपशीर्षक ८४१८.६९.१० मा पर्ने चिलर; उपशीर्षक ८४१९.५०.०० मा पर्ने ताप विनिमय एकाइ; उपशीर्षक ८४८१.८०.९० मा पर्ने भल्भ; उपशीर्षक ३९२१.९०.९१ मा पर्ने थर्मोकोल; शीर्षक ३९.२० र ३९.२१ मा पर्ने कुखुरा पालनको लागि आवश्यक पर्ने विशेष प्रकारको प्लाष्टिक सिट; उपशीर्षक ४८१९.१०.१० र ३९२३.१०.२० मा पर्ने अण्डा राख्ने क्रेट र च्याउको बिउ उत्पादनमा प्रयोग हुने उपशीर्षक ९४०३.२०.९० मा पर्ने बिउ राख्ने एस.एस. वाल टेबुल,

(ञ) प्लाण्ट क्वारेन्टिन तथा विषादि व्यवस्थापन केन्द्रको सिफारिसमा पैठारी हुने बालीनालीको लागि मात्र प्रयोग हुने उपशीर्षक ३८०८.९१.९० मा पर्ने कीटनाशक; उपशीर्षक ३८०८.९२.०० मा पर्ने ढुसीनाशक; उपशीर्षक ३८०८.९३.१० मा पर्ने झारपातनाशक; उपशीर्षक ३८०८.९९.११ मा पर्ने मुसानाशक विषादि तथा उल्लिखित वस्तु उत्पादन गर्ने उद्योगले उक्त केन्द्रको परिमाण र अवधि खोलिएको सिफारिसका आधारमा पैठारी गर्ने कच्चापदार्थ र पशु सेवा विभागको सिफारिसमा पशुपन्छीको जैविक सुरक्षाका लागि आवश्यक पर्ने

उपशीर्षक ३८०८.९४.९० मा पर्ने निसङ्क्रामक (डिस्ईन्फेक्टेन्ट), पानी सफा गर्ने (वाटर सेनिटाइजर), पानी अम्लीकरण गर्ने (वाटर एसिडीफायर)।

(ट) नेपाल सरकार, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको सिफारिसमा पैठारी हुने देहाय बमोजिमका वस्तुः-

(अ) सरकारी, सरकारी सहायता प्राप्त तथा सामुदायिक अस्पतालले पैठारी गर्ने भाग ८४ र ९० मा पर्ने औषधीय तथा शल्यचिकित्सा सम्बन्धी यन्त्र, उपकरण र औजार; मुटुभित्र प्रत्यारोपण गरिने उपशीर्षक ९०२१.९०.३० मा पर्ने भल्भ र स्टेण्टहरू; उपशीर्षक ९०२१.५०.०० मा पर्ने पेस मेकर र पेस मेकरका पार्टपुर्जा; मुटु तथा मानव शरीर प्रत्यारोपणमा प्रयोग हुने उपशीर्षक ९०२१.९०.९० मा पर्ने आर्टिएल सेप्टल डिफेक्ट (एसडी), पाटेन्ट डक्टटस आर्टेरूसस (पिडीए), भेन्ट्रिकुलर सेप्टल डिफेक्ट (भिसडी), एलएलए डिभाइसेस भास्कुलर प्लग,

तर त्यसरी पैठारी गरेका वस्तु वारेण्टी वा ग्यारेण्टीको अवधिमा पैठारी गरेको मितिले एक वर्षभित्र मर्मत गर्न लैजाँदा वा मर्मत गरी ल्याउँदा वा सोको सट्टा सोही प्रकारको अर्को वस्तु पैठारी गर्दा त्यसमा भन्सार महसुल पूर्ण छुट हुनेछ।

(आ) सरकारी, सरकारी सहायताप्राप्त, सामुदायिक तथा गैरसरकारी अस्पतालले पैठारी गर्ने आँखा उपचारको प्रयोगमा आउने इण्ट्राओकुलर लेन्स उत्पादन गर्न आवश्यक पर्ने उपशीर्षक ३९२६.९०.३९, ३९२६.९०.९९, ९००१.१०.००, ९००१.२०.०० र ९००१.९०.०० मा पर्ने कच्चापदार्थ र तिनका सहायक सामग्री, यन्त्र उपकरण र तिनका पार्टपुर्जा।

(ठ) दुई सय मेगावाट भन्दा बढी क्षमताका जलाशय तथा अर्धजलाशययुक्त जलविद्युत आयोजनाको निर्माणका लागि लगानी बोर्ड नेपालबाट स्वीकृत हुनेको हकमा सो बोर्डको र नेपाल विद्युत प्राधिकरणबाट सञ्चालित लगायत अन्य आयोजनाको हकमा विद्युत विकास विभागको सिफारिसमा सम्बन्धित जलविद्युत आयोजना वा सोको ठेकेदार वा आयोजनाको प्रवर्द्धकले पैठारी गर्ने निर्माण उपकरण, प्लाण्ट, मेशिनरी औजार तथा सोको सम्बन्धित पार्टपुर्जा, विष्फोटक पदार्थ, पेनस्टक पाइप तथा स्टिल प्लेट।

यस खण्ड बमोजिम सिफारिस गर्दा जलविद्युत आयोजनाको विस्तृत इञ्जिनियरिङ्ग डिजाइन प्रतिवेदनमा उल्लिखित परिमाण अनुसार सिफारिस गर्नु पर्नेछ।

(ङ) सम्बन्धित स्थानीय तहको सिफारिसमा फोहोरमैला सङ्कलन गरी पुनः उत्पादन गर्ने उद्योगले पैठारी गर्ने उपशीर्षक ७३०९.००.०० मा पर्ने गार्बेज कन्टेनर।

(ढ) विदेशी नियोग तथा दातृ संस्थाले कूटनीतिक सुविधा वा महसुल सुविधामा पैठारी गरी कुनै आयोजनाको स्वीकृत वार्षिक कार्यक्रम अनुरूप आयोजनालाई नै हस्तान्तरण गरी सरकारी नम्बर प्लेटमा परिवर्तन गर्ने वा कुनै आयोजनाको नाममा पूर्ण वा आंशिक महसुल सुविधामा (लगत वा बैङ्क जमानतमा पैठारी भएको बाहेक) पैठारी भएका र आयोजना समाप्तिपछि मन्त्रालयको स्वीकृति लिई सरकारी नम्बर प्लेटमा परिवर्तन गर्ने गरी सरकारी निकायलाई हस्तान्तरण गर्ने वा कम्तीमा पन्ध्र शय्याभन्दा बढी क्षमताका स्वीकृति प्राप्त गैरनाफामुखी सामुदायिक अस्पताललाई हस्तान्तरण गर्ने सवारी साधन।

तर उत्पादन मितिले दश वर्ष नाघेका सवारी साधनलाई यो सुविधा दिइने छैन।

(ण) औषधि व्यवस्था विभागको सिफारिसमा औषधि उद्योगले पैठारी गर्ने भाग २८, २९ र ३८ मा पर्ने कच्चापदार्थ, सहायक कच्चापदार्थ र रासायनिक पदार्थ; शीर्षक ११.०८ का सबै उपशीर्षकमा पर्ने माड (स्वेतसार); उपशीर्षक १३०२.१९.०० मा पर्ने जडिबुटीका सार; शीर्षक १५.२१ मा पर्ने मौरीको मैन, वनस्पति मैन तथा अन्य मैन; उपशीर्षक १७०१.१४.९० मा पर्ने उखुको चिनी; उपशीर्षक १७०२.११.०० मा पर्ने ल्याक्टोज; उपशीर्षक १७०२.३०.१० र १७०२.३०.२० मा पर्ने ग्लुकोज; उपशीर्षक १७०२.३०.३० मा पर्ने डेक्स्ट्रोज; उपशीर्षक १७०२.९०.९० मा पर्ने फ्रुक्टोज वा अन्य चिनी; उपशीर्षक १९०५.९०.४० मा पर्ने औषधि भर्न हुने खाली क्याप्सुल (एम्प्टी क्यासे); उपशीर्षक २२०७.१०.१० र २२०७.२०.९० मा पर्ने इथानोल; उपशीर्षक २२०७.१०.२० र २२०७.२०.१० मा पर्ने रेक्टिफाइड स्प्रिट; उपशीर्षक २५१९.९०.०० मा पर्ने म्याग्नेसियम अक्साइड; शीर्षक २७.१२ मा पर्ने ह्वाइट सफ्ट प्याराफिन र पेट्रोलियम जेली; शीर्षक ३२.०३ र ३२.०४ का सबै उपशीर्षकमा पर्ने रङ; शीर्षक ३२.०५ मा पर्ने कोटिङ्ग मेटेरियल; उपशीर्षक ३३०१.९०.०० मा पर्ने एसेन्सियल आयल; उपशीर्षक ३३०२.९०.०० मा पर्ने सुगन्धयुक्त तत्त्व; शीर्षक ३४.०२ मा पर्ने टिवइन ८० सोडियम लौरेल सल्फेट; उपशीर्षक ३४०४.२०.०० र ३४०४.९०.०० मा पर्ने मैन; उपशीर्षक ३५०१.९०.०० मा पर्ने सोडियम केसिनेट; उपशीर्षक ३५०७.९०.०० मा पर्ने इञ्जाइम; उपशीर्षक ३९०५.९९.०० मा पर्ने पोलिभिनायल पिरालोडोन (भिनायल एसिटेड) एसिटेड; उपशीर्षक ३९०६.९०.०० मा पर्ने कारबोमर; उपशीर्षक ३९१०.००.०० मा पर्ने प्राथमिक रुपका सिलिकन; शीर्षक ३९.१२ मा पर्ने माइक्रोक्रिस्टिलाइन सेलुलोज; शीर्षक ३९.१४ मा पर्ने को-पोलिमर टेष्ट मेकिङ्ग;

उपशीर्षक ४०१४.९०.०० मा पर्ने रबर स्टोपर; उपशीर्षक ४८२१.१०.०० मा पर्ने लेबल; उपशीर्षक ७०१०.१०.०० मा पर्ने एम्पुल; उपशीर्षक ७६१२.१०.०० मा पर्ने आल्मोनियमका लचकदार ट्युब; शीर्षक ३९.२०, ३९.२१ र ४८.१९ का सबै उपशीर्षक तथा उपशीर्षक ३९२३.१०.१०, ३९२३.१०.९०, ३९२३.३०.९०, ३९२३.५०.००, ७०१०.९०.००, ७६०७.११.००, ७६०७.१९.००, ७६०७.२०.०० र ९६०२.००.०० मा पर्ने प्याकिङ्ग मेटेरियल तथा उपशीर्षक ३९२६.९०.९९ मा पर्ने १५ एम.एल. सम्म क्षमताका मेजरिङ्ग कप; उपशीर्षक ८३०९.९०.०० अन्तर्गतका आधारभूत धातुका बिर्कोहरु र उपशीर्षक २५०१.००.१० मा पर्ने नुन।

त्यस्तो सिफारिस गर्दा औषधि व्यवस्था विभागले कच्चापदार्थको खपत अनुपात, स्वदेशमा हुने उपभोग र विदेशमा भएको निकासीको आधारमा एक आर्थिक वर्षको लागि चाहिने परिमाण एकैपटक सिफारिस गर्न सक्नेछ।

(त) लगानी बोर्ड नेपालबाट स्वीकृत हुने जलविद्युत आयोजना वा प्रसारणलाईन आयोजनाको हकमा सो बोर्डको र नेपाल विद्युत प्राधिकरणबाट सञ्चालित आयोजना लगायत अन्य जलविद्युत आयोजना वा प्रसारणलाईन आयोजनाको हकमा विद्युत विकास विभागको सिफारिसमा सम्बन्धित जलविद्युत आयोजना वा सोको ठेकेदार वा आयोजनाको प्रवर्द्धकले पैठारी गर्ने जलविद्युत उत्पादन, प्रसारण तथा वितरणका लागि आवश्यक पर्ने निर्माण उपकरण, मेशिनरी, औजार र तिनका पार्टपुर्जा र वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रको सिफारिसमा सौर्य तथा वायु उर्जाबाट विद्युत उत्पादन, प्रसारण तथा वितरणका लागि आवश्यक पर्ने निर्माण उपकरण, मेशिनरी, औजार र तिनका पार्टपुर्जा।

यस खण्ड बमोजिम सिफारिस गर्दा जलविद्युत आयोजनाको विस्तृत इञ्जिनियरिङ्ग डिजाइन प्रतिवेदनमा उल्लिखित परिमाण अनुसार सिफारिस गर्नु पर्नेछ।

(थ) बिउ बिजन गुणस्तर नियन्त्रण केन्द्रको सिफारिसमा पैठारी हुने उपशीर्षक १००१.११.०० र १००१.९१.०० मा पर्ने गहुँको बिउ; उपशीर्षक १००५.१०.०० मा पर्ने मकैको बिउ; उपशीर्षक १००६.१०.१० मा पर्ने धानको बिउ; उपशीर्षक १२०९.९१.१०, १२०९.९१.२०, १२०९.९१.३०, १२०९.९१.४०, १२०९.९१.५० र १२०९.९१.९० मा पर्ने तरकारीको बिउ तथा उपशीर्षक १२०९.२१.००, १२०९.२२.००, १२०९.२३.००, १२०९.२४.००, १२०९.२५.०० र १२०९.२९.०० मा पर्ने विभिन्न उन्नत जातका घाँसको बिउ।

(द) वातावरण विभागको सिफारिसमा पैठारी हुने सफा टेम्पोमा प्रयोग गरिने उपशीर्षक ८५०७.२०.०० मा पर्ने डिप साइकल लिड एसिड ब्याट्री र काठमाडौं

उपत्यकामा सञ्चालित सफा टेम्पोमा प्रयोग हुने उपशीर्षक ८५०७.६०.०० मा पर्ने लिथियन आयन ब्याट्री।

(ध) पत्रपत्रिका प्रकाशन गर्न स्वीकृति प्राप्त सञ्चार गृहले नेपाल सरकार, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको सिफारिसमा पैठारी गर्ने उपशीर्षक ४८०१.००.०० मा पर्ने अखवारी कागज।

(न) नेपाल सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालयको सिफारिसमा कृषि, बागबानी तथा पुष्प फार्मले पैठारी गर्ने उपशीर्षक ९४०६.१०.१० र ९४०६.९०.१० मा पर्ने ग्रीन हाउस र सिँचाइमा प्रयोग हुने शीर्षक ३९.१७ र ७३.०६ मा पर्ने पाइप; शीर्षक ३९.१७ र ७३.०७ मा पर्ने पाइप जडान; उपशीर्षक ८४१३.७०.१९, ८४१३.७०.९१, ८४१३.७०.९२ र ८४१३.७०.९९ तथा ८४१३.८१.०० मा पर्ने पानी तान्ने पम्प।

(प) सम्बन्धित स्थानीय तहको सिफारिसमा फलफूल, पुष्प तथा तरकारी खेती गर्ने कृषि तथा नर्सरी फर्मले पैठारी गर्ने शीर्षक ३९.२० र ३९.२१ मा पर्ने यूभी प्लाष्टिक फिल्म; उपशीर्षक ३९२६.९०.९९ र ६३०७.९०.९० मा पर्ने इन्सेक्ट नेट; उपशीर्षक ३९२६.९०.९९ मा पर्ने हेल नेट (असिना छेक्ने जाली) र टनेल प्लाष्टिक; उपशीर्षक १४०४.९०.९१ मा पर्ने कोकोपिट; उपशीर्षक ६००५.३५.०० मा पर्ने थर्मल स्क्रिन सेट; ग्रीन हाउसमा प्रयोग हुने शीर्षक ६०.०५ मा पर्ने एग्रोनेट र उपशीर्षक ९४०६.१०.१० र ९४०६.९०.१० मा पर्ने ग्रीन हाउस ।

(फ) आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभागको सिफारिसमा आयुर्वेदिक औषधि उत्पादन गर्ने उद्योगले आयुर्वेदिक औषधि उत्पादन गर्न पैठारी गर्ने कच्चापदार्थ।

(ब) काठमाडौं उपत्यकाभित्र सञ्चालित उद्योग काठमाडौं उपत्यका बाहिर स्थानान्तरण गरी पुनः सञ्चालन गर्न चाहने उद्योगले उद्योग विभागको सिफारिसमा पैठारी गर्ने भाग ८४ मा पर्ने औद्योगिक मेशिनरी, उपकरण तथा पार्टपुर्जा।

(भ) संवत् २०८२ सालसम्म सञ्चालनमा आउने गरी निर्माणाधीन होटेल तथा रिसोर्टमध्ये नेपाल सरकार, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको सिफारिसमा एक अर्ब रुपैयाँदेखि दुई अर्ब रुपैयाँसम्म लगानी गरेका होटेल तथा रिसोर्टले पैठारी गर्ने दुई वटा सवारी साधन; दुई अर्ब रुपैयाँदेखि पाँच अर्ब रुपैयाँसम्म लगानी गरेका होटेल तथा रिसोर्टले पैठारी गर्ने पाँच वटा सवारी साधन र पाँच अर्ब रुपैयाँभन्दा बढी लगानी गरेका होटेल तथा रिसोर्टले पैठारी गर्ने दश वटा सवारी साधन।

तर त्यसरी पैठारी हुने सवारी साधन पैठारी भएको दश वर्षसम्म निजी सवारीको रूपमा दर्ता गर्न वा नामसारी गर्न नपाइने र त्यसरी पैठारी भएका सवारी साधनमा बाहिरपट्टि त्यस्ता होटल तथा रिसोर्टको नाम लेखिएको हुनु

पर्नेछ। त्यस्तो सवारी साधन दश वर्ष नपुगी नामसारी गरेमा नियम अनुसार पूरै भन्सार महसुल लाग्नेछ र दश वर्षपछि नामसारी भएमा भन्सार महसुल लाग्ने छैन। एक पटक त्यस्तो सुविधा उपभोग गरिसकेको दश वर्ष व्यतित गरिसकेपछि मात्र पुनः त्यस्तो सुविधा प्रदान गरिनेछ।

(म) सम्बन्धित स्थानीय तहको सिफारिसमा पशुपालन फर्म तथा उद्योगले पैठारी गर्ने उपशीर्षक ४०१६.९१.०० मा पर्ने पशु चौपायाका लागि ओछ्याउने म्याट।

(य) प्रविधिजन्य स्वास्थ्य सामग्री जस्तै प्लाष्टिकका सिरिञ्ज, क्यानुला, अक्सिजन मास्क, भेन्टिलेटर मास्क, अक्सिजन कनेक्टर तथा ट्यूबिङ्ग, ब्लड कलेक्सन कन्टेनर वा व्याग, युरिन व्याग, हेमोडाइलासिस कन्टेनर तथा ट्यूबिङ्ग जस्ता वस्तु उत्पादन गर्ने उद्योगले औषधि व्यवस्था विभागको सिफारिसमा उद्योगको उत्पादन क्षमता र वार्षिक खपत परिमाणको आधारमा शीर्षक ३९.०२ मा पर्ने प्लाष्टिकका दाना; उपशीर्षक ३९२३.५०.०० मा पर्ने प्लाष्टिक क्याप; शीर्षक ३९२६.९०.३९ मा पर्ने पेट ट्यूब तथा शीर्षक ४०१६.९३.९० मा पर्ने रबरका बिर्को र सिरिञ्ज ग्यासकेट।

(र) उद्योगको उत्पादन क्षमता र वार्षिक खपत परिमाणको आधारमा औषधि व्यवस्था विभागको सिफारिसमा औषधि उद्योगमा मात्र प्रयोग हुने पेट बोतल (पोलीइथाइलिन), एचडीपीई (हाइडेन्सिटी पोलीइथाइलिन) बोतल तथा बिर्को र मेजरमेन्ट क्याप उत्पादन गर्ने उद्योगले पैठारी गर्ने ३९०१.१०.०० र ३९०१.२०.०० मा पर्ने प्लाष्टिक दाना।

(३) **भन्सार महसुल आंशिक छुट हुनेः-**

(क) नेपाल सरकार, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको सिफारिसमा स्वदेशी मुद्रण (प्रेस) उद्योगले आफ्नो उद्योगको प्रयोगको लागि पैठारी गर्ने उपशीर्षक ३२१५.१९.०० मा पर्ने मसीमा लाग्ने भन्सार महसुलमा पचास प्रतिशत छुट हुनेछ।

(ख) पर्यटन विभागको सिफारिसमा ट्रेकिङ्ग एजेन्सीले आफ्नो प्रयोजनको लागि पैठारी गर्ने उपशीर्षक ६३०६.२२.०० र ६३०६.२९.०० मा पर्ने पाल; उपशीर्षक ५६०७.५०.०० मा पर्ने क्लाइम्बिङ्ग रोप, क्लाइम्बिङ्गमा मात्र प्रयोग हुने वस्तु, विशेष प्रकारका क्याम्पिङ्ग क्रोकरी; उपशीर्षक ८२१५.२०.०० र ८२१५.९९.०० मा पर्ने कटलरी र उपशीर्षक ४२०२.९१.००, ४२०२.९२.००, ४२०२.९९.१० र ४२०२.९९.९० मा पर्ने रूकस्याक, क्याम्पन र पिटन पहिलो पटक पैठारी गर्दा पाँच प्रतिशत मात्र भन्सार महसुल लाग्नेछ।

त्यस्तो एजेन्सीले नेपाल सरकार, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको सिफारिसमा पैठारी गर्ने सञ्चार उपकरणमा समेत लाग्ने भन्सार महसुलमा पचास

प्रतिशत छुट हुनेछ। त्यसरी पैठारी हुने वस्तुमध्ये क्याम्पिङ्ग क्रोकरी र कटलरीमा ट्रेकिङ्ग एजेन्सीको नाम र चिन्ह अङ्कित भएको हुनु पर्नेछ।

(ग) पर्यटन विभागको सिफारिसमा जलयात्राको व्यवसाय गर्ने राफ्टिङ्ग सेवा सञ्चालन गर्ने व्यवसायीले आफ्नो व्यवसाय सञ्चालनको लागि उपशीर्षक ६५०६.१०.०० मा पर्ने हेलमेट एक सय थान र उपशीर्षक ३९२३.१०.९० मा पर्ने वाटरप्रुफ क्यामरा कण्टेनर दश थान पहिलो पटक पैठारी गर्दा भन्सार महसुल पाँच प्रतिशत लाग्नेछ।

(घ) नेपालमा छायाङ्कन गरिएको शीर्षक ३७.०६ मा पर्ने फिल्म डेभलप गर्न वा प्रशोधन गर्न वा प्रदर्शन गर्न अस्थायी निकासी गर्नु परेमा चलचित्र विकास बोर्डको सिफारिसमा भन्सार महसुल नलिई लगतमा राखी निकासी गर्न दिइनेछ। त्यस्तो सिनेमा पुनः पैठारी गर्दा प्रति सिनेमा पाँच हजार रुपैयाँ भन्सार महसुल लाग्नेछ। विदेशमा प्रदर्शनका लागि लगिएको सिनेमा फिर्ता ल्याउँदा भने भन्सार महसुल लाग्ने छैन।

तर विदेशी चलचित्र नेपालमा प्रदर्शनको लागि पैठारी गर्दा प्रति चलचित्रको मूल्यमा सम्झौता मूल्यको एक प्रतिशत भन्सार महसुल लाग्नेछ। नेपालमा चलचित्र छायाङ्कन गर्नको लागि विदेशी नागरिकले आफूसँग ल्याउने तथा नेपाली नागरिकले विदेशमा चलचित्र छायाङ्कन गर्नको लागि आफूसँग लैजाने चलचित्र सम्बन्धी यन्त्र उपकरण र सोसँग सम्बन्धित वस्तु चलचित्र विकास बोर्डको सिफारिसमा पछि फिर्ता लैजाने वा फिर्ता ल्याउने शर्तमा भन्सार महसुल नलिई लगतमा राखी पैठारी वा निकासी गर्न दिन सकिनेछ।

(ङ) स्थायी स्वीकृतिप्राप्त ट्राभल एजेन्सी, ट्रेकिङ्ग एजेन्सी, राफ्टिङ्ग एजेन्सी र तारे तथा रिसोर्ट होटलले नेपाल सरकार, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको सिफारिसमा पैठारी गर्ने उपशीर्षक ८७०२.१०.१०, ८७०२.२०.१०, ८७०२.३०.१० र ८७०२.९०.१० मा पर्ने लक्जरी कोच; उपशीर्षक ८७०२.१०.३०, ८७०२.२०.३०, ८७०२.३०.३० र ८७०२.९०.३० मा पर्ने माइक्रोबस; र उपशीर्षक ८७०२.१०.२०, ८७०२.२०.२०, ८७०२.३०.२० र ८७०२.९०.२० मा पर्ने मिनिबसमध्ये जम्मा दुई थानमा लाग्ने भन्सार महसुलमा पचास प्रतिशत छुट हुनेछ।

तर त्यसरी पैठारी हुने सवारी साधन पैठारी भएको दश वर्षसम्म निजी सवारीको रूपमा दर्ता वा नामसारी गर्न नपाइने र सवारी साधनमा बाहिरपट्टि त्यस्ता एजेन्सी वा होटलको नाम लेखिएको हुनु पर्नेछ। त्यस्तो सवारी साधन दश वर्ष नपुगी नामसारी गरेमा प्रचलित कानून बमोजिमको पूरै भन्सार महसुल लाग्नेछ र दश वर्षपछि नामसारी भएमा भन्सार महसुल लाग्ने छैन। एक पटक

त्यस्तो सुविधा उपभोग गरिसकेको दश वर्ष व्यतित गरिसकेपछि मात्र पुनः त्यस्तो सुविधा प्रदान गरिनेछ।

(च) तारे होटल वा रिसोर्टले स्वीकृत योजना अनुसार होटेलको निर्माणका लागि पर्यटन विभागको सिफारिसमा पहिलो पटक पैठारी गर्दा निम्न उपशीर्षकमा पर्ने वस्तुमा पाँच प्रतिशत भन्सार महसुल लाग्नेछः-

उपशीर्षक ९४०३.१०.००, ९४०३.२०.९०, ९४०३.४०.००, ९४०३.५०.००, ९४०३.६०.००, ९४०३.७०.९०, ९४०३.८२.००, ९४०३.८३.००, ९४०३.८९.००, ९४०४.१०.०० मा पर्ने फर्निचर तथा फिक्चर्स; उपशीर्षक ९४०६.९०.९० मा पर्ने पुनर्निर्मित भवन; शीर्षक ३२.०८, ३२.०९ र ३२.१० अन्तर्गतका सबै उपशीर्षकमा पर्ने रङ; उपशीर्षक ५७०२.३२.००, ५७०२.३९.००, ५७०२.४२.००, ५७०२.४९.९०, ५७०२.५०.००, ५७०२.९२.००, ५७०२.९९.००, ५७०३.२१.००, ५७०३.२९.००, ५७०३.३१.००, ५७०३.३९.००, ५७०३.९०.१० र ५७०३.९०.९० मा पर्ने कार्पेट; उपशीर्षक ७००७.१९.०० मा पर्ने काँच र काँचका सामान; उपशीर्षक ८५३६.१०.००, ८५३६.२०.००, ८५३६.३०.००, ८५३६.४९.००, ८५३६.६१.००, ८५३९.१०.००, ८५३९.२१.००, ८५३९.२२.००, ८५३९.२९.००, ८५३९.३१.००, ८५३९.३२.००, ८५३९.३९.००, ८५३९.४१.००, ८५३९.४९.००, ८५३९.९०.०० मा पर्ने इलेक्ट्रिक इन्स्टलेशन; उपशीर्षक ८४५१.१०.०० मा पर्ने ड्राइक्लिनिङ्ग मेशिन; उपशीर्षक ६३०२.३१.१०, ६३०२.३१.९०, ६३०२.३२.१०, ६३०२.३२.९०, ६३०२.३९.१०, ६३०२.३९.९०, ६३०२.९१.००, ६३०२.९३.००, ६३०२.९९.०० मा पर्ने हाउसकिपिङ्गका वस्तु; उपशीर्षक ८४१४.३०.००, ८४१४.४०.०० मा पर्ने कम्प्रेशर; उपशीर्षक ८४१४.१०.०० मा पर्ने भ्याकुम पम्प; उपशीर्षक ८३०१.४०.०० मा पर्ने डोर लक्स; उपशीर्षक ८५०४.३३.०० मा पर्ने ट्रान्सफर्मर; उपशीर्षक ८५०२.१२.००, ८५०२.१३.००, ८५०२.२०.०० मा पर्ने जेनेरेटर; उपशीर्षक ८२१४.९०.००, ८२१५.१०.००, ८२१५.२०.००, ८२१५.९१.००, ८२१५.९९.०० मा पर्ने ककरी तथा कटलरी; उपशीर्षक ७०१३.१०.००, ७०१३.२२.००, ७०१३.२८.००, ७०१३.३३.००, ७०१३.३७.००, ७०१३.४१.००, ७०१३.४२.००, ७०१३.४९.००, ७०१३.९१.००, ७०१३.९९.०० मा पर्ने ग्लासवेयर; उपशीर्षक ७३२३.९३.०० मा पर्ने टेबुलवेयर; उपशीर्षक ६९१०.१०.०० र ८४८१.८०.९० मा पर्ने सेनिटरी फिटिङ्ग।

माथि उल्लिखित वस्तुमध्ये क्रकरी, ग्लासवेयर, कट्लरी, टेबुलवेयर, सेनेटरी फिटिङ्ग र लिनेनमा होटलको नाम र चिन्ह अङ्कित भएको हुनु पर्नेछ।

(छ) नेपाल सरकार, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको सिफारिसमा सरकारी, सामुदायिक वा मुनाफा वितरण नगर्ने अस्पतालले पैठारी गर्ने उपशीर्षक ८७०२.१०.३०, ८७०२.२०.३०, ८७०२.३०.३० र ८७०२.९०.३० मा पर्ने माइक्रोबस तथा उपशीर्षक ८७०२.१०.२०, ८७०२.२०.२०, ८७०२.३०.२० र ८७०२.९०.२० मा पर्ने मिनिबसमा देहाय बमोजिम भन्सार महसुल छुट दिइनेछः-

(अ) न्यूनतम पन्ध्र शय्यादेखि पचास शय्यासम्म भएको अस्पतालको लागि माइक्रोबस वा मिनिबसमध्ये एउटा र पचास शय्याभन्दा बढी भएको अस्पतालको लागि माइक्रोबस वा मिनिबसमध्ये जम्मा दुई वटा सवारी साधनमा लाग्ने भन्सार महसुलमा पचास प्रतिशत छुट दिइनेछ,

(आ) उपखण्ड (अ) बमोजिम सुविधामा पैठारी भएको माइक्रोबस वा मिनिबस पुरानो भई प्रयोग गर्न नसकिने भएमा त्यसलाई स्क्र्याप गरी सोको प्रमाण भन्सार कार्यालयमा पेस गरेपछि सोही प्रकारको अर्को सवारी साधन पैठारी गर्दा समेत यो सुविधा दिइनेछ।

(ज) चलचित्र धुलाई गर्ने, ध्वनि भर्ने वा निर्माण गर्ने उद्देश्यले दर्ता भएका उद्योग वा कम्पनीले चलचित्र विकास बोर्डको सिफारिसमा पैठारी गर्ने देहायको उपखण्ड (अ) मा उल्लिखित वस्तु र चलचित्र प्रदर्शन गर्ने उद्देश्यले दर्ता भएका उद्योग वा कम्पनीले उपखण्ड (आ) मा उल्लिखित वस्तु पहिलो पटक पैठारी गर्दा दुई दशमलव पाँच प्रतिशत भन्सार महसुल लिई बाँकी भन्सार महसुल छुट दिइनेछ। त्यसरी सिफारिस गर्दा चलचित्र विकास बोर्डले सम्बन्धित उद्योग वा कम्पनीको क्षमता र प्रयोगको आधारमा परिमाण किटान गरेर सिफारिस गर्नु पर्नेछः-

(अ) उपशीर्षक ९०१०.१०.०० मा पर्ने नेगेटिभ प्रोसेसिङ्ग मेशिन र फाइनल नेगेटिभ अल्ट्राक्लिनिङ्ग मेशिन; उपशीर्षक ९०१०.५०.०० मा पर्ने कम्प्युटराइज्ड प्रिभ्यूएबल, भिडियो एसिष्ट सहित कलर एनालाइजिङ्ग (करेक्सन) मेशिन सेट, फाइनल प्रिन्टिङ्ग तथा फाइनल प्रोसेसिङ्ग मेशिन, प्रोसेसर तथा प्रिन्टर, एनालाइजर, स्टेनवेक, साउण्ड रिडर, सिक्रोमिटर, डवर, मिक्सचर, अडियो मिक्सिङ्ग कन्सोल, स्पालाइजर, रिवाइण्डर, कलर करेक्सन समेतको टेलिसिने मेशिन, साउण्ड अप्टिकल ट्रान्सफरिङ्ग मेशिन सेट, रिफ्लेक्टर, वेवी, सुपर मल्टी-१०, मल्टी-२० सोलार, एच.एम.आई, रेक्टिफाईस, प्रोजेक्ट कन्सोल, डिजिटल फिल्म सर्वर, सवउफर्स, फिल्म प्लाटर्स, फिल्म अटोमेशन इक्विपमेण्ट्स, टेलिसिने सम्बन्धी उपकरण; उपशीर्षक ८५२८.४९.०० मा पर्ने मनिटर; उपशीर्षक ९००७.२०.००

मा पर्ने प्रोजेक्टर र उपशीर्षक ९००२.११.०० मा पर्ने प्रोजेक्टर लेन्स, साउण्ड अप्टिकल क्यामराको लेन्स र लेन्स; उपशीर्षक ८४४१.१०.०० मा पर्ने नेगेटिभ कटिङ्ग मेशिन सेट र उपशीर्षक ८५२१.१०.०० र ८५२१.९०.०० मा पर्ने एच.डी. टेप रेकर्डर, वेटा-एस.पी. भिडियो रेकर्डर र पी२ रेकर्डर; उपशीर्षक ८५२८.५९.०० मा पर्ने एच.डी. मोनिटर; उपशीर्षक ८५१८.४०.०० र ८५१८.५०.०० मा पर्ने एम्प्लिफायर; उपशीर्षक ८५१८.२१.०० र ८५१८.२२.०० मा पर्ने स्पीकर; र उपशीर्षक ८५२८.६९.०० मा पर्ने प्रिन्ट प्रिभ्यू प्रोजेक्टर, उपशीर्षक ९००६.५३.०० र ९००६.५९.०० मा पर्ने क्यामरा; उपशीर्षक ९००२.२०.०० मा पर्ने फिल्टर; उपशीर्षक ९००७.९१.०० मा पर्ने क्यामरा स्टेण्ड; उपशीर्षक ८५०४.४०.९० मा पर्ने ब्याट्री चार्जर; उपशीर्षक ८७१६.८०.०० मा पर्ने ट्रली; उपशीर्षक ८४२६.११.०० मा पर्ने क्रेन पहिलो पटक पैठारी गर्दा दुई दशमलव पाँच प्रतिशत भन्सार महसुल लिई बाँकी भन्सार महसुल छुट दिइनेछ,

(आ) उपशीर्षक ९४०१.८०.९० मा पर्ने लक्जरी सिट; उपशीर्षक ८४१५.१०.०० मा पर्ने ४ टनभन्दा बढी क्षमताको एयर कण्डिस्नर; उपशीर्षक ८५३९.२९.०० मा पर्ने प्रोजेक्टर ल्याम्प र जेनन बल्ब; उपशीर्षक ९००७.२०.०० मा पर्ने प्रोजेक्टर; उपशीर्षक ९०१०.६०.०० मा पर्ने प्रोजेक्सन स्क्रिन, उपशीर्षक ८५१८.४०.०० र ८५१८.५०.०० मा पर्ने एम्प्लिफायर।

(झ) नेपाल सरकार, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको सिफारिसमा पर्वतारोहण दलले नेपालका हिमाल आरोहण गर्नको निमित्त पैठारी गर्ने नेपालमा खपत हुने मदिरा तथा चुरोट बाहेकका वस्तुमा दश प्रतिशतभन्दा बढी भन्सार महसुल लाग्ने भएमा दश प्रतिशत मात्र भन्सार महसुल लाग्नेछ। त्यस्तो दलले पैठारी गर्ने नेपालमा खपत नहुने वस्तुको हकमा लाग्ने महसुल धरौटीमा लिई वस्तु फिर्ता गरेपछि धरौटी रकम फिर्ता दिइनेछ।

(ञ) उद्योग विभागको सिफारिसमा संश्लेषित तन्तुको धागो (सेन्थेटिक यार्न) उत्पादन गर्ने उद्योगले आफ्नो उत्पादन प्रयोजनको लागि आवश्यक उपशीर्षक ३९०२.१०.०० मा पर्ने पी.पी. ग्रेनुयल्सको पैठारीमा दुई दशमलव पाँच प्रतिशत भन्सार महसुल लाग्नेछ।

(ट) सिरिञ्ज उत्पादन गर्ने उद्योग र स्लाइन पानी उत्पादन गर्ने उद्योगले आफ्नो उत्पादन प्रयोजनको लागि आवश्यक पर्ने परिमाणसम्मको भाग ३९ मा पर्ने प्लाष्टिक दानामा उद्योग विभागको सिफारिसमा पैठारी गर्दा दुई दशमलव पाँच प्रतिशत भन्सार महसुल लाग्नेछ। उद्योग विभागले त्यसरी सिफारिस गर्दा उद्योगले

उत्पादन तथा बिक्री गरेको सिरिञ्ज वा स्लाइन बोतलको परिमाण, त्यस्तो वस्तु उत्पादन गर्दा लाग्ने प्लाष्टिक दानाको परिमाण र खपत अनुपात समेतका आधारमा एक आर्थिक वर्षको लागि आवश्यक पर्ने प्लाष्टिक दानाको परिमाण एकैपटक सिफारिस गर्नु पर्नेछ।

(ठ) मुटुको शल्यक्रिया गर्दा प्रयोग हुने उपशीर्षक ९०१८.९०.९० मा पर्ने कष्टम ट्यूबिङ्ग प्याक (सी.टि.पी.) उत्पादन गर्ने उद्योगले आफ्नो उत्पादनको लागि आवश्यक पर्ने परिमाणसम्मको उपशीर्षक ३९१७.३९.०० मा पर्ने मेडिकल पी.भि.सी. ट्यूब र सोको सहायक सामग्री उद्योग विभागको सिफारिसमा पैठारी गर्दा दश प्रतिशत भन्सार महसुल लाग्नेछ।

(ड) एक सय वटाभन्दा बढी दुधालु गाई वा भैंसी पाल्ने पशु फार्म र कृषि सहकारीले आफ्नो प्रयोजनको निमित्त नेपाल सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालयको सिफारिसमा पैठारी गर्ने शीर्षक ८७.०४ मा पर्ने जुनसुकै एउटा ढुवानीको साधनमा लाग्ने भन्सार महसुलमा पचास प्रतिशत छुट हुनेछ। त्यस्तो ढुवानीका साधन पैठारी गरेको मितिले सात वर्षसम्म बिक्री वितरण वा नामसारी गर्न पाइने छैन।

(ढ) चिया उद्योगले चिया ढुवानी गर्ने प्रयोजनको निमित्त उपशीर्षक ८७०४.२१.२० मा पर्ने पिकअप वा उपशीर्षक ८७०४.३२.९० मा पर्ने मिनि ट्रक नेपाल सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालयको सिफारिसमा पैठारी गरेमा सात वर्षसम्म बिक्री वितरण वा नामसारी गर्न नपाउने गरी एक पटकका लागि देहाय बमोजिमको संङ्ख्यामा भन्सार महसुलमा पचास प्रतिशत छुट हुनेछः-

(अ) दश बिगाहादेखि तीस बिगाहासम्म क्षेत्रफलमा चिया खेती गरी चिया उत्पादन गर्ने उद्योगलाई एउटा,

(आ) तीस बिगाहाभन्दा बढी क्षेत्रफलमा चिया खेती गरी चिया उत्पादन गर्ने उद्योगलाई दुई वटा।

(ण) नेपाल सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालयको सिफारिसमा पशुपन्छी पालन उद्योग, कृषि फर्म तथा कम्पनी र कृषि सहकारी संस्थाले पैठारी गर्ने कृषिजन्य उत्पादन सुरक्षित गर्न निर्माण गरिने शीत भण्डारको लागि आवश्यक पर्ने उपशीर्षक ३९२५.९०.२० मा पर्ने पफ स्याण्डविच वाल एण्ड रुफ प्यानलमा दश प्रतिशत भन्सार महसुल लाग्नेछ।

(त) नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको सिफारिसमा सामुदायिक शिक्षण संस्थाले विद्यार्थी ल्याउने लैजाने प्रयोजनका लागि तीस सिटभन्दा बढी क्षमताको उपशीर्षक ८७०२.१०.१०, ८७०२.२०.१०, ८७०२.३०.१०, ८७०२.४०.१०, ८७०२.९०.१० मा पर्ने बसमा पाँच सय विद्यार्थीसम्म अध्ययनरत भएका शिक्षण संस्थालाई एउटा र सोभन्दा बढी विद्यार्थी अध्ययनरत

शिक्षण संस्थालाई थप एउटा बस पैठारी गर्दा लाग्ने भन्सार महसुलमा पचहत्तर प्रतिशत छुट दिइनेछ।

त्यसरी पैठारी गरेको बस पैठारी गरेको मितिले दश वर्षसम्म अरु कसैलाई बिक्री वितरण वा नामसारी वा कुनै किसिमले हक हस्तान्तरण गर्न पाइने छैन। दश वर्ष नपुगी बिक्री वितरण वा नामसारी वा कुनै किसिमले हक हस्तान्तरण गरेमा प्रचलित कानून बमोजिम पूरै महसुल लाग्नेछ।

(थ) नेपाल सरकार, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको सिफारिसमा नेपाल सरकारबाट स्वीकृति प्राप्त निजी स्वास्थ्य संस्थाले पैठारी गर्ने मृगौला उपचारमा प्रयोग हुने उपशीर्षक ९०१८.९०.९० मा पर्ने हेमो डायलाइसिस मेशिन, डाइलासिस रिप्रोसेसर, डायलाइजर र यसको ट्यूबिङ्ग; उपशीर्षक ९४०२.९०.२० मा पर्ने डाइलासिस बेड तथा उपशीर्षक ९४०२.९०.९० मा पर्ने कुर्सी; मुटुको रोग निदान तथा उपचारमा प्रयोग हुने उपशीर्षक ९०१८.११.०० मा पर्ने इकोकार्डियोग्राफ; उपशीर्षक ९०१८.९०.९० मा पर्ने भिडियो स्कोप, क्याथल्याब, हर्ट लङ्ग मेशिन र डिफ्रीब्रिलेटर; क्यान्सर रोगको निदान तथा उपचारमा प्रयोग हुने उपशीर्षक ९०२२.१२.०० मा पर्ने पोजिट्रोन इमिशन टोमोग्राफी (पेट) स्क्यान मेशिन, कम्प्युटेड टोमोग्राफी (सि.टी.) स्क्यान मेशिन, मेमोग्राफी; उपशीर्षक ९०२२.२१.०० मा पर्ने ब्रेसीथेरापी र लिनियर एक्सिलरेटर; रोग निदानमा प्रयोग हुने उपशीर्षक ९०१८.१९.९० मा पर्ने फ्लो साइटोमिटर, नेक्स्ट जेनेरेशन सिक्वेन्सर र प्रोटिन माइक्रोएरी प्लेटफर्म; उपशीर्षक ९०१८.९०.३० मा पर्ने मल्टिप्लेक्स रियल टाइम पि.सी.आर. र उपशीर्षक ९०१८.१३.०० मा पर्ने म्याग्नेटिक रिजोनेन्स इमेजिङ्ग (एम.आर.आई.) मेशिनमा लाग्ने भन्सार महसुलमा पचास प्रतिशत छुट हुनेछ।

(द) पशु सेवा विभागको सिफारिसमा भेटेरिनरी अस्पतालले पैठारी गर्ने उपशीर्षक ८५४३.७०.०० मा पर्ने मेटल डिटेक्टर; उपशीर्षक ९०१८.१२.०० मा पर्ने अल्ट्रासाउण्ड; उपशीर्षक ९०१८.९०.९० मा पर्ने ग्यास एनेस्थेसिया सेट; उपशीर्षक ९०२२.१४.०० मा पर्ने एक्स-रे मेशिनमा लाग्ने भन्सार महसुलमा पचास प्रतिशत छुट हुनेछ।

(ध) नेपाल सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालयको सिफारिसमा मोबाइल भेटेरिनरी सेवा प्रदान गर्ने संस्थाले मोबाइल भेटेरिनरी सेवा सञ्चालनका लागि आवश्यक पर्ने भेटेरिनेरी एम्बुलेन्स र प्रयोगशाला तथा डायोग्नोष्टिक सुविधा जडित उपशीर्षक ८७०५.९०.९० मा पर्ने मोटर गाडी पैठारी गर्दा लाग्ने भन्सार महसुलमा पचास प्रतिशत छुट हुनेछ।

(न) तराईमा पाँच हेक्टरभन्दा बढी र पहाड तथा हिमालमा तीन हेक्टरभन्दा बढी क्षेत्रफलमा सामूहिक कृषि खेती गर्ने कृषि सहकारी संस्थाले आफ्नो उत्पादन

ढुवानी गर्ने प्रयोजनका लागि नेपाल सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालयको सिफारिसमा पैठारी गर्ने उपशीर्षक ८७०४.२१.१० वा ८७०४.२२.१० मा पर्ने डबल क्याब पिकअप; उपशीर्षक ८७०४.२१.५०, वा ८७०४.२२.७० वा ८७०४.२३.१० वा ८७०४.३१.५० वा ८७०४.३२.५० वा ८७०४.४१.५० वा ८७०४.४२.७० वा ८७०४.५१.५० वा ८७०४.५२.७० वा ८७०४.६०.१० मा पर्ने प्रशितक प्रणाली (रेफ्रिजेरेटिङ्ग सिष्टम) जडान गरिएको ढुवानी साधन बाहेक जुनसुकै प्रकारका एउटा ढुवानीको साधनमा लाग्ने भन्सार महसुलमा पचास प्रतिशत छुट हुनेछ। त्यस्तो ढुवानीको साधन पैठारी गरेका मितिले सात वर्षसम्म बिक्री वितरण वा नामसारी गर्न पाइने छैन।

(प) नेपाल सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालयको सिफारिसमा कृषि सहकारीले सङ्कलन गर्ने कृषिजन्य उत्पादन ढुवानी गर्न पैठारी गर्ने शीर्षक ८७.०४ पर्ने डबल क्याप पिकअप बाहेकको एक थान ढुवानीको साधनमा लाग्ने भन्सार महसुलमा पचास प्रतिशत छुट हुनेछ। त्यस्तो ढुवानी साधन पैठारी गरेका मितिले सात वर्षसम्म बिक्री वितरण वा नामसारी गर्न पाइने छैन।

(फ) उद्योगको उत्पादन क्षमता र वार्षिक खपत परिमाणको आधारमा कडा बनाइएको (तापित) सुरक्षित काँच बनाउने उद्योगले उद्योग विभागको सिफारिसमा उपशीर्षक ७००५.२१.०० र ७००५.२९.०० मा पर्ने काँचको पैठारी गर्दा पच्चीस प्रतिशत भन्सार महसुल लाग्नेछ।

७. **<u>भन्सार महसुल तथा कृषि सुधार शुल्क पूर्ण छुट हुनेः</u>** देहायका वस्तु पैठारी गर्दा भन्सार महसुल तथा कृषि सुधार शुल्क पूर्णरूपमा छुट हुनेछः-

(क) उपशीर्षक ०१०५.११.००, ०१०५.१२.००, ०१०५.१३.००, ०१०५.१४.००, ०१०५.१५.००, ०१०५.९४.००, ०१०५.९९.०० र ०१०६.३३.०० मा पर्ने प्रजनन्का लागि पैठारी हुने (प्यारेन्ट स्टक) चल्ला।

(ख) उपशीर्षक ०६०१.१०.००, ०६०१.२०.००, ०६०२.१०.००, ०६०२.२०.००, ०६०२.३०.००, ०६०२.४०.०० र ०६०२.९०.०० मा पर्ने फलफूल तथा फूलका गाना तथा जराहरू, फलफूल तथा फूलका बिरूवा र कलमी बिरूवाहरू र उपशीर्षक १२०९.३०.०० मा पर्ने फूलको बिउबिजन।

(ग) कुखुराको दाना उत्पादन गर्ने उद्योग वा ह्याचरी फर्महरूले पैठारी गर्ने कुखुराको दानामा प्रयोग हुने उपशीर्षक ०५०६.१०.०० र ०५०६.९०.०० मा पर्ने हाडको धुलो र अवशेष।

(घ) नेपालमा जैविक मल उत्पादन गर्ने गरी दर्ता भएका उद्योगले जैविक मलको उत्पादनका लागि पैठारी गर्ने उपशीर्षक २३०६.९०.०० मा पर्ने निमखली र अण्डीखली।

(ङ) जैविक इन्धन उत्पादनको लागि पैठारी गरिने उपशीर्षक १४०४.९०.९९ मा पर्ने सजिवन (जट्रोफा) को दाना तथा बिउ (सिड्स्)।

(च) पशु सेवा विभागको सिफारिसमा नश्ल सुधारको लागि पैठारी गरिने भाग १ मा पर्ने जीवित चौपाया पशु।

(छ) नेपाल सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालयको सिफारिसमा पैठारी गरिने उन्नत जातका फलफूलका बिरुवा।

८. **<u>पैठारी सम्बन्धी विशेष व्यवस्था:</u>** (१) व्यावसायिक प्रयोजनका लागि वस्तु पैठारी गर्दा एक पटकमा एउटा कन्साइन्मेन्टबाट उस्तै प्रकृतिका वस्तु मात्र पैठारी गर्न पाइने गरी मन्त्रालयले तोक्न सक्नेछ। त्यसरी तोकेको भन्दा फरक किसिमका वस्तु पैठारी भएको पाइएमा फरक पाइए जति वस्तुमा लाग्ने महसुल र सोको शतप्रतिशत जरिबाना गरी भन्सार अधिकृतले जाँचपास गर्न सक्नेछ।

(२) व्यावसायिक प्रयोजनका लागि पैठारी हुने खाद्य सामग्री वा सोको प्याकिङ्गमा वस्तुको ब्राण्ड, लेबल, लेबलमा कच्चापदार्थको मिश्रण र उपभोग्य मिति तथा खाद्य सामग्री बाहेकका अन्य तयारी वस्तुको हकमा सो वस्तु वा सोको प्याकिङ्गमा वस्तुको ब्राण्ड र लेबल समेत खुलाएको हुनु पर्नेछ। त्यस्तो विवरण नखुलेको वस्तु र नक्कली वस्तु पैठारी गरेको वा गर्न खोजेको पाइएमा त्यस्तो वस्तु भन्सार अधिकृतले जफत गरी त्यसरी जफत गरिएको वस्तु सडाउन लाग्ने खर्च समेत पैठारीकर्ताबाट असुल गर्नेछ।

